# प्रदेश भाषा स्मारिका

# པྲ་དེས་ གྱི་ཨི་ ཨིས་མ་རི་ཀ་

बागमती प्रदेश



बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा



सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची–महाकाली ।

प्रकृतिका कोटि–कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ॥

प्रदेश भाषा दिवस २०८२ को अवसरमा प्रकाशित

# प्रदेश भाषा स्मारिका

## २०८२

वर्ष १, अङ्क १

बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

हेटौंडा, नेपाल

प्रकाशकः

बागमती प्रदेश सरकार
**संस्कृति तथा पर्यटन मन्त्रालय**
हेटौंडा, नेपाल

| | |
|---|---|
| प्रकाशन वर्ष | : २०८२ |
| प्रकाशित प्रति | : ५०० |
| अङ्क | : वर्ष १, अङ्क १ |
| सर्वाधिकार | : संस्कृति तथा पर्यटन मन्त्रालय |
| Email | : mocatbagmati@gmail.com |
| Website | : mocat.bagamati.gov.np |


यस स्मारिकामा प्रकाशित सम्पूर्ण लेख रचना लेखकहरुका निजी विचार हुन् ।

कम्प्युटर सेटिङ तथा डिजाइन : आर्किसफ्ट टेक्नोलोजी, buddhird@gmali.com
मुद्रण : मनकामना बाइडिङ प्रेस

## प्रदेश भाषा स्मारिका - २०८२ प्रकाशन समिति

**प्रधान सम्पादक**

श्री दिपेन्द्र सुवेदी - प्रदेश सचिव, संस्कृति तथा पर्यटन मन्त्रालय

**सम्पादन मण्डल**

पवन कुमार पोखेल - महाशाखा प्रमुख, संस्कृति तथा पर्यटन मन्त्रालय
अशेष खड्का - अधिकृतस्तर आठौं, संस्कृति तथा पर्यटन मन्त्रालय
प्रकाश खड्का - लेखा अधिकृत, संस्कृति तथा पर्यटन मन्त्रालय
यज्ञ राज अधिकारी - अधिकृतस्तर सातौं, संस्कृति तथा पर्यटन मन्त्रालय

**भाषा सम्पादनः**

घनश्याम घिमिरे - उपप्राध्यापक, मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा
अर्जुन तामाङ - तामाङ भाषा विज्ञ
अर्विन्द्रमान सिंह - नेपाल भाषा विज्ञ

मुख्यमन्त्री

बागमती प्रदेश
हेटौँडा, नेपाल



## शुभकामना

बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयले प्रदेश भाषा दिवसको अवसरमा भाषा, कला, साहित्य, इतिहास, मौलिक संस्कृति-परम्परा सम्बन्धी खोज/अनुसन्धनात्मक एवम् विश्लेषणात्मक लेख समावेश गरी नेपाली, तामाङ र नेपालभाषामा "प्रदेश भाषा स्मारिका" प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई व्यक्तिगत रूपमा पनि अत्यन्त खुसी लागेको छ।

बागमती प्रदेश बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय पहिचानले समृद्ध प्रदेश हो । यहाँको विविध भाषा, मौलिक संस्कृति, इतिहास तथा प्राचीन सभ्यताको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । भाषा केवल सञ्चारको माध्यम मात्र नभई हाम्रो पहिचान, संस्कृति र सभ्यताको मुख्य आधारशिला हो। यस बागमती प्रदेशमा नेपाली, तामाङ, नेपालभाषा लगायत थुप्रै मातृभाषाहरूले हाम्रो सामाजिक विविधता र समृद्ध परम्परालाई जीवन्त राख्दै आएका छन् । यी सबै भाषाहरूको संरक्षण, प्रवर्द्धन र विकास गर्नु हामी सबैको साझा जिम्मेवारी हो। प्रदेश सरकारले प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० जारी गरी हामीले बहुभाषिक नीतिलाई व्यवहारमा उतार्दै मातृभाषाहरूको सम्मान, शिक्षा र प्रयोगलाई बढावा दिन निरन्तर प्रयत्नशील रहँदै आएको कुरा यसै शुभकामना मार्फत जानकारी गराउन चाहन्छु ।

अन्त्यमा, यो स्मारिकाले भाषा क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने विद्वान, अभियन्ता र समुदायलाई एक ठाउँमा जोडेर प्रदेशभित्रको भाषिक विविधताको सम्मान र संरक्षणप्रति प्रदेश सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने दस्तावेज बन्न सकोस् भनी सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद । जय नेपाल ।

बहादुर सिंह लामा तामाङ
मुख्यमन्त्री

विक्रम सम्वत् २०८२ वैशाख, २१

नेपाल सम्वत् ११४५ बछलाथ्व, सप्तमी

बागमती प्रदेश सरकार

# संस्कृति तथा पर्यटन मन्त्रालय

पत्र संख्या : हेटौडा, नेपाल

चलानी नं.:



## शुभकामना

बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजनामा प्रदेश भाषा दिवस-२०८२ को अवसरमा नेपाली, तामाङ र नेपालभाषामा भाषा, कला, साहित्य, इतिहास, मौलिक संस्कृति-परम्परा सम्बन्धी खोज/अनुसन्धनात्मक एवं विश्लेषणात्मक लेखहरु समावेश गरी प्रकाशन गर्न लागेको “प्रदेश भाषा स्मारिका २०८२” को सफल प्रकाशनप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

हाम्रा भाषा, साहित्य, मौलिक संस्कृति, इतिहास तथा प्राचीन सभ्यता कुनै पनि जाति, वर्ग वा भूगोलको मात्र नभई समग्र मानव सभ्यताको अमूल्य धरोहर हुन् । बागमती प्रदेशजस्तो बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय संरचना भएको प्रदेशमा भाषागत विविधता हाम्रो साझा पहिचान र गर्वको विषय हो । नेपाली भाषा, तामाङ भाषा र नेपालभाषामा प्रकाशित “प्रदेश भाषा स्मारिका २०८२” भाषिक विविधता र समावेशी संस्कृतिको प्रतीकस्वरूप महत्वपूर्ण कदम हो । यस्तो कार्यले प्रदेशका भाषा, साहित्य र मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिएको छु । सरकारी कामकाजको भाषा लगायत प्रदेशभित्र प्रयोगमा रहेका सम्पूर्ण मातृभाषाहरूको संरक्षण, प्रवर्द्धन र विकासका लागि प्रदेश सरकार निरन्तर प्रतिबद्ध रहेको छ ।

अन्त्यमा, यो स्मारिका प्रदेशको समृद्ध भाषिक सम्पदाको दस्तावेज मात्रै नभई भावी पुस्ताका लागि अमूल्य स्रोत बन्न सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दै, सम्पादन टोली, सम्पूर्ण लेखक तथा योगदानकर्तालाई धन्यवाद ज्ञापन गर्दछु । साथै, प्रदेश भाषा दिवसले सम्पूर्ण प्रदेशवासीलाई भाषिक समावेशीता, आपसी सद्भाव र सांस्कृतिक एकताको सन्देश फैलाउने अवसर प्रदान गरोस भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

( बिमल ठकुरी )
मन्त्री

**मितिः** २०८२ वैशाख २४ गते बुधबार

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :-

# शुभकामना

बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालयले प्रदेश भाषा दिवस-२०८२ को अवसरमा नेपाली, तामाङ र नेपालभाषामा भाषा, कला, साहित्य, इतिहास, मौलिक संस्कृति-परम्परा सम्बन्धी खोज/अनुसन्धनात्मक एवं विश्लेषणात्मक लेखहरु समेटेर "प्रदेश भाषा स्मारिका" प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ ।

बागमती प्रदेश सरकारले भाषा र संस्कृति संरक्षण तथा विकासलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । यसै सन्दर्भमा, विविध भाषाभाषी समुदायबीच आपसी सम्मान र सहकार्यलाई प्रोत्साहन गर्दै, प्रदेश भाषा दिवसले सामाजिक एकता र सांस्कृतिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

अन्त्यमा प्रदेशमा बोलिने सम्पूर्ण मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन एवं विकासमा मन्त्रालय निरन्तर क्रियाशिल हुनेमा विश्वस्त रहँदै आगामी दिनमा भाषा स्मारिका प्रकाशनले निरन्तरता पाउन सकोस् भन्दै भाषा दिवसको सन्दर्भमा सबन्धित सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

( महादेव पन्थ )
प्रदेश प्रमुख सचिव

२०८२ वैशाख २१ गते आइतवार
ने.सं. ११४५ बछलाथ्व ससमी

# प्रकाशकीय

बागमती प्रदेशलाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता सहित विभिन्न भाषा, साहित्य, मौलिक संस्कृति, इतिहास र प्राचीन सभ्यता तथा सम्पदाहरूले भरीपूर्ण रहेको प्रदेशको रूपमा लिइन्छ । बागमती प्रदेश नेपालको संविधानको धारा (७) को उपधारा (२) बमोजिम प्रदेशका बहुसंख्यक जनताले बोल्ने नेपाल भाषा र तमाङ भाषालाई सरकारी कामकाजको भाषा कार्यान्वयनमा ल्याउने नेपालको पहिलो प्रदेश पनि हो ।

बागमती प्रदेश सरकारले गत बर्ष २०८१ वैशाख २४ गते पहिलो भाषा दिवस प्रदेशभर सार्वजनिक विदा घोषणा गरी भव्यताका साथ सम्पन्न गरेको थियो । यसै शिलशिलामा यस वर्ष पनि २०८२ वैशाख २४ गते "प्रदेश भाषा दिवस २०८२" भव्यताका साथ मनाउने सन्दर्भमा नेपाली, तामाङ र नेपालभाषामा गरी विभिन्न तीन वटा खण्डमा भाषा, कला, साहित्य, इतिहास, मौलिक संस्कृति-परम्परा सम्बन्धी खोज तथा अनुसन्धनात्मक एवं विश्लेषणात्मक लेखहरु समावेश गरी यो "प्रदेश भाषा स्मारिका २०८२" प्रकाशन गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

हाम्रो भाषा, कला, साहित्य, मौलिक संस्कृति, ऐतिहासिक उपलब्धी तथा प्राचीन सभ्यता र पुरातात्विक सम्पदाहरू हाम्रा अमूल्य सम्पत्ती हुन् । यिनीहरूको खोज, अनुसन्धान, अध्यन, र अभिलेखीकरणले हाम्रो अमुल्य सम्पत्तीमा पछिल्ला सन्ततीहरूले समेत उपभोग गर्न पाउनेछन् । यहि अभिप्रायले हामीले खोज तथा अनुसन्धानमूलक लेखहरूको संगालो लिएर यस क्षेत्रमा अध्ययन गर्न चाहने जो कोहि पाठकका लागि उपयोगी हुने अपेक्षा सहित यो पहिलो अंक लिएर उपस्थित भएका छौं ।

प्रस्तुत स्मारिकामा समावेश भएका लेखहरू लेखकको नीजि विचार, प्रयास र खोज तथा अनुसन्धानबाट तयार गरिएको हुँदा पाठकहरूले थप बुझ्न र जान्न चाहनु भएको अवस्थामा सम्बन्धित लेखकसंग समन्वय गर्न प्रकाशन समिति तत्पर रहेको व्यहोरा अवगत गराउन चाहन्छौं । यस स्मारिकामा समाविष्ट गरिएका लेखहरूबाट प्रदेशका भाषा, साहित्य र मौलिक पहिचानको संरक्षण तथा प्रदेश भित्र वोलिने सम्पूर्ण मातृभाषा र सरकारी कमकाजको रूपमा घोषणा गरिएका भाषाहरूको समग्र विकासमा विशेष योगदान पुऱ्याउने विश्वास लिएको छ ।

अन्यमा, यस स्मारिकालाई आफ्नो अमूल्य समय व्यवस्थापन गरी खोज तथा अनुसन्धानमूलक लेखहरू उपलब्ध गराउनु हुने सबै लेखकहरू प्रति सम्पादन समिति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछौं । साथै यस स्मारिका प्रकाशनका लागि महत्वपूर्ण मार्गदर्शन गर्नुहुने बागमती प्रदेशका माननीय संस्कृति तथा पर्यटन मन्त्रिज्यू प्रति अनुगृहित हुँदै **"प्रदेश भाषा दिवस २०८२"** को हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मितिः २०८२ वैशाख २४ गते बुधवार

सम्पादन मण्डल

# विषयसूची


| क्र.सं. | लेख शिर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| | **खण्ड – १** | | |
| १. | मानवीय जीवनमा सामाजिक संजालले ल्याएको उथलपुथल र अबको बाटो | डा. हरि लम्साल | १ |
| २. | प्रदेश सरकारी कामकाजको भाषा ऐनको प्रभाव | सुरेश मानन्धर | १४ |
| ३. | वागमती प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनः समीक्षा र कार्यदिशा | डा. लोक बहादुर लोप्चन | २३ |
| ४. | तामाङजाति, भाषा र तामयीग लिपि | अजितमान तामाङ | ३२ |
| ५. | थारु भाषा र यसका भेद | डा. कृष्ण राज सर्वहारी | ५९ |
| ६. | राष्ट्रिय एकताको लागि नेपाली भाषा र साहित्य | गोविन्दप्रसाद घिमिरे बेदमणि | ६५ |
| ७. | ऐतिहासिक थलो १२ सय पल्टन (थोबोडाँडा) | जीवन लामा | ७५ |
| ८. | राष्ट्रिय कला संग्रहालयको यात्रामा सिन्धुली कलाघर | श्याम कुमार घलान | ८० |
| | **खण्ड – २** | | |
| ९. | बागमती प्रदेशरि सरकारि गेला ग्योइ कार्यान्वयनता च्यामा लातोबा गेदुगु | डा. लोक बहादुर लोप्चन | ८८ |
| १०. | ह्रिमठिम देन आमा ग्योईदा सोना लाबा गे ह्याङ्ला बामरी | योगेश राल्फाली | ९६ |
| ११. | तामाङला रिमठीमरी आस्याङ–कोन्ला सम्बन्ध | निष्णु थिङ | १०० |
| १२. | तामाङ ग्योइरि शिक्षा | रचना मोक्तान तामाङ | १०४ |
| १३. | नाग्रेगागार्चे नाम्सा ग्लाखोरला तामाङग्योओीरी मीनकाद | राजीव मोक्तान तामाङ | ११२ |
| | **खण्ड – ३** | | |
| १४. | अधिकार – झीगु भाय् | मल्ल के. सुन्दर | ११८ |
| १५. | नेपालभाषा व बागमती प्रदेशय् प्रदेश सरकारया ज्याखँया भाषा ऐन २०८० | डा. पुष्पराज राजकर्णिकार | १२४ |
| १६. | भाषा ऐन लागू जूगुया अर्थ | सुरेश मानन्धर | १३२ |
| १७. | बागमती प्रदेशय् नेवाः सांस्कृतिक नीति | डा. राजनलाल जोशी | १४० |
| १८. | नेपालभाषा म्हिगः व थौं | प्रा.डा. ओमकारेश्वर श्रेष्ठ | १४७ |
| १९. | झीगु संस्कार व थुकिया व्यवस्थापन | महेन्द्रगोपाल कर्माचार्य | १६६ |
| २०. | मातृभाषा पत्रकारितायात राससया तिबः | राजु शाक्य | १७२ |

# खण्ड – १

# मानवीय जीवनमा सामाजिक सञ्जालले ल्याएको उथलपुथल र अबको बाटो

**डा. हरि लम्साल**
सचिव, युवा तथा खेलकूद मन्त्रालय

**लेखसार**

प्रविधि र एआइको विकास अहिले सोचेभन्दा छिटो गतिमा भइरहेको छ। कतिपय अवस्थामा त अनुमान पनि हुन सकेको छैन। प्रविधि र सामाजिक सञ्जालले मानवीय जीवनको हरेक क्षेत्रमा असर पारिरहेको छ। जीवनशैली व्यवहार भाषा सँस्कृति आदि बढी मात्रामा प्रभावित भैरहेका छन्। अब यस प्रविधिसँग अभ्यस्त हुदै जानुको विकल्प छैन।

भाषा मानवीय जीवनको आधार हो। संस्कृति हो। जीवन पद्धति हो। भूमण्डलीकरण र प्रविधिको कारण भाषाको विकास र विस्तारमा धेरै हलचल आएको छ। यसले कतिलाई अवसर दिएको छ भने कतिलाई धेरै चुनौति सृजना गरिदिएको छ।

प्रविधि र सामाजिक सञ्जालले मानवीय जीवन खास गरी भाषामा पारेको प्रभावको लेखाजोखा गर्नु र यसको समुचित प्रयोग गर्न उपयोगी सुझावहरु सुझाउनु यस लेखको मुख्य उदेश्य रहेको छ। द्वितीय सामग्रीहरुको समीक्षा गरी त्यसवाट प्राप्त विवरणलाई लेखमा सदुपयोग गरी यसलाई विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ। सामाजिक सञ्जाल र यसका प्रभावका बारेमा चासो राख्नेहरूका लागि लेख उपयोगी हुने विश्वास लिइएको छ।

**मुख्य मुख्य शब्दालीहरू:** असर, अफवाह, कृत्रिम बौद्धिकता, प्रविधि, प्रभाव, भाषा, सञ्चार, सामाजिक सञ्जाल, सूचना।

## विषय प्रवेश

विगत बीस वर्षको अवधिमा प्रविधिमा अनुमान गरेभन्दा बढी विकास भएको छ। विकसित प्रविधिले मानवीय जीवनसँग जोडिएका हरेक क्षेत्रमा धेरै परिवर्तन ल्याएको छ। जोनाथान ह्वैड्ट (सन् २०२४) का अनुसार सन् २००० पछि प्रयोगमा आएको स्मार्ट फोनले मानव जीवनमा हलचल ल्याउन शुरू गर्यो। मानिसको जीवनशैली वदलियो, किनमेल गर्ने प्रवृति वदलियो, खानेकुरा बदलियो, सम्बन्ध बदलियो, व्यवहार बदलियो। साथै सन् २००० को दशकदेखि ब्रोड ब्यान्ड अर्थात उच्च गतिको इन्टरनेट, सन् २००७ देखिको आइफोन, सन्

२००९ देखि सामाजिक सन्जालमा आएको 'लाईक, सेयर, रिट्विट बटन' सन् २०10 देखि मोबाइल फोनमा राखिएको फ्रन्ट फेसिङ् क्यामेरा र सन् २०१२ मा फेसबुकले इन्स्टाग्राम खरिद गरेपछि मानवीय जीवन नै यान्त्रिक जस्तो बन्न पुग्यो ।

सन् २००९ सम्म साथीसङ्गीमा सीमित रहेको सामाजिक सञ्जाल यी प्रविधि विकास पश्चात थप फराकिलो बन्न पुगे । सामाजिक सञ्जालको दायरा बढेपछि व्यक्तिको वालमा सूचनाको वाढी नै आउन थाल्यो । राम्रा सूचना पनि आए, नराम्रा नि आए । आउनु पर्ने सूचना त आउने नै भए । नआउनु पर्ने पनि आए । नियतवस प्रवाह गरिएका अफवाह पनि आइ नै रहे । सूचनाको बाढी नै आउन थाल्यो (क्विक, सन् २०२०) ।

अमेरिकन रेलिजिअस लिडर मार्क ट्वेनले कुनै प्रसङ्गमा सत्यले आफ्नो जुत्ताको तुना लगाउँदै गर्दा झुठले आधा पृथ्वी घुमिसक्छ भन्ने भनाइ यस सन्दर्भमा पनि मिल्न पुग्छ । सामाजिक सञ्जालमा सेयर गरिएको अफवाह वा गलत सूचना अति छिटो फैलन्छ । एउटा गलत सूचनाले अर्को त्यस्तै सूचना तान्दै लैजान्छ । यस कार्यले सामाजिक सञ्जाल नकारात्मक अफवाह फैलाउने प्लेटफर्म बन्दैछ । युनेस्कोले सन् २०२३ मा प्रकाशित गरेको ग्लोबल एजुकेशन मोनिटरिङ् रिपोर्टले प्रविधि नकारात्मक विषयहरु छिटो फैलाउन सहयोग पुर्याएको उल्लेख गरेको छ । साथै लैङ्गिक विषयमा असंवेदनशिल सूचना प्रवाह बढायो भन्ने उल्लेख गरिएको छ ।

प्रविधि र सामाजिक सञ्जालमा आएका परिवर्तनले मानवीय जीवनका धेरै पाटोमा सहजता ल्याएको पनि छ । यिनै प्रविधिको सहयोगबाट धेरैले प्रगति पनि हासिल गरेसँगै यसले मानिसलाई मेसिनको दास पनि बनाउदै लगेको छ । मेसिनमा अभ्यस्त रहने लत बढाउदै लगेको छ ।

प्रविधि र सामाजिक सञ्जालबाट सबै उमेर समूहका प्रभावित हुने नै भए । विज्ञहरूका अनुसार अन्य उमेर समूहको तुलनामा बालबालिकाहरू प्रभावित हुने जोखिम बढी छ । यहि भएर हुनसक्छ, किशोरावस्थामा मानसिक तनाव, नैराश्यता, कुण्ठा बढदै गएको अनुसन्धानहरूले देखाएका छन् ।

साथै यहि सामाजिक सञ्जालबाट समग्रतामा व्यक्तिको सोच र मनोवृत्तिमात्र नभएर हाम्रो भाषा संस्कृतिसमेत नकारात्मक ढङ्गबाट प्रभावित भइरहेको हुनसक्छ । यसमा थप अध्ययन आवश्यक छ । सरसरती हेर्दा पनि बालबालिकाहरू सानैदेखि विदेशी भाषा खासगरी अङ्रेजीमा

बनेका भिडियो सामग्रीमा अभ्यस्त हुने क्रम बढ्दो गतिमा रहेको देखिएको छ ।

**उद्येश्य र औचित्य**

मानवीय जीवन पद्दतिमा प्रविधि र एआइको विकास पश्चात सामाजिक सञ्जालले पारेको प्रभावको लेखाजोखा गरी यसको समुचित प्रयोगबाट अधिकतम लाभ लिनका लागि अवलम्बन गर्नु पर्ने उपायहरूको खोजि गर्नु यस लेखको प्रमुख उद्येश्य रहेको छ । यस्ता प्रविधि र सामाजिक सञ्जालले भाषामा पारेको प्रभाव सम्बन्धी सन्दर्भ पनि यसमा जोडिएको छ ।

यस लेखमा द्वितीय स्रोतबाट प्राप्त सामग्रीहरूको विषय, सन्दर्भ, प्राप्तीहरु प्रयोग गरिएका छन् । विश्लेषणात्मक ढङ्गबाट लेख तयार गरिएको छ । प्राथमिक स्रोतको प्रयोग गर्न नसकिनु, समय सीमा आफैँमा लेख तयार गर्ने सन्दर्भमा सीमितताको रूपमा रहेका छन् ।

प्रविधि र सामाजिक सञ्जालको प्रयोगलाई ध्यानमा राखि लेखिएको यस लेखको केन्द्रमा सामाजिक सञ्जालको प्रयोगबाट कसरी लाभ लिन सकिन्छ भन्ने रहेको छ । भाषा विकासमा प्रविधिले सृजना गरेको अवसर र चुनौती समेत यसमा केलाउन खोजिएको छ । तसर्थ यस लेखमा सुझाइएका उपायहरु अध्येता, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थीका लागि लाभदायक हुनसक्छन् ।

**सामाजिक सन्जालले विकास गरेको आदत**

हाम्रा पुर्खाहरु बिहान उठ्ना साथ कराग्रे वसते लक्ष्मी कर मध्ये सरस्वती । कर मूले तु गोविन्दो प्रभाते कर दर्शनम् ॥ भनेर मन्त्र पढ्थे । आफैँभित्र मानसिक शान्ति खोज्थे । अहिले को पुस्ता बिहान उठ्ना साथ मोबाइलको स्क्रीनमा आखा लगाउनमा अभ्यस्त हुने अवस्था सृजना भइरहेछ ।

अहिले हरेक मान्छेको हातमा मोबाइल छ । मोबाइल अब मानिसका लागि नभइनहुने वस्तुमा पर्न शुरू भइसकेको छ । सामान्य खालको मोबाइलले पनि नपुग्ने भयो । भरखर बजारमा आएको धेरै अप्सन भएको मोबाइल सम्भव भएसम्म सबैको रोजाइमा पर्ने भयो । यसले एकातिर खर्च बढाएको छ भने अर्कोतिर व्यक्तिको समय मनग्यै रूपमा पनि लिइरहेको छ । सामाजिक अर्थतन्त्रको ठूलो हिस्सा यसमा प्रयोग भएको छ । मुलुकबाट ठूलो रकम विदेशिएको छ । यी त भए सतहमा देखिने केहि असर ।

अब अर्को ढङ्गबाट हेरौँ । एउटा व्यक्तिले २४ घण्टामा औसतमा के कति समय मोवाइल स्क्रिनमा विताउँछ होला ? बिहान उठ्ने वित्तिकै मोबाइल हेर्ने लत कतिमा होला ? मोबाइल

फोन रातमा कहाँ हुन्छ ? रातमा घरको वाईफाई अन रहन्छ कि अफ हुन्छ ? शहर र गाउँको अवस्थामा के कति फरक छ होला ? बढी स्क्रिन टाइम कुन उमेर समूहको होला ? यस्तो स्क्रीन टाइममा के कस्ता बिषयवस्तुमा ध्यान केन्द्रित भएको होला ? स्क्रीन टाइममा आएको परिवर्तनको ट्रेन्ड के कस्तो होला ? सामाजिक सञ्जालको प्रयोग र असरको अवस्था पहिचान गर्नका लागि यी र यस्ता मूल प्रश्नहरूमा उत्तर खोज्नुपर्ने हुन्छ ।

नेपालमा स्क्रीन टाइमको मात्रा, स्क्रीन टाइममा हेरिएका विषयवस्तु, स्क्रीन टाइमको ट्रेन्ड आदिका बारेमा खासै अध्ययन भएको पाईदैन । यदि अध्ययन भएकै भए तापनि त्यसको प्राप्ति आम जानकारीमा आउन नसकेको पनि पक्कै हो । अध्ययन नै नभएपछि हाम्रो अवस्था एकिन भएन । अर्थात बेसलाईन तयार भएन । यसको अभावमा बन्ने नीति तथा कार्यक्रम सान्दर्भिक हुन नसक्ने सम्भावना रह्यो । अनि हामी कहाँ छौं र कता जाने भन्ने बारेमा थाहा नहुने भयो ?

अध्ययनको नतिजा नभएपछि यसले पारेका असरसम्बन्धी केहि विषयमा अनुमान गरौं । मोबाइलको अधिक प्रयोगले सतहमा नदेखिने तर मानवीय जिवनमा गहिरोसँग असर सृजना गरिरहेको हुनसक्छ । जब मोबाइल अन गरिन्छ, नोटिफिकेशनमा आखा पुगिहाल्छ । एउटा समाचारले अर्कोमा लैजान्छ । अनि सामाजिक सञ्जालमा फोटोमा लाईक डिस लाईकमा ध्यान पुग्छ । यस्तो बानीले एकाविहानै व्यक्तिको मुडलाई अनावश्यक र भारी सूचनाबाट प्रभावित बनाईदिन्छ । अनावश्यक मात्रामा नैराश्यता र कुण्ठा जगाइदिन्छ । जब विहानीमा नै खराब मुड बन्छ, दिउँसो सकारात्मक हुने सम्भावना कम हुने भइहाल्यो ।

यसरी प्रविधि र सामाजिक सञ्जालवाट मानिसको व्यवहार, आचरण, सोच आदि प्रभावित हुने भएकाले यसले व्यक्तिमात्र नभई घरपरिवार, समाज र समग्र सामाजिक, राजनैतिक, आर्थिक पक्ष लगायतका गभर्नेन्स प्रणालीलाई नै प्रभावित गरिरहेको हुनसक्छ । साच्चै भन्नु पर्दा यसवाट समग्र समाज नै निर्देशित भइरहेको हुनसक्छ ।

**सामाजिक सञ्जालले पारेको प्रभाव**

माथि नै भनिसकियो कि अहिले मोबाइल फोन मानिसको जीवनको अभिन्न अङ्ग जस्तै बनिसक्यो । यसबाट बाहिर रहेर मानवीय जीवन सम्भव छैन जस्तो बन्यो, अनि बनाइदै छ पनि । सामाजिक सञ्जाल मैले चलाउदिन भन्न नसकिएला पनि । यति बेला मानिसले मोबाइल होइन कि मोबाइलले मानिसलाई चलाई रहेको छ । यसबाट मानिसको सोच र व्यवहारमा पक्कै पनि असर पारेको छ होला ।

प्रविधि र स्क्रिन टायममा अत्यधिक समय बिताउने कार्यले प्रयोगकर्तामा दीर्घकालीन रूपमा नकारात्मक असर सृजना गरिरहेको हुनसक्छ जुन हाम्रो जानकारीमा छैन । यसको प्रयोगले पुस्ता नै प्रभावित हुने भएकाले यसमा सवैले गम्भीर चासो राख्नै पर्ने देखिन्छ । यो गम्भीर अनुसन्धानको विषय बन्न पुगेको छ ।

युनेस्कोको सन् २०२३ मा प्रकाशित ग्लोबल एजुकेशन मोनिटरिङ् प्रतिवेदनका अनुसार स्मार्ट फोनको अत्यधिक प्रयोगले विद्यार्थिमा नकारात्मक प्रभाव परेको छ, व्यक्तिलाई एकोहोरो बनाएको छ, मेसिनमा मात्र झुम्ने वनाएको छ, दिमागमा नकरात्मकता भरेको छ भन्ने जस्ता विषयहरु उजागर गरेको छ । यसको प्रयोग कम मात्रमा गर्नुपर्छ भन्ने धेरैलाई थाहा छ । तर पनि यसको प्रयोग बढ्दो क्रममा छ । विकसित मुलुकमा कम प्रयोग गर्न थालिएको पाइन्छ तर कम विकसित मुलुकको अवस्था भने बेग्लै छ ।

सामाजिक सञ्जालले अर्को ढङ्गबाट पनि प्रभावित गरिरहेको हुनसक्छ । सामाजिक सञ्जालमा प्रवाह गरिने सूचना कसैले भ्रम फैलाउने वा दुषित मनसायले नियतवश पनि प्रवाह गरेका पनि हुन सक्छन् । जसको यस्ता सूचना वा अफवाहलाई प्रशोधन र विश्लेषण गर्ने क्षमता कमजोर हुन्छ, यसबाट उनीहरु सजिलै प्रभावित हुन पुग्छन् । यस्तो अफवाह फैलाउने वा गलत मनसायले प्रवाह गर्ने सुचना व्यक्तिगत र सांगठनिक दुवै तहमा हुन सक्छ । व्यक्तिगत तहमा भन्दा सांगठनिक तहवाट प्रवाह गरिने सूचनालाई अझ बढी विश्वास गरिने हुन्छ । नियतवस प्रवाह गरिने यस्ता सूचनाको असर अझ बढी हुनसक्छ । किनकी यस्ता सूचना बास्तविकताका नजिक हुन्छन भन्ने मान्यता राखिन्छ । यस्ता कार्यबाट धैरैलाई भुलभुलैयामा राखिएको हुनसक्छ ।

साराह विन विलियम्स (Sarah Wynn–Williams), जो सन् २०११ देखि फेसवुक (हालको मेटा) मा काम गर्न थालिन, ले सो समयदेखिका अनुभव समेटेर केयरलेस पीपुलः अ कसनरी टेल अफ पाओर ग्रीड एण्ड लस्ट आइडियालिजम (Careless PeopleM A Cautionary Tale of Power, Greed, and lost Idealism) पुस्तक लेखिन् । उनले यस पुस्तकमा फेसवुकभित्रको कार्य संस्कृति र व्यवहार, त्यहाँभित्रका पात्रहरूको चरित्र, खराव नियतवस गरिएका कार्यहरु र पक्षविपक्षमा संस्थागत रूपमा गरिएको कार्यलाई मसिनोसँग केलाएकी छन्। पुस्तकको शीर्षक नै केयरलेस पिपुल भएकाले उनका इच्छा आकाङ्क्षामा फेसवुकभित्रका उच्च पदस्थ व्यक्तिहरुले कसरी खेलवाड गर्न खोजे र कसरी गलत व्यवहार गरे भन्ने विवरण उल्लेख गरेकी छन् । यो उनको आफ्नो निजी अनुभव हो, अर्को व्यक्तिको अनुभव अर्कै हुन

पनि सक्ला । तर सामाजिक सञ्जाल र प्रविधिबाहिरबाट हेर्दा एउटा देखिन सक्छ भने भित्रबाट हेर्दा अर्कै हुन पनि सक्छ भन्ने सन्देश यसबाट लिन सकिन्छ ।

यस पुस्तकबाट संगठित संस्थाले वास्तविक र अवास्तविक सूचनामा के कसरी खेल्न सक्छन् र संसारलाई के कसरी भ्रममा राख्न सक्छन भन्ने उदाहरणहरू समावेश गरेको छ । सामाजिक प्लेटफर्मसँग जोडिएका साराह र उनीजस्ताका थुप्रै अनुभव भयावह हुनसक्छन् । यस किसिमका खराब कार्यवाट धेरै व्यक्ति प्रभावित भइरहेका हुनसक्छन् । तर उनीहरुलाई यसको जानकारी नहुन पनि सक्छ । उनीहरूका नाममा अर्कैले अनावश्यक लाभ लिइरहेको पनि हुन सक्छ । पृथ्वी घुमिरहेको अनुभव यहाँ बस्ने मानिसलाई नभएजस्तै प्रवाह भइरहेको गलत सूचनाले मानिसलाई यसरी नै घुमाइरहेको हुनसक्छ । मानिस भ्रमैभ्रमको संसारमा बाँचेको पनि हुनसक्छ ।

साराह विन विलियम्सको यस पुस्तकले धेरै चर्चा बटुल्यो । किनकी व्यक्तिगत सूचनामा हुने खेलवाडलाई यसका विज्ञहरूले गम्भीर रूपमा लिए । संगठित संस्थाको व्यवहारका बारेमा लेखिएको पुस्तक भएकाले पनि हुनसक्छ यसमा धेरैको चासो देखियो । विभिन्न लेखकहरूबाट पुस्तक समीक्षा गरिए । यस्ता समीक्षाबाट साराहले भोगेका धेरै पाटाहरू विभिन्न दृष्टिकोणबाट उजागर हुँदै आए ।

जेनिफर स्जालाई (Jennifer Szalai) ले १४ मार्च सन् २०२५ को द न्यूयोर्क टाइम्स इन्टरनेशनल इडिसनमा मोर लो डाउन अन फेसवुक (More low down on Facebook) शीर्षक दिएर साराहको पुस्तक समीक्षा लेखिन् । उनले भनेकी छन्– न्युजिल्याण्डमा जन्मेर वासिङ्टनमा डिप्लोम्याटका रुपमा कार्यरत साराह विन विलियम्स फेसवुकमा काम गर्ने अति चाहना वा अभिलाषाले त्यहाँ पुगिन् । कार्यरत रहेकै अवस्थामा मार्कजुकर वर्ग एवम् स्टेरिल स्यान्डवर्ग (जसलाई पुस्तकमा टम एण्ड डायसी नाम दिइएको छ) को स्वभावबाट आजित भएर बाहिरिइन् । जेनिफरको यस समीक्षाबाट पर्दा पछाडि ठूला संगठन र यसका हर्ताकर्ताहरूले सूचनालाई कसरी तोडमरोड गर्छन् भन्ने सिकाइ हासिल गर्न सकिन्छ ।

यसैगरी १३ मार्च सन् २०२५ को द गार्जियन पत्रिकाले साराह विन विलियम्सको यस केयरलेस पुस्तकको समीक्षा स्टिभेन पुल (Steven Poole) ले लेखे । यस समीक्षाले फेसवुकभित्रका आँखा खोल्ने विवरण, महिला कर्मचारीप्रतिको दुर्वयवहार र फेसवुकलाई राजनीतिक लाभ हानीमा प्रयोग भएको दृष्टान्ट दिइएको छ ।

माथिका समीक्षाका लेखकहरुले साङ्गठनिक रुपमा भ्रामक सूचना प्रवाह हुन सक्छन, जुन नागरिकलाई थाहा नहुन सक्छ भनेका छन् । विभिन्न हर्कतले तोडमरोड गरिएका अफवाहलाई पनि वास्तविक सूचना जस्तै बनाई आम नागरिक सम्म पुर्याएर वास्तविक बनाउने प्रयास कसरी हुँदोरहेछ भन्ने सिकाइ लिन सकिन्छ । सूचनाको गलत प्रयोगले सृजना गर्न सक्ने असर केलाउन यस्ता समीक्षाबाट सहयोग नै पुग्छ ।

**यसबाट उम्कने कसरी त ?**

सबैभन्दा पहिलो प्रश्न के अहिलेको अवस्थामा स्मार्ट फोनको प्रयोग वा सामाजिक सञ्जालको प्रयोगमा वन्देज लगाउन सम्भव छ त ? अहिले युगमा सामाजिक सञ्जालको प्रयोगलाई बन्देज लगाउन त नसकिएला तर यसको नियमन बलियो बनाउनु पर्छ भन्नेमा दुई मत नहोला । सामाजिक सञ्जालमा प्रवाह हुने र प्रयोग गरिने सामग्रीलाई स्क्रीनिङ् गर्ने प्रणाली बलियो चाहिन्छ । फेकन्यूज, अपवाह फैलाउने खालका सामग्री रोक्नै पर्छ । व्यक्तिले पनि सचेतना अपनाउनै पर्छ ।

Unesco.org ले २६ जुलाई २०२३ (२४ जनवरी २०२५ मा अध्यावधिक गरिएको स्टोरी) मा एउटा स्टोरी आफ्नो वेभसाइटमा राखेको छ । त्यसको शीर्षक टु व्यान र नट टु व्यान (त्य दबल यच लयत तय दबल?) रहेको छ । विद्यालयहरुमा स्मार्ट फोन प्रयोगमा युनेस्कोका सदस्य मुलुकहरुले गरेको नियमन सम्बन्धी व्यवस्था अनुगन गर्ने सन्दर्भमा यो लेख तयार गरिएको देखिन्छ । लेखका अनुसार सन् २०२३ को अन्तसम्ममा विश्वका लगभग ३० प्रतिशत (६०) मुलुकहरुले कक्षा कोठामा मोबाइल वा स्मार्ट फोन प्रयोगलाई कानुनी व्यवस्था गरेर नै वन्देज लगाइसके । सन् २०२४ को अन्तसम्ममा थप १९ मुलुकले यस्तो प्रतिवन्ध लगाएका छन् । आजको दिनमा विश्वका लगभग ४० प्रतिशत मुलुकले यो अभ्यस सुरू गरिसकेका छन् । जोनाथन हेड्ट (२०२४) ले पनि माध्यमिक तहसम्म यसको प्रयोगमा बन्देज लगाउनु पर्छ भनेका छन् ।

सामाजिक सञ्जालले मानवीय जीवनमा पारेको प्रभाव केलाउन युनेस्कोले दिएको एउटा उदाहरण पनि यस सन्दर्भमा लाभदायक हुनसक्छ । युनेस्कोको माथिको प्रतिवेदनका अनुसार सामाजिक सञ्जालमा आउने अफवाह र अस्वस्थ सूचनालाई जनाउने दुईओटा शब्दहरू अक्सफोर्ड डिक्सनेरीले सन् २०२४ मा आफ्नै शब्दकोषमा थप गरेको छ । ती दुई शब्दहरू Doomscrolling and Brain rot हुन् । यसले पनि मानवीय जीवनमा नयाँ समस्या थपिएको तर्फ इङ्गित नै गर्छ । अहिले कै गति र स्वरूपमा प्रयोग गर्ने हो भने सामाजिक सञ्जाल थप हानिकारक हुने निश्चित छ ।

सामाजिक सञ्जालको प्रयोगमा राज्यले सूचना लिनै पर्छ । सूचना भएन भने यसले पारेको प्रभाव समयमै थाहा पाइँदैन । जति बेला थाहा पाइन्छ, सोको करेक्सन गर्न सहज नहुन पनि सक्छ । यसरी सामाजिक सञ्जाल र अन्य प्रविधिको अतिप्रयोगले पुस्ता नै नकारात्मक ढङ्गबाट प्रभावित हुने सम्भावना भएकाले नियमन प्रभावकारी हुनु आवश्यक देखिन्छ ।

सामाजिक सञ्जाल व्यक्ति स्वयम्ले प्रयोग गर्ने हुनाले सर्वप्रथम यसमा व्यक्ति स्वयम् सचेत हुनुपर्छ । के प्रयोग गर्ने, के नगर्ने, कति समय प्रयोग गर्ने भन्नेमा व्यक्ति सचेत बन्नुपर्छ र व्यक्तिलाई सचेत वनाउनु पर्छ । घरपरिवार पनि एउटा नियममा वस्नुपर्छ । बालबालिकाको व्यवहार नियन्त्रण गर्नमा अभिभावक स्वयम् पनि आचार संहितामा बस्न सक्नुपर्छ । तर यो भन्न जति सजिलो छ व्यवहारमा त्यति सहज छैन ।

अध्ययनहरुले देखाएअनुसार स्मार्ट फोनमा आउने नोटिफिकेसन र सूचनाको प्रवाहले प्रयोगकर्ताको ध्यान भङ्ग गर्छ । विषयवस्तुमा केन्द्रित हुने मात्रा घटाउछ । गरिरहेको कामबाट बाहिर ल्याउँछ । व्यक्तिलाई अगाडि गरेको पुनः त्यही काममा मानसिक रुपमा केन्द्रित हुन थप केही समय लाग्छ । एउटा अध्ययनले देखाएअनुसार एउटा विषयवस्तुमा ध्यान भङ्ग भएमा पुनः त्यसमा ध्यान केन्द्रित गर्न कम्तिमा पनि २० मिनेट लाग्दछ । त्यसकारण पनि सामाजिक सञ्जालमा हरबखत आँखा लगाउनु लाभदायक छैन । निश्चित समयको अन्तरालमा चलाउने बानी वा आदत विकास गर्नुपर्छ ।

अर्को मूल प्रश्न कसैबाट अज्ञानतावस वा नियतवस प्रवाह गरिएका सूचना वा अफवाहलाई के कसरी बुझ्ने भन्ने नै हो । त्यसबाट के कसरी बँच्ने भन्ने हो । प्रवाहित सबै सूचना र अफवाहलाई हेर्नै पर्छ भन्ने छैन । यिनमा ध्यान केन्द्रित गर्नैपर्छ भन्ने छैन । यिनको सत्य तथ्य बुझेर मात्र आफ्नो धारणा बनाउन लगाउन ढिलो गर्नु हुँदैन । तर मानिसको आँखा त्यसमा गइहाल्छ ।

मार्च १४ २०२५, को द न्युयोर्क टाइम्स इन्टरनेशनल एडिसनमा चार्ली लक (Charley Locke) ले बिहानमा मैले कसरी एलगोरिदम रोक्न सके भनेर आफ्नो अनुभव द मर्निङ रिचुअल द्याट हेल्पस् मी रेसिस्ट द एल्गोरिदम (The morning ritual that helps me resist the algorithm) शीर्षकमा उल्लेख गरेकी छन् ।

बिहान ओछ्यानमा रहँदा नै आइफोनले तान्ने र त्यसमा आँखा पुगिहाल्ने बानी हटाउन त्यति सजिलो त कहाँ होला र ? चार्लीले यस्तो बानी हटाउन बिहान उठनासाथ वत्ती बालिन्,

मोबाइलबाट टाढा बसिन्, कलम र कपी लिएर कविता लेख्न सुरु गरिन् । सबै समयमा कविता नफुर्न पनि सक्छ । त्यस अवस्थामा उनले पहिला लेखिएका कविता सम्झने प्रयास पनि गरिन् । कहिलेकाँहि त बिहानमा उनले फोनलाई अफ मोडमा पनि राखिन् । यसरी मोबाइलबाट ध्यान अन्यत्र राखी केहि न केहि गर्ने कार्यले मोबाइल लत हटाउने बानीमा सुधार ल्याउन सहयोग पुगेको भनाइ उनले लेखेकी छन् ।

चार्लीलाई उनको मोबाइलमा आउने नोटिफिकेसन र त्यसले सृजना गर्ने लतले उनको बिहान मात्र नभई दिन पनि मुड अफ गर्ने रहेछ । यस्तो पीडादायक अवस्थाको अनुभव उनको लेखमा छ । बिहानमा मोबाइल खोल्न मन लाग्नासाथ पुराना कविता सम्झने, घरभित्र र बाहिर हिडडुल गर्ने र सो पनि नभए आफूलाई केहि न केहि काममा इङ्गेज गर्ने प्रयासले मोबाइलबाट टाढा बस्न सकेको अनुभव उनको छ । यस्तो आदत बनाउन उनलाई केहि समय कष्टपूर्ण नै भएछ । प्रयास गर्दै गएपछि मोबाइल चलाउने बानीमा साच्चिकै परिवर्तन आएको अनुभव उनले लेखेकी छन् । कोभिडको समय अर्थात् सन् २०२० को स्प्रीङ सिजनबाट सुरु गरेको यस्तो अभ्यासले उनको जिउँने कलामा परिवर्तन आयो भनेर यस क्रमको अनुभव उनले यस छोटो लेखमा समाविष्ट गरेकी छन् ।

चार्लीको यो अनुभव जो कोहिका लागि उपयोगी हुनसक्छ । हरेकले यसबाट केहि सिकाइ हासिल गर्नसक्छ । साथै अत्यन्त व्यवहारिक पनि छ । तर यस्तो आदत विकास गर्ने प्रयास स्वयम् व्यक्तिबाट सुरू हनुपर्छ । सामाजिक सञ्जालले हामीले थाहा नपाई भाषा र संस्कृतिमा पारेको प्रभाव र त्यसबाट बाहिरिने केहि उपाय देहायको भागमा उल्लेख गरिएको छ :

**भाषा संस्कृतिमा प्रविधि सामाजिक सञ्जालको असर**

युवल नोहा हरारीले सेपियन्सः अ ब्रिफ हिस्ट्री अफ ह्युमनकाइण्ड भन्ने पुस्तकमा मानव उत्पति र विकासक्रमको टाइमलाइन उल्लेख गरेका छन् । उनका अनुसार आजभन्दा करिब ३ अर्ब ८० करोड वर्ष पहिले स्पेशिस अर्थात जीवको सुरू भयो । लगभग ६० लाख वर्ष पहिले अहिलेका मानवका पुर्खा र चिम्पान्जी देखिए । जीवको विकासक्रममा देखिएका यी र यस्तै प्राणीको बीचमा आपसी सञ्चार सुरू देखिनै भएको हुनुपर्छ । सामाजिक सम्बन्ध पनि बने होलान् । भाषा बन्यो होला । सञ्चार थप परिष्कृत हुदैं गयो होला । यहि क्रममा अहिले को भाषा विकसित भएको हुनुपर्छ ।

हरारीका अनुसार आजभन्दा ७० हजार वर्ष अघि मात्र मानव पुर्खाका बीचमा सञ्चार गर्ने र नयाँ तरिकाबाट सोच्ने पद्धति बनेको थियो । उनले यसो हुनुमा कग्नेटिभ रिभोलुसन र

जेनेटिक म्युटेसनका सिद्धान्तलाई अगाडि सारेका छन् । आखिर जे होस् समयको यस कालखण्डमा मानव पुर्खाले नयाँ तरिकाले सोच्ने र सञ्चार गर्ने कामका लागि भाषा बनाए र विकसित गर्दै ल्याए । माथि भनिएजस्तै यसलाई नै पहिलो सञ्चार भन्न कठिन छ किनकी हरेक प्रजातिले कुनै न कुनै प्रकारले सञ्चार यस अघि पनि गरिरहेका थिए । विज्ञहरूले संसार मा मानव पुस्ताले भाषा र सञ्चारको प्रयोग गरेको सुरुवाती समय यहि अवधिको होमो सेपियन्सलाई दिने गर्छन् ।

मानव इतिहासमा जे जसरी भाषाको सुरुवात भए पनि समयसँगै यसको बिस्तार र विकास हुँदै गयो । समयक्रममा सञ्चारको शैली र विकासको गति पनि बदलियो होला । मानव पुर्खाले देखेका मात्र नभई नदेखेका विषयमा पनि अनुमान गर्न थाले होलान् । यसरी मानव विकास र भाषा विकास सँगसँगै अगाडि बढ्दै आए । मानव पुर्खाको संज्ञान विकास र सामाजिक अन्तक्रियाको विस्तारसँगै भाषाको थप विकास र परिस्कृत हुदै गयो । संवेग आदान प्रदान, हाउभाउ कटाक्ष एवम् प्राकृतिक रुपमा सुनिने आवाजको नक्कल गर्दै यसलाई थप परिष्कृत बनाउदै लगियो होला । अनुभव, सिकाइ, समूह विशेषको बीचमा रहेको सम्बन्ध आदिका कारण विभिन्न स्थान र भुगोलमा रहेकाहरुको बीचमा फरकफरक खालका भाषा विकास हुन थालेको हुनुपर्छ ।

जब मानव समाजको बीचमा अन्तरकृया र संवादको दायरा बढ्दै गयो भाषामा पनि व्यापकता आउन थाल्यो । समयक्रममा बलियो ठानिएको समूहको भाषाले थप विस्तार हुने मौका पायो । यसैगरी अन्य केही अर्थात् कमजोरहरूका भाषाका लागि प्रतिकूल अवस्था सृजना भई क्रमशः कमजोर बन्दै गएका पनि हुनसक्छन् ।

यसरी भाषा मानव जीवनसँगै विकसित हुदै आयो । मानव जीवन पद्धतिसँग जोडियो, संस्कारसँग जोडियो र संस्कृतिसँग पनि जोडियो । यसरी भाषा र संस्कृति मानव जीवनका अभिन्न अङ्ग बन्न पुगे । सन्जीव पोखरेलले एक अनि शून्य पुस्तकमा भाषा बोलीचालीको माध्यम मात्र नभएर सामाजिक संरचना, संस्कृति र मनोविज्ञानसँग जोडिएको हुन्छ भनेका छन् ।

समाज बदलिँदै जाने क्रममा बालक वा बालिकाको घरमा बोलिने भाषा र घरबाहिर बोलिने भाषा पनि फरक पर्न थाल्यो होला । एउटै भाषा हुदाँ त खासै समस्या भएन । तर घरभित्र र बाहिरको भाषा फरक पर्दा थप असजिलो व्यहोर्नु पर्यो होला । जब घरभित्र र वाहिर प्रयोगमा ल्याइने भाषा फरक पर्न जान्छ, त्यस समयमा बालबालिका थप समस्यामा पर्ने नै भए ।

घरमा बोलिने भाषाबाट नै उनीहरुको बानी व्यहोरा, सामाजिक सांस्कृतिक अवस्था, सोचविचार गर्ने आदत निर्माण भएको हुन्छ । तर घरबाहिर बोलिने भाषा र यससँग जोडिएका पक्षहरु उनीहरूका लागि नौला हुन्छन् । त्यही भएर विद्यालय तहका सुरुका कक्षाहरुमा मातृभाषाहरुमा पठनपाठन गर्न उपयुक्त ठानिएको हो । भाषाको यस स्मुथ फ्लोलाई अहिले विकास भएको प्रविधि र सामाजिक सञ्जालले भूमरीमा राखेको छ। उथलपुथल बनाएको छ।

समुदायसँग भाषा संस्कृति हुने रहेछ । जब समुदाय समाजमा बदलिन्छ भाषा र संस्कृतिको स्वरुप पनि वदलिने रहेछ। सञ्जीव पोखरेलका अनुसार त उत्तरआधुनिक र उत्तरसंरचनावादी युगमा त संस्कृति र भाषाको स्वरुप अझ बदलिएको पाइयो । यसरी मानव विकाससँगै परिस्कृत हुँदै आएको भाषा प्रविधि, कृत्रिम बौद्धिकता र सामाजिक सञ्जालको युग सुरू भएपश्चात त आँधीहुरीमा नै पर्न पुग्यो ।

विश्वव्यापीकरणले मानव पुँजी र प्रविधि प्रवाहमा सजिलो बनाइदिएको छ । यस्ता पक्षहरू एक मुलुकबाट सजिलै दोस्रो मुलुकमा प्रवाह हुन पाउने अवसर सृजना भएको छ। तर यस्तो प्रवाह दोहोरो रुपमा भएको छैन । बलियाहरुको भाषा, प्रविधि, बस्तु, पुँजी, संस्कृति फैंलदो क्रममा छ। छिटो गतिमा फैलिएको छ। बलियाहरुको भाषा, संस्कार, जीवनशैली र संस्कृति अरुका लागि पनि मानक बन्दै छन्। अंग्रेजी नयाँ वर्ष मनाउन झुम्मिने युवा पुस्ता वैशाख १ गतेलाई वास्ता नगर्ने नै भइसक्यो । सायद यसैको कारण हुनुपर्छ ।

माथि नै भनिसकियो कि अहिले प्रयोगमा ल्याइएका र भोलि बजारमा आउने प्रविधीलाई प्रयोग गर्दिन, सामाजिक सञ्जालमा अभ्यस्त हुँदिन भन्न अब नमिल्ला । आजको भाषा संस्कृति जोगाएर, संरक्षण गर्दै थप परिस्कृत बनाउदै यस्ता प्रविधि र सामाजिक सञ्जाललाई के कसरी प्रयोग गर्न सकिएला भन्ने विषय अत्यन्त महत्वपूर्ण छ ।

प्रविधि र सामाजिक सञ्जालका कमजोरी मात्र छैनन्, लाभ पनि प्रशस्तै छन्। हाम्रा पुस्तालाई यसबाट लाभ लिन कसरी सक्षम बनाउन सकिन्छ भनेर खोजी कार्यान्यवनमा ल्याउनु पर्छ। यो काम सरकार एक्लैले गरेर हुने होइन । यसमा त व्यक्तिको सार्थक प्रयास चाहिन्छ। घर परिवार, समुदाय, निजीक्षेत्र सबै मिलेर जानुपर्छ ।

अहिलेका शिशु अवस्थाका बालबालिका अंग्रेजी भाषा र अन्य बलिया भाषामा विकास गरि एका भिडियो सामग्रीमा अभ्यस्त हुन थाले। यिनीहरुमा अग्रेजी संस्कार र संस्कृति विकास हुने भयो । यस्तै हो भने हाम्रा स्थानीय भाषा, संस्कृति, चाडपर्वहरू नयाँ पुस्ताका लागि प्रदर्शन

गर्ने संस्कारमा सीमित नहोलान् भन्न सकिन्न । यसो भनेर बाहिरका सामग्री हेर्नै हुदैन भन्ने पनि होइन । हाम्रा भाषा संस्कृतिमा पनि यस्ता सामग्री विकास गर्न सक्नुपर्छ । यसमा सबै जना लाग्नुपर्छ । सरकारले पनि निजीक्षेत्रसँग सहकार्य गरी अगाडि बढ्नु पर्छ ।

हाम्रो भाषा संस्कृतिको जगेर्ना गर्न परम्परागत अभ्यासलाई विद्यालयबाट नै सुरू गराउन सकिन्छ । चौतारो, कचहरी, संवाद, सांस्कृतिक अभ्यास आदिमा जोड दिन सकिन्छ । विद्यालय तहमा यस्ता कार्यमा थप अभ्यास गराउन सकिन्छ । अतिरिक्त कृयाकलापमा समावेश गर्न सकिन्छ । स्थानीय तहमा रहेका परम्परागत खेल, रहनसहन, सांस्कृतिक पर्व आदिको अभिलेखीकरण गर्न सकिन्छ । यसपश्चात यिनको सार्वजनिक गर्ने र अभ्यासमा ल्याउने कार्यले सहयोग गर्छ नै । स्थानीय र बाहिरका संस्कार, संस्कृति र भाषाको सन्तुलित प्रयोगमा ध्यान दिएर क्रियाकलाप गर्न सकिन्छ ।

वास्तवमै प्रविधि र सामाजिक सञ्जाललाई के कति मात्रामा प्रयोग गर्ने ? अनि कसरी प्रयोग गर्ने ? भन्ने विषय प्रथमत स्वयम् व्यक्तिमा भर पर्दछ । साथै राज्यको कानुन र नियमनको प्रकृतिले पनि प्रभाव पार्ने नै भयो । नागरिक समाज, संघ संस्था एवम् निजीक्षेत्रको पनि अहम भूमिका रहन्छ नै । यसमा सबै पक्ष समयमै संवेदनशील बन्नै पर्छ । सहकार्यमा काम गर्नुपर्छ ।

**निष्कर्ष**

कृत्रिम वौद्धिकता, सामाजिक सञ्जाल र नयाँनयाँ प्रविधि हाम्रो जीवनमा आइसके । यिनलाई समुचित रूपमा प्रयोग गर्न सके लाभ लिन सकिन्छ । यिनलाई नजर अन्दाज गर्न हुँदैन । यस्ता साधनबाट लाभ लिनका व्यक्ति, समाज र मुलुकले तत्कालबाट उपायहरु खोजी आआफ्नो स्थानबाट कार्यान्यिवनमा ल्याउनु पर्छ । यो सरकार एक्लैले गर्छ भन्ने विषय हुँदै होइन ।

कृत्रिम वौद्धिकता र प्रविधिबाट लाभ लिनका लागि नीति, कानुन, कार्यक्रम तहमा सरकारले तत्काल काम सुरु गर्नुपर्छ । व्यक्तिको अनुशासन, प्रतिवद्धता, जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । निजीक्षेत्रको भूमिका पनि अहम हुन्छ नै । घरपरिवारका वयस्कहरुले आफू अनुशासनमा बसेर मात्र घरपरिवारका अन्य सदस्यका कार्यहरु पनि अनुगमन गरी व्यवहार सेपिङ् गर्ने काम गर्नुपर्छ । किशोरावस्था समूहसम्मकाहरुलाई सम्झाउने बुझाउने, स्वअनुशासन पालना गर ाउने जस्ता काम गर्नुका साथै नियन्त्रित रुपमा प्रविधि प्रयोग गर्ने गराउने वातावरण सृजना गर्ने कार्यमा पनि लाग्नु पर्छ, लगाउनु पर्छ । शिक्षाका पाठ्यक्रममा यस्ता विषय समावेश गरी नयाँ पुस्तालाई प्रशिक्षित पनि गर्दै जानुपर्छ ।

अहिले सूचना र सञ्चार प्रविधिको युग हो । यस युगमा बस्नेहरु भागेर होइन यसका सकारात्मक लाभ लिन सक्ने हुनुपर्छ । व्यक्तिगत र संस्थागत क्षमता विकास गर्नुपर्छ । सहि र भरपर्दो सूचना लिने रेजिलियन्स क्यापासिटी बढाउनु पर्छ । घर एवम् समुदायमा आपसी संवाद बढाउनु पर्छ । विद्यालयका कृयाकलापमा पुनर्संरचना गर्नुपर्छ । सबैको प्रयासले आफ्नै भाषामा सामग्री विकास गरी प्रयोग गर्ने संस्कार बसाल्नु उपयुक्त हुन्छ ।

### सन्दर्भ सामग्रीहरू

- सन्जीव पोखरेल (सन् २०२१) । एक अनि शून्य । (मुद्रकः थमसन प्रेस भारत) । काठमाडौः पब्लिकेशन, नेपालय ।
- Haidt, J. (२०२४) l The Anxious GenerationM How the great rewiring of childhood is causing an epidemic of Mental Illness. New YorkM Penguin Press.
- Harari, Y. N. (२०१५). SapiensM A Brief History of Humankind. New YorkM Harper.
- Kwik, J. (२०२०). Limitless. Upgrade Your Brain, Learn Anything Faster, and Unlock Your Exceptional Life. Hay House Inc.
- Locke, C. (२०२५). The morning ritual that helps me resist the algorithm. The New York Times, International Edition. १४ March २०२५.
- Poole, S. (२०२५). Review of Careless People by Saraha Winn Williams. The Guardian. LondonM United Kingdom.
- Szalai, J. (२०२५). More low down on Facebook. The New York Times, International Edition. १४ March २०२५.
- UNESCO. (२०२३). To ban or not to ban. Unesco.org. २६ July २०२३.
- UNESCO. (२०२३). Technology in EducationM a Tool on Whose Terms< Global Education Monitoring Report २०२३/२४. ParisM UNESCO.
- Wynn–Williams, S. (२०२५). Careless PeopleM A Cautionary Tale of Power, Greed, and Lost Idealism. Flatiron Books.

# प्रदेश सरकारी कामकाजको भाषा ऐनको प्रभाव

**सुरेश मानन्धर**
सदस्य, भाषा आयोग

**परिचय**

बागमती प्रदेश सरकारले 'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' लागू गरेको एक वर्ष पूरा भई दोस्रो वर्षमा प्रवेश गरेको छ । बागमती प्रदेश सरकारको प्रदेश राजपत्रमा यो ऐन २०८० कार्तिक २३ गते प्रकाशित भएको थियो भने सोही ऐनको दफा १ को उपदफा (३) बमोजिम राजपत्रमा प्रकाशित भएको १८० औं दिनबाट लागू हुने प्रावधान अनुसार २०८१ वैशाख २४ गतेका दिनदेखि यो ऐन कार्यान्वयनमा आएको हो । बागमती प्रदेशमा ने पाली भाषा पछि सबैभन्दा बढी वक्ताले बोल्ने भाषाहरू तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता दिन उक्त ऐन तर्जुमा गरिएको थियो । संविधानको धारा ७ (२) मा प्रदेशमा बोलिने भाषाहरूमध्ये बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा बनाउन सकिने भनी उल्लेख गरिएको प्रावधान अनुरुप यो ऐन तर्जुमा गरिएको हो ।

कुन प्रदेशमा कुन कुन भाषालाई सरकारी कामकाजको भाषाको मान्यता दिने भन्ने निर्णय भने भाषा आयोगले गरेको सिफारिसका आधारमा गरिएको थियो । संविधानको धारा २८२ अनुरुप गठन भएको भाषा आयोगले संविधानमै गरिएको व्यवस्था अनुरुप २०७८ भदौ २१ का दिन मुलुकको सातवटै प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धी सिफारिस प्रधानमन्त्री समक्ष पेश गरेको थियो । भाषा आयोगले पेश गरेको उक्त सिफारिस बागमती प्रदेशको संसदसम्म पुग्न भने केही समय लाग्यो । आयोगबाट सिफारिस गरिएका तामाङ भाषा र नेपालभाषाका अभियन्ता संस्थाहरूले निरन्तर पहल गरेपछि बल्ल भाषा सम्बन्धी विधेयक तयार भएको थियो भने २०८० असोज १४ का दिन तत्कालीन संस्कृतिमन्त्री पुकार महर्जनले उक्त विधेयक बागमती प्रदेशसभाको बैठकमा टेबुल गर्नुभएको थियो । त्यसपछि विधेयकमाथि छलफल, संशोधन आदि जस्ता प्रक्रियाहरू पार गर्दै २०८० असोज २२ गतेका दिन बागमती प्रदेशसभाले सर्वसम्मत रूपमा उक्त विधेयक पारित गऱ्यो । संसदले पारित गरेको विधेयक २०८० कार्तिक २३ गते प्रदेश राजपत्रमा प्रकाशित भयो र गत वर्ष वैशाख २४ गतेका दिनदेखि कार्यान्वयनमा आयो । उक्त अवसरमा संघीय राजधानी काठमाडौंको बसन्तपुरमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको प्रमुख आतित्यथ्यतामा एक भव्य समारोह आयोजना गरी भाषा ऐन जारी भएको सगौरव घोषणा गरिएको थियो ।

बागमती प्रदेशमा भाषा ऐन लागू हुनु नेपालको इतिहासमै एक गौरवपूर्ण ऐतिहासिक घटना थियो । १८ वटा दफा रहेको उक्त ऐन केवल १० पृष्ठको एउटा सानो पुस्तिकामा मात्र होइन । यो नेपालको भाषिक इतिहासमै सुनौलो अध्यायका रूपमा खडा गरिएको मजबूत कोशढुंगा पनि थियो । यो ऐनको कार्यान्वयन सँगै नेपालको भाषा आन्दोलन, भाषिक इतिहास र समावेशी समाज निर्माणको राष्ट्रिय संकल्प नितान्त नयाँ उचाइको दिशातर्फ प्रस्थान गरेको मान्न सकिन्छ । 'कुनै पनि भाषा सरकारी कामकाजको रुपमा प्रयोग गरिनु भाषा प्रयोगको सबैभन्दा उच्चतम तह हो' (अमृत योन्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रष्ट, पृ। ९) । भाषालाई प्रदान गरिएको यो कानुनी मान्यताले समावेशी समाज निर्माणको सपनालाई पनि यथार्थको अझ नजिक ल्याइदिएको छ ।

**कार्यान्वयनको कठिनाइ :**

बागमती प्रदेशले सरकारी कामकाजको भाषासम्बन्धी ऐन जो पारित गर्‍यो, यो आफैमा एक ऐतिहासिक परिघटना हो । अहिलेसम्म नेपालमा भाषासम्बन्धी कुनै कानुन बनेको छैन । नयाँ कानुन भएको कारणले यसको कार्यान्वयन कठिन हुनु स्वाभाविक हो । बागमती प्रदेशसभाले सरकारी कामकाजी भाषासम्बन्धी ऐन पारित गरेकै बेला भाषाविज्ञहरूले यसको कार्यान्वयनमा शङ्का व्यक्त गरिसकेका थिए (प्रा।डा। दानराज रेग्मी, नागरिक दैनिक) । आशङ्का स्वाभाविक हो । नेपालको सन्दर्भमा सरकारी कामकाज बहुभाषी मोडेलमा सञ्चालन गर्नु नौलो अभ्यास हो । यस्तो अनुभव नेपालले अहिलेसम्म कहिल्यै हासिल गरेको छैन । त्यसैले कार्यान्वयन जटिल हुनु स्वाभाविक हो । तर यो जटिलतालाई तोड्ने सबैभन्दा ठूलो बलियो शक्ति हो प्रतिबद्धता । यदि प्रतिबद्धता छ भने कार्यान्वयन सुस्त हुन सक्छ अवरुद्ध चाहिँ हुँदैन ।

सरकारी कामकाजको भाषासम्बन्धी कानुन कार्यान्वयनको पहिलो कार्यका रुपमा गत २०८२ वैशाख ६ गते बागमती प्रदेशसभाले तामाङ भाषा र नेपालभाषाका दुई अनुवादक नियुक्त गरेको छ । राजपत्र अनंकित पाँचौ तहमा नियुक्त गरिएका ती दुई अनुवादकहरूले अब प्रदेशसभा बैठकमा माननीय सभासदहरूले तामाङ वा नेपालभाषामा गर्नुभएको सम्बोधनलाई तत् समयमै नेपाली भाषामा अनुवाद गर्नेछन् । संसदले तयार गर्ने वार्षिक प्रतिवेदनलाई तामाङ र नेपालभाषामा अनुवाद गर्नेछन् । साथै संसदले जारी गर्ने सूचना, निर्देशन आदि जस्ता कुराहरू पनि दुवै भाषामा अनुवाद गर्नेछन् ।

यस्तै अनुवादक नियुक्त गर्ने कार्य अब मन्त्रिपरिषद् कार्यालयले गर्नेछ । मन्त्रिपरिषद् कार्यालयमा नियुक्त हुने यी अनुवादकहरूले मन्त्रिपरिषद्ले गर्ने निर्णय, सूचना, निर्देशन आदि जस्ता कागजपत्रलाई

तामाङ र नेपालभाषामा अनुवाद गरी दस्तावेज राख्नेछन् । हालका लागि उनीहरूले अरु मन्त्रालयमा गरिने यस्ता कामहरू पनि अनुवाद गरी दस्तावेज राख्नेछन् । पछि कामको चाप बढ्दै गएमा चाप बढी भएका मन्त्रालयहरूमा छुट्टै अनुवादक नियुक्त गर्दै जानेछन् ।

त्यस्तै प्रदेशका विभिन्न पालिकास्थित विद्यालयहरूमा आवश्यकता अनुरुप विभिन्न मातृभाषाहरू पढाउने कार्य अघि बढाउने छ । कतिपय पालिकामा अहिले नै मातृभाषा कक्षा सञ्चालन भइसकेको छ । पालिकाहरूमा रहने न्यायिक समितिले पनि सेवाग्राहीलाई आफ्नै मातृभाषामा सेवा लिन सक्ने वातावरण बनाउने छ । भाषा कानुनको कार्यान्वयन यसरी नै अगाडि बढ्ने हो । सुरुवात सजिलो कामबाट थालैं । पछि जटिल काम पनि सजिलो हुँदै जानेछ । भाषा आयोगले पनि प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि गर्नुपर्ने कार्यहरूको सिफारिसमा 'भाषाको विकास एकै पटक सम्भव नभए चरणवद्ध विकास (एकपछि अर्को) प्रक्रिया अवलम्बन गर्ने' कुरा उल्लेख गरेको छ ।

**प्रदेशहरूमा प्रभाव :**

बागमती प्रदेशमा भाषा सम्बन्धी यो ऐन आइसकेपछि अन्य प्रदेशहरूमा पनि ऐन बनाउने दबाब बढेको छ । बागमतीको भाषा ऐनले देखाएको यो प्रत्यक्ष प्रभाव हो । बागमतीमा ऐन कार्यान्वयन भएपछि मधेस प्रदेशसभामा पनि भाषा ऐन दर्ता भएको छ । मधेस प्रदेशको भाषासम्बन्धी विधेयकमा १७ वटा दफाहरू रहेका छन् । तर विवादका कारण ऐन फिर्ता भयो । बढी वक्ता भएको भाषालाई छोडेर त्यो भन्दा कम वक्ता भएको भाषालाई कामकाजी भाषाको रूपमा सिफारिस गरेका कारण त्यो विवाद उत्पन्न भएको हो । विवाद आउनु सामान्य कुरा हो । प्रदेशसभामा भाषासम्बन्धी विधेयक प्रस्तुत हुनु ठूलो कुरा हो । विधेयकमाथि उठेको प्रश्नको निराकरण हुँदै जाँदा विधेयकले पूर्णता पाउने र कार्यान्वयनमा जाने विश्वास लिन सकिन्छ । मधेस प्रदेशमा विधेयक नै आवश्यक छैन भन्ने कुनै पनि पार्टी वा व्यक्ति छैन । आपत्ति विधेयकको केही दफामाथि मात्रै हो । मधेस प्रदेशमा भाषा आयोगले नेपालीका अतिरिक्त मैथिली, भोजपुरी र बज्जिका भाषालाई सरकारी कामकाजको लागि सिफारिस गरेको थियो ।

मधेसपछि गण्डकी प्रदेशमा पनि भाषा विधेयक तयार गरी संसदमा टेबुल भइसकेको छ । गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने गरी विधेयक तयार गरिएको हो । त्यसमा पनि १७ वटा दफाहरू रहेका छन् । हाल यो विधेयक संसदको विभिन्न समितिहरूमा छलफलको क्रममा रहेको छ ।

कोशी प्रदेशमा केही अघि नै भाषा विधेयकको मस्यौदा तयार भइसकेको छ भने त्यो अब छिट्टै संसदमा टेबुल हुने अवस्थामा रहेको छ। गत २०८१ माघ २४ गते कोशी प्रदेशको राजधानी विराटनगरमा प्रस्तावित भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो। कोशी प्रदेशमा भाषा आयोगले मैथिली र लिम्बु भाषालाई सरकारी कामकाजी भाषाको रूपमा सिफारिस गरेको छ।

लुम्बिनी प्रदेशमा यही २०८२ वैशाख ७ गते भाषा विधेयकको मस्यौदाबारे अन्तर्क्रिया सम्पन्न भएको छ। लुम्बिनीमा पनि छिट्टै भाषा विधेयक संसदमा टेबुल हुने तयारीमा रहेको छ। भाषा आयोगले लुम्बिनीमा थारू, अवधि र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरेको छ।

त्यस्तै कणाली र सुदूरपश्चिम प्रदेशमा पनि भाषा विधेयकबारे छलफल र अन्तर्क्रियाहरू सुरु भइसकेको छ। भाषा आयोगले कर्णाली प्रदेशमा खस र मगर ढुट, सुदूरपश्चिम प्रदेशमा डोट्याली र थारु भाषालाई सरकारी कामकाजको भाषाको रूपमा सिफारिस गरेको छ।

सबै प्रदेशहरूमा भाषासम्बन्धी ऐनहरू आउने क्रम सुरु भएपछि अब यसमा एकरुपता, कार्यान्वयनमा चुस्तता, प्रदेश-प्रदेश बीचको भाषिक सम्बन्ध, पालिका-पालिका बीचको भाषिक सम्बन्ध आदिका विषयमा पनि स्पष्ट नीति तय गर्न संघीय भाषा ऐन निर्माणको लागि दबाब पर्न गएको छ। हाल भाषा आयोगले संघीय भाषा ऐनका लागि पनि समन्वय शुरु गरिसकेको छ।

यसरी बागमती प्रदेशले भाषा ऐन कार्यान्वयनमा ल्याइसकेपछि त्यसको प्रभाव विभिन्न प्रदेश हुँदै संघीयस्तरमै पुग्न थालेको महसुस गर्न सकिन्छ।

**संविधानको मर्मानुभूति :**

बागमती प्रदेशमा भाषा ऐन कार्यान्वयन हुनुको अर्थ केवल एउटा ऐन कार्यान्वयन हुनु मात्र होइन। यो ऐन कार्यान्वयन हुनुको अर्थ नेपालको नयाँ संविधानलाई अक्षर होइन अभ्यन्तर नै प्रष्फूटन हुने गरी कार्यान्वयन गर्नुको एउटा सकारात्मक सङ्केत पनि हो। २०७२ को संविधानमा उल्लेख भएका सबैभन्दा मूलभूत तत्वहरूमध्ये प्रदेशहरूमा नेपालीका अतिरिक्त अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न पाउनु (धारा ७, उपधारा २) प्रमुख हो। संविधानको यो धारा कार्यान्वयन हुनुको अर्थ संविधानको मूल मर्म कार्यान्वयन हुनु हो। त्यसैले संविधानको यो धारा अन्तर्गत तर्जुमा गरिएको ऐन जारी भएको दिनलाई बागमती प्रदेशले संविधान जारी भएकै दिन सरहको सम्मान प्रदान गरेको छ।

संविधान जारी भएको एक दशक बितिसक्दा पनि त्यसको मर्म अनुरुप बहुलतामा आधारित कानुनहरू कार्यान्वयनमा नआएका कारण निराश भएका जनताले 'संघीयताले के दियो ?' भन्ने प्रश्न उठाउन थालिसकेका थिए । यस्तो अवस्थामा नेपाली बाहेक अन्य राष्ट्र भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्न पाइने यो कानुन कार्यान्वयनमा आएबाट 'संघीयताले केही दिएन' भन्नेहरूलाई जवाफ दिने आधार बनाइदिएको छ । यसले संविधानको खुट्टोलाई अझ मजबुतपूर्वक जमिनमा टेक्ने बल प्रदान गरेको छ । संविधानमाथि आइपरेको चुनौतीलाई यसले मत्थर पारिदिने विश्वास लिन सकिन्छ ।

**विविधतामा एकता :**

नेपाल एक भाषिक, सांस्कृतिक, धार्मिक, जातीय विविधताले भरिएको इन्द्रणी विशेषतायुक्त मुलुक हो । यस्तो विविधतापूर्ण मुलुकको राष्ट्रियता एकताको आधार भनेकै यहाँ विद्यमान सम्पूर्ण जाति, भाषा, धर्म, लिङ्गप्रति राज्यद्वारा गरिने समान व्यवहार र प्रदान गरिने सम्मान हो । यी सबै विविधताहरूलाई राज्यका सम्पूर्ण अंगहरूमा समावेश गर्नु नै विविधतामा एकता कायम गर्ने मूल मन्त्र हो । बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको भाषासम्बन्धी यो ऐनले यस दिशामा एक महत्वपूर्ण पाइला चालेको छ । यो तामाङ र नेपालभाषा दुई भाषालाई सरकारी कामकाजको भाषा बनाउन ल्याइएको ऐन भएता पनि यसले अन्य भाषाहरूलाई पनि सरकारी कामकाजको भाषाको दर्जा प्रदान गर्दै जाने प्रारम्भको ढोका खोलेको छ । अतः यसले देशका सम्पूर्ण उत्पीडित भाषाभाषीहरूलाई समानताको महसुस गराएको छ । बागमती प्रदेशले कार्यान्वयनमा ल्याएको भाषासम्बन्धी यो ऐनको पक्षमा भाषा आन्दोलनका अगुवा मल्ल के। सुन्दरले लेख्नुभएको छ :

*यो प्रयत्न कुनै अमुक भाषा प्रयोगसँग मात्र सम्बन्धित होइन । यो त एक अर्थमा बहुलता र विविधतायुक्त नेपाल जस्तो मुलुकमा सबै समुदाय र वर्गका नागरिकको अस्तित्व तथा पहिचानप्रति सम्मान हो । उनीहरूलाई राष्ट्रिय मूलप्रवाहमा समाहित गराउने राज्यको आधारभूत दायित्वको निर्वाह हो । सीमान्तकृत र बहिष्करणको अवस्थाबाट अधिकारसम्पन्न बनाउने महत्वपूर्ण अभियान हो । सार रूपमा मुलुक सबैको साझा हो, राज्यले सबैको साझा भावनालाई प्रतिविम्बित गर्दछ भन्ने यथार्थको अभिव्यक्ति हो ।*
*(कान्तिपुर, २०८१ वैशाख २५)*

राज्यले सबै भाषाहरूलाई यसरी राजकीय मान्यता प्रदान गरेपछि ती भाषा बोल्ने समुदायमा पनि राज्यप्रति अपनत्वको भाव जागृत हुन्छ र यो मुलुक आफ्नो पनि हो भन्ने संकल्पले मनमा स्थान ग्रहण गर्न थाल्दछ । भावनात्मक पक्ष अत्यन्त संवेदनशील हुने गर्दछ । यसको सही ढंगले सम्बोधन र व्यवस्थापन हुन सकेन भने मुलुक असीम दुर्घटनाको शिकार हुन सक्दछ

भन्ने उदाहरण हामीले विश्वका कयौं मुलुकले भोगेको युद्धको इतिहासबाट बोध गर्न सक्दछौं। बागमती प्रदेशले ल्याएको भाषासम्बन्धी ऐन मुलुकलाई भविष्यमा यस खाले दुर्घटनामा पर्नु अगावै बचाउने संवैधानिक कदम पनि हो ।

**बाधक होइन मानक :**

बागमती प्रदेशले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐन कार्यान्वयनमा ल्याइसकेपछि भाषाविज्ञहरूले ऐनको समर्थन गर्दै यो ऐन लागू गर्न ती भाषाहरूको मानक व्यवस्थापन भने बाधकका रूपमा अगाडि आउनसक्ने सम्भावना औंल्याएका छन् । तामाङ भाषा र नेपालभाषा दुवैको धेरै भाषिक भेदहरू रहेका कारण कुन भेदलाई आधिकारिक मान्ने भन्ने मानकसम्बन्धी समस्या आउन सक्नेप्रति उहाँहरूको चिन्ता रहेको देखिन्छ । चिन्ता स्वाभाविक हो । तर यो भाषासम्बन्धी कानुन नै लागू गर्न नसकिने गरी उत्पन्न हुनसक्ने समस्या भने होइन । किनभने मानक कुनै निकायले घोषणा गर्दैमा प्रयोग हुने र घोषणा नगरेमा प्रयोग नै गर्न नसकिने विषय होइन । भाषाको निरन्तर प्रयोगले मानक पनि निर्धारण हुँदै जाने हो । उदाहरणको लागि नेपालभाषामा हाल काठमाडौंमा बोलिने नेवाः भाषालाई मानक मान्ने मोटामोटी सहमति भएको छ । तर कालान्तरमा यही भाषिकाले मूल मानकको रुप ग्रहण गर्छ भन्न सकिँदैन । वरिष्ठ भाषाविद् प्रा।डा। योगेन्द्र यादवले कुनै पनि भाषाको प्रयोगमा मानकलाई तगारोका रूपमा अघि ल्याउन नहुने बिचार राख्नुभएको छ । मानकले भाषाको विकासलाई अवरुद्ध पार्ने उहाँको दावी छ (२०८१ कार्तिक ४ गते राससद्वारा नेपालभाषा र मैथिली भाषामा समाचार बुलेटिन प्रकाशन शुरु भएको उपलक्ष्यमा आयोजित समारोहमा गर्नुभएको सम्बोधन) । नेपाली भाषा पनि वर्तमान समयमा जुन मानक प्रयोग भइरहेको छ त्यो कुनै निकायले घोषणा गरेको मानक थिएन । कालान्तरको प्रयोगले नै यो मानक निर्धारण गरेको हो । बेलाबखत त्यसमा संशोधन एवं परिमार्जन हुने गरेको छ । यसमा यदाकदा विवाद पनि उत्पन्न हुने गरेको पाइन्छ । नेपाली भाषामा जस्तै अरु भाषामा पनि यसरी नै प्रयोगको आधारमा मानक बन्दै जाने हो । अरु भाषाहरू सरकारी कामकाजमा प्रयोग हुने चलन भर्खर शुरु मात्रै हुँदैछ । यसलाई मानकको विवादमा उल्झाउनु उचित हुँदैन । मानक क्रमशः बन्दै जाने नै छ । बरु हाललाई स्थानीय तहमा जहाँ जुन प्रकारको भाषिका प्रयोग हुने हो त्यहाँ त्यही भाषिकालाई मानक मानी कामकाजमा प्रयोग गर्नु उचित हुन्छ ।

**सबै भाषा कामकाजी भाषा :**

बागमती प्रदेशले तामाङ र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाए पनि बागमती प्रदेशभरि यो दुईवटा भाषा मात्रै कामकाजी हुन्छ, अरु भाषाहरू प्रयोग गर्न पाइँदैन भन्ने होइन ।

आआफ्नो क्षेत्रमा आआफ्नो प्रकारले सबै भाषाहरू कामकाजी भाषाको रुपमा प्रयाग गर्न सकिन्छ। संघीय सरकारले नेपाली (खस) भाषा मात्रै सरकारी कामकाजको भाषा हुनेछ भनेर संविधानमै उल्लेख गरेको छ। बागमती प्रदेशमा आएपछि नेपाली (खस) बाहेक अरु दुई नेपाली भाषाहरू तामाङ र नेपालभाषालाई पनि थप सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरियो। त्यसभन्दा पनि मुनि पालिकास्तरमा आएपछि नेपाली (खस), तामाङ र नेपालभाषा बाहेक अर्को कुनै भाषा बोल्नेहरूको संख्या अधिक छ भने त्यहाँ त्यो एउटा (वा त्योभन्दा बढी) भाषालाई पनि कामकाजी भाषाको रूपमा मान्यता दिन सकिन्छ। जस्तो लुम्बिनी प्रदेशस्थित बुटवल उपमहानगरपालिकाले नेपाली (खस) बाहेक थारू, मगर र नेपालभाषालाई पनि सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरेको छ। लुम्बिनी प्रदेशमा थारू, अवधि र भोजपुरी भाषालाई सरकारी कामकाजको भाषा बनाउने भाषा आयोगको सिफारिस रहेको भए तापनि उक्त प्रदेशमा रहेको बुटवल उपमहानगरपालिकाले आफ्नो उपमहानगरको जनसंख्याको आधारमा मगर र नेपालभाषालाई पनि मान्यता दिने घोषणा गऱ्यो। गत २०८१ वैशाख १० गते उक्त उपमहानगरपालिकामा यी चार भाषामा लेखिएको बडापत्र राख्ने कार्य सम्पन्न भएको थियो।

त्यस्तै पालिका तहबाट तल वडा तहमा आएपछि त्यहाँ पनि त्यहींकै बाहुल्य भाषालाई सरकारी कामकाजको भाषाको रूपमा मान्यता प्रदान गर्न सकिन्छ। जस्तो इलामको माङसेबुङ गाउँपालिका वडा नं। ५ मा २०७५ कार्तिक १५ गते किरात लिम्बु भाषालाई जातीय बाहुल्यताको आधारमा सरकारी कामकाजी भाषाको रूपमा प्रयोग गर्ने निर्णय भएको थियो। उक्त दिन स्थानीय जनताको सहभागितामा त्यहाँको गाउँ कार्यपालिका तथा गाउँसभामा यो सम्बन्धी प्रस्ताव पेश गरी पारित गरिएको थियो। त्यसपछि २०७५ मंसिर १३ गते सरकारी कामकाजको रुपमा प्रयोग गर्ने औपचारिक कार्यक्रम साथ घोषणा गरी कार्यान्वयनमा ल्याइएको छ। यस्तै कार्य अन्य पालिकाका वडाहरूमा पनि गर्न सकिन्छ।

पालिका तह र त्योभन्दा मुनि वडा तहमा सरकारी भाषासम्बन्धी ऐन बनाउँदा त्यही प्रदेशमा रैथाने भाषाका रुपमा विद्यमान विभिन्न सानाठूला भाषाहरूलाई प्राथमिकतामा राख्नु पर्दछ। जस्तो बागमती प्रदेशमा तामाङ र नेपालभाषाका अतिरिक्त कागते भाषा, घले भाषा, चेपाङ भाषा, जिरेल भाषा, डोने भाषा, थामी भाषा, थारु भाषा, दनुवार भाषा, दराई भाषा, पहरी भाषा, बनकरीया भाषा, माझी भाषा, शेर्पा भाषा, सुनुवार भाषा, सुरेल भाषा, हायु भाषा र ह्योल्मो भाषा (अमृत योन्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रष्ट, पृ। ११८-१३७) (जम्मा १९ वटा) लाई प्रशासन, शिक्षा आदि जुन अवस्थामा प्रयोग गर्न सकिन्छ

त्यही हैसियतको कामकाजमा प्रयोग गर्ने गरी मान्यता प्रदान गर्ने र पछि क्रमशः त्यसको उन्नति गर्दै जाने कार्यक्रम सञ्चालन गर्नु पर्दछ । यसले प्रदेश भित्रका सबै भाषाहरूलाई सरकारी कामकाजको भाषाको मान्यता प्रदान गर्दै जान टेवा पुग्नेछ ।

**गणतन्त्रको उपहार :**

२०४७ सालअघिको पञ्चायती शासनकालमा नेपालको भाषा नीति 'एक देश एक भाषा' सिद्धान्तमा आधारित थियो । त्यहाँ खस नेपाली बाहेक नेपालमा बोलिने अन्य नेपाली भाषाहरूलाई कुनै स्थान दिइएको थिएन । भाषिक अधिकारप्रति पञ्चायती शासन व्यवस्था यति कठोर हुँदै थियो कि २००७ सालमा प्रजातन्त्र आएपछि प्रदान गरिएका केही सीमित भाषिक अधिकारहरू पनि त्यो व्यवस्थाले खारेज गरिदिएको थियो । जस्तो रेडियो नेपालमा विविध भाषाबाट प्रशारण हुने समाचार र साहित्यिक-सांस्कृतिक कार्यक्रम, विद्यालय शिक्षामा व्यवस्था गरिएको मातृभाषा अध्ययन आदि बन्द गरिएको थियो ।

२०४७ सालमा प्रजातन्त्र पुनर्वहालीपछि जारी भएको नयाँ संविधानले भाषा सम्बन्धी हक प्रदान गरे पनि सरकारी कामकाजमा भने त्यसलाई बन्देज नै लगाएको थियो । २०५६ सालमा काठमाडौं महानगरपालिकामा नेपालभाषा र धनुषा जिविस एवम् राजविराज नगर पालिकामा मैथिली भाषालाई पनि कामकाजी भाषाको मान्यता दिने भनी तत् तत् स्थानीय निकायले गरेको निर्णयलाई सर्वोच्च अदालतले खारेज गरिदिएको थियो । तसर्थ विश्वकै उत्कृष्ट भनिएको २०४७ सालको संविधान पनि भाषिक अधिकारको दृष्टिकोणले निकम्मा नै थियो । २०६२/६३ सालमा भएको जनयुद्ध र जनआन्दोलनको प्रतिफल स्वरुप २०७२ सालमा संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था सहित जुन नयाँ संविधान जारी भयो, त्यसपछि मात्रै नेपालमा बोलिने अन्य नेपाली भाषाहरूलाई पनि सरकारी कामकाजको भाषा बनाउन सकिने समावेशी अधिकार प्राप्त भयो ।

त्यसैले बागमती प्रदेशले तामाङ भाषा र नेपालभाषालाई प्रदेशको सरकारी कामकाजी भाषाको मान्यता प्रदान गर्ने जो निर्णय गऱ्यो, त्यो गणतान्त्रिक व्यवस्थामा मात्रै सम्भव भएको विषय हो । यसलाई गणतन्त्रले प्रदान गरेको अनुपम उपहारको रूपमा लिन सकिन्छ । यदि मुलुकमा गणतन्त्र कमजोर भयो भने जनताले प्राप्त गरेको यो भाषिक अधिकार पनि कमजोर हुन सक्छ, यसमा सबैको हेक्का रहनु आवश्यक छ ।

**अब समुदायको दायित्व :**
संविधानमा व्यवस्था गरिएबमोजिम बागमती प्रदेश सरकारले तामाङ भाषा र नेपालभाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐन सरकारले जारी गरिसकेको छ । यसका लागि बागमती प्रदेशसभा, बागमती प्रदेश सरकार, सरकार प्रमुख मुख्यमन्त्रीज्यू, मन्त्रीज्यूहरू, सम्पूर्ण सभासदज्यूहरू, सचिवज्यू एवम् अन्य कर्मचारी वर्गलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुपर्दछ । ऐन जारी गरेर सरकारले आफ्नो बचन पूरा गरिसकेको छ । अब त्यसलाई कार्यान्वयन गर्न बजेट विनियोजन नै गरी विभिन्न कार्यक्रमहरू अघि बढाइसकेको छ । तर भाषा सम्बन्धी कार्य केवल सरकारले मात्र गरेर पुग्दैन । किनभने भाषाको संरक्षण एवम् उन्नयन सम्बन्धित भाषाभाषीले दैनिक प्रयोगमा ल्याए मात्रै सम्भव हुने विषय हो । त्यसैले सरकारले ऐन पारित गरिसकेपछि अब त्यसलाई कार्यान्वयन गर्न र सफल पार्न समुदायको अहम् भूमिका रहन्छ । यदि समुदाय मौन रहने हो भने यो ऐनको कुनै प्रयोजन हुने छैन । सम्बन्धित भाषाभाषीकै समुदायले लामो संघर्ष गरी प्राप्त गरेको यो ऐनलाई सार्थकता प्रदान गर्न अब सम्बन्धित समुदायले विद्यालय तहदेखि उच्च तहसम्म आफ्नो मातृभाषामा पठनपाठन गराउने, सरकारी कार्यालयहरूमा निवेदन, उजुरी दर्ता जस्ता कार्य आफ्नै मातृभाषामा सम्पादन गर्ने र सबैभन्दा महत्वपूर्ण कुरा आफ्ना बालबच्चाहरूलाई आफ्नो घरमा आफ्नै मातृभाषा सिकाउने कार्य गर्नु अत्यन्त आवश्यक छ ।

# बागमती प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनः समीक्षा र कार्यदिशा

**डा. लोक बहादुर लोप्चन**
का.मु. सचिव, भाषा आयोग

## १) परिचय

सरकारी कामकाजको भाषा भन्नाले सरकारबाट सरकारी निकायहरूमा मौखिक वा लिखित रूपमा सरकारी र जनताबीच सेवा प्रवाहको क्रममा माध्यमका रूपमा प्रयोग गर्ने कार्य हो । हुनतः यसलाई सरकारी भाषाका रूपमा समेत लिइन्छ। उदाहरणका लागि संयुक्त राष्ट्रसङ्घको भाषा भन्नाले संयुक्त राष्ट्रसङ्घमा आबद्ध सदस्यहरूबाट प्रयोग गरिने राष्ट्रसङ्घीय भाषा हो । उदाहरणका लागि अङ्ग्रेजी, फ्रेन्च, चाइनिज भाषाहरू राष्ट्रसङ्घीय केही भाषाहरू हुन्। भारतमा अङ्ग्रेजी र हिन्दीलाई भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गरिँदै आएको पाइन्छ । जहाँ प्रदेश सरकारी कामकाजको भाषाको रूपमा कुनै एक भाषालाई मान्यता दिइएको छ। यसरी भारतमा त्रिभाषिक नीति अवलम्बन गरिएको पाइन्छ।

त्यसैगरी कुनै पनि मुलुकको सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्त भाषा नै सरकारी कामकाजका हुन्। नेपालमा विगतमा नेपाली भाषालाई मात्र सरकारी कामकाजको भाषाका रूपमा मानिन्थ्यो । तर नेपालको संविधान २०७२ सँगै सङ्घीयता कार्यान्वयन भएपश्चात बहुभाषिक प्रयोगका अभ्यासहरू हुन थालेका छन्। यसको ज्वलन्त उदाहरण बागमती प्रदेशमा तामाङ भाषा र नेपालभाषालाई वि.सं.२०८० मा बागमती प्रदेश र ाष्ट्र भाषा ऐन पारित गरी कार्यान्वयन ल्याइएको छ। यसरी नेपालको भाषिक इतिहासमा ३०० वर्षको एकल भाषिक सोच, चिन्तन र अभ्यासमा क्रमभङगता भई बागमती प्रदेशमा एकभन्दा बढी भाषाहरूलाई सरकारी कामकाजको भाषामा प्रयोग गरिन थालिएको हो ।

## २) नेपालमा सरकारी कामकाजको भाषाको कार्यान्वयन

नेपालमा सरकारी कामकाजको भाषाको कार्यान्वयनको आधारहरूमा मूलतः अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालको संविधान, कानुन, संरचनागत, संस्थागत र कार्यगत पक्षहरूको उपस्थिति, कार्यक्रम र उपलब्धिहरू हुन्। यस सन्दर्भमा वि.सं.२०७४ को आम निर्वाचनपछि मुलुकमा प्रदेश र स्थानीय तहहरू गठन भए । नेपालमा सङ्घीय शासनको अभ्याससँगै बहुस्तरीय र सहकार्यात्मक शासकीय अभ्यास हुन थालेको छ। यस क्रममा संविधानमा

सुनिश्चित गरिएका भाषा, संस्कृति र कलासम्बन्धी मौलिक हकहरूलाई प्रत्येक तहका सरकारहरूबाट सम्बोधन गरिन थालेको पाइन्छ । तथापि सङ्घीयताको कार्यान्वयन भएको करिब एक दशक लामो अवधिमा भौतिक पूर्वाधारको विकासमा तीनै तहका सरकारहरूको ध्यान जति केन्द्रित भए, अभौतिक सम्पदा भाषा, संस्कृति र कलातर्फ भने नगण्य लगानी र कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ ।

**३) भाषिक कानुनी प्रबन्ध र सवालहरू**

नेपालमा भाषिक सङ्घीयताको आधार भनेको संविधानको प्रस्तावनामा नै बहुभाषिक मुलुक उल्लेख गरिनुका साथै बहुभाषिक नीति अवलम्बन गरिने सुस्पष्ट छ । संविधानको धारा ६ मा नेपालमा बोलने सबै भाषाहरू राष्ट्रभाषाका रूपमा परिभाषित छन् । त्यसैगरी धारा ७ को उपधारा १ मा नेपाली भाषालाई सरकारी कामकाजको भाषा, उपधारा २ मा प्रदेश कानुन बमोजिम प्रदेशका बहुसङ्ख्यक जनताले बोल्ने एक भन्दा बढी भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने र उपधारा ३ मा भाषासम्बन्धी अन्य व्यवस्था भाषा आयोगको सिफारिसबमोजिम सरकारले निर्णय गरेबमोजिम हुने संवैधानिक प्रावधान छ । संविधानको धारा ३१ मा मातृभाषाको माध्यमबाट विद्यालय शिक्षा हासिल गर्ने अधिकारको सुनिश्चितता गरिएको छ भने धारा ३२ मा आफ्नो भाषा, कला, संस्कृति संरक्षण गर्ने अधिकार भाषिक समुदायमा अन्तर्निहीत रहेको प्रावधान छ। त्यसैगरी धारा २८७ मा भाषा आयोगको गठन र नेपाल सरकारसमक्ष भाषासम्बन्धी सिफारिस गरिनुपर्ने संवैधानिक दायित्व र जिम्मेवारीहरू छन् ।

त्यसैगरी बागमती प्रदेशमा बागमती प्रदेश राष्ट्रभाषा ऐन, २०८० पारित भई कार्यान्यवनको क्रममा रहेको छ। कोशी प्रदेश, मधेश र गण्डकी प्रदेशमा सरकारी कामकाजको भाषासम्बन्धी ऐन तर्जुमाको क्रममा रहेको पाइन्छ । नेपालमै पहिलो पटक भाषा नीति ल्याउने स्थानीय तहमा सुर्खेत जिल्लाको चौकुना गाउँपालिका हो भने दोस्रो चाहिँ मरिन गाउँपालिका सिन्धुली हो । कतिपय स्थानीय तहरूमा स्थानीय भाषा ऐन पारित गरी कार्यान्वयन भएको देखिन्छ । काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका नेपालमै स्थानीय भाषा ऐन पारित गर्ने पहिलो नगरपालिका हो । त्यसैगरी खिजिदेम्बा गाउँपालिका ओखलढुङ्गा, खानीखोला गाउँपालिका काभ्रेपलाञ्चोक, मरिन गाउँपालिका सिन्धुली, राप्ती नगरपालिका चितवनले स्थानीय भाषा ऐन पारित गरी तामाङ मातृभाषामा विषयको पठनपाठन गरिरहेको छ। यसरी प्रदेश र स्थानीय तहमा भाषासम्बन्धी कानुन तर्जुमा भई कार्यक्रमहरू सञ्चालित छन् । तथापि सङ्घीय तहमा भाषासम्बन्धी एकीकृत ऐन कानुन नहुँदा भाषिक

सङ्घीयताको कार्यान्वयनका लागि केन्द्रीय खाका वा आधार भने उपलब्ध हुन सकेको छैन । हाल भाषा आयोगको प्राविधिक सहयोगमा सङ्घीय भाषा ऐन तर्जुमाका लागि सैद्धान्तिक स्वीकृतिका लागि संस्कृति, पर्यटन तथा नागरिक उडड्य मन्त्रालयबाट प्रक्रिया अगाडि बढेको छ ।

**४) भाषासम्बन्धी संरचनागत व्यवस्था र सवालहरू**

नेपालको सङ्घीय तहमा भाषासम्बन्धी हेर्ने मन्त्रालय भनेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हो । त्यसैगरी भाषा शिक्षासम्बन्धी विषय वा सवालको सम्बोधन गर्ने जिम्मेवारी भने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेको छ । तथापि यी दुवै मन्त्रालयहरूमा भाषा र भाषा शिक्षा हेर्ने न त कुनै शाखा छन् न भाषा हेर्ने जनशक्ति नै । यसरी भाषिक शासन र व्यवस्थापनको लागि सङ्घीय तहमा नै भाषिक संयन्त्र वा मियो नभएको अवस्था छ । यस अवस्थामा प्रदेश  र स्थानीय तहमा जुन रूपमा भाषिक नीति, कानुन तयार भई कार्यक्रमहरू सञ्चालनमा छन्, त्यसमा सङ्घीय तहको प्रारूपको  रिक्तता भएको देखिन्छ ।

हुनतः सङ्घीय तहमा भाषाको संरक्षण तथा संवर्धनका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, सङ्घीय तथा नाट्य प्रतिष्ठान, आदिवासी जनजाति उत्थान रार्ष्ट्रिय प्रतिष्ठान, भाषा आयोग, जातीय र भाषिक सङ्घसंस्थाहरू क्रियाशील छन् । यी सबै संस्थाहरूबाट हालसम्म गरि एका कार्यहरूको एकीकृत अभिलेखन, दस्तावेजीकरण र प्रमाणीकरण गर्ने संस्थागत संर चना र स्पष्ट जिम्मेवारीको अभाव छ । जसको कारण कतिपय भाषासम्बन्धी कार्यहरू बहुनिकायबाट दोहोरिएका छन् भने कुन भाषिक सामग्री आधिकारिक हो ? त्यसको बैधताको परीक्षण र प्रमाणीकरणको कस्ले गर्ने हो ? भन्ने विषय अनुत्तरित छन् । हाल प्रदेश र स्थानीय तहमा प्रज्ञा प्रतिष्ठानहरु गठन भएका छन् । यस अवस्थामा यी सबै संरचना र संस्थागत कार्यहरूलाई समन्वय र व्यवस्थापन गरी राष्ट्रिय मूलधारमा ल्याउनका लागि भाषा आयोगबाट प्राविधिक सहजीकरण  गर्नुका साथै संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयबाट अपनत्व र अभिभावकत्वको जिम्मेवारी निर्वाह हुनुपर्ने अपेक्षा जनस्तरमा रहेको पाइन्छ ।

**५) नीति, कार्यक्रम र बजेट व्यवस्था**

नेपालको सन्दर्भमा तीनै तहमा भाषासम्बन्धी विषय नीति, कार्यक्रम र बजेट विनियोजन नगण्य रूपमा भएको पाइन्छ । सङ्घीय तहमा भाषासम्बन्धी नीति, कार्यक्रम र बजेटमा

भाषासम्बन्धी ठोस र मुलुकमा भाषिक सङ्घीयताका लागि खासै प्राथमिकतामा परेको देखिँदैन । तथापि प्रदेश तहमा भने भाषिक सङ्घसंस्थाहरूको पहल र भाषा आयोगको समेत प्राविधिक सहजीकरणको कारण केही हदसम्म उत्साहप्रद बन्दै गएको महसुस हुन्छ ।

नेपालको भाषिक सङ्घीयतामा बागमती प्रदेश सरकारबाट सरकारी कामकाजको भाषा ऐन जारी गरी कार्यान्वयनका लागि गरिएका प्रयास सह्रानीय छ । यसलाई बागमती प्रदेशको छुट्टै पहिचान र गरिमाका रूपमा अर्थ्याउन सकिन्छ। तथापि प्रदेशको हालसम्मको सरकारी कामकाजको भाषाको कार्यान्वयनको गति र लय भने समीक्षाको विषय बनेको छ। यसका पछाडि सरकारी कामकाजको भाषालाई प्रदेशका जनप्रतिनिधिले कुन रूपमा लिएका छन् भन्ने विषय महत्व राख्दछ। प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयमा तामाङ भाषा र नेपालभाषालाई सरकारी कामकाजको भाषाका रूपमा कार्यान्वयन गर्न पर्याप्त कार्यक्रम र बजेट विनियोजन भएको देखिन्छ। तथापि यसको कार्यान्वयन भने जनताको अपेक्षा बमोजिम हुन सकेको देखिँदैन ।

**६) सरकारी काजकाजको भाषा कार्यान्वयनका उपलब्धि र समीक्षा**

बागमती प्रदेश सरकारबाट नेपालमै पहिलो पटक प्रदेश सरकारी कामकाजको भाषाका रूपमा तामाङ र नेपालभाषालाई कार्यान्वयन गरी ऐतिहासिक रूपमा भाषिक सङ्घीयताको कार्यान्वयन गरेको छ । प्रदेश सरकारबाट सरकरी कामकाजको भाषा कार्यान्वयन कार्य दल गठन गरी प्राप्त प्रतिवेदनको आधारमा सरकारी कामकाजको भाषा कार्यान्वयन गरिरहेको छ । यसका अतिरिक्त प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालयबाट बहुभाषिक बुले टिन र स्मारिका प्रकाशनको क्रममा छ । यसअघि बागमती प्रदेश सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न वि.सं.२०८१ साल बैशाख २४ लाई प्रदेश भाषा दिवस घोषणा गरी भव्य कार्यक्रम आयोजना गरिएको थियो। तत्पश्चात प्रदेशमा वार्षिक भाषा दिवस मनाउन थालिएको छ ।साथै प्रदेशको सरकारी कामकाजको भाषाका रूपमा मान्यताप्राप्त तामाङ भाषाको तामयीग लिपि र नेपालभाषाको रञ्जना लिपिमा समेत यान्त्रिक अनुवाद पद्धतिको विकास गरिँदैछ । त्यसरी नै तामाङ र नेपाल भाषाको मानकीकरणका कार्यक्रमअन्तर्गत दुवै भाषमा मानक लेखन पद्धति र मानक शब्दकोश निर्माणको कार्य जारी छ। उक्त कार्य नेपाल तामाङ घेदुङ, सङ्घीय कार्य समिति र नेवा देयः दबूको सहकार्यमा भइरहेको छ ।

त्यसरी नै बागमती प्रदेश सभामा तामाङ र नेपाल भाषाका एक एक जना अनुवादक छनोट गरी नियुक्ति गरी नेपालमै पहिलो पटक प्रदेश तहमा तामाङ र नेपालभाषाका अनुवादक

नियुक्त भएको छ । प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तथापि बागमती प्रदेशमा सरकारी कामकाजको भाषाको कार्यान्वयनको ठोस पक्षहरूको आधारमा हेर्दा अपेक्षित रूपमा वित्तीय र भौतिक प्रगति हुन नसकी निकै पछि परेको अवस्था छ । यसको पछाडि प्रदेशमा बारम्बारको सरकार परिवर्तन, मन्त्रालयमा सचिवको पदपूर्ति लामो समयमा नहुनु, भाषा नियमावली नै नहुनु, नेपाल तामाङ घेदुङ र नेवा देयः दबूका लागि नयाँ कार्यक्रमको विषयमा अनुभव नहुनु, यसलाई प्रदेश सरकारले भाषिक संस्थाको जिम्मेवारीका रूपमा लिनु, सामान्य भाषिक क्रियाकलाप जस्तो बुलेटिन प्रकाशनजस्ता कार्यहरू गरिरहँदा प्रदेश भाषा डेस्क स्थापना नै हुन नसक्नु जस्ता कारणहरू छन् ।

हुनतः मन्त्रालय र जातीय/भाषिक सङघसंस्थाहरूका भाषा आयोगबाट प्राविधिक र प्राज्ञिक सहयोग उपलब्ध हुँदै आएको छ। यसका बाबजुद पनि प्रशासनिक रिक्तताको कारण पहिलो वर्षमा विनियोजित २ करोड बजेटबाट कार्यक्रम सञ्चालन गर्न नेपाल तामाङ घेदुङ र नेवा देयः दबूबाट प्रस्तावित कार्यक्रमहरू सञ्चालन हुने सकेको छैन। जबकी यस आर्थिक वर्षमा निर्धारित कार्यक्रम तथा बजेटअनुसार कार्यसम्पादन गर्ने अवधि मात्रै २ महिना मात्र बाँकी रहेको हुँदा समय घर्किँदै गएको छ। प्रदेश सरकार, सम्बन्धित मन्त्रालय र भाषिक सङ्घसंस्थाका लागि यो एउटा भोगाइ र सिकाइ भएको छ। समग्रमा यसलाई सरोकारवाला सबै पक्षको  प्रगतिको ग्राफको रूपमा लिई स्वीकार्नुको थप विकल्प छैन । यसरी सरकारी कामकाजको भाषा कार्यान्वयको दोस्रो वाषिक उत्सव मनाइरहँदा सरकारी कामकाजको भाषाको कार्यान्वयनको यस्तो गति र प्रगति के आम जनताका अपेक्षाअनुसार छन् ? यस्तै किसिमका कामहरू पुनः दोहोरिएमा सरकारी कामकाजको भाषाको कार्यान्वयनको स्पष्ट स्वरूप र सपाट देखिएका पक्ष के अरू प्रदेशका लागि उत्प्रेरक बन्ना त ? के हुनुपर्थ्यो ? के कति भए ? भन्ने विषयमा आत्मसमीक्षा र पाठ सिकाइका आधारमा आगामी दिनमा आआफ्नो ठाउँबाट अपनत्व लिँदै उत्तरदायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ।

**७) सरकारी कामकाजको भाषा कार्यान्वयन चुनौतीहरू**

बागमती प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयनको कार्यक्रम नेपालमै नितान्त पहिलो र नवीन अभ्यास भएकाले चुनौतीहरू बग्रेल्ती नै छन् । यस सन्दर्भमा पहिचान गरिएका केही प्रमुख चुनौतिहरू निम्नअनुसार छ :

क) सरकारी कामकाजको भाषा कार्यान्वयनको मुख्य पक्षहरू, प्राथमिकता, कार्यक्रम र जिम्मेवार निकायहरू समेत पहिचान गरी उत्तरदायी बनाउनु,

ख) भाषा ऐन कार्यान्वयनका लागि नियमावली र कार्यविधिहरू समयमै तयार भई कार्यान्वयनमा जानु,

ग) प्रदेश संस्कृति तथा पर्यटन मन्त्रायमार्फत सरकारी कामकाजको भाषा कार्यान्वयनको मन्त्रालयस्तरीय जिम्मेवारी र उत्तरदायी बहन गरी प्रभावकारी समन्वय र व्यवस्थापनको लागि नेतृत्व गर्नु,

घ) प्रदेश सरकारी निकायहरूमा तामाङ घेदुङ र नेवा देयः दबूको कामका रूपमालिई जिम्मेवारीबाट तटस्थ रहने प्रवृत्ति बढ्नु,

ङ) प्रदेशका जनप्रतिनिधि, कर्मचारी र भाषिक सङघसंस्थालाई यसको गम्भीरता, संवेदनशीलता र क्रियाशीलता सबल बनाउनु,

च) प्रदेशबाट स्थानीय तहसँग सहकार्य गरी सरकारी कामकाजको भाषा कार्यान्वयनको प्रयोग विस्तार र सेवा प्रवाहसँग जोड्नु,

छ) आ।व।२०८१/८२ मा संस्कृति र पर्यटन मन्त्रालयबाट सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि तय गरिएका कार्यक्रम र विनियोजित बजेटबाट २०% भन्दा बढी कार्यसम्पन्न गर्न सक्नु,

ज) प्रदेशका आमजनता, प्रदेश सरकार, भाषिक सङ्घसंस्था र सङ्घीय एवम् स्थानीय तहहरूको सकारात्मक सोच, व्यवहार र समर्थनसहितको अपनत्व र योगदान प्राप्ति र उपलब्धि हासिल गर्नु ।

**८) भावी कार्यदिशा**

बागमती प्रदेशमा सरकारी कामकाजको भाषाको कार्यान्वयन सानो गोरेटोबाट विशाल राजमार्गतिरको यात्रा हो । यसले भाषा क्षेत्रमा एउटा ठुलो फड्को मारेको छ, भनूँ प्रदेशको विशिष्ट पहिचान खोज्ने हो भने सरकारी काजकाजका रूपमा भाषाहरूको कार्यान्वयन हो । किनभने भौतिक पूर्वाधारलगायतका अन्य विकासात्मक कार्यहरू सबै प्रदेशमा भएका छन् र हुन्छन् । बागमती प्रदेश नेपालमै प्रदेश सरकारी कामकाजको भाषा ऐन पारित गरी अन्य ६ प्रदेशहरूमा लागि समेत रोलमोडल बनेको छ भन्दा अन्यथा हुँदैन । यसका साथसाथै पहिलो भाषा यात्रीको रूपमा रहेको यस प्रदेशको भाषासम्बन्धी सफलताका कथाहरू, सिकाइ र असल अभ्यासहरूतिर सबै प्रदेशले नजर लगाइरहेका देखिन्छन् । त्यसैले सरकारी कामकाजको भाषा कार्यान्वयनमा प्रदेशको यात्रा सबैका लागि प्रेरणादायी, अनुकरणीय र अनुकूलनयोग्य बनाउनु प्रदेश सरकार, मन्त्रालय, भाषिक सङ्घसंस्था र सरोकारवाला सबैको परम कर्तव्य बनेको छ। सरकारी कामकाजको भाषाको कार्यान्वयनको

दोस्रो वर्षको भाषा दिवससँगै सम्बद्ध सबैले आआफ्नो ठाउँबाट यस क्षेत्रमा अझ बढी उत्साह, प्रेरणा र प्रतिबद्धताको साथ कार्य सम्पादन गरिनु आवश्यक छ। यसका लागि दे हायअनुसार भावी कार्यदिशा तय गरी अगाडि बढ्नुपर्ने देखिन्छ :

क) सङ्घीय तहः संस्कृति ,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा भाषा संयन्त्र स्थापना गरी सङ्घीय भाषा ऐन तर्जुमा, नेपालको भाषा नीति र योजना तयारी र कार्यान्वयन, अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) को स्वीकृति र कार्यान्वयन, समग्र देशको भाषिक शासन, अनुगमन र व्यवस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरिनुपर्दछ। त्यसैगरी शिक्षामा भाषाको व्यवस्थापनको लागि मातभाषा शिक्षाको शासन, प्रशासन, व्यवस्थापन, सहजीकरण, अनुगमन र पृष्ठपोषण गर्ने जिम्मेवारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाह निर्वाह गरिनु पर्दछ।

ख) भाषा आयोगः भाषा आयोगकै सिफारिसको आधारमा प्रदेश कानुनबमोजिम बागमती प्रदेशमा सरकारी कामकाजको भाषाहरू निर्धारण भएका हुन् ।सरकारी कामकाजको भाषा कार्यान्वयन र भाषहरूको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान र अनुगमन गरी सिफारिस गर्ने कार्य आयोग हो । त्यसैले आयोगबाट तीनै तहका सरकारहरूलाई संविधानको प्रावधानबमोजिक भाषासम्बनधी नीतिगत, संस्थागत, कार्यगत विषयमा सिफारिस गरिनुपर्दछ। साथै तिनै तहका सरकारहरूको भाषासम्बन्धी सोचाइ, बुझाइ र गराइलाई प्रेरक हुने गरी अभिमुखीकरण, सहजीकरण र परामर्श सेवा उपलब्ध गरिनु पर्दछ।

ग) बागमती प्रदेश सरकारः भाषासम्बन्धी निमावली र कार्वयिधि निर्माण गर्नुका साथै राष्ट्र भाषा विकास प्रतिष्ठान वा प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरी कार्यान्वयनका लागि कार्यक्रम र बजेटका अतिरिक्त भाषासम्बन्धी अनुवादक वा जनशक्तिको व्यवस्थापन गर्नुपर्दछ।

घ) बागमती प्रदेश सरकार, संस्कृति र पर्यटन मन्त्रालयः भाषासम्बन्धी आवश्यक नीति, कानुन र कार्यविधिहरू तत्काल ल्याई सेवामुखी र भाषा कार्यान्वयनका उत्तरदायित्व भाषिक संस्थाहरूको भन्दा आफ्नै जिम्मेवारी र उत्तरदायित्व आफ्नो हो र गर्नुपर्छ भन्ने सकार ात्मक सोचकासाथ रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ। सरकारी कामकाजको भाषा कार्यान्वयनसम्बन्धी नीति, कार्यक्रम र बजेटको कार्यान्वयनमा प्रभावकारिता वृद्धि गर्नुका साथै आगामी वर्षहरूका लागि उपयुक्त नीति, कार्यक्रम र बजेटको प्रबन्ध गर्ने काममा क्रियाशील हुनुपर्ने देखिन्छ । आ।व।२०८१/८२ प्रशासनिक जनशक्तिको व्यवस्थापन समयमा हुन नसक्दा भाषा कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको छैन ।

साथै भाषा सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि विनियोजित बजेटअनुसार कार्यसम्पादन हुन कठिनाइ भएको वास्तवितकताको पाठ सिकाइबाट सिक्दै आगामी दिनमा नेपालकै भाषिक गौरवको यस यात्रालाई गहन र गम्भीरतापूर्ण लिई सहजकर्ताको भूमिकामा निर्वाह गरिन जरूरी छ ।

ङ) भाषिक सङ्घसंस्थाहरूको क्रियाशीलता र सक्षमता विकासः तामाङ घेदुङ र नेवा देयः दबूजजस्ता संस्थाहरूमा भाषाप्रतिको लगाव र भावनात्मक पक्ष उच्च भए तापनि यसउपर को विज्ञता, जनशक्ति र सक्षमता सख्त अभाव देखिन्छ । त्यसैले यी संस्थाहरूको क्षमता विकास र अभिमुखीकरण गरेर सहकार्यमा सरकारी कामकाजको भाषासम्बन्धी केही कार्यक्रमहरू सञ्चालन गर्न सकिने देखिन्छ। तथापि सबै भाषासम्बन्धी कार्यक्रमहरूहरू तिनै भाषिक सङ्घसंस्थाबाट गर्ने गरी कार्यक्रम तय गरिनु व्यावहारिक देखिँदैन । यसका लागि तिनै भाषिक सङ्घसंस्थाका प्रदेश र स्थानीय कार्यसमितिमार्फत् कार्यक्रम सञ्चालन गर्ने विकल्प अवलम्बन गर्न आवश्यक देखिन्छ । साथै प्रदेश सरकार र सम्बद्ध मन्त्रालयहरूले अपनत्व र जिम्मेवारी नलिएको अवस्थामा खबरदारी गरी जिम्मेवार बनाउने पहल निरन्तर जरूरी छ । कतिपय कार्यक्रमहरू प्रदेश सरकार, मन्त्रालय र निकायबाट नै कार्यान्वयन गर्न उत्प्रेरकको रूपमा काम गर्न आवश्यक देखिन्छ । अन्यथा यी दुई वा अन्य भाषिक संस्थाको काम भनेर प्रदेश सरकार र सरकारी संयन्त्रहरू टाढा रहने खतरा महसुस गरिएकै हो । यसका लागि सबैको अपनत्व, स्वामित्व र जिम्मेवारीका लागि सहकार्य र साझेदारिताको कार्य संस्कार विकास गरिनु पर्दछ ।

च) बागती प्रदेश सभाः बागमती प्रदेश सभाबाट पहिलो पटक नै तामाङ र नेपाल भाषाको अनुवादक नियुक्ति गरी प्रशंसायोग्य पहलकदमी लिइएको छ । यसका अतरिक्त प्रदेशमा सभामा पेस हुने र प्रस्तुत हुने क्रममा प्रयुक्तहरूमध्ये तामाङ र नेपाल भाषामा समेत अभिलेखन गरिनु पर्दछ ।

छ) स्थानीय तहः नेपालको सन्दर्भमा जनतामा प्रत्यक्ष सेवा प्रवाह गर्ने सरकारका रूपमा स्थानीय सरकारहरू रहेका छन् । त्यसैले स्थानीय सरकारको सहकार्यमा प्रदेश सरकारी कामकाजको भाषाको प्रयोग विस्तार र स्थानीय भाषामा समेत सेवा प्रवाह गर्न स्थानीय तहको जनप्रतिनिधि र कर्मचारी तथा जातीय भाषिक संस्थाका पदाधिकारीहरूलाई तालिम, अभिमुखीकरण र परामर्श कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

ज) अन्तर्भाषिक अनुवाद पद्धति र यान्त्रिक अनुवादको विकासः विभिन्न भाषामा अन्तर भाषाअनुवाद गर्नको लागि सुरूमा तामाङ र नेपाल भाषामा उक्त भाषाको लेखनका

लागि प्रयुक्त लिपिसमेत समेटर भाषा अनुवाद सफ्टवेयर निर्माण गरी प्रयोगमा ल्याउनु पर्दछ । यसलाई थप विस्तार गरी गुगल ट्रान्सलेसनको यान्त्रिक अनुवाद गर्ने प्राविधि आधार तयार गर्नु पर्दछ ।

झ) भाषिक अध्ययन, अनुसन्धान र विकासः प्रदेशमा अल्पसङ्ख्यक जातिमा बोलिने लोपोन्मुख भाषाहरू मृत्युको डिलमा पुगेको स्थिति छ। ती भाषाहरूलाई प्राथमिकता दिई संरक्षण, संवर्धन र विकास गर्न भाषा कक्षा सञ्चालन गरिनुपर्छ। साथै उक्त भाषाको विकासका लागि शब्दकोश निर्माण, व्याकरण लेखन र शिक्षा एवम् सञ्चार क्षेत्रमा प्रयोगका साथै प्रकाशन कार्यमा बढावा दिइनु पर्दछ ।

ञ) भाषिक अनुगमन र कार्यसम्पादन परीक्षणः सरकारी कामकाजको भाषाका साथै प्रदेशमा बोलिने भाषाहरूको अनुगमन र कार्यसम्पादन गरी पृष्ठपोषण प्रदान गर्ने पद्धतिको विकास गरिनुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहका सबै निकायहरूको भाषासम्बन्धी कार्यसम्पादन परीक्षण गरेर प्रगति प्रतिवेदन तयार गर्ने र सार्वजनिकीकरणबाट उत्तर दायी बनाउन जरूरी छ ।

## ९) निष्कर्ष

नेपाली समाजमा एक किसिमको एकलकाँटे भाष्य निर्माण भएको देखिन्छ कि बञ्चिती, बहिष्करण, अन्याय र पीडामा परेकापउर नै दोष थोपर्ने तर जसको जिम्मेवारी हो उसले जिम्मेवारीबोध र कर्तव्य निर्वाह नगर्ने । बरू अरूको थाप्लोमा जिम्मेवारी, दायित्व र भार थो परेर आफू पन्छिने जस्तो गैरजिम्मेवारीपना र अकर्मण्यता । यस्तो प्रवृत्ति सङ्घ, प्रदेश र स्थानीय तहदेखि सामान्य जनता, कर्मचारी र जनप्रतिनिधिसम्म जरा गाडिएको देखिन्छ । अर्को प्रवृत्ति चाहिँ दोषारोपण गरेर आफ्नो मूल पेसागत धर्मिता र कर्तव्यच्यूत हुने अनि राष्ट्रका नाममा सेवा सुविधा मात्र लिने, केही पनि योगदान नगर्ने फगत यान्त्रिक जीवन बिताउने प्रवृत्ति मौलाउँदो छ । जुन समृद्ध नेपाल र सुखी नेपालीको अभीष्ट प्राप्तिका मुख्य बाधक हुन् । हुनत हरेक व्यक्तिको लागि सुन्दर परिवार, समाज र देश चाहिन्छ तर चाहिन्छ भन्दैमा पाइँदैन । कसैले बनाएर किस्तीमा ल्याएर सुन्दर देश उपलब्ध गर्ने होइन, देशबासीको हजारौँ वर्षको अथक प्रयास र मेहनतमा देश बन्छ, तर उसै बन्दैन। त्यस देशका असल नागरिक, अभिभावकीय राजनीति, जनसेवक पेसाकर्मी र प्रतिबद्ध समुदायिक संस्थाको समन्वयमा देश विकासको अनुष्ठान सञ्चालन हुन्छ । अझ भाषा र संस्कृति सामाजको विकास र सभ्यताको परिचायक एवम् हरेक जातिको गर्वको निशानी भएको हुँदा यसको संरक्षण, संवर्धन र विकास गरी प्रयोगमा ल्याउनु आम नेपालीको मूल धर्म र कर्म हो ।

# तामाङजाति, भाषा र तामयीग लिपि

**अजितमान तामाङ**
पूर्व-सदस्य सचिव, लुम्बिनी विकास कोष

**लेखसार**

नेपाल र भारतका सिक्किम र पश्चिमबंगालमा सरकाद्वारा आदिवासी जनजातिको सूचीमा सूचीकृत तामाङजाति नेपाल र भारतका साथै विश्वभर छरिएर रहेका छन्। आफ्नै तामयीग लेखन र लिपि, हजार वर्षलामो तामाङभाषाको लेखन अभ्यास रहेको छ। यनीहरूको ल्होछार परम्परा उत्तर-पूर्वएसियाको साझा संस्कृतिका हुन् जसको लगभग  पाँचहजार वर्ष लामो इतिहास रहेकोछ। नेपाल अधिराज्यभर छरिएर रहेका यीनीहरू बसोबासको जनघनत्व वागमती प्रदेशमा देखिन्छ। तामाङजातिको भाषा, संस्कृति, संस्कार परम्परा आदि भाषाशास्त्र, मानवशास्त्र तथा समाजशास्त्रका दृष्टिबाट अध्ययनहरू भएका छन्। तर तामाङ इतिहास र यससँग जोडिएका विषयमा अध्ययन भएको भेटिन्दैन। तामाङजाति को हुन्? इतिहास र सभ्यताका ऐतिहासिक आधार के केक छन्? जिज्ञासा रहेको छ। यो जिज्ञासाको समाधानको खोजीका निमित्त तामाङ-ऐतिहासिक भाषाविज्ञानका व्युत्पत्तिको सिद्धान्त, अर्थभाषाविज्ञान र रूपभाषाविज्ञानका शब्दनिर्माण विधि र सिद्धान्तका जगमा गुणात्मक अनुसान्धानका इथ्नोग्राफि वैचारिक सिद्धान्त उपयोग गरिएको छ । विषयवस्तुको समग्रात्मक सूचना प्राप्ति गरी ऐतिहासिक र वर्णनात्मक विधिबाट विश्लेषण गरी निचोडमा पुगिएको छ। अध्ययनले तामाङजातिको उद्गम स्थल आल्टाइ पर्वतश्रृंखलाका मङ्गोलक्षेत्र, गोबी, पहेँलोनदि हुँदै स्याङस्युाङ, गुगे र पुराङ ताक्लाकोटबाट वर्तमान तामाङभूगोल ताम्सालीङसम्मका बाब्सा 'उद्गम' मार्गको पहिचान भएको छ। साथै तामाङ उद्गमका मौलिक सिद्धान्त "ठुङसा-बाब्सा-केसा" र "ठुङह्वाप-दोङह्वाप-केह्वाप" का वृतान्त, 'याम्बु' काठमाडौं-उपत्यकालाई आबाद योग्य बनाउने महामञ्जुश्री बारेका स्वयम्भू पुराणको कथनले, तामाङ खगोलशास्त्रसँग जोडिएका 'ज्युङची' अर्थात तामाङ ल्होछार पर्वसँग चिनिया तत्वीय खगोल र ज्योतिष विज्ञानको सम्बन्ध र काठमाडौं उपत्यकामा भेटिएका ३०,००० वर्ष अघिको मध्यपाषणकालीन पुरातात्विक सामग्रीले तामाङजातिको सभ्यता र इतिहास हिमवत्खण्डकै एक पुरानो आदिम समुदाय हो भन्ने यो अध्ययनको निचोड रहेको छ ।

**गोल्जेछीग** (शब्दकुन्जी):  आदिम, ग्यानाक, ज्युङची, तामाङजाति, प्रागैतिहासिक ।

**ङोस्येबा (परिचय)**

हिमवत्खण्ड नेपालको वस्तुगत यथार्थता बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मध्य एक आदिवासी/जनजाति समुदाय, जाति र राष्ट्र तामाङ हो । तामाङ-युल्बा ृत्युल्बो वा ल्हुङबा भन्नाले जनपद, नागरिक, जनता तथा देशवासीलाई बुझाउँछ। तामाङजातिको आफ्नो मौलिक-भूक्षेत्र ताम्सालीङ, तामाङभाषा र तामयीग लिपि, धर्म, संस्कृति, भेषभूषा आदि छुट्टो पहिचान दिने मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू छन्। नेपाल र भारतमा संवैधानिक व्यवस्था अनुसार तामाङजाति ट्राइबल 'आदिवासी जनजाति' हो । नेपाल तथा भारतका संवैधानिक व्यवस्थाले तामाङजाति/राष्ट्रलाई आदिम 'कबिलाइ जाति' अर्थात 'आदिवासी/जनजाति' मानेका छन्। नेपाल सरकारका मातहतका आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (सन २०१३) र भारतमा अनुसूचित जाति र अनुसूचित जनजाति आदेश ऐन (संशोधन-सन २००२) ले तामाङ जातिलाई सेड्युल्ड ट्राइब अर्थात 'आदिवासी/जनजाति' हो भनि पहिचान (सिक्किम र पश्चिम बङ्गाल राज्य) दिएको छ ।

तामाङजाति र भाषालाई बुझाउन अन्वेषक तथा गैर तामाङ समुदायले मुर्मी, मुल्मी, ओीसाङ, सँय्, लामाभोटे, भोटे, मुर्मी-कागते, ग्ले, घले-भोटे, स्युबा, मुर्मी-योल्माली, मुर्मीसेर्पा, सेर्पालामा, लामाभोटिया, काठभोटिया, सेमोन, सेरीब, बोन्पा, रोङपा, जाड, जाडे आदि नामबाट चिन्ने र चिनाउने गरेका छन् (तामाङ, २०२३; तामाङ, २००२; ह्यामिलटन १८१९; भेन्सीटार्ट, १८९६; ग्रियर्सन, १९०९; तामाङ, १९९४)। तामाङहरूले चिनियालाई ग्यामी, भारतीयलाई ग्याकार, तिब्बतीलाई बोद, क्षेत्री-बाहुनलाई ज्यार्ती, नेवारलाई बाओी, गुरुङलाई ग्रोङ, किरातीलाई बुलुङ, मगरलाई माङगार, शेर्पालाई श्यार्पा आदि नामले जान्दछ। तामाङ शब्दको उत्पत्तिका बारेमा यस अध्ययनको छुट्टो इकाइमा चर्चा गरिएको छ । तामाङ आफैंले भने "हामी तामाङ" या "हामी १२ तामाङ" भन्ने र चिनाउने गरेको छ। प्राचीन तामाङ साहित्यका ग्रन्थहरूमा भने तामाङच्युङनी थेन ह्वओीछेन च्योब्ग्ये अर्थात '१२तामाङ र १८महावंश' भनेर उल्लेख गरिएको पाइन्छ (लामा पाखीन, २०१३; तामाङ, २०१०; मोक्तान, १९५६)। १२तामाङका १२तेमाल, १२ लाच्याङ र १२गोर्स्याङ र मगरका १२मगरात, नेवारका १२थकुजुजु, सुदर पश्चिमको सतलज क्षेत्रका १२थकुराइ, स्याङस्युङ क्षेत्र चिनिया तिब्बतमा ग्याल्बोच्युङनी अर्थात 'द्वादश जनपद' वा '१२राजा' वा '१२गाउँ', '१२जिल्ला', '१२किपट', '१२प्रदेश' वा '१२राष्ट्र' आदि संघात्मक संरचना रहेको शासकीय प्रथाजनित इकाइहरू हुन् (तामाङ, २०२४)। बुद्धका समयमा षोडस जनपद झै त्रिपिटक (दीघनिकाय) लेखनकालमा द्वादश जनपद प्रथाजनित शासकीय प्रणाली र इकाईका रूपमा रहेका इतिहास तेस्रो शताब्दी इसापूर्व देखि आजका दिनसम्म प्रचलनमा भेटिन्छ । यस्तो प्रथाजनित १२तामाङ संघीय शासकीय व्यवस्थाका अभ्यासका अवशेष सिक्किमका तामाङ समुदायका विवाह-संस्कृतिमा अझै देख्न पाइन्छ (तामाङ, २०२४)।

यसरी तामाङजातिको सामाजिक, सांस्कृतिक, धार्मिक दृष्टिकोणबाट केही अध्ययनहरू भएको पाइन्छ । तर, तामाङजातिका इतिहासका विषयमा भने छुट्टो अध्ययन भएको देखिएन । तसर्थ यहाँ तामाङजातिब को हुन त? भन्ने विषयमा प्राचीन र ऐतिहासिक दृष्टिकोणबाट तामाङ जातिको उद्‌गम इतिहासको खोजी गर्ने मूल उद्देश्यका साथ यसलाई पुष्टिगर्ने तथ्यहरू कहाँ-कहाँ, के के र कस्ता आधारहरू कसरी रहेका छन्? खोजी गरिएको छ । यो अध्ययन अध्ययन गुणात्मक अनुसान्धानका इथ्नोग्राफिक वैचारिक सिद्धान्तका अधिनमा रहि समग्रात्मक पद्धतिबाट सूचना प्राप्त गरी ऐतिहासिक र वर्णनात्मक विधिबाट विश्लेषण गरिएको छ। विषयवस्तुलाई विवरणात्मक र विषयगत ढाँचामा प्रस्तुत गरिएको छ । प्रागैतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक, भाषिक, परम्परागत शासन पद्धति, उद्‌गम इतिहाससँग सम्वन्धित पौराणिक-वृतान्त, वंश परम्परा आदिका माध्यमबाट प्राप्त तथ्यहरूको विवेचना र विश्लेषण गरिएको छ ।

यस अध्ययनले तामाङजातिको प्राचीनता र ऐतिहासिकतासँग जोडिएका सान्दर्भिकताहरूको पहिचान गरेको छ। प्रागैतिहासिक पुरातात्विक अध्ययन, तामाङजातिका उद्‌गम इतिहासका मौलिक सिद्धान्त ठुङसा ‘उत्पत्तिका भूमि’, बाब्सा‘बसाइसराइका भूमि’ र केसा ‘जन्मेका भूमि’ तथा ठुङराप ‘उत्पत्तिका वृतान्त’, दोङराप ‘वंशका वृतान्त’ र केराप ‘जन्मका वृतान्त’, सभ्यताको विकास सम्बन्धका पौराणिक इतिहास काठमाडौं-उपत्यका अर्थात याम्बुको उत्पत्ति, चिनिया तत्वीय खगोलशास्त्र तथा ज्योतिषशास्त्रमा आधारित तामाङ ज्युङची र यसमा आधारित ल्होछार ‘नयाँवर्ष’ बसन्त-उत्सव, कृषियुग अघिका कबिलाई तामाङ सामाज कीर्बाक्लाङबा सिकारयुग आदि तामाङजातिको प्राचीनता र ऐतिहासिकताको संकेत दिने सामग्री र विषयवस्तुको समग्रात्मक अध्ययन र विवेचना गरिएको छ। यो विश्लेषणले आधारभूत रूपमा तामाङजातिको इतिहासका प्राचीनता र ऐतिहासिकता बारे शर्मा (२००१)ले उल्लेख गरे अनुसार कम्तिमा प्राचीनकाल पाषणयुग (उत्तरकाल ३०,००० वर्ष) अघिका हुन् भन्ने पुष्ट्याइका तथ्यहरू प्राप्त भएका छन्। त्यसकारण तामाङजाति हिमवत्‌खण्डका आदिम कबिलाइ जातिहरू मध्ये एक हुन् भन्ने यो अध्ययनको जनाउ हो ।

**बसोबास र जनसंख्या**

नेपालको जनगणना-२०२१ को प्रतिवेदनले तामाङजाति देशको पाचौं ठूलो जनसंख्याको हो । नेपालमा तामाङको जनसंख्या १६,३९,८६६ जना अर्थात् ५।६२% रहेको छ (राष्ट्रीय तथ्याङ्क कार्यालय, २०२३)। भारतमा अखिल भारतीय तामाङ बौद्ध संघका पूर्व-महासचिव स्व. एम.एस. बमजनका अनुसार भारत भर तामाङ जनसंख्या १५००००० रहेको अनुमान गरिएको छ

(प्रधान, २००२)। अखिल भारतीय तामाङ बौद्ध संघले भारतका पश्चिम बंगाल, सिक्किम, पूर्वोत्तर राज्यहरू आसम, अरूणाचल, मनीपुर, नागाल्याण्ड, मिजोरम, मेघालय तथा अन्य राज्यहरूमा तामाङ जनजातिको उल्लेख्य स्थायी बसोबास रहेको बताएका छन्। अन्तराष्ट्रिय तामाङ परिषदका महासचिव पाल टासी लामा तामाङ (२०२४, जनवरीमा भएको व्यक्तिगत सम्वाद)ले बताए अनुसार तामाङजाति नेपाल र भारतमा वाहेक उत्तर-अमेरिका, क्यानडा, बेलायत, चाइनाको हङकङ, दक्षिण कोरिया, जापान, थाइल्याण्ड र म्यानमार, नर्वे, नेदरल्याण्ड, बेलजियम, रूमानिया, जर्मन, फ्रान्स, स्पेन, न्युजिल्याण्ड, पोल्याण्ड, साइप्रस आदि मुलुकमा स्थायी-बसोबास गरि रहेका छन् ।

नेपालमा तामाङजातिको प्राचीन र प्रथाजनित तीन प्रदेश (क) १२तेमाल, (ख) १२लाच्याङ प्रदेश र (ग) १२गोर्स्याङ यी तिन भूगोल तामाङभूमि ताम्सालीङ ग्याल्साको महत्वपूर्ण शासकीय र ऐतिहासिक, सांस्कृतिक परम्परागत प्रादेशिक भूगोल हुन् । १२ तामाङका यो भूगोलमा भाषिक, सांस्कृतिक, जनसंख्या आदि पक्षबाट प्राप्त तथ्याङ्कले तामाङजातिको उपस्थिति बाहुल्यतामा छ (तामाङ, २०२४) । तामाङ जातिको परम्परागत प्रथाजन्य राजकीय ताम्सालीङ भूगोल हालको संघीय नेपालको बागमती प्रदेश हो। नेपालको जनगणना (२०२१) को प्रतिवेदन अनुसार यस प्रदेसका नौ जिल्लाहरू धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, दोलखा, र मेिछाप, सिन्धुली र मक्वानपुरमा पहिलो ठूलो जनसंख्या रहेको छ भने, काठमाडौं, भक्तपुर, ललितपुर  जिल्लामा दोस्रो र चितवन जिल्लामा तेस्रो ठूलो जनसंख्या तामाङजातिको रहेको छ ।

यसरी नै भारतको सिक्किम राज्यका सोरेङ जिल्लामा २५ गाउँहरूमा तामाङ जनजातिको उल्लेख्य जनसंख्या रहेको छ। नाम्ची जिल्लाका १६गाउँमा, पाक्योङ जिल्लाका ८गाउँमा, गाङतोक जिल्लामा ६गाउँमा, मङ्गन जिल्लाका २गाउँहरूमा तामाङ जनजातिको जनसंख्या र बसोबास रहेको छ (सिक्किम सरकार, शिक्षा विभागमा कार्यरत तामाङभाषाको पाठ्यपुस्तक अधिकारी (टि।बि।ओ।) भिम तामाङले दिनुभएको जानकारीमा आधारित)।

यसैगरी पश्चिम बंगाल राज्यका दार्जिलीङ सोरेङ, ताकलीङ, तग्दा, टिष्टाभ्याली, तिनधारे, खरसाङ, कालिपोङ, कफेर, कम्बलवस्ती, जयगाउँ डुवर्स, दलगाँउ, गोरूबथान, मदिनापुर, कोलकता आदि स्थानहरूमा तामाङ जनजातिको बसोबास रहेको छ। भने दिल्ली, उत्तर खण्ड, हिमालचल, लदाखमा पनि तामाङ जनजातिको सानो संख्यामा बसोबास रहेको अखिल भारतीय तामाङ बौद्ध संघका महासचिव नरेन्द्र मोक्तानले बताएका छन् (विहानी ८:३० बजे, २४ जनवरी, २०२५ का दिन अखिलभारतीय तामाङ बौद्ध संघको ३७औं अधिवेशनका अवसर मा कालिङपोङका दलगाउँमा भएको सम्वादमा आधारित)।

यसैगरी भारतकै उत्तरपूर्वी असम पूर्वाञ्चल तामाङ बौद्ध संघका अध्यक्ष कुला मोक्तानले बताए अनुसार असमका तीनसुखीया, विश्वनाथ, माकुमकीला, लगायत २५ जिल्लाहरूमा तामाङ जनजातिको जनसंख्या दुइलाखको हाराहारीमा रहेको छन् । भारतको पूर्वोत्तरका अन्य राज्यहरू मनीपुर, मेघालय, अरूनाञ्चल, नागाल्याण्ड, मिजोरम, त्रिपुरामा तथा दक्षिणका कर्णाटक, उडिसा, मध्यप्रदेश पनि सानो संख्यामा तामाङभाषिहरू रहेको बताएका छन् (पूर्वाञ्चल तामाङ बौद्ध संघ असमका अध्यक्ष कुला मोक्तान तामाङसँगको २८ जुलाई, २०२४ का दिन विहान, शिल्पग्राम, पञ्जाबारी, गुवाहाटीमा भएको सम्वादमा आधारित)।

## तामाङभाषा र तामयीग लिपि

### भाषा

तामाङजातिको भाषा तामाङ हो। तामाङभाषामा ग्योत, ग्योओी, ताम, लेङमो, खाताम, खाछ्योओी, काद/केओी/काओी आदि शब्दको अर्थ भाषा हो। तामाङभाषालाई तामाङभाषीले भने तामाङग्योत, तामाङग्योओी, तामाङताम, तामाङ खाताम, तामाङ खा छ्योओी, तामाङ लेङमो आदि नामले सम्वोधन गर्ने गर्दछ (तामाङ, २०२३)। तामाङ वाहेकका अन्वेषक तथा अन्य समुदायले मुर्मी, इसाङ, सँय्, भोटे, कागते-योल्माली, लामाभोटिया आदि नाम तामाङभाषा बोल्ने समुदायलाई बुझाउन प्रयोग गरेका पाइन्छ (तामाङ, २०१२; ग्रियर्सन, १९०९; भेन्सीटार्ट, १८९६,)।

## तामयीग लिपि र इतिहास

तामाङभाषामा लेख्य रूप वा लिपिचिन्हलाई यीग हीगे वा यीगीहीगी भनिन्छ, यसको अर्थ लिपि हो। तामाङजाति वा भाषा बुझाउन तामाङ र यीगको सन्धिबाट तामयीग 'तामाङलिपि' बुझाउने शब्दको निर्माण भएको हो। तामाङ लेखन प्रणाली तामयीगमा रहेको छ । यसलाई सन २००२ को अन्तराष्ट्रिय तामाङ सम्मेलनबाट तामाङजातिको तामाङभाषाको आधिकारिक लिपि हुने निर्णय भएको छ। तामाङभाषाको भाषाशास्त्रीहरूको तामयीग लिपि र यसको लेखन प्रणालीका बारेमा तामाङ र अन्य (२०११) को "तामयीग लिपिमा तामाङभाषाको मानकलेखन" पुस्तक प्रकाशनमा आएको छ। यो तामयीग लिपि नेपालको लिच्छवि लिपिको रूप हो (तामाङ, १९९५)। यसको सर्वप्राचीन जयदेव वर्मामा मूर्तिको पिठमा कुदिएको अभिलेखको सम्वत १००७ र सम्वत् ३८६ को चाँगुनारायण मन्दिरको रहेको प्रस्तरको खाँबोमा कुँदिएको छ (पौडेल, २०२२)। यी नै नेपालमा भेटिएको लिपिकै विकसित स्वरूप हो तामयीग लिपि । यस लिपिलाई तिब्बतमा राजास्राङचाङ गाम्पोको कालमा विकास भइ यसको तिब्बती नाम अुछेन लिपि हो। भाषावैज्ञानिक अध्ययन र विश्लेषण गरी तामाङभाषाको ध्वनी विज्ञान र

वर्णविज्ञानका आधारमा तामाङभाषाको लेख्यरूप रहेको यही प्राचीन लिपिलाई तामाङभाषामा तामयीग भनेर जानिन्छ (तामाङ, २०१०)।

**तामाङभाषिको जनसंख्या**

तामाङभाषा बोल्ने जनसंख्या नेपालको तामाङजातिको कूल जनसंख्याको १४,२३,०७५ अर्थात् ४।८८ प्रतिशत रहेको छ। नेपालमा बोलिने भाषाहरू मध्ये तामाङभाषा पाँचौं ठूलो जनसंख्याको भाषा हो । तामाङभाषा बागमती प्रदेशमा नेपालीपछि दोस्रो ठूलो जनसंख्या (११००४४२) १७।९९% को भाषा रहेको तथ्याङ्क छ(राष्ट्रिय तथ्याङ्क कार्यालय, २०२३) । यो तामाङभाषिक जनसंख्यामा लगभग तीन हजार बढि गैर तामाङ रहेकाछन् ।

**तामाङभाषाको भेद**

प्राचीन तामाङ परम्पागत शासकीय भूगोलका आधारमा १२तामाङ युल्बा/ल्हुङबाको भाषाको भेद ताम्सालीङ ग्याल्सा 'तामाङभूमि' का तीन क्षेत्र/प्रदेशमा थोरै मौलिक भेदहरू रहेका छन्। व्याकरणगत संरचनामा एकरूपता छन् भने नाम तथा रूपिममा ध्वन्यात्मक भेद पाइन्छ तर ऐतिहासिक रूपमा भेद रहेको पाइन्दैन। तामाङभाषामा देखिएको मूल भेद निम्न छन् ।

- १२ तेमाल प्रदेशको स्यारफाट तामाङभाषा,
- १२ लाच्याङ प्रदेशको पाल्चोके तामाङभाषा र
- १२ गोर्स्याङ प्रदेशको खान्दोके तामाङभाषाका मुल हाँगाहरू हुन् (तामाङ, २०२३ र २०२४) भने,
- बाह्र-तेमाल देखि पूर्व र दक्षिणतर्फका तामाङहरूले बोल्ने भाषालाई खाओरी तामाङभाषा भन्ने गरेको पाइन्छ ।

तामाङभाषाको यो भेदहरूको पुष्टि भारतीय भाषाहरूको अध्ययनबाट पनि भएको छ ।

**भारतमा तामाङभाषा**

भारतीय भाषिक सर्वेक्षण प्रतिवेदन-२००९ अनुसार सिक्किम राज्यमा १००८९ जनसंख्याले तामाङभाषा बोल्ने तथ्याङ्क सार्वजानिक गरेको छ। सिक्किमका तामाङजातिको बसोबास रहेको अधिकत्तर स्थानहरूमा तामाङभाषा बोलिन्छ। भारतमा स्यारफाँट, पाल्चोके, खाओरी र खान्दोके तामाङभाषिक भेदहरूको रहेका छन्। यसैगरी पशचिम बंगाल राज्यका दार्जिलीङ सोरेङ, ताकलीङ, तग्दा, टिष्टाभ्याली, तिनधारे, खरसाङ, कालिपोङ, कफेर, कम्बलवस्ती, जयगाउँ डुवर्स, दलगाउँ, गोरूबथान आदि स्थानमा तामाङभाषा बोल्ने वक्ता भएको ले खक प्रताप बल तामाङले बताएका छन्। बल तामाङ (२०१६)ले आफ्नो पुस्तक 'तामाङग्योत लोप्के' मा भारतमा रहेका तामाङभाषिक भेदहरूको तुलनात्मक अध्ययन प्रस्तुत गरेका छन् ।

यसैगरी भारतकै उत्तरपूर्वी राज्य असमका तीनसुखीया, माकुमकीला, लगायत २५ जिल्लामा रहेका तामाङ जनजातिको जनसंख्याको ६०% जनताले तामाङभाषाको प्रयोग गरी रहेको बताएका छन्। भारतका पूर्वोत्तरका अन्य राज्यहरू मनीपुर, मेघालय, अरूनाञ्चल, नागाल्याण्ड, मिजोरम, त्रिपुरामा पनि सानो संख्यामा तामाङभाषिहरू रहेको छन् (पूर्वाञ्चल तामाङ बौद्ध संघ असमका अध्यक्ष कुला मोक्तान तामाङसँगको २८ जुलाई, २०२४ का दिन विहान शिल्पग्राम, पञ्जाबारी, गुवाहाटीमा भएको सम्वादमा आधारित)।

**तामाङभाषाको ऐतिहासिकता र वर्तमान अवस्थाः**

नेपालमाः तामाङभाषा एकहजार वर्षभन्दा पुरानो लेखन परम्परा भएको भाषा हो। तामाङ लिखित सामग्री पुरानो पेच्या/थ्यासफू आकारमा पाइएको छ। यी पेच्याहरूमा इतिहास, वंशावली, धर्म, संस्कृतिका दस्तुर नियम, संसार उत्पत्तिको तामाङ दृष्टिकोण आदि विषय समेटिएको पाइन्छ। पुरानो तामाङ लेखन अुछेन लिपि प्रयोग गरी लेखिएको ताम्बाला ताम, जीक्तेन तामछ्योओी, लोन्पो डुककी तामछ्योओी, दोङ्ह्वाप, फाह्वाप आदि छन् भने तामाङ-अुमे लिपिमा एक हजार तीस वर्ष अघि लेखिएको ग्याल्पो पेच्या लगायत ग्रन्थहरू भेटिएका छन् ।

प्राचीन तामाङ लेखनका अध्ययन विश्लेषणले १०३० वर्ष भन्दा पहिलेको तामाङ इतिहास, संस्कृति तथा वंशावलीहरू लेखिएका पेच्या आकारमा हस्तलिखित तथा पार 'प्राचीन तामाङ प्रेस' बाट तावा स्योस्यो 'हातेकागज' मा छापिएको पुस्तक भेटिएको छ (तामाङ, २०२३; तामाङ र अन्य २०११; मुक्त सिंह तामाङ, २००५)। तामाङभाषिक क्षेत्रमा उछेन, उमे, लेन्ज्या, ख्युगयीग, तामयीग, थुन्मीयीग र समकालीन नयाँ लेखनमा देवनागरी लिपिको प्रयोग गरिदैं आएको देखिन्छ (आजितमान तामाङ, २०२२) ।

**तामाङभाषा सरकारी कामकाजमा**

नेपालमाः तामाङभाषालाई बागमती प्रदेश सरकारले प्रदेश-सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०८० निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ । तामाङभाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने तयारी भइरहेका छन्। हाल विभिन्न स्थानीय निकायहरूले आफ्नो साइनबोर्ड तामाङभाषामा र तामयीग लिपिमा लेखेर राख्ने कार्यको थालनी गरेको छ। सन २००७ देखि नेपाल सरकारको संघीय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतको गोर्खापत्र दैनिकमा मासिक रूपमा तामाङभाषाको पृष्ठ प्रकाशित भइ रहेको छ । यसैगरी तामाङभाषालाई स्थानीय विद्यालयको पाठ्यक्रममा समावेश गराई को न्छ्योसोम गाउँपालिका ललितपुर लगायत १४ बढि पालिकाहरूमा प्रारम्भिक पठनपाठनका

कक्षाहरू सञ्चालन भइ रहेको छ (नेपाल तामाङ घेदुङका भाषा तथा लिप विभागका प्रमुख, हिरालाल दोङले दिएको जानकारीमा आधारित )। तामाङभाषाको पठनपाठन उच्चशिक्षामा विश्वविद्यालय तहमा काठमाण्डौ विश्वविद्यालयले आफ्नो स्कूल अफ एजुकेशन अन्तरगत एकवर्षे स्नातक तहको पढाइका तयारी भइ रहेको बताइएको छ ।

**भारतमा:** भारतको सिक्किम राज्यका विधानसभाबाट १९९५ मार्च महिनामा सरकारी कामकाजी भाषा सम्बन्धि ऐन, १९७७ (१९७७ को ५) को प्रस्तावना र सेक्सन-२ को संशोधन भएबाट तामाङभाषा लगायतका थप भाषाहरूलाई सरकारी कामकाजी भाषाको मान्यता प्रदान गरेकोछ । सिक्किमका सरकारी विद्यालयहरूमा कक्षा एक देखि दशसम्म तामयीग तामाङ लेखनको लिपिमा पाठ्यपुस्तक निर्माण गरी तामाङभाषाको पठन-पाठन भइ रहेको छ। सिक्किम राज्यका सरकारी उच्चतर माध्यमिक विद्यालय-१३ वटा, माध्यमिक विद्यालय-१४ वटा, निम्न माध्यमिक विद्यालय-१५ वटा, प्राथमिक विद्यालय-१७ वटा समेत कुल ५९ सरकारी विद्यालयमा ७८ जना तामाङ शिक्षक शिक्षिकाहरु सरकारी दरबन्दीमा कार्यरत छन् ।
तामाङभाषाको यो शिक्षा व्यवस्था भारत सरकारको परीक्षा बोर्डमा बोर्ड एस.बि.आइ.एल.मा समावेस छ (सिक्किम सरकार, शिक्षा विभागमा कार्यरत पाठ्यपुस्तक अधिकारी (टि.बि.ओ.) भिम तामाङले दिनुभएको जानकारीमा आधारित) । सिक्किम सरकारको स्वामित्व र मातहतमा पाक्षिक समाचार पत्रिका सिक्किम हेराल्ड तामाङभाषामा तामयीग लिपिमा सन २००२ देखि आजसम्म नियमित प्रकाशित भइ रहेको छ। सिक्किम राज्यसभामा तामाङभाषाको अनुवादक सहित 'विधानसभा'मा हुने संसदीय छलफल आदि राजकीय गतिविधिको तामाङभाषामा लिखित जानकारी लिन पाउने र सरकारी अभिलेख राख्ने, विधानसभाको कार्यविवरण पुस्तकार मा प्रकाशन गरेर राख्ने व्यवस्था गरेको देखिन्छ (तामाङ र अन्य, २०११ र विधानसभाका भाषाअनुवादिका सुमित्रा दोङसँग २०२३ फेब्रुरी ११ मा गाङतोकमा भएको सम्वादमा आधारित)।

**तामाङ परम्परागत भाषिक राजकीय भूगोल**

नेपालमा तामाङजातिको प्रथाजनित संघात्मक राजकीय भूगोल १२तेमाल, १२लाच्याङ र १२गोर्स्याङ सहितको हालको बागमती प्रदेशले ओगटेका भौगोलिक क्षेत्र गनै १२तामाङ संघिय भूगोल ताम्सालीङ हो । तामाङजातिले "हामी बाह्रतामाङ हौं" भनि दाबी गर्दै निवेदन दिएको उदाहरणका रूपमा बहादुर जंगबिर तामाङ (१९३२) ले तत्कालिन नेपाल सरकार समक्ष दिएको निवेदनको सरकारबाट कार्यान्वयन गर्दै नयाँ इस्तिहार जारी भएको समाचार तत्कालीन साउन ११ गतेको साप्ताहिक गोरखापत्रमा छापिएको छ ("नत्रा इस्तिहार," १९३२)।

१२तामाङ र किपटका बारेमा पेम्पा तामाङ (२००५), परशुराम तामाङ (१९९४), भेन्सिटार्ट (१८९६, १८२-१८७) ले 'नोट्स अन नेपाल' पुस्तकमा पनि बाह्रतामाङका बारे चर्चा गरेका छन्। यस्तै १२तामाङ प्रथाजनित शासक र शासकीय व्यवस्थाको एक सांस्कृतिक अभ्यास तामाङ-विवाह संस्कार परम्परा आफ्नै देखिन्छ (भारतको सिक्किमका तामाङ विवाह संस्कारमा १२तामाङसभाको निर्णयको लेखत, आदिप तामाङबाट प्राप्त)। १२तामाङ परम्परागत शासकीय भूगोलको गठन वा निर्माणको सैद्धान्तिक आधार/सा/भूमि रहेको देखिन्छ। सिद्धान्ततः तामाङ सार्वभौम भूगोलको सिमाङ्कनसँग सम्बन्ध तामाङ (२०२४ र २०२०क)ले गरेको वर्गिकरण तामाङभाषामा निम्नानुसार रहेको भेटिन्छ-

(क) आफू बस्दै आएको घरभएको भूमि दीम्सा, घरको छिमेक खीम्सा, टोल वा किपट क्षेत्र खोरसा।
(ख) एक स्थानमा उभिएर आकास र जमिनमा हेर्दा आँखाले देखिने भूमि या भुगोल-नाम्सा अर्थात 'गाउँ', एक सय गाउँको/ग्याल/ग्यार+सा/= ग्यार्सा/ग्याल्सा यसको अर्थ देश, राज्य वा प्रदेशस्तरको भूगोल हो।
(ग) तामाङजातिमा-ठुङसाले उद्गम भूमि, बाब्साले बसाइ-सराइ भइआएको भूमि र केसाले जन्म भूमिलाई जनाउँछ।
(घ) ऐतिहासिक रूपमा ठुङसा-बाब्सा-केसा यो तीन भूमिको क्रमचक्रले समष्ठीमा तामाङजातिको ल्होग्र्यु अर्थात् इतिहासका गाथा ठुङराप, दोङराप, केराप (उद्गम इतिहास, वंशको इतिहास र जन्म भूमिको इतिहास) को वृतान्त बताएको पाइन्छ।

माथिका तामाङजातिको प्रथाजनित राजकीय भौगोलिक संरचना बुझाउने पदावलीहरूमा तामाङभाषाको प्रत्यय/-सा/पद जोडिएर निर्माण हुन आउने शब्दको अर्थले तामाङजातिको बसोबास रहेको किपट भूमिसँगको सम्बन्धलाई बताउँछ। यस सम्बन्धले त्यो भूमिको मालिक तामाङजाति रहेको स्पष्ट संकेत गर्दछ। तामाङजातिको भूमिसँगको सम्बन्धबाट स्थापित सो राजनीतिक शासन व्यवस्थाका इकाइ संरचना निम्नानुसार रहेको देखिन्छ-
(क) पहिलो र सानो इकाई-दीम्सा एउटा घर परिवार।
(ख) दोस्रो इकाइ -खीम्सा/खीम्चे दीम्सा नजिकका अर्को थप घर परिवार।
(ग) तेस्रो इकाइ-खोर्सा टोल/किपट जहाँ दोस्रोमा भन्दा अधिक घर परिवार हुन्छ।
(घ) चौथो इकाइ-नाम्सा धेरै टोल/किपटहरूको साझा एकाइ गाउँ।
(ङ) पाचौं इकाई-ग्यार्सा/ग्याल्सा एकसय गाउँहरू रहेको परम्परागत सर्बोच्च तामाङ शासकीय भूगोलको इकाइ अर्थात ताम्सालीङ तामाङ ग्याल्सा हो।

यसरी देश वा राष्ट्र भित्र तामाङ नागरिकको थलो दीम्सा, खीम्सा, खोर्सा, नाम्सा, र युल्सा/ग्याल्सा तथा यी सबै शासकीय भूगोल ताम्सालीङ 'तामाङ राष्ट्रको संयुक्त संघीय भूगोल' हो । गोर्स्याङ तामाङच्युङनी (बाह्र-गोरस्याङ), लाच्याङ तामाङच्युङनी (बाह्र-लाच्याङ) र तेमाल तामाङच्युङनी (बाह्र-तेमाल) यी तीन भूगोलका सांस्कृतिक, भाषिक र राजकीय क्षेत्रलाई तामाङ राष्ट्र निर्माणका आधारहरूलाई निम्नानुसार तालिकामा हेर्न सकिन्छ-

| **तामाङ जाति/राष्ट्रका आधार तत्व** | **१२ तामाङ भूगोलको भाषिक, सांस्कृतिक, ऐतिहासिक र भौगोलिक वर्गीकरण** | | |
|---|---|---|---|
| युल्सा/ग्याल्सा (भूगोल) ग्योत/ग्योअी (भाषा) | गोर्स्याङ तामाङच्युङनी (१२गोरस्याङ) | लाच्याङ तामाङच्युङनी (१२लाच्याङ) | तेमाल तामाङच्युङनी (१२तेमाल) |
| ग्याल्राप, गोबा, चोको, चोबो, चोहो, ग्याल्बो, ग्ले | खान्दोके, तामपान्तीजीम पाङबा, ताम्बा | पाल्चोके/खाअीरी, ताम्बा | स्यारफाटे/स्यारफाट, ताम्बा |
| गोअीला/गोअीलो (भेषभूषा/पोषाक) | वाअीबाराजा डापजोङ, गोल्जोङ, सेमजोङ, दाङसीङ फ्याङबाराजा दरबार, आबुराजा, लार्चेनराजा। | गोल्फु- ग्लान, छ्युपार- थीङ, गोले- गोल्मोर ाजारानी, रूम्बा- कारकानी, लो ङारगाङ। | दोङराजा, ताल्ज्यु ग्हीसीङ दरबार, गोल्मोराजा गोल्मोरानी काटाकुटी, साअील्हुङ |
| पेरीमठीम, गान्बा, लामा, बोम्बो | ग्या, गातो, बार्कु, स्योल्दो, पाङ्गास्यामा, स्यादे, टोकोरो, तोक्काअी आदि | सुर्काअी, बख्खु, के, तागी, ग्याप्टुल, स्यामा, ङ्योअी, दोर्मो आदि | पुका खाँडी, तागी, गावन स्यामा साडी |
| | लामा, लाम्बु, साङदुङ, लोपेन, ल्हातेन्पा, बोम्पो, जीग्तेन्पा | लाप्ताबा, लामा, बोम्बो, जीग्तेन्पा, ताम्बा | लाप्ताबा, लामा, बोम्बो, जीग्तेन्पा, ताम्बा |

ग्याल्राप, गोबा, चोको, चोबो, चोहो, ग्याल्बो, ग्लेवाअीबाराजा डापजोङ, गोल्जोङ, सेमजोङ, दाङसीङ फ्याङबाराजा दरबार, आबुराजा, लार्चेनराजा । गोल्फु- ग्लान, छ्युपार- थीङ, गोले-गोल्मोराजारानी, रूम्बा- कारकानी, लो ङारगाङ। दोङराजा, ताल्ज्यु ग्हीसीङ दरबार, गोल्मोराजा तामाङ (२०२४)ले तामाङजातिमा रहेको चोको प्रणालीको अध्ययनमा १२तामाङ समाजका मुख्य जिम्मेवारी प्राप्त प्रमुखहरू नेठीका नेपो (नेतृत्व) वर्गका पदका वितरण निम्नानुसार रहेको उल्लेख गरेका छन् ।

-चोबो/चोहो/चोक, पाम्पो, 'गाउँ प्रमुख वा शासक प्रमुख, जननिर्वाचित ग्ले वा ग्याल्बो अर्थात राजा', लोन्पो 'मन्त्री'
-लामा 'बौद्ध पुरोहित, गुरू',
-बोम्बो, पोन, बोन 'प्रकृति पुजक',
-गाअुरूङ 'लेखापढी, हिसाबकिताब राख्ने सचिव',
-दोप्ता 'विषय विज्ञ',
-गान्बा 'बुढोपाको बुज्रुग',
-काठाअुके 'चाँजोपाँजो मिलाउने व्यक्ति',
-लाबोन्पो 'देवता खुसी बनाउने प्रमुख पुजारी', साङदुङ 'स्थानीय देवी, देवताको पुजारी', ल्हातेन्बा 'युल्सा तेन्बा पुजारी', ल्हाप्ताबा 'स्थानीय गाउँ देवता पुज्ने', लाम्बु 'स्थानीय गाउँका पुजारी',
-ताम पान्तीसी पाङबा (म्ही) ताम्बा 'सबैलाई समन्वय गर्ने जानकार'
-छ्याङबास्या पेय पदार्थको व्यवस्थापक ।
-लाअीबा 'आराउपराउ गर्ने जिम्मेवार व्यक्ति ।

**तामाङजातिको प्राचीन उद्‌गम इतिहास**

तामाङजाति नेपाल र भारतमा भएका संवैधानिक र कानुनी व्यवस्थाले नै आदिवासी जनजाति वा आदिम कविलाइ जाति हो भने ऐतिहासिक, भाषिक, सांस्कृतिक र पुरातात्वीक तथ्यहरूले सोको पुष्टि गरेको छ। तामाङजातिलाई बुझाउन अध्ययताहरूले मुर्मी वा मुल्मी नाम प्रयोग गरेता पनि तामाङ र मुर्मी अलग-अलग समुदाय होइन एकै हो भनेका छन् ( हेमिल्टन, १८१९; भेन्सिटार्ट, १८९६ र भट्टाचार्य, २०१६)। मुर्मीका बारेमा पछाडि भाषाविज्ञान सम्मत चर्चा गरिएको छ। यसैगरी भट्टाचार्य (२०१६) ले तामाङजातिको परिवर्तनशील पहिचान शिर्षकको लेखमा भारतीय तामाङजातिको उद्‌गम मंगोलमूल वा उपमंगोल बताएका छन्। तामाङ इतिहासका पछिल्ला अध्ययनहरूले तामाङजाति याम्बु काठमाडौं उपत्यकाको पुरानो जातिहरू मध्ये एक भएको पुष्टि गर्ने तथ्यहरू भेटिएका छन्।

**तामाङजातिको प्राचीन उद्‌गम स्थल**

तामाङ समुदायको प्राचीन कथ्य संकथन तथा पुराना लेखोटहरूको विश्लेषणले तामाङजातिको उद्‌गम इतिहासका सैद्धान्तिक आधार निम्नानुसार क्रमचक्रमा रहेको पाइन्छ-

(क) सार्वभौम बसोबासको भूमि नाम्सा/खोर्सा-युल्सा-ग्याल्सा (गाउँ/किपटभूमि-राष्ट्र/मुलुक-राजनैतिक भूमि), (ख)ऐतिहासिक भूमि ठुङसा-बाब्सा-केसा (उद्‌गम भूमि-बसाइसराईको

भूमि-आफूजन्मेको भूमि वा भूगोल), र (ग) सो सार्वभौम र ऐतिहासिक भूमिसँगको सम्बन्धको ऐतिहासिक विवरण र दस्तावेज ठुङराप-दोङराप-केराप (उद्गम-वंश-जन्मका वृतान्त वा इतिहास)।

यसरी तीन चरणमा तामाङजातिको उत्पत्ति सम्बन्धमा प्राप्त वृतान्तको यो क्रमचक्रले तामाङ युल्बाला ल्होग्र्यु अर्थात् तामाङ जातिको ऐतिहासिक विवरण प्रस्तुत गरेका छन् (तामाङ, २०२४; तामाङ, २०२०क)।

नेपाल र भारतमा उल्लेख्य बसोबास रहेको यो मुर्मी या तामाङजाति उद्गमका विषयमा अन्वेषक, इतिहासकार, भाषाशास्त्री, मानवशास्त्री तथा समाजशास्त्रीहरूले मङ्गोल सभ्यताबाट तिब्बती भूमि हुँदै आगमन भएको बताएका छन् (भट्टाचार्य, २०१६; ह्यमिल्टन,१८१९; एडेनभेन्सीटार्ट, १८९६) । यस भनाईलाई पुष्ट्याई दिने तामाङजातिको मोक्तान वंशको म्हेमेदाङ वृतान्तमा यो क्षेत्रलाई उद्गमका तामाङ सिद्धान्त ठुङसा-बाब्सा-केसा अनुसार वर्णन गरिएको छ। यो तामाङजातिको उद्गम इतिहासका सिद्धान्तलाई पुष्ट्याइ दिने भारत सरकारका राष्ट्रिय पिछडा आयोगका सदस्य-सचिव पि।एस।कृष्णन् (१९९९)ले केन्द्रीय सरकारका समाजिक न्याय र सशक्तिकरण मन्त्रालयका सचिव समक्ष प्रस्तुत सुझाव (पश्चिम बंगाल, ५९/९९) प्रतिवेदनमा मुर्मी वा तामाङजाति मंगोल तथा मंगोल क्षेत्रबाट तिब्बती हुँदै वर्तमान भूमिसम्म आइपुगेका बताएका छन्। यसैगरी जनकलाल शर्मा (२००१) ले आफ्नो पुस्तक 'हाम्रो समाज एक अध्ययन' मा उल्लेख तामाङजाति काठमाडौं उपत्यकाको प्राचीन बासिन्दा हुन् भन्ने पाषाणकालीन (उत्तरकाल ईशापूर्व ३० हजार वर्ष अघिको) पुरातात्विक प्रमाण मङ्गोलियाका गोबी नमूनाको ढुंगे हतियार सहितको पुरातात्विक सामग्रीले पुष्टि गरेको छन्। शर्माको पुस्तकमा उल्लेखित विवरणको संश्लेषण सार यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ-

"नेपाल र रसिया सरकारको संयुक्त पुरातात्विक अध्ययनको सिलसिलामा रसियाका लेनिनग्राद विश्वविद्यालयका प्रागैतिहासिक पुरातत्व विद डा। एनातोली याकोब्भ सेटेन्को अध्ययन दलले काठमाडौंको बुढानिलकण्ठको दक्षिण पूर्वतिर बनियापाखा र पण्डित गाउँको बीच धोबीखो लाको किनारमा पाषाणकालीन (उत्तरकाल ईशापूर्व ३० हजार वर्ष)ढुंगे हतियार फेला परेको उल्लेख गरेका छन्। प्रागैतिहासिक पुरातत्व विज्ञ डा।सेटेन्कोले सो प्राचीन पाषणयुगका सो हतियारको वर्गिकरण गरी तीन मध्ये एकखालकालाई 'गोबी नमूनाका धार भएका' वर्गमा छुट्याएका थिए । जुन नमूना मङ्गोलीयाको गोबीबाट सुदुर पूर्व एसिया हुँदै अमेरिका सम्म पुगेका थिए सो नमूनाको ढुंगे उपकरण काठमाडौंमा फेला पारेका बताएका छन् ।

यो उपकरणले पाषणयुगीय मङ्गोलीयनहरू तिब्बती उच्चसमस्थली र हिमालय पार गरेर नेपाल आइपुगेको देखा पर्दछ । यसबाट यही सिद्ध हुन्छ इशापूर्व ३०००० वर्ष भन्दा पहिले देखि नै मङ्गोलहरू काठमाडौं उपत्यकामा उत्तरतिरबाट आएर आबाद भए। ‘हामी सबभन्दा पुराना बासिन्दा हौं’ भन्ने तामाङहरूको धारणालाई यसले निकै पुष्टि गर्दछ। पछिल्लो कालमा तिनै मङ्गोलहरू तामाङ, मुर्मी आदि अनेक नामले सम्बोधित हुँदै गए। नेपालका पुराना वंशावलीहरूले ‘नेपाल उपत्यकालाई आवाद गर्ने मञ्जुश्री बोधिसत्व स्वयं अनेक शिष्यहरूको साथ महाचीनबाट आएका हुन’ भन्दछन् वंशावलीको यो कथनले पनि डा।सेटेन्को भनाई र तामाङहरूको भनाईलाई पुष्टि गर्दछ।” (शर्मा, २००१, पृ। ३१७-३१९)।

शर्माले पुस्तकमा उल्लेख गरेका पाषाणकालीन (उत्तरकाल ईशापूर्व ३० हजार वर्ष) अघिको मङ्गोलका गोबी मरूभूमि क्षेत्रमा पाइने नमूनाका काठमाडौं उपत्यका आइपुगेका प्रागैतिहासिक पुरातात्विक महत्वका ढुंगे उपकरणले दिएका ऐतिहासिक जानकारीलाई पुष्ट्याइ दिने मोक्तान बिरबहादुर तामाङ (२०१८, १४-१६) को पुस्तक ‘मोक्तान ह्वुआीगी फोला छ्योआी’ मा तामाङजातिको बाब्सा ‘उद्गम’बारेका वृतान्त रहेको छ । सो वृतान्तले शर्मा (२००१)को पुस्तकमा उल्लेखित सो प्रागैतिहासिक विवरणलाई पुष्टिगर्ने महत्वपूर्ण पाठ्यांशलाई यहाँ जस्ताको तस्तै यस्तो छ ।

“म्हेमे छीरीङ दोर्जे, म्हेमे तामाग्याला, आभाया हीरा, आल्टे ह्युलसे ह्वाङहो खोर्सो, जेकोक, जीनीङ ह्युलरी, ख्याम्सी स्युबा, म्हेमे गर्जा गुमाआी ।

ह्वाङ हो खोर्सो झेकोग, जीनीङ ह्युल्से, यार्लुङ ग्यानाग युलरी ख्याम्सी स्युबा म्हेमे लायुल दोर्जे, गुगे स्याङस्युङ, बोत ह्युलरी ख्याम्सी स्युबा, म्हेमे लानाम् दोर्जे ।

गुगे ह्युल्से, थीकु छोडदी ह्युलरी ख्याम्सी स्युबा, म्हेमे मादाअु दोर्जे ।

थीखु छ्योङदी बोत ह्युल्से मुगु ह्युल्सारी ख्याम्सी स्युबा म्हेमे चाङरी बोन, म्हेमे झाङ्गआी झोराल ग्याल्बो, म्हेमे ताजन ताजेन् ग्याल्बो ।

मुगु ग्याल्साला तेमाला अुना स्युबा ग्याल्बो न्होर्बु साङ्बो ।” (तामाङ, २०१८, पृ। १४-१६)

माथिको तामाङजातिको उद्गमका भाष्यले मूलत मध्य-पूर्वोत्तर एसियाली आल्टाइ पर्वत श्रृंखला, रसिया, मंगोलिया, चीनसम्म फैलिएको गोबी मरूभूमि र व्हाङहो चीनको पहेंलो गंगा क्षेत्रलाई संकेत गरेको छ। वृतान्तले दिएको सूचना अनुसार रसियाको दक्षिण पश्चिम,

काजकिस्तान हुँदै मङ्गोलीया र चीनको व्हाङहो पहेँलो नदी, गोबी मरुभूमिका क्षेत्रसम्म फैलिएका आल्टाइ पर्वत श्रृंखलाको क्षेत्रबाट बसाइसर्दै चीनको व्हाङहो पहेँलो नदी आइपुगे । यहाँबाट चीनकै दक्षिण-पश्चिम तिब्बतको स्याङस्युङ सभ्यता र गुगे पुगे। त्यहाँबाट तिब्बतको छोडदी हुँदै नेपालको मुगु पुगे र मुगुबाट वर्तमान तामाङभूमि ताम्सालीङ अर्थात बागमती प्रदेसका काठमाडौं उपत्यका पुगेको जानकारी दिएका छन्। यस वृतान्तले सिताराम तामाङ (१९६७, १-८) ले थुन्डेल पत्रिकामा प्रकाशित 'भोटे जातिको इतिहास-भूमिकाको रूपमा' लेखमा तामाङ जातिको उद्‌गम चीनको व्हाङहो पहेँलो नदी क्षेत्रबाट भएको भन्ने दाबीको समेत पुष्टि गरेको छ। माथीका विवरणहरूले तामाङ शब्द 'महान मङ्गोल राष्ट्र' बुझाउने 'तामाङ्गुको' शब्दको व्युत्पत्तिबाट निर्माण भएको भन्ने तामाङ (२०२४)को दाबीलाई पनि पुष्टि गरेको छ ।

**याम्बु 'काठमाडौं उपत्यका'को उत्पत्ति**

तामाङभाषामा याम्बु शब्दले काठमाडौं उपत्यकालाई बुझाउँछ। याम्बु उत्पत्तिका बारेमा नारायण सिं ब्लोन (१९९४, १०) ले याम्बु शिर्षकको लेखमा आजको याम्बु 'काठमाडौं उपत्यका' पहिले पानीको तलाउ थियो। सो तलाउमा नागह्रद नागको बासस्थान भएकाले तामाङभाषामा तलाउने रहने नागलाई ङ्याम्बु भनिन्छ र सो नागह्रदको नाम ङ्याम्बु ग्योही थियो। यसरी सो ङ्याम्बु ग्योहीको पानी सुकाएर बनेको भूमि भएकाले तामाङभाषाको ङ्याम्बु 'नाग' बुझाउने शब्दबाट व्युत्पत्ति भइ याम्बु भनिएको हो। यही विषय वस्तुलाई परशुराम तामाङले "श्रीस्वयम्भू ज्योतीरूपको उत्पत्ति र तामाङ जनजाति" शिर्षकको लेखमा स्वयम्भू पुराण आदिले बताउने उपत्यकाको नागह्रदलाई तामाङभाषामा ङ्याम्बुग्योही र सो ङ्याम्बु ग्योहीको मालिक ङ्याम्बु नागराजाको क्षेत्र जनाउन याम्बु नाम शब्दको निर्माण भएको दाबी गरेका छन्। उनले 'बालयुल राङज्युङ छ्योर्तेन छेन्पोओइल्होग्र्यु स्युग्स्यो', 'छ्योर्तेन फाग्पा सींगुन दाङ देही नेसाकी काछ्र्याग स्युग्' आदि शास्त्रीभाषामा रहेका ग्रन्थ प्रमाण आदिले स्वर्णयुगमा आजको उपत्यका ङ्याम्बुग्योही अर्थात नागह्रद कर्कोटक नागराज, टाककायक कुलिग नागहरूको बासस्थल रहेको बताएका छन्। विपश्वी बुद्धले विजारोपन गर्नु भएको कमलको फूलमा श्रीस्वयम्भूज्योति उत्पन्न भएकाले सोको दर्शन गर्न महाचीनबाट महामञ्जुश्री बोधिसत्व आउनु भयो। महामञ्जुश्री बोधिसत्वले श्रीस्वयम्भू ज्योतिरूपको सजिलै दर्शन गर्नका लागि चिन्तन गर्नु भयो र ङ्याम्बु गोहीको किनारमा काटेर पानी सुकाएर बस्ती बसालेको उल्लेख गरेका छन्। यही ङ्याम्बु ग्योहीका पानी सुकेपछि बसेको बस्ती भएकाले ङ्याम्बु नागर ाजलाई बुझाउने शब्दको व्युत्पत्तिबाट याम्बु शब्दको निर्माण भए। उपत्यका वरिपरि तामाङजातिको घनाबस्ति रहनुले पनि यसको पुष्टि हुन्छ लेखक तामाङको दाबी रहेको छ (तामाङ, १९९४, ११-१३)।

याम्बु अर्थात काठमाडौं उपत्यकाको उत्पत्ति सम्बन्धमा मीनबहादुर शाक्य र शान्ताहर्ष बज्राचार्यद्वारा नेपालभाषामा अनुवादित स्वयम्भू पुराण पुस्तकमा उल्लेख भए अनुसार निरन्जन नामको नागह्रदको बीचमा रहेको स्वयम्भू ज्योतीरूपको दर्शनका लागि महाचीनको वु थाअी सान 'पञ्च शिर्ष पर्वत' बाट महाबोधिसत्व श्री मञ्जुश्री आफ्ना दुई स्त्रीहरू समेत नेपालमण्डल आइपुग्नु भयो। स्वयम्भू ज्योतिरूपको दर्शनगर्न सरल होउन भन्ने उदेस्यले बोधिसत्व श्री मञ्जुश्रीले पानी सुकाएको बताएका छन् (स्वयम्भू पुरान, २००१, १०-१२)। यही विषयवस्तुको आधारमा तामाङभाषामा ङ्याम्बु ग्योही नागह्रदको पानी सुकाएर बनेको भूमिको अधिपति नागराजकै नामबाट साङ्याम्बु प्रयोग भए। यो साङ्याम्बु शब्दको विभिन्न समयका विभिन्न रूपमा रहेका शब्दहरू रेग्मी (१९९४) को पुस्तकमा संकलन गरेका काठमाडौं बुझाउन  याम्बुप्रीङ, याम्बुब्रुम (याम्बुब्रुमाया), याम्बुकोर्मा, र भक्तपुरलाई खोप्रीङ, खोपाङ, खोप र यसैगरी ललितपुरला ललीतप्रीङ, ललीतब्रुम, ललीतब्रुमाया, याम्बुप्रीङ, याम्बुब्रुम, याम्बुकोर्मा ले 'खचाखच बाक्ले बस्ति, गुचुमुच्च बस्ती, उपत्यका तथा जोञ्जो न्दिङ (जोङजोङदिम) 'किल्ला दरबार भित्रको किल्ला दरबार' शब्दहरू काठमाडौं उपत्यकाको वर्तमान तामाङभाषाको नाम याम्बु शब्दका रूपहरू हुन्। तसर्थ (तामाङ, २०२०ख) ले यो तामाङभाषाको याम्बु शब्द साङ्याम्बु 'नागभूमी' बुझाउने शब्दबाट व्युत्पत्ति भइ निर्माण भएको हो बताएका छन् ।

उपरोक्त तथ्यहरूले शर्मा (२००१) ले बताएको काठमाडौं उपत्यकाको पुरातत्विक अन्वषणमा फेलापारेको मध्ये एक ३०,००० वर्ष अघिका पाषाण उपकरणको उद्गम गोबी मरूभूमि क्षेत्र र तामाङ (२०१८) ले बताएको मोक्तान वंशका तामाङजातिको उद्गम स्थान आल्टाइ पर्वत श्रंखला, चीनको पहेँलो नदी सभ्याताका क्षेत्र तथा स्वयम्भू पुराण (२००१) ले बताएको श्रीमञ्जुश्रीका गृहनगर चीनको वु थाअी सान अर्थात पञ्च शिर्ष पर्वत  भएको स्थान चीनको सान्सी प्रान्त क्षेत्र पनि पहेलो नदी तथा गोबी मरूभूमिकै क्षेत्रमा पर्दछ।

यही पञ्चशिर्ष पर्वतमा नेपालका वंशावलीका कथन स्वयम्भू पुराणमा उल्लेख नेपाल उपत्यकालाई आवाद गराउने बोधिसत्व मञ्जुश्रीको थातथलो रहेको छ। १३औं शताब्दीमा नेपालबाट चीन पुगेका महान वास्तुशास्त्री नेपाली कलाकार बाल्बु अर्थात अरनिकोले यहाँ निर्माण गरेको नेपाली शिखरशैलीको बौद्धस्तुपा पनि यहाँ अझै ठडिरहेका देख्न सकिन्छ (जोशी, १९८४, पृ। ४२ हेर्नुहोस् । यहाँका बौद्ध मठहरुमा महामञ्जुश्रीकै आराधना मन्त्र ओमआर पाचाना दीदीदी॥॥ मन्त्र कुँदिएको लेखिएको देखिन्छ र प्राथना गर्ने गरिन्छ (पंक्तिकार स्वयं २०१६ मा स्थलगत भ्रमण गरी आवलोकनबाट प्राप्त सूचनामा आधारित) ।

अजितमान तामाङ (२०१४) ले 'प्राचीन तत्वीय सम्वत ल्होकोर च्युङनी' पुस्तकमा तामाङ समुदायको सांस्कृतिक पर्व ल्होछार अर्थात नयाँवर्ष उत्सव र तामाङ काल गणना प्रणाली, खगोल र ज्योतिष शास्त्र तत्वीय सम्वतका बाह्रवर्ष चक्र प्रणालीलाई मञ्जुश्रीका परम्परा भएको बताएका छन् (यस सम्वन्धित ल्होखोर्लो अनुसूची-२, मा हेर्नुहोस्)।

त्यसकारण चिनिया नयाँवर्ष, बसन्त उत्सव र तामाङ ल्होछार तथा तामाङ ची पात्रो परम्पराका बीचमा सम्बन्ध रहेको छ । यो परम्परालाई तामाङभाषामा ज्युङची भनिन्छ । यो ज्युङची चिनिया परम्परा भएकाले ग्यानाक ची अर्थात चिनिया खगोल तथा ज्योतिषका नामले जानिन्छ। तसर्थ यो तामाङ ल्होछारसँग सम्बन्धित पात्रोको मूल आधार ज्युङची हो र यसैलाई ग्यानाक-ची वा ग्याची तथा नाक्ची नामले चिनिन्छ (तामाङ, २०१४, पृ। ४१-४८)।

यो चिनिया तत्वीय खगोल शास्त्रमा आधारित ज्युङची प्रणाली नेपालमा महामञ्जुश्री बोधिसत्वकाल मै तामाङहरूले भित्र्याएको विश्वास गरिन्छ। तामाङले यहि परम्पराका आधार मा स्वायम्भू महाचैत्यको तामाङभाषाको नाम फाग्पा सीङगुन अर्थात फागल्हो अर्थात बँदेल तत्वीय वर्षमा निर्माण भएको र बौद्ध स्तुपालाई तामाङभाषामा ज्यारोङखास्योर अर्थात ज्या ल्हो अर्थात चरा तत्वीय वर्षमा निर्माण भएको विश्वास गरिन्छ ।

उपरोक्त भाषावैज्ञानिक पुरातात्वीक आधारले तामाङभाषामा साङ्याम्बु 'नागभूमि' बाट सायाम्बु हुँदै 'स्वयम्भू' शब्द निर्माण भएको देखिन्छ। तामाङ ल्होकोरच्युङनी '१२वर्षेचक्र' मा आधारित ज्युङची 'तत्व ज्योतिष तथा खगोल विज्ञान'का सम्बन्ध महामञ्जुश्रीसँग जोडिएको छ । मञ्जुश्रीका थातथलो उथाइसान 'पञ्चशिर्ष पर्वत क्षेत्र गोबी क्षेत्रकै भएकाले पुरातात्वीक महत्वका काठमाडौंमा भेटिएका पाषण उपकरण (३०,००० वर्ष पुरानो)को उद्‌गम मङगोल तथा चिनिया क्षेत्रमा फैलिएको गोबीमरूभूमि क्षेत्र नै हो। यो क्षेत्रसँग तामाङ उद्‌गम इतिहसले बताएको आल्टाइ पर्वत, चीनको पहेलो नदी, गोबी मरूभूमि हुँदै स्याङस्युङ, गुगे हुँदै नेपालमा तामाङभूमि 'ताम्सालीङ'सम्मको विवरणको पुष्टि गर्दछ।

**तामाङ शब्दको व्युत्पत्ति**

**मुर्मी वा मुल्मी वा तामाङ**

तामाङजातिलाई बुझाउने यो मुल्मी वा मुर्मी शब्दको अर्थ आदिम जाति हो। अर्थ-भाषाविज्ञान र ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिको सिद्धान्तका आधारमा गहिरिएर अर्थ खोज्दा /मुल-/ शब्दले मूख्य, मुहान तथा उद्‌गम स्थानलाई बुझाउँछ। हिमालयका भाषाहरूमा /मुल-/वा /मुर-/ एउटै अर्थ दिने पूर्वसर्ग शब्दहरू हुन्। नेपालभाषा लगायतका भाषाहरूमा प्रायः/ल/

र /र/ वर्त्स्य र उपवर्त्स्य ध्वनी समवर्ण भएकाले परस्पर बदल्ने गर्दछ। /मुर/को हिज्जे /मुल/ र /मुल/ को हिज्जे /मुर/ हुने गर्दछ जस्तैः /नेपाल/ को /नेपार/, /लानी/ को /रानी/, /ग्यार्सा/ को /ग्याल्सा/, /रासा/ को /लासा/ल्हासो आदि। यसैगरी /-मी/ शब्दको अर्थले मानव जातिलाई जनाउँदछ। सबैजसो टिबेटो-बर्मन भाषाहरूमा /मी/म्ही को अर्थ मानव हुन्छ।

यहाँ मानव बुझाउने /मी/ शब्द र पूर्वसर्ग /मुल/ वा /मुर/ शब्दको सन्धि हुँदा /मुल्मी/ वा /मुर्मी/ आदिवासी बुझाउने शब्द निर्माण भएको देखिन्छ, यसको अर्थ मानवजातिको उद्‌गम अर्थात् आदिम, पहिलो मानव भन्ने हुन्छ। जसको मूल आसय आदिवासी वा आदिम ट्राईबल जाति भन्ने हुन्छ। यहाँ मुरमी शब्दको /मुर/ पूर्वसर्ग /मु/ को /र/ ध्वनी व्युत्पत्ति हुँदा /-ल/भइ /मुल/ हुँदा मानव जाति बुझाउने /मुल्मी/ शब्द निर्माण हुन्छ। यहाँ /मुल/ वा /मुर/ शब्द /म्रु/ शब्दकै व्युत्पत्ति रूप हो, तसर्थ यस शब्दले मुल, मुहानको या प्रमुख वा मुख्य बासिन्दा वा सबैभन्दा पहिले बसोबास गर्ने मानव समूह (Principal Peoples) लाई बुझाउँछ। यो शब्दार्थले तामाङजाति प्राचीन तथा आदिम मानव जाति हुन् भन्ने स्पष्ट संकेत गर्दछ ।

**तामाङ शब्द निर्माण बारे भाषिक विश्लेषण**

तामाङ शब्दको अर्थले जाति र राष्ट्र बुझाउँछ। तामाङ शब्दको उत्पत्ति र व्युत्पत्तिका बारे मा विभिन्न मिथकहरू रहेका छन्। तामाङ शब्द ता- र -माङ दुई अलग-अलग एकाक्षरी शब्दहरूको योग सन्धिबाट निर्माण भएको देखिन्छ। तामाङभाषाको व्याकरणीय शब्द निर्माण विधि तथा ऐतिहासिक भाषाविज्ञानका व्युत्पत्तिका सिद्धान्त अनुसार विश्लेषण गर्दा ता-माङ शब्दमा रहेको पूर्वसर्ग /ता-/ एकाक्षरी शब्दको अर्थ तामाङभाषाका व्याकरणगत तान प्रणालीका आधारमा केलाउँदा देहाय बमोजिमका भिन्ना-भिन्नै चार अर्थभेदहरू पाइन्छ-

य/ता/तो को पहिलो अर्थ तामाङभाषामा तीग ता? ता?, के? प्रश्न वाचक अर्थात अंग्रजीमा ध्जबत? हुन्छ।,

य/ता/त्हाः२ को दोस्रो अर्थ शास्त्रीय तामाङभाषामा ता-ता-बीबीनो सबै विषय/वस्तुका प्रवेशद्वार अर्थात अंग्रेजीमा Door way or entrance या all things हुन्छ।

य/ता/त्हा३ को तेस्रो अर्थ तामाङ भाषामा ताबु तबेुजनावर अर्थमा घोडा अर्थात जयचकभ हुन्छ । र

य/ता/ ता४ शब्दको चौथो अर्थ तामाङभाषामा कान्ता, गान्ता/गान्डा, ग्रेन, जेप्पा, ङाच्छ्याङ, छेन र छेन्पो मानव, वंश, जाति र राष्ट्रवाचक अर्थमा महा, महान वा ठूलो अर्थात अंग्रेजीभाषामा/great/ हुन्छ ।

यसै गरी ता-माङ शब्दमा रहेको परसर्ग /-माङ/ एकाक्षरी शब्दको तानीय विशेषताका आधारमा भिन्नभिन्न अर्थहरू छ ।

य/-माङ/माङ१ को पहिलो अर्थ तामाङभाषामा माङ भूत अर्थत अंग्रजीमा ghost हुन्छ।

य/-माङ/माङः२ को दोस्रो अर्थ तामाङभाषामा माङमाङबा सपना देख्नु अर्थात अंग्रजीभाषामा dream हुन्छ।,

य/-माङ/ म्हाङ३ को तेस्रो अर्थ शास्त्रीय तामाङभाषामा मी माङपो धेरै मानिस अर्थात अंग्रजीभाषामा Many people हुन्छ।

य/-माङ/म्हाङ४ को चौथो अर्थ माङ/म्होङ नीअ, मोर नीअ तलजानु, यहाँ माङले तल अर्थात अंग्रेजीमा downward बुझाउने हुन्छ।

यी माथिको तामाङ शब्दसँग सम्बन्धित एकाक्षरी शब्दमा रहेको तामाङभाषाका तानीय विशेषता र यसले दिने अर्थहरू मध्ये सान्दर्भिकताका सिद्धान्त, तामाङभाषाको शब्द-निर्माण विधि र ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिका सिद्धान्त एवं प्रक्रियाको अध्ययन र विवेचना गर्दा तामाङ शब्दको अर्थले तामाङ राष्ट्र वा जातिलाई दर्साउँछ। तामाङ शब्द 'महान तामाङ राष्ट्र र जाति' का अर्थमा ृता (महान)+माङ (धेरै/मङ्गोल/जाति वा राष्ट्र)तामाङे तामाङजाति बुझाउने अर्थमा शब्दनिर्माण भएको सैद्धान्तिक आधार रहेको छ। यहाँ /ता-/ ले बुझाउने 'महान जाति वा राष्ट्र' लाई बुझाउने अर्थलाई सन्दर्भिकता र तामाङजातिको महानता, प्राचीनता, ऐतिहासिकताका साथै उत्पत्तिको सिद्धान्त सम्मत देखिन्छ। यसरी तामाङ शब्दको निर्माण हुनुमा ऐतिहासिक भाषाविज्ञानका व्युत्पत्तिको सिद्धान्त अनुसार तामाङ शब्दको पूर्वरूप चीनिया मङ्गोलीयन भाषामा 'महान मंगोल राष्ट्र र जाति' बुझाउने अर्थमा /ता- माङ्गु-को/, रहेको तामाङ (२०२०ख) ले दाबी गरेका छन्। यस तामाङ शब्द निर्माणका भाष्यमा /ता-/ को अर्थ महा वा महान हुन्छ, /-माङ्गु/को अर्थ 'मंगोल जाति (वंश वा नश्ल वा राष्ट्र) र /-को/ ले देश वा 'शासकीय भूगोल' भूमि वा राष्ट्रलाई बुझाउँछ भनेका छन्। यसखालको ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिका सिद्धान्तका आधारमा शब्द निर्माण हुने प्रक्रिया तामाङभाषाको व्याकरणको अध्ययनमा थुप्रै उदाहरण पाइने बताएका छन् । तामाङ

शब्दले राष्ट्र वा जातिवाचक अर्थमा /ता-/महान वा ठूलो समुदाय र /-माङ/ शास्त्रीय तामाङभाषा र तिब्बतीभाषामा म्ही माङपो धेरै जनसंख्या भएको मानव समुदाय हुन्छ। तामाङजाति जनसंख्याका दृष्टिले हिमवत्खण्डमा बसोबास गर्ने मध्ये एक ठूलो आदिम जनसमुदाय हो।

**१२तामाङ संघीय भौगोलिक संरचनाको सिद्धान्त**

तामाङजातिमा १२तामाङ शासकीय सत्ताका अभ्यास परम्परागत रूपमा आज पनि रहेको पाइन्छ। तामाङभूमि ताम्सालीङका प्रादेशिक संरचना १२तेमाल, १२लाच्याङ, १२गोर्स्याङ आदि तामाङ सांस्कृतिक भूगोलका रूपमा अझै जिवन्त छ। यस्तो परम्परागत शासन व्यवस्था १२ तामाङ संघ वा १२जनपद प्रणालीका ऐतिहासिकताको खोजी गर्दा बुद्धवचन संग्रह त्रिपिटकका सुत्तनिकाय समूहका एक ग्रन्थ दीघनिकायमा द्वादश जनपद रहेको बारे माधव नारायनरावो जोशी (१९८३)ले आफ्नो विद्यावारिधिका शोधमा उल्लेख गरेका छन्।

यसैगरी ईसापूर्व दोस्रो शताब्दी मानिएका कौटिल्यको अर्थशास्त्रमा 'ऊनी चारखाने, चारपाटा, भिङ्गमि पाटाजोडेको, पानीरोक्ने घुमराडी, राडीपाखी तथा विभिन्न प्रकारका छालाहरु' हिमवत् खण्डको नेपालका हिमालय क्षेत्रका '१२म्लेच्छ ग्राम'को उत्तम उत्पादन भनि उल्लेख गरेको पाइन्छ (सोमनाथ शर्मा, १९६७, पृ। १३८)। यहाँ उल्लेख म्लेच्छ जाति भन्नाले "संस्कृतभाषा बोल्न नजान्ने, अनार्य जाति" हुन्छ (प्रज्ञा-वृहत-नेपाली शब्दकोश)। यसो भन्नुको अर्थ हिमालयका १२तामाङ, १२मंगरांत तथा ग्याल्बो च्युङनी बाह्र राजाको परम्परागत शासन व्यवस्था भएको अहीन्दू जातिको राष्ट्र बाह्रजनपद वा नागरिक शासन प्रणाली भएका राष्ट्रलाई भनिएको स्पष्ट बुझिन्छ। तसर्थ इसापूर्व तेस्रो शताब्दी अर्थात लगभग २३०० वर्ष अघिको सभा वा गणमा आधारित १२गाउँ सम्मिलित संघीय शासन व्यवस्था हिमवत्खण्डका नेपाल तथा हिमालय मुलुकमा रहेको देखिन्छ।

तामाङजातिको १२तामाङ शासकीय प्रथा तथा ताम्सालीङका प्रादेशिक राजकीय भूगोल १२ गाउँमा आधारित संरचनाहरू १२तेमाल, १२लाच्याङ र १२गोर्स्याङ आज पनि सांस्कृतिक रूपमा रहेको छ (आयुस तामाङ नेगी, २०२४; तामाङ, २०२४, पृ। १२१-१३०; तामाङ, २०१२, पृ। ४१-४४)। यसरी नै तिब्बतको प्रथम राजा ङ्याठी साङपो (इापू१२७) र उनको दरबारको नाम युम्बु ल्हाखाङ बारेको ऐतिहासिक सामग्रीले नेपालको याम्बु सँग सम्बन्ध रहेको जनाउ प्राप्त भएको छ। तिब्बतको प्रथम शासक न्याठी साङपो राजा भएको बारेमा पाइने विभिन्न कथनहरू मध्ये एक तेन्जीङ (१९९२, ५९-६०) को लेख 'याम्बु लाखाङ महलको संक्षिप्त

विवरण' शिर्षकको लेखमा १२जना गौपालक तिब्बती गोठालाहरूले भेटेपछि न्याठी अर्थात काँधको आसनमा बोकेर लगे र राजा बनाए भन्ने उल्लेख छ। यहाँ उल्लेख १२जना गोठालाको १२तामाङ प्रणालीसँग सम्बन्ध देखाउँछ।

तेन्जीङका लेखको एक अर्को प्रसंगमा  तिब्बती ३२औं शासक स्राङचाङ गाम्पो भन्दा पाँच पुस्ता अघि २८औं तिब्बती शासकका समयमा 'तिब्बत समृद्ध भए र खुसिका साथ जनताले जीवन बिताउन थाले । त्यो घटनालाई तिब्बतमा बुद्ध धर्मको प्रारम्भिक सुरुवातको रूपमा व्यापक स्वीकार गरिएको थियो। तिब्बत समृद्ध बनाउने यी पवित्र वस्तुहरू बारे विवादित भएपनि एक निश्चित नेपाली विद्वान सिल्ली (सि ली) र अनुवादक थिसिल्ली (थि सिली) द्वारा तिब्बत ल्याएको विश्वास गरिन्छ' (तेन्जीङ, १९९२, ६१)। यसले पनि तिब्बतसँगको अर्को सांस्कृतिक सम्बन्धलाई दर्शाएको छ।

तामाङजातिले 'हामी बाह्रतामाङ हौं' भनि दाबी गर्दै बहादुर जंगबिर तामाङले तत्कालिन नेपाल सरकार समक्ष दिएको निवेदनको कार्यान्वयन गर्दै 'नयाँ इस्तिहार' जारी भएको समाचार तत्कालीन साउन ११ गतेको साप्ताहिक गोरखापत्रमा छापिएको  थियो ("नञा इस्तिहार," १९३२)। १२तामाङ र तामाङजातिको किपटका बारेमा भेन्सिटार्ट (१८९६, १८२-१८७) ले ' नोट्स अन नेपाल' पुस्तकमा चर्चा गरेका छन्।

यस्तै १२औं शताब्दीका मुस्ताङका १२गाउँ क्षेत्रका सेमोन सेरीब तामाङ (ज्याक्सन, १९७८, पृ। ९५-१२७) ले उल्लेख गरेका छन्। तिब्बतमा स्राङचाङगाम्पो भन्दा अघिका इतिहासमा १२ग्याल्बो चुङ्डी अर्थात १२राजा शासकीय व्यवस्था रहेको नोर्बु (२०१३) ले विवरण सहित दिएका छन्। यस्तो शासकीय प्रथा काठमाडौंका भिंनिम्हे थकुरजुजु १२नेवार थकाली-राजाका बारेमा लेखेका छन् (रेग्मी, १९९४, पृ।३१-४४)। यस्तै पुराङ सतलज पारी १२ठकुराई राज्य नेपालको मातहत रहेको टेकबहादुर खत्री (१९८४, पृ। ६६) ले बताएका छन्। भेन्सीटार्ट (१८९६, पृ।१७७-१८७) ले नोटस् अन नेपाल लेखमा सुनुवारका १०थरे र १२थरे सुनुवार र १२तामाङ र १८जातको चर्चा गरेका छन्। भने यसैगरी नेपालको पूर्वी पहाडमा लिम्बूको १०लिम्बुवान र १०खम्बुवान राईका प्रथाजनित शासकिय भूगोलको इतिहासमा चर्चा गरिएको पाईन्छ ।

यसरी १२गाउँ वा राष्ट्रको सिद्धान्तले तामाङजातिमा रहेको १२तामाङ राष्ट्रको व्यवस्थाको ऐतिहासिकता कमसेकम इसापूर्वको दोस्रो शताब्दी सम्म रहेको आकलन गर्न सकिन्छ। त्यसपछि १२औं शताब्दी हुँदै आजका दिनसम्म तामाङजातिमा रहेको १२तामाङ शासकीय परम्परा र १२तेमाल, १२लच्याङ, १२गोर्स्याङ आदि ताम्सालीङ भूगोलका प्रादेशिक संरचना पनि छ। यी तथ्यहरूले तामाङजाति एक पुरानो आदिवासी जनजाति समुदाय हो भन्ने सिद्ध हुन्छ।

**तामाङ शब्द तिब्बती र्तामागबाट भएको होइन**

तामाङजातिको ऐतिहासिकता र प्राचीनताले तिब्बतको स्रङचाङ गाम्पो भन्दा धेरै अघिबाटै तामाङहरू यस भूगोल क्षेत्रमा मूल आदिवासी समुदायको रूपमा रहेको देखिन्छ। त्यसकारण तामाङ शब्द तिब्बतका ३२औं राजा स्राङचाङ गाम्पोका अश्वराही सेना र्तमग वा र्तामाग बाट तामाङ शब्दको निर्माण भए भन्ने भनाइ प्राचीन इतिहासको अध्ययन तथा भाषाविज्ञान सम्मत र तामाङजातिको प्राचीनतम इतिहाससम्मत तर्क युक्तिसंगत छैन। तसर्थ विभिन्न लेखक तथा वेभसाइटहरूमा रहेको तिब्बतीभाषाको घोडा अर्थात जनवार जनाउने तिब्बती शब्द / र्ता/ र सैनिक जनाउने/द्‌माग/ अर्थात र्ताद्‌माग / बाट तामाङ शब्द निर्माण भए भन्ने भनाइ र डोर बहादुर विष्ट (२०१५)ले आफ्नो पुस्तक पिपल अफ नेपालमा उल्लेख तामाङजाति बुझाउने शब्द तिब्बतीभाषाको /ता-/ को अर्थ घोडा र /-माङ/ का व्यापारी भन्ने भनाइहरूमा तर्किक तथ्यहरू भेटिन्दैन। तसर्थ यो तामाङ शब्द निर्माणबारेमा असहमति जनाउँदै सन्तविर लामा पाख्रीन (१९५७) को २०औं संस्करण भन्दा बढि प्रकाशित तामाङ संस्कृतिका लोकप्रिय पुस्तक 'ताम्बाकाअीतेन व्हाअीरीमठीम' मा /र्तादमग/बाट तामाङ शब्द निर्माण भए भन्ने तर्क दन्त्य कथामात्र हुन् भनेका छन्। तामाङ शब्दको अर्थबारे अजितमान तामाङ (२०२४)ले 'तामाङ पराम्परागत शासन व्यवस्था र चोको/चोहो प्रथा' शिर्षकको विज्ञसमिक्षित लेखमा कौटिल्यको अर्थशास्त्रले पनि घोडाका व्यापार सम्बन्धमा नेपाल होइन अनेत्रै भनेका छन्। बरू कौटिल्यको अर्थशात्रले हिमवतखण्डका नेपालको १२गाउँ (म्लेछ्य अर्थात हिन्दू, संस्कृतभाषा नजान्नेको)को उत्कृष्ट उत्पादनका चर्चा गर्दै पाटापाटाजोडेको, पानीरोक्ने  घुमराडी, राडीपाखी तथा विभिन्न प्रकारका छालाहरु आदिको वर्णन गरेका छन्। जसमा ऊनी त्यस्ता उत्पादन बागमती प्रदेसकै १२तामाङ गाउँमा तामाङ समुदायले आज पनि बुन्ने र बिक्रि गर्दै आइरहेका छन्। तामाङ शब्दले समुदाय, जाति, नागरीक, तथा राष्ट्रलाई बुझाउने भएकाले तामाङभाषाको शब्द /ता/को अर्थ केलाउँदा भाषाविज्ञानका ऐतिहासिक भाषाविज्ञानको व्युत्पत्तिको सिद्धान्त (भ्तथकययिनथ) र अर्थ भाषाविज्ञान (क्ष्मबलतष्अक) का आधारमा/ता/ शब्दको अर्थ तानीय उच्चारण भेद हुनसार ृता१(१) 'के', (२) ृता२ 'महान वा बिशाल वा ठूलो', (३) ृता३ सबै विषयको प्रवेश द्वार 'ताताबीबी', र (४) ृता४ अर्थ घोडा (ताल्हो) हुन्छ। यहाँ जाति वा राष्ट्र वा नागरिक बुझाउने अर्थको /ता/ ृता२ हो जसको अर्थ महान हुन्छ। समुदाय वा नागरिक वा राष्ट्र बुझाउन 'महान' शब्दको प्रयोग गर्ने हरेक भाषिक समुदायमा पाइन्छ। यसैगरी 'तामाङ' शब्दको शर्ग /-माङ/ शब्दको अर्थ हेरौं (१) /माङ/ ृमाङ१ अर्थ सपना, (२) /माङ/ ृमाङ२ अर्थ 'भूत' (३) /माङ/ ृमाङ३ 'धेरै', 'मङ्गोल नश्ल' र (४) /माङ/ ृमाङ४ अर्थ 'तल', 'बाँदर', 'भालु' (माङगु) चार /माङ/ हुन्छ।

यहाँ नेपालको हिमाली-पहाडी समुदायमा सबैभन्दा ठुलो जनसंख्या तामाङ समुदायको रहेका छ भने इतिहासकार, पुरातत्ववेत्ता, मानवशास्त्रीअरुले तामाङ जातिलाई 'मङ्गोलायड' नश्लका भनि धेरैले उल्लेख गरेका छन् तसर्थ यहाँ /ता/ शब्दले 'महान' वा 'ठूलो' र /माङ/ शब्दले बुझाउने 'धेरै' तथा 'मङ्गोल नश्ल' बुझाउने अर्थ दिने दुई शब्दहरूको सन्धियोगबाट 'तामाङ' जाति बुझाउने शब्दको निर्माण भएको बुझ्न सकिन्छ। किन भने शास्त्रीय भाषामा /म्हीमाङपो/ 'धेरै जनसंख्या' भन्ने अर्थ र 'माङ्' वा 'माङगु' मङ्गोल राष्ट्र वा समुदाय बुझाउन चिनिया लगायतमा भाषाहरू प्रयोगमा रहेको पाइन्छ। त्यसकारण तिब्बती राजा स्राङचाङ गाम्पोका घोडा चढी सिपाही र घोडाको व्यापारी भन्ने तिब्बतीको भाषाको /र्तादमाग/ शब्दबाट 'तामाङ' शब्दको निर्माण भएको भन्ने भनाइ तर्कसंगत भाषाविज्ञान सम्मत देखिएन। जातिवाचक र राष्ट्रवाचक अर्थमा /ता-/को अर्थ 'महान वा महा' र /-माङ/ को अर्थ धेरै जनसंख्या भएको (म्हीमाङपो) वा मङ्गोल वंश/नश्ल को भन्ने अर्थ दिने जातिवाचक र राष्ट्रवाचक शब्दहरूको योग र संन्धिबाट तामाङ शब्द निर्माण भएको स्पष्ट देखिन्छ। यो तर्कको ऐतिहासिक भाषाविज्ञान व्युत्पत्तिको सिद्धान्त, अर्थ-विज्ञान तथा तामाङ शब्दनिर्माणको सिद्धान्त आदिले पनि पुष्टि गर्दछ (तामाङ, २०२४, ११६-११८, तामाङ, २०२०ख)।

**सिकार-युगको स्मृति प्रदर्शनकारी लोककला**

तामाङ इतिहासमा बाह्र-गोर्स्याङ अन्तरगत सेमजोङ 'चित्त देश' रहेको छ । यहाँ तामाङ जातिको वाइबा थरको दागुर वाओीबा राजाको डापजोङ दरबारको भग्नावशेष रहेको देख्न पाइन्छ। प्रत्येक अश्विन शुक्लपक्ष दशामीका दिन सेमजोङको गाओीरा गाउँमा किर्पा क्लाङबा 'सिकार खेल्ने' खेलको सांस्कृतिक रूपमा प्रदर्शनी हुँदै आएको छ। तामाङ समुदायमा कीर्पा, कीराप्पा ले सिकार र सिकारी भन्ने हुन्छ। म्याक्लाङपा, म्यापुङक्लाङबा, थाक्लाङपा ले धनुषकाँड प्रतिस्प्रधात्मक खेल भन्ने बुझाउँछ (तामाङ, २०१२; तामाङ, २०१३;)।

१२गोर्स्याङ क्षेत्रको धादिङ जिल्लाका वाओीबा राजाको डाप्जोङ शासकीय क्षेत्रको गाओीरा नाम्सा गाउँको कीर्बा क्लाङबा शिकार खेल्ने ऐतिहासिक र सांस्कृतिक सडक-नाटकमा कीर्बा डाक्पो सोम अर्थात तीन गणपति शिकारी मध्ये कीर्बा डाक्पो माग्बुमछेन्बो अर्थात गण प्रमुख चोहो वा प्रमुख शिकारी, स्याअुरी (सूचनाधिकारी) र कीर्बा (सहायक शिकारी)को छानोट गर्ने गरिन्छ (होफर, १९८१, पृ। १२५)।

म्यादली 'धनुषकाँड'को राखिनु प्रयोग गरिनु अधिकांश तामाङ अनुष्ठानहरूमा अनिवार्य हुन्छ। यहाँ यही कीर्पा क्लाङबा 'सिकार खेल' ले मानवसभ्यता विकासक्रमको सिकार युगको समाज

र समुदायको सामूहिक व्यबहार, शासन प्रणाली, विधि, नियमनका विषयहरूको व्याख्यात्मक बिम्ब झल्काउँन्छ। यसले ३०,००० वर्ष अघिको पाषणकालीन उपकरणको युगको तामाङ समाजको दर्पणका रूपमा लिनसकिन्छ। यसले तामाङ जातिको वर्तमान तामाङ भूमिसँगको प्राचीनता र आदिम जनजाति भएको पुष्ट्याइ दिन्छ ।

**निष्कर्ष:**

तामाङजाति हिमवतखण्डका नेपालमा आदिमकालदेखि नै बस्तै आएका एक प्राचीन आदिवासी जनजाति हो भन्ने तथ्यहरूले बताएका छन्। तामाङजातिको प्राचीनता र ऐतिहासिकताको मेरुदण्ड काठमाडौंमा मार्च महिना सन १९७८ मा प्राप्त ३०,००० वर्ष अघिका प्रगैतिहासिक पुरातात्विक पाषणयुगका यो उपकरणको उद्गम थलो खोजी गर्दै जाँदा मङ्गोल गोबी मरूभूमि र चिनिया पहेँलो नदीको सभ्यता निकट पुग्दछ। यसको पुष्टि चौधौं शताब्दीमा लेखिएका गोपालराज वंशावलीला लेखिएको कथन स्वयम्भू पुराणको वृतान्त कथनमात्र नभएर सांस्कृतिक र पुरातात्विक सामग्रीबाट पुष्टी भएको छ। तामाङभाषामा काठमाडौं उपत्यकालाई बुझाउने नाम याम्बु शब्दको उद्गमसँग सम्बन्धित अनेक स्थान नामहरू याम्बुप्रीङ, याम्बुब्रुम (याम्बुब्रुमाया), याम्बुकोर्मा, जोञ्जोन्दिङ (जोङजोङदिम) र भक्तपुरलाई खोप्रीङ, खोपाङ, खोप र यसैगरी ललितपुरला ललीतप्रीङ, ललीतब्रुम, ललीतब्रुमाया भाषिक एक पुरानो बासिन्दा हो भन्ने पुष्ट्याइ गरेको छ ।

तामाङजातिको उद्गम इतिहासले ऐतिहासिक कालमै तामाङजाति आल्टाइ पर्वत शृंखला, गोबी मरूभूमि, मंगोलक्षेत्र, चीनको पहेँलो नदि, चीनी तिब्बतको दक्षिण-पश्चिम श्याङश्युङ सभ्यताको गुगे, पुराङ हुँदै वर्तमान तामाङ भूमि ताम्सालीङका साथै नेपाल र भारतसम्म पुगेको बताएको छ। यो ऐतिहासिकता र प्राचीनताले तामाङजाति तिब्बती स्राङचाङगाम्पो कालमा नभएर आल्टाइ पर्वतश्रृंखला, मंगोल वंश, गोबी मरूभूमि, चीनका पहेँलो नदी हुँदै उत्तरतिरबाट ३०,००० वर्ष अघि नै यो हिमवत्खण्डका आदिम जाति भएको अध्ययनले देखाएको छ। तामाङ शब्दको /ता-/ ले 'महान' र/-माङ/ले मंगोल वंश या वृहत मंगोलक्षेत्रको र धेरै जनसंख्या रहेको समुदाय वा राष्ट्र १२तामाङ जनपदलाई जनाउने भएकाले तामाङ शब्दको अर्थले यो जातिको ऐतिहासिक र प्राचीनताको पुष्टि गर्दछ ।

तामाङ ज्युङची अर्थात नाग्ची वा ग्याची अर्थात ग्यानाक ची चिनिया पात्रो परम्परा प्रणाली नै हो। यसका जननी महामञ्जुश्री र तामाङ ल्होछार 'नयाँवर्ष' र चिनिया नयाँवर्ष 'बसन्तउत्सव' सँग ऐतिहासिक र उद्गमकाल देखि सम्बन्ध रहेको देखिन्छ। यसैगरी काठमाडौं उपत्यका

अर्थात तामाङभाषामा याम्बुमा आबाद गराउने महामञ्जुश्री र उनको गृहनगर वुथाइसान 'पञ्च शिर्ष पर्वत' र तामाङ उद्‌गमका स्थल गोबी मरूभूमि क्षेत्र तथा चीनको पहेँलो नदी क्षेत्रमै भएकाले तामाङजातिको प्राचीनता र ऐतिहासिकतालाई दर्शाउने मूल आधार तत्वसँग हरेको पक्षबाट जोडिएको पाइन्छ ।

तसर्थ यी सबै सम्बन्ध र तथ्यहरूले कमसेकम तामाङ जातिको प्राचीनता र ऐतिहासिकता हिमवत्‌खण्डमा ३०,००० वर्ष अघि देखि रहि आएको प्रमाणित भएको छ, भने काठमाडौं उपत्यका ङ्याम्बुग्योही नागह्रदबाट याम्बु स्थाननाम निर्माण भएको आधार दृष्टिकोणबाट हेर्दा झन त्यो भन्दा धेरैलामो समय अघिबाट तामाङजातिको बसोबास र उपस्थिति यहाँ रहेको देखिन्छ जसको कारण तामाङजातिलाई अन्य आदिम जातिले समेत म्रुमी, मुर्मी वा मुल्मी आदिवासी अर्थमा सम्वोधन गरिनु र स्वयं आफैंले भने 'हामी १२तामाङ' वा 'तामाङ' महान जाति वा राष्ट्रको रूपमा चित्रण आदिले तामाङजाति यस हिमवत्‌खण्डको ऐतिहासिक र सर्वप्राचीन आदिम जाति हो भन्ने पुष्टाइ भेटिन्छ ।

***सन्दर्भ सूची***

आयुस नेगी तामाङ/Aayush Negi Tamang. (2024, March 13). *Tamang traditional CHARDAM conversion Aayush weds Laxmi at Nuwakot Nepal* [Video]. YouTube. https://www.youtube.com/watch?v=ubDO1zyVZ_8

In this Yutube Vedio the Thing Tamba explain that 12lachyang & 12khorsyang of 12Gorshyang Also. Here also some important infos on customary law from Tamang Customary governance.

*आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन २०५८*. (२००६, नोभेम्बर ३). आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान. Retrieved November 26, 2024, from https://nfdin.gov.np/nfdin/default/uploads/official/5f64871abf9c3.pdf

*ओीन्टरनेसनल तामाङ काउन्सिल/International Tamang Council* [ITC]. (2023, January). संक्षिप्त परिचय – International Tamang Council (ITC). tamangcouncil.org. Retrieved December 23, 2023, from https://www.tamangcouncil.org/?page_id=235

गेदेन तेन्जीन / Gayden, T. (2012). *Genetic diversity in the Himalayan populations of Nepal and Tibet*. https://doi.org/10.25148/etd.fi12042312

तामाङ, अजितमान.(२०२४). तामाङ परम्परागत शासन व्यवस्था र चोको/चोहो प्रथा The Tamang Customary Governance and Choko/Choho Tradition. *आदिवासी जनजाति अध्ययन (विज्ञसमीक्षित वार्षिक शोधपत्रिका) Indigenous Nationalities Studies*, *3*(3), 115–142.

तामाङ, अजितमान. (२०२४). तामाङ-प्रदर्शनकारी लोक-कलाको रूपरेखा. *आदिवासी जनजाति अध्ययन (विज्ञसमीक्षित वार्षिक शोधपत्रिका) Indigenous Nationalities Studies*, *2*(2), 1–15.

तामाङ, अजितमान. (२०२३). तामाङ भाषाको लेखनप्रणाली बारे खोज र चर्चा. *Sahayaatra सहयात्रा*, ६(१), ५८४२५।
https://doi.org/10.3126/sahayaatra.v6i1.58425

तामाङ, आजितमान (२०२०क). तामाङ जातिको ठुङसा, बाब्सा र केसा [नेपाली]. भित्र *फ्याफुल्लाः* वर्ष. २९ (अंक ३९, पृष्ठ ३६–४४). अखिल भारतीय तामाङ बौद्ध संघ।

तामाङ, आजितमान (२०२०ख, सेप्टेम्बर, १९). तामाङ शब्दको व्युत्पत्ति, राष्ट्रवाचक र जातिवाचक अर्थ र तामाङ शब्द तिब्बती र्तमग बाट निर्माण भएको होइनःएक अध्ययन. तेमाल अनलाईन https://temalonline.com. Retrieved November 5, 2024,
fromhttps://temalonline.com/?p=30979&fbclid=IwAR2PFchcjiDiKJYNPKoRdnvcuwhn80ie2aOZLbivIAtQO02xLZ23B8B-jMk

तामाङ, अजितमान., ठोकर, राजेन्द्र., र तामाङ, सिजर. (२०१७). *प्रज्ञा तामाङ-नेपाली-अङ्ग्रेजी शब्दकोश*. नेपाल प्रज्ञा प्रतिष्ठान।

तामाङ, अजितमान. (२०१४). *प्राचीन तत्वीय सम्बत् ल्होखोर च्युङनी*. याम्बुरी बुक प्वाइन्ट।

तामाङ, अजितमान., ठोकर, राजेन्द्र., र तामाङ, सिजर. (२०११). *तामयीग लिपिमा तामाङ भाषाको मानकलेखन*. अजितमान तामाङ.

तामाङ, अजितमान. (२०१२). *तामाङ जातिको चिनारी*[नेपाली]. आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल तामाङ घ्हेदुङ।

तामाङ, अजितमान. (२०१०). *तामाङ जातिको इथ्नोग्राफिक प्रोफाइल*. आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान।

तामाङ, अजितमान. (२००६). *तामाङ गोअीला थेन ग्येन्छया: तामाङ भेषभूषा र गरगहना संक्षिप्त परिचय* [तामाङ-नेपाली]. कोनडोङडोङ थेत्माका लागि जगतबहादुर तामाङ।

तामाङ, आदीप. (२०२४, जनवरी, २८). *ब्रेल्साङला डीक्स्यु. ब्रेल्साङला डीक्स्यु*, [चु स्योस्यो सीक्कीमरी तामाङ युल्बाला जामेकोला स्यान्दो तामाङ आहीन्बा हुअीला म्हा ताबासे १२तामाङ ग्याल्बो च्युङनीला छोक्पाग्याम्से ताबा बीसी खास्योरमा जेन ब्रेल्बा ताबा तामला स्योस्यो]।

तामाङ, परशुराम.(१९९४, जेठ). स्वयम्भू ज्योतीरूपको उत्पत्ति र तामाङ जनजाति. *छार म्हेन्दो*, *१५*, ११-१३।

तामाङ, परशुराम (१९९४). *तामाङ जाति*. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

तामाङ, पेम्पा (२००५). नेपालको इतिहासमा किपट प्रथा र तामाङ जाति. ह्योन्जन पब्लिकेशन।

तामाङ, मुक्त सिंह (सम्पा.). (२००५). *जीक्तेन तामछ्योअी* [नेपाली-तामाङ]. तामाङ अध्ययन केन्द्र।

तामाङ, मोक्तान वीरबहादुर. (२०१४). *म्रावाअी सींगी* [नेपाली]. नेपाल तामाङ ग्हेदुङ, मक्वानपुर जिल्ला कार्यसमिति।

तामाङ, मोक्तान वीरबहादुर. (२०१८). *मोक्तान हुअीगी फोला छयोअी (मोक्तान वंशको कुल्यान पुस्तक)* (तेस्रो सं.[तामाङ र नेपाली], कुन्साङ तेन्जिङ लामा र रेश्मा थीङ।

तामाङ, रामसिं.(२०१३). *उत्तरी धादिङको तामाङ संस्कृति*. आदिवासी जनजाती समन्वय समिति, ज.वि.स. धादिङ।

तामाङ, सीताराम/Tamang, S. (1976). भोटे जातिको इतिहास-भूमिकाको रूपमा. *Mthunsbrel* མཐུན་སྦྲེལ༔།, *1*(1), 1–8.

तेन्जीन / Tenzin, Rikey, T., & Ruskin, A. (1992). A Brief Description of Yumbu Lakhar Castle. *The Tibet Journal*, *17*(2), 59–64. http://www.jstor.org/stable/43300436

नञा इस्तिहार. (१९३२, साउन, ११). *गोरखापत्र साप्ताहिक समाचारपत्र*, १-२.

पाख्रिन, सन्तवीर. (२०१३). *ताम्बाकाइतेन व्हाइ रिमठिम तामाङका पुर्खौली रीतिथिति र गीत*. रत्नपुस्तक भण्डार।

पाख्रिन, सन्तवीर. (१९५७). *ताम्बाकाइतेन व्हाइ रिमठिम तामाङका पुर्खौली रीतिथिति र गीत*. रत्नपुस्तक भण्डार।

प्रधान, अन्जना/Pradhan, A. (2002, December 31). Tamangs and Limbus are now ST. *The Times of India*. https://timesofindia.indiatimes.com/city/kolkata/tamangs-and-limbus-are-now-st/articleshow/32994949.cms

बमजन, एम.एस. (२००९). तामाङ जनजाति संघर्षको इतिहास (जस योन्जन, सम्पा.) [नेपाली]. अखिल भारतीय तामाङ बौद्ध संघ।

बल, प्रताप. (२०१६). *तामाङ ग्योत लोप्के: स्यारफाट, पाल्चोके, खाअीरी खान्दोके* [तामाङ-नेपाली]. पश्चिम बंगाल तामाङ डेबलोपमेन्ट एण्ड कल्चरल बोर्ड।

बिष्ट, डोरबहादुर/Bista, D. B. (2015). *People of Nepal* (2nd ed.) [English]. Ratna Pustak Bhandar.

ब्लोन, नारायन सिं.(१९९४). ङ्याम्बु याम्बु. *छारम्हेन्दो*, ३(१५), १० ।

भट्टाचार्य, गायत्री/Bhattacharyya, G. (2016). The Protean Identity of the Tamangs of India. *The Eastern Anthropologist*, *69*(3–4), 305–323. https://serialsjournals.com/abstract/99195_4.pdf

भाइनडिङ, माइकल/Vanding. M. (1998). *The Thakali Himalayan Ethnography.* Adroit Publishers.

भेन्सिटार्ट, एडेन/Vansittart, E. (2012). *Handbooks for the Indian Army  The Gurkhas* (3rd ed.) [English]. Asian Educational Services.

भेन्सिटार्ट, एडेन/Vansittart, E. (1896). *Notes of Nepal* [English]. Office of the Superintendent of Government Pringting, India. https://archive.org/details/in.ernet.dli.2015.32145

मगर-नेसनल म्युजिएम/*Magar–National Museum*. (2020, February 28). https://nationalmuseum.gov.np/archives/120

मुक्त सिं [तामाङ] (सम्पा.). (२००५). *जीत्तेन तामछ्योओी ཇིག་རྟེན་གཏམ་ཆོས* [तामाङ र नेपाली]. तामाङ अध्ययन केन्द्र. https://hdl.handle.net/1813/10118

राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०२३). जात/जाति, भाषा र धर्म राष्ट्रिय प्रतिवेदन. भित्र *राष्ट्रिय जनगणना २०७८*. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय. Retrieved November 26, 2023, from https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity

रेग्मी, जगदीशचन्द्र (१९९४). *काठमाण्डू शहरः सांस्कृतिक अध्ययनः भाग १* [नेपाली]. शिवप्रसाद उपाध्याय, अफिस अफ नेपाल एण्टीक्वेरी।

लामा, जि.डि.(१९८३). *तामाङ च्युङनीला ठीमतेन तामछ्योओी*. जि.डि. लामा।

लिम्बू याक्थुङचुम, आर.बि. (१९९८). *लिपि संगालो*. आर.बि. याक्थुङचुम

*स्वयम्भू पुराण* (मीनबहादुर शाक्य र शान्ताहर्ष बज्राचार्य, अनुवादक) (२००१). [नेपालभाषा]. नागार्जुन बौद्ध अध्ययन संस्थान.

*शर्मा, जनकलाल (२००१). हाम्रो समाज एक अध्ययन. (३)* [*नेपाली*]*. साझा प्रकाशन।*

होल्मबर्ग डेभिड एच./Holmberg, D. H. (1992). *Order In Paradox: Myth, Ritual, and Exchange Among Nepal's Tamang* (1st ed.) [Englsih]. Cornell University Press.

होफर, एन्ड्रास/Höfer, A. (1997). *Tamang Ritual Texts: II. Ethnographic Studies in the Oral Tradition and Folk-Religion of an Ethnic Minority in Nepal*. Franz Steiner Verlag.

होफर, एन्ड्रास/Hofer, A. (1981). *Tamang Ritual Text I: Preliminary Studies in The folk-Religion of an Ethnic Minority in Nepal* [English]. Franz Steiner Verlag WIESBADEN.

ह्यामिल्टन, एफ./Hamilton, F. (1819). *An Account of Kingdom of Nepal* [English]. Printed for Archibald Constable and Company.

# थारू भाषा र यसका भेद

**डा. कृष्णराज सर्वहारी**
प्राज्ञ सभा सदस्य- नेपाल प्रज्ञा प्रतिष्ठान

**१) विषयप्रवेश**

२०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा थारू जातिको जनसङ्ख्या १८ लाख ७ हजार १२४ (६.२ प्रतिशत) रहेको छ। मूल थारू समुदायबाट छुट्टै सूचीकृत भएका राना थारू जातिको जनसङ्ख्या ८३ हजार ३०८ (०.२९ प्रतिशत) रहेको छ। जातीय जनसङ्ख्या र भाषिक हिसाबले पनि थारु समुदाय चौथो स्थानमा रहेको छ। थारु जातिको वसोवास सबै प्रदेशमा रहेको छ। यद्यपि सघन बसाइँ लुम्विनी र सुदूरपश्चिम प्रदेशमा रहेको छ, जहाँ थारु भाषा लागू गर्न भाषा आयोगबाट सिफारिस गरिएको छ। लुम्बिनी प्रदेशमा ७ लाख ३२ हजार ६९ (१४.२९ प्रतिशत) तथा सुदूरपश्चिम प्रदेशमा ३ लाख ९७ हजार ८२२ (१४.७६ प्रतिशत) जनसङ्ख्या थारू समुदायको रहेको छ।

'दाङ जिल्लालाई थारू जातिको उद्गम थलो मानिन्छ। दाङमा थारू समुदायको जनसङ्ख्या १ लाख ७८ हजार ३८१ (२६.४२ प्रतिशत) रहेको छ। दंगीशरण थारू राजाले राज्य गरेका हुनाले दंगी शब्दबाट अपभ्रंश भई दाङ भएको भन्ने भनाइ छ। यही दाङबाट विभिन्न जिल्लामा थारूहरू बसाइँ सरी गएको भन्ने भनाइ छ। दाङको सुकौरामा दंगीशरण दरवार को भग्नावशेष अझै पनि छ (जिविस दाङ, २०७१, पृ। ७)। थारू आयोगले २०७७ सालमा गरेको थारू समुदायको थर सूचीकरणमा ५३२ प्रकारको थारूहरूको थर रहेको उल्लेख छ।

नेपाली बृहत् शब्दकोशमा 'थारू शब्दको परिभाषा यसरी दिइएको छ- नेपाल तराईमा पूर्वदेखि पश्चिमसम्म फैलिएको समान आकृति भएको तर संस्कार, पोशाक, भाषा ठाँवैपिच्छे फरक

---

*लुम्बिनी प्रदेशमा स्थानीय तहको सरकारी कामकाजको भाषा थारुबाहेक अवधि, मगर र भोजपुरी पनि सिफारिस गरिएको छ। यसबारे भाषा आयोगबाट पछिल्लो पटक दाङदेउखुरीको भालुवाङमा २०८२ वैशाख ८ गते विधेयकको ड्राफ्टउपर प्रदेश सभामुख, सम्बन्धित मन्त्रालयका मन्त्रीहरु, प्रदेश सांसद, भाषाविज्ञ र सरोकारवाला संघ संस्थाका पदाधिकारीबिच दफावार छलफल गरिएको छ।*

*जनसङ्ख्याको सबै स्रोत: केन्द्रीय तथ्याङ्क विभाग (२०७८)।*

*बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका प्राय: सबै थारू दाङदेउखुरीको कुनै न कुनै गाउँबाट बसाइँ सरी आएको बताउँछन्। कपिलबस्तु, रुपन्देही, नवलपरासी लगायत जिल्लामा पनि दंगौरा थारूहरू रहेका छन्। त्यसभन्दा पूर्वका थारूहरू पनि दाङ नै थारूको उद्गम थलो मान्ने गरेका छन्।*

*थारू समुदायको थर सूचीकरण (२०७७, पृ। ९-३०), प्रतिवेदक: मानवशास्त्र केन्द्रीय विभाग, त्रिवि कीर्तिपुर।*

पर्दै गएको जाति (त्रिपाठी र अन्य २०५५, पृ। ६२१) । नेपाली बृहत शब्दकोशमा थारू जातिको परिभाषा यस्तो दिइए पनि त्यो हरेक जातिकै विशेषता हो । ठाँवैपिच्छै जुनसुकै जातिको पनि बोली भाषा फरक पर्छ । नेपाली भाषाको मानक भाषा तयार भइसके पनि यो ठाउँ अनुसार अझै पनि फरक परिरहेको छ । थारूभाषी पनि ठूलो क्षेत्रमा फैलिएकाले यसका अनेक क्षेत्रीय भाषा छन् ।

थारू भाषा भारोपेली परिवार अन्तर्गत पर्दछ । नेपाल सरकारले जनगणना लिँदा पूर्वीया र पश्चिमा थारूलाई दंगौरा थारू तथा पश्चिम नेपालकै अर्को समूहलाई राना थारू गरी जम्मा दुई समूहमा वर्गीकरण गरेको छ । जसअनुसार २०५१ साल भदौ १ बाट रेडियो नेपाल क्षेत्रीय प्रसारण धनकुटाबाट पूर्वीया थारू भाषाको समाचार र रेडियो नेपाल क्षेत्रीय प्रसारण सुर्खेतबाट पश्चिमा थारू भाषाको समाचार प्रसारण हुदै आएको छ (सर्वहारी, २०६५, पृ। २१२) । २०५८ सालदेखि रेडियो नेपाल सुर्खेत प्रसारणबाटै राना थारू भाषाको छुट्टै समाचार प्रसारण हुँदै आएकोमा हाल स्थगित छ । थरुहटका अन्य एफएम रेडियोबाट थारू भाषामा समाचार र कार्यक्रम प्रसारण भइरहेका छन् ।

थारू भाषामा जागरण आएको धेरै भएको छैन । सर्वप्रथम थारू भाषा तथा साहित्य सुधार समिति, पश्चिम नेपाल २०२८ सालमा गठन भई सोही सङ्गठन मार्फत् 'गोचाली' (२०२८) पत्रिकाको प्रकाशन कार्य र थारू लोकसाहित्य तथा अन्य प्रकाशनले गर्दा थारू जातिमा भाषाप्रति मोह जगाउने कार्य गर्यो । काठमाडौंबाट थारू कल्याणकारिणी सभामार्फत् नेपालभरि समेट्ने गरी थारू भाषामा 'थारू संस्कृति' (२०३३) पत्रिकाको प्रकाशन कार्य र विभिन्न जिल्ला तथा केन्द्रबाट पत्रपत्रिकाहरू साहित्यिक कृतिहरूको प्रकाशन भयो । यद्यपि 'गोचाली' र 'थारू संस्कृति' दुवै पत्रिका हाल स्थगित छ । २०८० माघबाट नेपाल प्रज्ञा प्रतिष्ठानमार्फत् थारु भाषाको वार्षिक पत्रिका यही पंक्तिकारको कार्यकारी सम्पादनमा 'लवाङ्गी' प्रकाशन भइरहेको छ । थारु भाषामा विविधता देखिएकाले यो कुन क्षेत्रमा बोलिने भाषा हो, पाठकलाई अलमल नहोस् भनेर यो पत्रिकामा प्रकाशन हुने लेखकहरुको अनिवार्य ठेगाना राख्ने गरिएको छ । यो आलेख भने थारु भाषाको विभिन्न भेदमा केन्द्रित रहेको छ ।

**२। थारू भाषाका भेद**

थारू भाषाका विभिन्न भेद छन् । सुदूरपश्चिमाञ्चलदेखि पूर्वाञ्चलसम्म थारूहरूको वसोवास रहेकाले भाषामा विविधता आउनु स्वाभाविकै हो । भाषा विज्ञानका अनुसार प्रत्येक दश कोशको फरकमा एउटै भाषामा पनि फरक पर्दै जान्छ, जसअनुसार थारू भाषामा

पनि विविधता देखिन्छ । गोपाल दहित (२०६२) ले थारू भाषालाई ९ भाषिकामा वर्गीकरण गरेका छन्, जसमा दङ्गहा, देशौरी, राना, सप्तरिया, चितौनिया, देउखरिया, भौंरहिया, नवलपुरिया, सुनसरिया रहेको छ । गणेशप्रसाद खराल (१९९२ इसं, पृ. ५८०) ले पूर्वी, मध्यपश्चिमी तथा पश्चिमी गरी थारू भाषालाई मुख्य ३ भागमा वर्गीकरण गरेका छन् । खरालका अनुसार मैथिली, भोजपुरी र अवधी भाषाका विशेषताहरू पर्याप्त रूपमा पाइने हुनाले थारूलाई छुट्टै भाषाका रूपमा अङ्गीकार गर्न विद्वानहरुले असजिलो महसुस गरे पनि थारू भाषाको स्वतन्त्र अस्तित्वलाई नकार्न सकिँदैन । खरालले उक्त वर्गीकरणलाई टुक्र्याउँदै पूर्वी भाषिकामा मोरङ्गिया, सप्तरिया तथा राजवंशिया, मध्यपश्चिमी भाषिकामा चितवनिया र नवलपुरिया तथा पश्चिमी भाषिकामा दंगौरा, देउखुरिया, देशौरी, कठरिया र राना भनी व्याख्या गरेका छन् (२०६४, पृ. १४-१६), जसको छोटो चर्चा गरिन्छ ।

**३) पूर्वी थारू भाषा**

नेपालको पूर्वी तराईमा बोलिने थारू बोली पूर्वी थारू भाषा हो । यस भाषिकामा मोरङिया, सप्तरिया र राजवंशिया तीन प्रमुख उपभाषिका छन् ।

क) मोरङिया

मोरङ र सुनसरी क्षेत्रमा प्रचलित उपभाषिका मोरङिया हो । यसमा सप्तरियाझैँ मध्यस्वर ागम प्रक्रिया बढी देखिन्छ । जस्तै- आइँख, पाइन् (आँखा, पानी) । क्रिया पदान्तमा छे, छि, छल, छै, छियै, छियौ, हैन आदि प्रत्यय जोडिन्छन् ।

ख) सप्तरिया

सप्तरी, महोत्तरी, धनुषा र सर्लाहीमा सप्तरिया उपभाषिका बोलिन्छ । नामिक पद र क्रियावाची शब्द ध्वनिमा स्वरागमको प्रक्रिया बढी हुन्छ । जस्तै- आइँख (आँखा), चाइर (चार), जाइत (जात) आदि । क्रियापदान्तमा छै, च्यै, चियै, कै, छेलै, हेतै, हेवे, रहे आदि प्रत्यय जोडिन्छन् ।

ग) राजवंशिया

यो थारू भाषामा प्रचलित उपभाषिका हो । यसमा राजवंशी भाषाको पर्याप्त प्रभाव छ । साथै यसमा मोरङिया र सप्तरियाका भाषिक विशेषता पनि पाइन्छन् ।

**४) मध्यपशि्चिमी थारू भाषा**

चितवन, बारा, पर्सा, रौतहट र नवलपरासी जिल्लामा मध्यपश्चिमी थारू भाषा बोलिन्छ । यस भाषिकामा चितवनियाँ र नवलपुरिया दुई प्रमुख उपभाषिका छन् ।

क) चितवनिया

चितवन जिल्लामा बोलिने थारू उपभाषिका चितवनिया हो। वर्तमान कालको क्रियापदान्तमा बडिय, बडइ, बडह, बडिहे, बडहिं, बडहुं, बडि, भूतकालिक क्रियाको अन्तमा लिय, लहि, हलिय, हलहिं, हलहुं, भविष्यत क्रियापदमा हविहे, हविय, हवह, हवहि, हवह, हवि, हवहुँ आदि सहायक क्रियापदको प्रयोग हुन्छ।

ख) नवलपुरिया

नवलपरासी जिल्लामा प्रचलित थारू उपभाषिकालाई नवलपुरिया भनिन्छ। वर्तमानकालिक क्रिया पदान्तमा सइ, तइ, बहँ आदि सहायक क्रिया जोडिन्छन्। भूतकालिक क्रियाको पछाडि क, इलिय, ठ र आज्ञावाची क्रियामा हिन, प्रत्यय जोडिन्छ। चितवनियाँका क्रियापद पनि यसमा प्रयोग हुन्छन्। यसमा प्रायः 'सिन्' प्रत्यय जोडिएका क्रियापदको प्रयोग हुन्छ।

**५) पश्चिमी थारू भाषा**

दाङ्देउखुरी, बाँके, बर्दिया, सुर्खेत, कैलाली र कञ्चनपुर जिल्लामा पश्चिमी भाषिका बोलिन्छ। यसका दंगौरा, देउखुरिया, राना, कठरिया र देशौरी गरी पाँच भेद छन्।

क) दंगौरा

दंगौराको मूल क्षेत्र दाङ् उपत्यका हो। यहाँबाट बसाइँ-सराइ गरेर गएका व्यक्तिहरू बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, सुर्खेत, रूपन्देही तथा कपिलवस्तु जिल्लामा छरिएर रहेका छन्। भाषिक वक्ताका दृष्टिले दंगौरा पहिलो स्थानमा छ। वर्तमान कालको क्रियापदान्तमा ठुँ, टुँ, ठी, ठ्या, ठो, ठा, ठ, भूतकालिक क्रिया पदान्तमा नुँ, ली, ल्या, लो, ल्, ल तथा भविष्यत् कालको क्रियापदान्तमा म्, बु, बि, ब्या, बो, ई, हिँ प्रयोग हुन्छ।

ख) देउखुरिया

देउखुरी उपत्यका, कैलाली र कपिलवस्तुका केही भूभागमा देउखुरिया बोलिन्छ। वर्तमानकालीन क्रियारूप धातुमा टुँ, टी, टे, टो, टा, भूतकालमा लुँ, ली, ले, लो, ल, ला तथा भविष्यत् कालमा म्, बि, बो, ई, हीं, वि सहायक क्रियाको प्रयोगबाट हुन्छ।

ग) कठरिया

खास गरी कैलाली, कञ्चनपुर क्षेत्रमा कठरिया थारूहरू बस्छन्। रूपन्देही, कपिलवस्तुमा पनि कठरिया थरका थारूहरू बसोबास गर्ने गरेकोमा भाषामा भिन्नता छ।

घ) देशौरी

बाँके, बर्दिया, कैलाली, कञ्चनपुर जिल्लाका भारतीय सीमावर्ती क्षेत्रमा देशौरी उपभाषिका बोलिन्छ । यस उपबोलीमा विशेष गरी हिन्दी, ब्रज र अवधी भाषाको प्रभाव छ ।

ङ) राना

कैलाली र कञ्चनपुरका थारू समुदायमा प्रचलित राना थारूभाषी छन् । यसमा अवधी र हिन्दी भाषाको सम्मिश्रण छ । हिन्दी क्रियामा झै, है, हुँ, हो आदि सहायक क्रिया यसमा प्रचलित छन् ।

यसरी व्यस्थित रूपले भाषा वैज्ञानिक अध्ययन हुने हो भने राईहरूको झैं थारूहरूको पनि धेरै भाषा हुने देखिन्छ । जनगणनाको तथ्याङ्कले थारू समाजमा प्रचलित सम्पूर्ण भाषाहरूलाई दंगौरा र राना गरी दुई थारू भाषाको संज्ञा दिए तापनि थारूहरूले बोल्ने सम्पूर्ण भाषा एउटै हो भनी तबसम्म ढुक्क हुन्न, जबसम्म थारू समाजमा प्रचलित विभिन्न भाषिक भेद-उपभेदहरूको व्यवस्थित, वैज्ञानिक अध्ययन गरिँदैन ।

**६) उपसंहार**

पूर्वीया थारू भाषामा सप्तरी, सिरहातिर मैथिली भाषाको प्रभाव अधिक छ । यद्यपि भुलाई चौधरीले बरु मैथिली भाषामा थारू भाषा अधिक रहेको थारू संस्कृति (२०६१) मा उल्लेख गरेका छन् । झापा, सुनसरी, मोरङमा मैथिली भाषाको प्रभाव खासै नभएको थारूभाषीहरू बताउँछन् । बारा तथा पर्सातिरको थारू भाषामा भोजपुरी भाषाको प्रभाव देखिन्छ । चितवन र नवलपुर (नवलपरासीको आधा भाग) का थारूहरूले बोल्ने भाषा भने अन्य भाषाको प्रभाव त्यति धेरै देखिदैन । नवलपरासीदेखि पश्चिम कञ्चनपुरसम्मको भारतीय सिमाना जोडिएका थारूहरूमा अवधी भाषाको केही प्रभाव देखिन्छ । भाषागत आधारलाई हेर्ने हो भने खास गरी पश्चिम नेपालको दाङदेउखुरी, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेतमा दंगौरा, देउखुरिया तथा देशौरी गरी ३ भाषिका देखिन्छन् ।

विद्यालय तहमा मातृभाषामा पठनपाठनको अभियानलाई तीव्र पार्न सके मात्र थारू भाषा, साहित्यको श्रीवृद्धिले उचाइ लिने देखिन्छ ।  मातृभाषामा पठनपाठन हुन सके मात्रै भाषिक भेद पनि कम हुँदै जाने देखिन्छ ।

त्यसो त विभिन्न समयमा हुने नियमित साहित्यिक श्रृङ्खलाले पनि थारू भाषा साहित्यलाई उर्जा दिएको छ । थारू युवाहरूको साहित्यिक संस्था ठुम्रार साहित्यिक बखेरी (काठमाडौं),

थारू भाषा साहित्य केन्द्र (ललितपुर) थारू भाषा तथा साहित्य संरक्षण मञ्च (दाङदेउखुरी), जंग्रार साहित्यिक बखेरी (बाँके), हिरगर साहित्यिक बगाल (कैलाली), बातचित घर (कैलाली), लखागिन थारु उत्थान मञ्च (सुर्खेत) लगायतले थारू जातिमा भाषिक, साहित्यिक चेतना तथा जागरण अभिवृद्धिका लागि विचारगोष्ठी, सभा सम्मेलन गरिरहेका छन् (चौधरी, २०७६, पृ। ४६) । थारू लेखक संघ नेपालबाट थारू साहित्य राष्ट्रियसम्मेलन २०७३ सालदेखि निर न्तर जारी छ । हरेक वर्ष आयोजना गरिने यो सम्मेलन दाङदेउखुरीबाट सुरु भई कैलाली, बर्दिया, रूपन्देही, सुर्खेत, कञ्चनपुर बाँके, सुनसरी, पुनः २०८१ फागुनमा बर्दियामा गरी नवौं संस्करण सम्पन्न भएको छ । यसले थारू पुस्तक, पत्रिकाको प्रवर्द्धन तथा नयाँ पुस्तक प्रकाशनका लागि विमोचनको राम्रो अवसर सिर्जना गरेको छ । प्रत्येक वर्ष थारू साहित्य राष्ट्रिय सम्मेलनका अवसरमा उत्साहजनक रुपमा पुस्तक विमोचन हुने गरेको छ। साथै, यस सम्मेलनमा थारु भाषाको भेद र मानक भाषा विषयमा निरन्तर बहस भइरहेको छ ।

समग्रमा भन्दा थारूलगायत भाषालाई कामकाजीको भाषा बनाउन सके मात्रै संरक्षण हुनुका साथै भाषाभाषीले पनि अपनत्व महसुस गर्छन् । थारु भाषाको प्रर्वद्धनका लागि थारु स्रष्टाहरू नै जुर्मुराएर स्थानीय निकायमा कामकाजको भाषा बनाउनेदेखि थारू पाठ्यक्रम लागू गर्न गराउन जनप्रतिनिधिहरूलाई निरन्तर दवाव दिनुपर्छ । यसका साथै, राज्यको चौथो ठूलो भाषाको रूपमा रहेको थारू भाषा, साहित्यको जगेर्नामा स्थानीय पालिका, प्रदेश सरकार नेपाल प्रज्ञा प्रतिष्ठानलगायत विभिन्न सरकारी निकायको पनि पर्याप्त ध्यान जान नितान्त जरुरी छ ।

## सन्दर्भ सूची

- चौधरी, कृष्णराज (२०७६), थारू संस्कृतिमा कृष्णचरित्र परम्पराको अध्ययन, नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रका लागि नेपाली विषयमा विद्यावारिधिको शोधपत्र (अप्रकाशित) ।
- चौधरी, महेश (२०६४), समाजभाषा वैज्ञानिक दृष्टिले थारू भाषाको बृहत अध्ययन काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, (अप्रकाशित शोध) ।
- जिल्ला विकास समिति, दाङ (२०७१), दाङ जिल्ला पार्श्वचित्र २०७१, दाङः जिविस ।
- थारू, आयोग (२०७७), थारू समुदायको थर सूचीकरण, काठमाडौः थारू, आयोग ।
- सर्वहारी, कृष्णराज (२०६५), "थारू भाषामा रेडियो कार्यक्रमः सङ्ख्यामै जोड", स्वतन्त्र रेडियोको एक दशक विकास, बहस र सामाजिक सरोकार । हुमागाई, देवराज, प्रत्यूष वन्त र कोमल भट्ट, सं।, काठमाडौः मार्टिन चौतारी । पृ।२११-२४१ ।
- त्रिपाठी, वासुदेव र अन्य (२०५५), नेपाली बृहत् शव्दकोश, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

# राष्ट्रिय एकताको लागि नेपाली भाषा र साहित्य

**गोविन्दप्रसाद घिमिरे 'वेदमणि'**
बरिष्ठ साहित्यकार

ने मुनिद्वारा संरक्षित तथा नयपाल अर्थात् न्यायका पालकहरू भएको देश भनेर चिनिएको नेपालको अस्तित्व कहिलेदेखि थियो ? कुनै इतिहासकारले प्रमाणसहित लेख्न सकेका छैनन् । यो देश र यस अन्तर्गत काठमाडौं उपत्यका पृथ्वीनारायण शाहको एकीकरणभन्दा पनि पहिलादेखि नाम र कामले स्वतन्त्र रहेको मानिएको छ यसैको विषयमा संक्षिप्त प्रकाश पारिनेछ र भाषा के थियो ? वर्तमान नेपाली भाषाको उपस्थिति कहिलेदेखि भयो ? यसै विषयमा यस लेखमा चर्चा गरिने छ ।

पहिले काठमाडौ उपत्यकाको कुरा गरौं । करिव दशहजार वर्ष पहिले काठमाडौं उपत्यकाको पानी दक्षिणी कटुवाल दहबाट बहिर्गमन हुनथालेपछि बस्न योग्य केही भूभागहरूमा सर्वप्रथम महिषपाल तथा गोपालवंशीहरूको वसोवासको लागि आगमन भयो । स्थायी वसोवासी हुनथालेपछि उनीहरूले आफूहरूमध्येबाट गोपालवंशीहरूको एक नेता भुक्तमान चुनी शासन व्यवस्था सञ्चालन गरे, गराए । यसैलाई राजा भनियो । राज्य भाषाको रूपमा उनीहरूले संस्कृत भाषाको प्रयोग गरेको अनुमान गरिन्छ । लामो समय राज्य गरिसकेपछि अन्तिम राजा यक्षगुप्तको समयमा किरात वंशीहरूको आगमन भयो । किरातीहरूले तत्कालीन राजाहरूलाई विस्थापित गरी पहिला राजा यलम्बर भै शासन व्यवस्था सञ्चालन गर्न थाले । यी किरातीहरूले यहाँ लामो समय शासन गरे । उनीहरूले पनि राज्य भाषाको रूपमा संस्कृतलाई नै प्रयोग गरेको पाइन्छ ।

किरातीहरूको शासन चलिरहेको अवस्थामा काठमाडौं उपत्यकामा लिच्छवीहरूले आँखा लगाईरहेका थिए । यसै शीलशीलामा वर्तमान भारतको प्राचीन वैशाली राज्यबाट उत्तरतर्फ बढेका क्षेत्रीय वंशका लिच्छवीहरूले सिम्रोन गढ राज्यलाई कब्जा गरेर केही वर्ष शासन गरिसकेपछि उनीहरूको महत्वाकाञ्छा अझ उत्तर हिमालयतर्फ रह्यो र चुरे तथा महाभारत पर्वत शृङ्खला पार गर्दै काठमाडौं उपत्यकाभित्र प्रवेश गरे । यी क्षेत्रीय लडाकाहरूको मुख्य उद्येश्य युद्ध गरेर राज्य कब्जा गरी अर्को राज्यमा मिलाउने थिएन । मात्र स्वतन्त्र रहेका स्थानीय शासकहरूलाई विस्थापित गरी आफूले शासन गर्नु थियो । लडाका थिए, केही दिनको युद्धमा नै तत्कालीन समाजाध्यक्षलाई हराए र आफूले शासनाधिकार हातमा लिए ।

सिम्रोनगढका लिच्छवी जयदेव प्रथमको नेतृत्वमा गरिएको सशक्त आक्रमणले किरातवंशीहरूलाई यहाँबाट पलायन हुन बाध्य पार्‍यो । त्यतिखेर अन्तिम किराती राजा गस्ती नामका व्यक्ति थिए भन्ने कुरा अनुमान गरिएको छ । परम्परागत नाम नेपाललाई लिच्छवीहरूले पनि स्वीकार गरी किरातीहरूले विकास गरेका यहाँको संस्कृति तथा रहनसहनलाई यथावत कायममात्र हैन अझ बढावा दिँदै काठमाडौंलाई मन्दिर तथा वास्तुकलाको देश बनाउने लक्ष्य निर्धारण गर्दै अघि बढे । कारण उनीहरूको साथमा वास्तुविद शीपयुक्त व्यक्तिहरूको बोलवाला थियो । त्यसैले काठमााडौंमा वास्तुकलाको नमुना बनाउने अभियान सुरु गरेको मानिन्छ । उनीहरूले पनि राज्य भाषा संस्कृत रोजे ।

संस्कृतलाई राज्य भाषा बनाएको लिच्छवीहरूले स्थानीय रूपमा विकसित भैरहेको ब्राह्मी लिपीमा आधारित नेपाल भाषालाई पनि संरक्षणको नीति लिए । नेपाल भाषा स्थानीय स्तरमा प्रचलित थियो भने संस्कृत राज्य भाषाको रूपमा रहेको थियो । लिच्छवीकालमा उपत्यकाको विकासको गति तीब्रतर भयो । यो देखेर सिजा राज्य विघटन पछि नागराजका सन्तान क्राचल्लदेवकै वंशज अरिदेव तथा जयस्थिति मल्ल उपत्यका प्रवेश गरे । त्यतिखेर लिच्छवी राजा जय कामदेवको शासन चलिरहेको थियो । जय कामदेव तथा लिच्छवीहरूलाई विस्तापित गरी अरिदेव तथा जयस्थिति मल्ल नामका व्यक्ति काठमाडौं उपत्यकाको राजा हुन सफल भए । सुरुमा अत्यन्त शक्तिशाली राजाको रूपमा रहेका यिनीहरूले दक्षिणबाट भएको मुश्लिमहरूको पशुपति र स्वयम्भुनाथको आक्रमणलाई सशक्त प्रतिकार गरी मन्दिर तथा स्तूप बचाउन सफल हुनाको साथै विदेशीहरूलाई यहाँबाट भगाउन सफल भए ।

मल्लहरू नेपाली भाषी भएकाले सो भाषालाई राज्यभाषा बनाए । तर जनस्तरमा भने नेपाल भाषा नै विकसित हुँदैगयो । मल्लहरूले पनि यसको विकासमा टेवा दिँदै गए । यतिमात्र नभएर यसमा साहित्यका पुस्तकहरू लेखिन थाल्यो र धार्मिक पुस्तकहरूको अनुवादन हुन थाल्यो । यतिमात्र नभएर लिच्छवीहरूको दरबारमा राजपुरोहित बनेकाहरू राजोपाध्या, राजभण्डारी आदि वनारस गएर संस्कृतको अध्ययन गर्न थालेपछि यिनै मध्येका केहीले स्वयम्भु पुराण, पशुपति पुराण, नेपाल माहात्म्य, स्वस्थानी व्रतकथा माहात्य आदि पौराणिक ग्रन्थहरूको रचना गर्दै साहित्य भण्डारहरू भर्नथालेको पाइन्छ । जसरी पुराणहरू कसले लेखे ? कुन व्यासले लेखे :यो विषयमा कुनै प्रमाण पाइन्न । अर्थात् आफूले गरेको योगदानको चर्चा पुस्तकमा नगर्ने परम्पराको असर यस बेलाका लेखकहरूमा पनि पर्‍यो र कुनैपनि यस्ता पुराणहरूमा आफ्नो नाम लेखेनन् ।

मल्ल राजाहरू, खासगरी यक्ष मल्लमा हावी हुनगएको परिबारवादले यही उपत्यका तीन टुक्रामा विभक्त हुनपुग्यो । आफ्ना तीन छोरालाई राज्य विभाजन गरेर उपत्यकालाई कमजोर बनाइयो । तरपनि यतिखेरका उपत्यका राज्य आत्मनिर्भर भने थियो । अझ ल्हासातिरको आवत-जावत यतैबाट हुने भएकाले व्यापारिक केन्द्रको रूपमा कान्तिपुर हुनपुग्यो । राज्य कर समयसापेक्ष रूपमा उठिरहेको हुन्थ्यो । यसको सदुपयोग भने कला सिर्जना गर्दै उपत्यकाका तीनै शहरलाई कलामय बनाउनुमा प्रतिस्पर्धा भएको कारण अभूतपूर्व विकास यहाँ भयो । नेपाल भाषाको विकास पनि यसै समयमा भएको मानिन्छ । यदा कदा राजदरबारमा संस्कृत नाटक प्रदर्शन भएपनि अधिकांश नेपाल भाषामा लेखिएका नाटक मञ्चन हुन थाल्यो । गाईजात्रा, इन्द्रजात्रा, घोडेजात्रा, भोटो जात्रा, गहनापोखरी जात्रा, मत्स्येन्द्रनाथ जात्रा, विश्केट जात्रा, थिमी जात्रा आदि मनाएर शहरवासीलाई मनरोञ्जन दिने र नाटकहरूको विकास गर्ने अभियान थालियो तर लिखित अभिलेखको रूपमा ती नाटकहरू धेरै उपलब्ध हुनसकेनन् । तर पनि नेपाल भाषाको खँदिलो विकास भने यसैबेला भएको मान्नु पर्नेहुन्छ ।

उपत्यका बाहिर सिजा राज्यको विघटन पछि पनि एकीकरणको प्रयास चलिरह्यो । बालाराजा काशिराम र सेनवंशी राजाहरूको एकताको प्रयासलाई लिन सकिन्छ । जाजरकोट-दैलेख क्षेत्रका बालाराजा काशिराम युद्ध गर्दै पूर्वको चौदण्डी गढीसम्म पुगेको गाथा गाइन्छ । यता सेनवंशी राजाहरू पाल्पादेखि मकवानपुर, सिम्रौनगढ हुँदै मोरङ तथा उदयपुसम्म युद्ध गर्न गएको कुरा उल्लेख छ । तर बाइसे र चौबिसेको एकीकरण सम्भव भैरहेको अवस्था थिएन । गोरखाका राजा पृथ्वी नारायण शाहको नेतृत्वमा एकीकरणको महान् अभियान सुरुभयो । यस अभियानलाई बहादुर शाह, भीमसेन थापा अमरसिंह थापा आदिले व्यापक टेबा पुऱ्याए र नेपाललाई विशाल (ग्रेटर) नेपालमा परिणत गरी, टिष्टाद्खि काँगडासम्म शासन गर्न पुगे । यस अभियानले सारा नेपालीलाई प्रभाव पाऱ्यो र उनीहरूले बोल्ने नेपाली भाषालाई जनस्तरमा पुऱ्यायो । दरबार तथा वीर सैनिकहरूले जुन भाषाको प्रयोग गर्छन् सोही भाषाको प्रयोग अरू जनताले पनि गर्न चाहन्छन् अतः स्थानीय मातृभाषालाई छोडी दबारिया भाषामा रुचि बढ्न गयो । यसको दुई कारण छ । पहिलो त दरबारमा सजिलै सम्पर्क स्थापित हुनसक्ने र दोस्रो सैनिक वा दरबारमा तुरुन्त जागिर पाउन सकिने भएकाले पनि यसको प्रचार व्यापक हुनपुग्यो ।

पश्चिमको जलढका, शतलज (प्राचीन शतुद्रि नदी) देखि पूर्वमा टिष्टा मात्र हैन ब्रह्मपुत्रसम्म एकीकरण अभियानमा लाग्ने वीर नेपाली सैनिकहरूले नेपालीलाई मात्रृ भाषा बनाएर बसे को कारण पनि नेपाली भाषाको विस्तृतिकरण यसरी हुनपुग्यो । यतिमात्र हैन सुदूर पश्चिम र कर्णाली भेरीतिर जनस्तरमा नै नेपालीभाषाको प्रचार स्वरूप गन्धर्वहरूले घरघरमा गएर

नेपाली तथा डोटेलीभाषाका गीत, भैलो, द्यौसी र गाथा गाएर मनोरञ्जन प्रदान गरे । साथै विहेमा गाइने खाँडो, दोहोरी सिलोक, रत्यौली, गाउँखाने कथा र उखानटुक्का जस्ता लो क भाका तथा प्रचलनको विस्तारले गर्दा नेपाली भाषा यति व्यापक भयो कि स्थानीय मातृभाषाहरू नै लोप हुने स्थितिमा पुग्यो कतिपय स्थानमा लोप नै भए ।

माथि भनिएको डोटेली भाषाका देउडा गीत, भैलो र द्यौसी तथा गाथा नै पूर्व तर्फ अपभ्रंश हुँदै फैलियो र गाउँ गाउँको लोकगीतमा परिवर्तन भयो । भाका तथा लयमा भिन्नता र मिठास थपिदैं देशभरि फैलियो । रोदीघर, मारूनी, सङ्गिनी आदि नृत्यहरूको लोकप्रियताले गर्दा यो भाषा नेपाली जनजनको मूलमै पुग्न गयो र सम्पूर्ण पाहाडी इलाका नेपाली भाषाले ढाक्यो । मगर, गुरूङ, तामाङ, लिम्बु भाषाहरू दोस्रो र तेस्रो नम्बरमा पर्न गए । जुन कुरा परिणामहरूले पनि देखाएको छ । असारे, रोपाइँ, वेठी, रत्यौली, दोहोरी सिलोक, आदिले त मनोरञ्जनको साथै अशिक्षितहरूलाई पनि सर्जक बनाएको छ ।

गाउँघरका महिला तथा पुरुष जसले विद्यालयको अनुहार पनि देख्न पाएनन्, मेलापात, घाँस, दाउरा र गोठालो जाँदाको समयमा गाइएका गीतहरूले अशिक्षित नेपालीहरूमा बन्सोको बोटजस्तै भएर साहित्यिक लहराहरू फैलिए । कयौं लोकगीतहरू तयार भए । झ्याउरे, वालन, खैंजेडी भजनको रूपमा जनजनमा गीत तथा सङ्गीत साहित्य फैलियो । फैलिने क्रममा यो अलिखित थियो । पछि केही पढ्ने अवसर पाएका र सिर्जनाशक्तिको विकास गर्ने अवसर प्राप्त जाँगरिला सर्जकहरूले यस्ता लोक गीतको सङ्गह गर्दै प्रकाशनमा ल्याए । शास्त्रीय पण्डितहरूले मन नपराए पनि लोकमा भने अत्यधिक प्रचलनमा आउन थालेपछि सर्वप्रथम महाकवि लक्ष्मीप्रसाद देवकोटाले झ्याउरे भाकालाई समातेर मुनामदन लगायतको पुस्तक तयार पारी लोकार्पित गरेपछि यसको व्यापकता अत्यधिक भयो ।

त्यो भन्दा पहिले नै शक्तिबल्लभ अर्ज्यालले नेपालीमा पृथ्वीन्द्रोदय नामक महाकाव्य लेखेको भएपनि यसको प्रचार हुनसकेन । पछि भानुभक्त आचार्यले वेदव्यास रचित ब्रह्माण्ड पुराणको अध्यात्म रामायणलाई नेपालीमा भावानुवाद गरेर राख्नुभयो र मोतिराम भट्टले यसको प्रकाशन गरी व्यापक प्रचार गरिदिएपछि यो रामायण घरघरमा पुग्यो । नेपाली भाषाको पूर्वाधार त लोकगीतहरूले खडा गरिसका थिए । पछि यो रामायणले यसलाई स्थायित्व दिनमा धेरै हदसम्म मद्दत गऱ्यो । अहिले विश्वमा जहाँ जहाँ नेपाली छन् सबैको घरमा यो पुस्तक छ । आदरपूर्वक यसलाई पढिन्छ र भानुभक्तलाई भाषिक मात्र हैन जातीय एकताका नायक भनेर आदर गरिन्छ र उनको जयन्ती धुमधामले मनाइले गरिन्छ । नेपालमा सो दिन विदा नदिएपनि

पश्चिम बंगाली सरकारले दार्जिलिङ्ग, मिरिक, खर्साङ, कालिङपोङ आदि क्षेत्रमा विदा दिएर नै उत्सव मनाउँछ । यसको अलाबा भारतको असम, उत्तराखण्ड, मणिपुर, अरुणाचलमा बस्ने नेपाली भाषी भारतीयहरूले नेपाली जातीय एकताको रूपमा यो दिनलाई मनाएका छन् । सिक्किम राज्य सरकारले सो दिन विदा दिएर जयन्ती मनाउने गरेको छ । यसले नेपाली भाषाको गौरव कति बढाएको छ भन्ने थाहा हुन्छ ।

नेपाली भाषा यसरी फेलिँदै जाँदा आजको दिनसम्म विश्वभरिमा करिव २० करोड मानिसले बोल्ने भाषा बन्न पुगेको देखिन्छ । भारतको खासगरी पश्चिम बङ्गाल, सिक्किम, अरुणाचल, मणिपुर, उत्तराखण्ड, टिबेट, भुटान, म्यानमार आदि देशहरूमा असंख्य नेपालीभाषीको बसोबास रहेको छ । यतिमात्र नभएर विश्वमा जहाँ जहाँ नेपाली पुगेका छन् उनीहरूले बाहिर तत्तद्देशीय भाषामा बोल्न र काम गर्नु परेता पनि घरमा भने मातृभाषा नेपालीकै प्रयोग गरिरहेका छन् र दशैं, तिहार, तीज आदि पर्वहरूमा विदा लिएर भए पनि सबै नेपाली भाषी जम्मा भएर र मित्र बनेका तत्तद्देशीय नागरिकलाई पनि समावेश गराएर आफ्नो मौलिक संस्कृतिको जगेर्ना र चिनारी दिलाइरहेका छन् । उनीहरू मातृभाषाको रूपमा नेपाली भनेर जनगणना गराउन छोडेका छैनन् । यसरी नेपालभन्दा धेरै धेरै गुना बढी विश्वमा नेपालीभाषी हुन पुगेका छन् ।

अब नेपालको कुरा गरौ, यहाँ लगभग तीनकरोड नेपालीहरूमध्ये ४४।८६ प्रतिशतले नेपाली बोल्छन् । हुन त वि.सं. २०३८ सालको जनगणनामा ५८ प्रतिशत भन्दा धेरै नेपाली भाषी पुगेका थिए भने २०४८ मा ५१।३१ प्रतिशत भएको छ भने सो यता ५० प्रतिशत भन्दा कम देखाइएको छ । यसको मूल कारण के थियो भने ०३८ सालतिर कर्णाली अञ्चलका केही जिल्लामा ९८ प्रतिशत भन्दा बढी नेपालीभाषी देखाइएको छ भने त्यसयता कम पारिएको पाइन्छ । अर्थात् जनसंख्या घटेर यस्तो भएको हैन धेरैले मातृभाषा डोटेली लेखाउन गएको कारण नेपाली बोल्नेहरूको संख्या यसरी कम देखाइएको हो तर पनि वर्तमान समयमा सबै भन्दा बढी अर्थात ४६ प्रतिशत भन्दा बढीले नेपाली भाषालाई मातृ भाषा बनाउनु पनि ठूलो गौरवको कुरा हो ।

२०५२ पछिको माओवादी सशस्त्र द्वन्द्वको कारण यतिखेर जातिय कुरालाई बढी उचालियो र भाषाको पहिचान पनि बढी दिलाउने प्रयास गरियो । फलस्वरूप नेपाली भाषा बोलिए पनि गणनामा लेखाउने भाषा मात्र अन्य जनाइएकोले थोरै संख्या घटेको हो । यतिकै आधारमा नेपाली भाषालाई अवमूल्यन गर्न मिल्दैन । किनभने यसको लोकप्रियता घटेको नभै मातृभाषाको

पहिचान दिलाउने प्रयास भन्नुपर्छ । मातृभाषाको पहिचान कायं राख्न खोज्नु नराम्रो हैन तर यसरी भाषालाई वचाउन सकिन्न । भाषा वचाउन सोही भाषाका जीविकोपार्जनको एथेष्ट सम्भावना हुनुपर्छ अन्यथा जो सुकैले पनि विकल्प खोज्छ नै । उदाहरणको लागि कोरिया देशले रोजकारी दिने भएकाले कोरिया भाषा सिक्न धेरै नेपाली बाध्य छन् । यसैगरी जापानिज, अङ्ग्रेजी, चाइनिज, अरवी भाषा सिक्ने नेपालीहरू प्रशस्त छन् । यसको मूलकारण नै त्यो भाषामा पाइने रोजगारीको वा जीवन निर्वाहको माध्यम भेटिएर हो । एकातिर हामी जति प्रयास गरौं, सो भाषामा जीविका चलाउन सक्ने वातावरणको निर्माण गरिरहेका छैनौं भने तत्भाषा संरक्षणको प्रयास बालुमा पानी हालेजस्तै हो ।

नेपालमा १२८ भाषा त सूचिकृत भएका छन तर जीविकोपार्जनको माध्यम भाषा हुनसकेका छन् ? विचारणीय कुरा यसैमा छ । यदि नेपाली भाषाको प्रचलन भएको स्थानमा रोजगारीको अवसर मिलिरहेको छैन भने बाध्य भएर नेपालीले अरू भाषामा ध्यान लगाउन आवश्यक भैरहेको हुन्छ । त्यसैले पनि नेपाली भाषा वर्तमान समयमा अलि कमजोर भएको मान्न सकिन्छ । यस्तै हामीले प्रत्यक्ष अनुभव के गरिरहेका छौ भने । मातृभाषा नेवारी भएकाहरूले नेवारीमा भविष्य देखिरहेका छैनन् आफ्ना सन्तानलाई विदेशी भाषाको ज्ञान दिलाउन तयार छन् । आफू भोको बसेर पनि बोडिंङ्ग स्कुलमा अध्ययन गराइरहेका छन् र घरमा समेत नेवारीको प्रयाग गर्दैनन् । यस्तै नेपालभाषा, तामाङ, शेर्पा, मगर, गुरूङ, मैथिली, भोजपुरी, अवधि, बज्जिका, थारू, लिम्बुआदि भाषाको विकासको लागि सरकारी प्रयासमै पाठ्य पुस्तक तयार गरेर लागू गरेपछि पढ्नेहरूको रुचि कम हुँदै गएको वा अभिभावकले नै मातृभाषा पढाउन नचाहेको देखिन्छ । यस्तो अवस्थामा जतिसुकै प्रयास गरेपनि भाषा वचाउ अभियान सफल हुन सकिरहेको छैन वा, सक्नेछैन । अत न चाहेर पनि केही भाषा लोप हुनबाट र धेरै भाषा सङ्कुचन हुनबाट कसैले रोक्न सक्ने छैन ।

यसो भन्दैमा हामी नेपालीले पार पाउनेवाला छैनौ । हामी स्वतन्त्र देशका नागरिक हौ । हामी इतिहासमा पनि कहिल्यै कसैको गुलाम भएनौ । चन्द्र र सूर्यको चिन्ह भएको राष्ट्रिय झन्डा स्वतन्त्रताको पहिचान हो । हरेक नेपालीले जुनसुकै भाषा बोले पनि त्यो हाम्रो राष्ट्रिय चिनारी हो । यसको सरक्षणमा जुट्न सबैले पर्छ र जोगाउनु आवश्यक छ । यसको लागि स्वदेशमा रोजगारीको विकास गरिनुपर्छ । व्यापार व्यवसाय बाहेक उद्योग धन्दा निजी क्षेत्रबाट नेपालमा विकास भएको छैन । 'उद्योग सरकाले गर्ने हैन निजी क्षेत्रले गर्ने हो' भनेर २०५० देखि नै तत्कालीन नेपाल सरकारले बनाएको नीतिको कारण नेपालमा नाफा कमाएर हजारौंलाई रोजगारी दिइरहेको उद्योगहरू धमाधम बेचिए । परिणाम हातलाग्यो शून्य । कसैले पनि खरिद

गरिएको उद्योगलाई सुचारू गरेनन् । मेसिनहरू वेदेशमा बेचिए, जमिन हिनामिना भयो र प्रायः उद्योगहरू खण्डहरमा परिणत गरिए । औद्योगिक क्षेत्रहरू नै समाप्त पारिएको उदाहरण खोज्न अन्यत्र जानु पर्दैन । अत : पूर्ववत् सरकारी क्षेत्रमा नै यिनको विकास गरिनु आवश्यक छ ।

भाषा विकासको लागि दोस्रो नं।मा परेका छ साहित्य । जुन भाषाको साहित्य गहकिलो छ त्यो भाषा कहिल्यै मर्दैन । उदाहरणको लागि संस्कृतभाषालाई लिन सकिन्छ । अहिले विश्वमा कतै पनि जनस्तरको भाषा संस्कृत छैन । मृत प्राय भन्ने गरिएको छ । तर सोही भाषामा रचित साहित्यले विश्व साहित्यलाई प्रभाव पारेको छ । हरेक भाषाका साहित्यकारहरूले संस्कृतको सिको गरेका छन् । आज गीता मात्र सात सय श्लोकको एक पुस्तकले आठ अरव मानिसको मनलाई छोएको छ । यस्तै उपनिषदका सूत्रहरूको व्याख्या विश्वको कयौं भाषामा अनुवाद भएर पढिने गरिन्छ । त्यसैले भनिन्छ जुन भाषाको साहित्य प्रभावकारी छ सो भाषा बलियो हुन्छ । नेपाली बलियो हुनाको कारणहरू माथिनै बताइसकियो । अङ्ग्रेजी भाषा प्रभावकारी हुनाको कारण सेक्स पिएरले लेखेका ग्रन्थहरू हुन् । म्याक्सीम गोर्की, जस्ताले रसियन, लूसुन जस्ताले चाइनिज भाषालाई बलियो बनाएको मान्नु पर्छ । यस्तै स्पेनिस, फ्रेञ्च, जर्मनी भाषाहरू बलियो हुनाको कारण नै त्यस भाषामा रचित साहित्य हो । ती साहित्यका विधाहरूमा धर्मदर्शनको स्थान पहिलो श्रेणीमा पर्दछ ।

नेपालमा बोलिने र लेखिने भाषहरूमा पहिलो श्रेणीमा त नेपाली पर्ने कुरा माथि आइसकेको छ। त्यसपछि मैथिली ११, भोजपुरी ६, थारू ५, तामाङ ४।८ र वज्जिका ३।८ प्रतिशत मानिसहरूले बोलिरहेका छन् । नेपालमा सुचिकृत १२८ भाषाहरूमध्ये १० हजार भन्दा कमले बोल्ने ३४ प्रकार का भाषा रहेका छन् । एक हजारभन्दा कमले बोल्ने भाषाहरूको संख्या २३ रहेको छ । मातृभाषा बाहेक दोस्रो भाषाको रूपमा नेपालीलाई नै प्रयोग गर्नेहरूको संख्या लगभग ४६ प्रतिशत रहेको पाइन्छ । यसरी विश्लेषण गर्दा नेपालमा नेपालीभाषी ९० प्रतिशतभन्दा बढी रहेको मान्नु पर्ने हुन्छ । सबैजातिले नेपाली भाषा बोल्ने र बुझ्ने कुरा निश्चित छ । अर्थात् सारा नेपालीलाई एकै सूत्रमा बाँध्ने भाषा भनेको नेपाली नै हो भन्ने प्रमाणित भएको छ ।

माथि उल्लेखित विश्वमा रहेका २० करोड नेपाली भाषीमध्ये भारतमा मात्र ८ करोड नेपाली भाषी रहेका छन् । नेपालमा लगभग तीन करोड छन् भने बाँकी अन्य माथि उल्लेखित देशहरूमा र विश्वमा फैलिएर रहेका छन् । प्रदेशगत रूपमा पनि कोशीमा ४५।२, वाग्मतीमा ५६ प्रतिशत, गण्डकीमा ७३।३, लुम्बिनीमा ५०।८, कर्णालीमा ८८।८, सुदूर पश्चिममा ४२।४ र मधेस प्रदेशमा ११ प्रतिशत भन्दा बढी देखिएको छ । समग्रमा तुलना गर्ने हो भने मधेश

प्रदेशबाहेक अधिकांश प्रदेशमा नेपाली नै अगाडि रहेको र जतातते सम्पर्क भाषाको रूपमा मान्यता पाइरहेको कुरा छर्लङ्गिन्छ ।

भनिन्छ प्राचीन खसकुराका पश्चिमी, केन्द्रीय र पूर्वी गरी तीन प्रशाखाहरू हुनपुगे । पश्चिमीमा कुलु र सिम्लातिरका भाषाहरू, केन्द्रीयमा कुमाउ र गढवाली भाषाहरू र पूर्वीमा नेपाली भाषाको रूपमा विकसित भएको हो ।(राष्ट्रभाषा पृ २६, बालकृष्ण पोखरेल) कसैले भन्छन् नेपाली भाषा शौरसेनीबाट, संस्कृतको उदिच्यबाट वा अरू भाषाबाट जन्मिएको हो अझै यथेष्ट अनुसन्धान हुनसकेको पाइन्न । सिँजाली सम्राटहरूको पालामा यसको विकास भएको कुरामा भने सत्यता छ । मध्य एशियाली आर्यहरू प्वककष्तभ कस क्षेत्रबाट वसाइ सर्दै विश्वको अनेकौं क्षेत्रमा पुग्ने क्रममा केही आर्यहरू खारिप्रदेश हुँदै मानसरोवर तथा कस्मिरलाई राज्यमा मिलाउँदै सिँजामा आइपुगेर विशाल राज्य बनाएको कुरा इतिहासले देखाउँछ । नागराजका वंशज सपादलक्ष पर्वतका राजा अशोक चल्लसम्म खसकुराले राजभाषाको मान्यमा पाएको हुनाले यसको विकास व्यापक भएको हो ।

यतिमात्र नभै गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुभन्दा पूर्व नै मध्यकालीन समयमा काठमाडौं उपत्यकामा पनि नेपाली भाषाको राम्रै विकास भैसकेकको सुम्लिङटारस्थित अभिलेखले देखाउँछ । यसमा भएको प्रमाण लक्ष्मीनृसिंह मल्ल (सं १६९८), जगत्प्रकाश मल्ल(सं १७२०), प्रताप मल्ल (सं १७२७) र भूपतीन्दमल्ल (१७७१)हरूको अभिलेखहरूमा नेपाली भाषाले प्रवेश पाएको थियो । जनस्तरमा हेर्ने हो भने पनि राधौं जैसीको सं १७६९ सुम्लिङटारस्थित एक अभिलेख फेला परेको छ त्यसमा भनिएको छ 'श्री राधौ जोसीले श्री विश्वेश्वर स्थापना गऱ्या । विश्वेरकन सुम्लिङटारमाहा सोल मरिको षेत शिवप्रिति श्री राधौ जैसीले गऱ्या । ताहामाहा जो विश्वेश्वरको पुजा गर उसकन पचास पाथी धान दिनु ।' यस अभिलेखमा स्पष्ट नेपाली भाषाको प्रयोग भएको देखिन्छ ।

पृथ्वी नारायण शाहको उदय र उनको विजयपछि विजित राज्यहरूमा विजेताहरूले नेपालीकै प्रयोग व्यापक रूपमा गर्नथालेपछि यस भाषाको विकास तिब्रतर बन्दै गएको हो । यतिमात्र नभएर राजाहरूले बोल्ने भाषामा नै साहित्यहरू लेखिन थाल्यो । ती नेपाली भाषा प्रयोग गर्ने लेखक महारथिहरूमा शक्तिवल्लभ अर्ज्याल, भानुदत्त, भानुभक्त आचार्य, वाणीविलास पाँडे, उदयानन्द अर्ज्याल, दैवज्ञकेशरी अर्ज्याल, विजयानन्द, विद्यापति, रानी ललिता, भवानीदत्त पांडे, योगी डम्बर गिरी, सुन्दरानन्द बाँडा, नील कवि, पदम शर्मा, शशिधर स्वामी, मेजर रधुवीर सिंह, इन्दिरस, गुमानी पन्त, विद्यारण्य केशरी, यदुनाथ पोखऱ्याल, वीरशाली पन्त,

सुवानन्द, हरिदास आदि लेखकहरूको नाम अग्रभागमा आउँछ । भलै राजाहरूलाई खुसीपार्ने उद्देश्यले स्तुतिगानहरूले सजिएपनि वास्तवमा नेपाली भाषाको प्रयोगलाई भने प्राथमिकतामा राखी रचना गरियो । यिनै कारणले पनि नेपाली भाषाको सर्वव्यापकता भएको हो ।

पृथ्वीनारायण शाहका पुरोहित भट्टाचार्य शक्तिवल्लभ अर्ज्यालले विशाल नेपालको परिभाषा गर्दै नेपालीलाई प्राथमिकता दिँदै यसरी लेखेका छन् जो मननीय भएकोले यसमा साभार गरेको छु 'जौन् नेपालराज्य विषये हेमालय पर्वतका कंदरादेषिन् पार्वतीका पसेनाले उत्पन्न भयाका फेरि चारैतिरबाट बडाबडा मुनिजनहरूले सेवा गरियाका कौशिकीका धारा वेगले वहंछन्, जौन् नेपाल राज्य विषये हेमालय पर्वतका कन्दरादेषिन् सप्तगंडकीका धारा वेगले वहंछन्, जाँहाँ संसार विषये प्रख्यात भयाका नीलकण्ठ विराजमान भयाका छन्, सोही नेपाल देश हो । जाँहाँ पर्वत विषये श्रेष्ठ भयाका हेमालय पर्वतकी पुत्री गुह्यकाली विराजमान भयाका छन्, जाँहाँ संपूर्ण भयकन हर्न्या भयाकी बज्रयोगिनी छन्, जाँहाँ पंचलिङ्गेश्वर पचलीभैरव छन्, यस्ता नेपाल देश विषये श्री महाराजाधिराज रण बहादुर शाह जयजयकार भयाका छन् ।' हास्य कदम्ब नाटक, प्रथम उल्लास । यस प्रमाणले थाहा हुन्छ कि नेपालीको प्रयोग कति इज्जतसँग गरिएको छ ।

नेपाली भाषालाई मातृभाषाको रूपमा बाहुनक्षेत्री र ठकुरीले मात्र प्रयोग गर्दछन् भन्नेहरू पनि छन् । २०७८ को जनगणनाले नेपालमा क्षेत्रीयको संख्या ४७९६९९५ जना १६.४५ प्रतिशत, ब्राह्मण ३२९२३७३ जना ११.२९ प्रतिशत र ठकुरी ४९४४७० जना १.९ प्रतिशत देखाउँछ । सबै जोड्दा २८।८३ प्रतिशत मात्र हुनआउँछ । यसले के प्रमाणित गरेको छ भने नेपाली भाषा मातृ भाषाको रूपमा ब्राह्मण क्षेत्री तथा ठकुरीको मात्र हैन अरूको पनि हो भन्ने देखाउँछ । भारतलगायतका देशहरूमा भने यस्तो भेदका कुरा गरिन्न । मात्र नेपाली जातिको भाषा भन्ने गरिन्छ । भारतीय नेपाली भाषीले वर्षौंसम्म भाषिक आन्दोलन गरे फलस्वरूप २० अगष्ट १९९२ सन् मा भारतीय संविधानको अनुसूची ८ मा समावेश गरेर राष्ट्रिय भाषाको मान्यता पाएको अवस्था पनि छ ।

अन्त्यमा नेपाली भाषा र साहित्यको विकास नेपालमा मात्र हैन विश्वमा नै तीब्रतर रूपमा भैरहेको छ । साहित्य पनि यसमा धेरै लेखिएका छन् । भारतीय सिक्किम राज्यमा पवन चाम्लिङ्ग मुख्य मन्त्री भएको समयमा प्रोत्साहनको लागि नेपालीमा लेखिएका पुस्तक यथेष्ट किनिदिएर राज्यभरि वितरणको व्यवस्था गरेको थियो । अहिले पनि त्यो नीति कायमै रहेको छ । नेपालको गोकर्णेश्वर न।पाले पनि यही नीति लिएको छ । प्रत्येक गोकर्णेश्वर वासीले लेखेको

पुस्तक १०० प्रति प्रोत्साहनको लागि किनिदिएर विद्यालयहरूको पुस्तकालयहरूका वितरण गर्नेगरेको छ । तर यो नीतिलाई अरू पालिकाहरूले अपनाएको जस्तो लाग्दैन । राज्यको निकायले सहयोग नगरेपनि पश्चिम बंगालको पूर्वीक्षेत्र र असममा पनि नेपाली भाषीहरूले साहित्य लेखनको गतिलाई तीब्रतर नै बनाएका छन् । नेपालमा पनि लेखनको गति सन्तोष जनक छ प्रतिदिन चारवटा पुस्तक प्रकाशित भएको अनुमान गर्न सकिन्छ ।

तर पठन सस्कृतिको विकास भने खुम्चिएको छ । पुस्तकालय गएर पढ्नेहरूको संख्या कम भएको छ । आज भन्दा २५ वर्ष अगाडि कुनै एक पुस्तक ११ सय प्रति छापिन्थ्यो भने अहिले पनि यस्तै छ । पुस्तक निस्कन्छन् तर बजारमा विक्री नभएर थन्किन्छन् । यो अवस्थामा सुधार ल्याउन नेपालका सङ्घीय, प्रदेश र स्थानीय निकायले चासो लिनुपर्ने र पठन तथा लेखन संस्कृति विकास र संरक्षणमा ध्यान निदुपर्ने बेला भैसकेको छ । अनिमात्र नेपाली भाषा बलियो हुन्छ । राष्ट्र तथा विश्वभरि छरिएर रहेका नेपालहरूलाई एकै शूत्रमा कस्ने नेपाली भाषाबाहेक अरू केही छैन त्यसैले यसको विकासमा सरकारको ध्यान जाओस् अस्तु ।

# ऐतिहासिक थलो १२ सय पल्टन (थोबोडाँडा)

**जीवन लामा**
दोलखा

दोलखा जिल्ला बागमती प्रदेशमा पर्दछ। काठमाडौंबाट १३३ किलोमिटरको दुरीमा सदरमुकाम चरिकोट पर्दछ। यस जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिका छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार दोलखामा १,७२,७६७ जनसंख्या छ। एउटा संघ र २ वटा प्रदेश निर्वाचन क्षेत्र पर्दछ। दोलखा हिमाली जिल्लाभन्दा फरक नपर्ला। सात सय मिटर सितलीदेखि ७,१३४ मिटर उचाई रहेको गौरीशंकर लगायत अन्य ६ हजारभन्दा माथिका थुप्रै हिमाल छन्।

दोलखा धार्मिक, सांस्कृतिक र प्राकृतिक रुपमा झनै सुन्दर र ऐतिहासिक जिल्लाको रुपमा चिनिन्छ। ठूला ठूला गुम्बादेखि मठमन्दिर प्रशस्तै छन्। दोलखा भीमेश्वर मन्दिर, कालिञ्चोक भगवती, राम्बुले माई, महाङ्काल, देउलाङ, देउढुङ्गा जस्ता महत्वपूर्ण मठमन्दिर छन् भने लाप्ची, विगु, चरिघ्याङ, सुस्पाक्षमावती, श्यामामा ऐतिहासिक गुम्बाहरु छन्। यहाँ लोपोन्मुख जातिदेखि अन्य आदिवासी जनजाति छन्। यहाँ बसोबास गर्ने जातिहरुमा तामाङ, थामी, नेवार, शेर्पा, मगर, माझी, गुरुङ, जिरेल, सुरेल, कुमाल, भुजेल र क्षत्री बाहुन, दलित मुख्य हुन्।

दोलखा ऐतिहासिक जिल्ला पनि हो। बाइसे चौबिसे राज्य हुनेबेला दोलखामा पनि धेरै राज्य भएको प्रमाण भग्नावशेष अवस्थामा रहेका भौतिक संरचना र थलोले पनि प्रष्ट्याउँछ। अधिकांश स्थानमा रहेका दरबारहरु संरक्षणको पर्खाइमा रहेका छन्। बुलुङको गोलेदरबार र काटाकुटीमा रहेको गोल्मादरबार पछिल्लो उदाहरण हुन्। चरिघ्याङ गढी, च्यामा गढीदेखि थो बोडाँडा (थोबोगङ) १२ सय पल्टन युद्धभूमि दोलखाको ऐतिहासिक पाटो हो। दोलखा जिल्ला भीमेश्वर नगरपालिका-२ दोल्खा शहरमा राजा इन्द्रदेवले नेपालमै पहिलो पटक चाँदीको सिक्का प्रचलनमा ल्याएका थिए।

मैले यहाँ थोबोडाँडा (थोबोगङ) को विषय वस्तुको चर्चा गर्न लागेको छु। साविक लामाबगर गाउँ विकास समिति हाल विगु गाउँपालिका, वडा नम्बर १ लामाबगरमा अवस्थित छ। थोबोडाँडा (थोबोगङ) बाह्रसय पल्टन गढी। विगु गाउँपालिका वडा नं। १, २ र ३ (लामाबगर, ओराङ, बुलुङ) मा तामाङ जातिको बाहुल्यता छ। यहाँ रहेका अधिकांश स्थानको नाम तामाङ भाषाबाटै नामाकरण गरेका छन्। थोबोगङ शब्द अपभ्रंश भएर थोबोडाँडा भएको मानिन्छ। स्थानीय तामाङहरुले अहिले पनि यस ठाउँको नाम थोबोगङकै रुपमा चिनिन्छ। थोबोगङ

बाहिरबाट हेर्दा टाउकोजस्तो देखिने डाँडा छ । टाउकोजस्तो देखिने डाँडा भएकाले तामाङ भाषामा थोबोडाँडा भनिएको हुनुपर्ने स्थानीय तामाङहरुको भनाई छ । तामाङ भाषामा थोबो भनेको टाउको र गङ भनेको डाँडा भन्ने बुझिन्छ। १२ सय पल्टन भनेको यस डाँडामा १२ जना पल्टनले लडाई लडेको हुनाले १२ सय पल्टन भनेर पछि बोल्न थालेको हो । थोबोगङ यस गढीको पूर्वमा गौरीशंकर गाउँपालिका, पश्चिममा विगु गाउँपालिकाको ५ र ६ वडाका साथै स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा विगु गाउँपालिकाका २, ३ र ४ नम्बर वडाहरु पर्दछन् । वडाका थुप्रै सम्पदाहरुमध्ये थोबोगङ (१२ सय पल्टन) ऐतिहासिक स्थल हो । यस गढी सदरमकाम चरिकोटबाट करिब ८६ किलोमिटर पूर्वउत्तरमा रहेको छ । यो गढी २७। ९०। ५२७८ उत्तरी अक्षांश र ८६। २०। ५२८ पूर्वी देशान्तरमा रहेको छ भने थोबोगङ सतहबाट ४१,०० मिटर उचाईमा रहेको छ । विगु चीनसँग सिमाना जोडिएको गाउँपालिका हो । विशेषगरी चीनको लाप्चीहुँदै चीनको सिमाना फलाक, कुत्ती, ल्हासा पुग्न सकिन्छ । भूकम्पअघिसम्म लामाबगर र लाप्चीबासीले चीनबाटै खाद्यन्न, लत्ताकपडा समेत चीनको बजारबाट आयात गर्थे । लामाबगर, लाप्चीबासीले विवाह सम्बन्धसमेत चीनका नागरिकसँग हुन्थ्यो । भेडा, च्याङ्ग्रा, चौरी, घोडा, लुकुनी, जडिबुटी जस्ता वस्तु पनि चीन निर्यात गर्थे । लामाबगरसम्म यातायातको सुविधा नहुँदा व्यापार व्यवसाय चीनतिर हुने गर्थ्यो । माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माणको क्रममा लामाबगरसम्म सडक पुगेको छ । सडक नहुँदा लामाबगरबासीले किनमेल गर्न चरिकोट आवतजावत गर्न ४ दिन लाग्थ्यो । तर पछि लामाबगरसम्म सडक पुगेपछि मात्र चीनतिर किनमेल गर्न जान छाडेका हुन् । दोलखाका अधिकांश ठाउँबाट कुत्तीमा नून लिन जाने गर्थे । चीनसँग सिमाना मात्र जोडेको कारण व्यापार व्यवसाय नभई सस्तो र सहज भएकाले पनि सयौं वर्षदेखि सम्बन्ध रहेको देखिन्छ ।

१९१२ सालमा जङ्गबहादुर राणाको शासन कालमा भएको नेपाल भोट-युद्ध भएको थियो । राज्यको तर्फबाट यस युद्धको तयारी सम्बन्धमा एउटा हस्तलिखित पस्तक प्रकाशनमा आएको छ । जसमा जनरल धीर शमशेरका मातहतमा कम्याण्डिङ्ग कर्णेल पहलमानसिंह बस्न्यातले हाँकिने कालीप्रसाद, गोरखनाथ र शेर कम्पनीमा कार्यरत सिपाहीहरुलाई १९११ साल फागुन २१ गते शनिबार पूर्णिमाको दिन साइत् गरी लिस्ति हुँदै कुतीतिर प्रस्थान गराएको देखिन्छ । (**खनाल,२०३५ : २१**)

नेपाल भोट युद्ध हुँदा दोलखाको **'१२ सय पल्टन गढी'** मा कस्तो किसिमको युद्ध कसरी भएको थियो भन्ने ऐतिहासिक विवरणहरु उल्लेख भएका कागजातहरु हालसम्म केही प्राप्त भएका छैनन् । जसका कारण **'१२ सय पल्टन'** को इतिहास सजिलैसँग लेख्न सकिने स्थिति छैन ।

तर दोलखा जिल्ला पार्श्वचित्रमा जिल्लाका पर्यटकीय स्थलहरुको चर्चा गर्ने सन्दर्भमा यसरी पहिलो पटक **'१२ सय पल्टन गढी'** को संक्षिप्त विवरण यसरी प्रकाशन गरेको पाइन्छ ।

*"दोलखा जिल्लाको लामाबगर, ओराङ र बुलुङ गाविसको उत्तरतर्फको थोपाडाँडामा बाह्रसय पल्टन भन्ने स्थान रहेको छ । जुन दोलखा जिल्लाको लागि मात्र नभएर नेपालकै लागि ऐतिहासिक अध्ययन अनुसन्धानको लागि महत्व राख्ने स्थान हुन सक्दछ । नेपाल र तिब्बत बीचको लडाइँमा नेपाली पल्टनले बुद्धि पुर्याएर त्यस स्थानमा १२ सय वटा ढुङ्गाहरु पल्टन जस्तै बनाएर राखी तिब्बती सेनाहरुलाई छल्न सफल भएका थिए भन्ने भनाई रहेको छ । तिब्बती सेनाहरुले नेपाली पल्टन भनेर त्यही ढुङ्गामा आफ्नो सारा शक्ति लगाए तर नेपाली पल्टनले झुक्याएर तिब्बती सेनालाई परास्त गरेको भन्ने भनाई रहेको छ ।"* **(पार्श्वचित्र,२०५८ :२९)**

यस विवरणबाट दोलखाको **'बाह्रसय पल्टन गढी'** मा नेपाल र भोट सेनाबीचमा युद्ध भएको र नेपालले बढो चलाखीपूर्वक उक्त युद्धमा विजय हासिल गरेको थियो भन्ने सङ्केत मिल्दछ ।

त्यस्तै यस १२ सय पल्टनकै बारेमा "कर्णेल धीरशमशेरको नेतृत्वमा हिँडेको सेनाले कुती कब्जा गर्न प्रस्थान गर्यो । धीरको नेतृत्वमा हिडेको सेनाले चुसानगढनिर भोटेको चार हजार जवान सेनासँग युद्ध गर्न पऱ्यो । केही घण्टासम्म डरलाग्दो घमासान युद्ध भयो । आखिर भोटे हरुलाई गोर्खाली सेनाले त्यो ठाउँ छोडी जान बाध्य गरायो । दुई दिनपछि धीर शमशेरको मातहतका नेपाली सेनाले सजिलैसँग कुती अधीनमा लिन सफल भयो । त्यहाँबाट करिव पाँच माइलसम्म चारैतर्फ धीरशमशेरले एड्भान्स गार्ड पठाए । यसपछि कर्णेल धीरशमशेरले सुना गुम्बातर्फ सेना बढाए । सो ठाउँ कुतीनजिक पर्दोरहेछ । तुरुन्तै एक्कासी भोटे सेनामाथि नेपाली सेना जाइलाग्यो र भयंकर युद्ध भयो । पूर्वतर्फ सुना गुम्बासम्म विजय गरेपछि नेपाली सेनाले टिङ्ग्री मैदानतर्फ बढेर जान उपयुक्त ठानेनन् । भोटेहरुले मिलापत्र गर्नका लागि शिकारजुन भन्ने ठाउँमा जङ्गबहादुरलाई निम्तोपत्र लेखी पठाए । बार्ताका लागि जङ्गले भाइ धीरशमशेरको नेतृत्वमा बखतजंग कुँवर राणाजी, काजी तिलविक्रम सिंह थापा (काजी मामा) र सुब्बा सिद्धिमान राजभण्डारीसहितको एक प्रतिनिधिमण्डल शिकारजुनमा पठाए । चीनमा गृह युद्ध भइरहेको भए तापनि तिब्बतको मद्दतका लागि चिनियाँ सेना नजिकको प्रान्त टारटारीबाट २१ हजार सेना आए । त्यसैले चिनियाँ सेना तिब्बती- भोटे सेनाहरु मिली कुतीमा पुनः हमला भयो । धीर शमशेर कुती नजिकै पुगेपछि आफ्ना सेनालाई तीन हिस्सामा बाँडे । कर्णेल बखतजङ्गको नेतृत्वमा दाहिनेतर्फ र कर्णेल मकरध्वजको नेतृत्वमा बायाँतर्फ र बीचमा धीर

शमशेर आफैँले नेतृत्व गर्दै तीनैतर्फबाट एकै पटक दुश्मनमाथि अचानक हमला गरे। संयुक्त सेनाले खुब डटेर लडे। कर्णेल बखतजङ्गतर्फ प्रशस्तै सेना थिए तापनि दुश्मनका संयुक्त सेनाले दपेटिरहेका थिए। सो अवसरमा कर्णेल मकरध्वजले आफ्नो तर्फका विजय हासिल गरिसकेका थिए। त्यसैले कर्णेल बखतजङ्गको सेनासँग उनीतर्फका सेना सम्मिलित भएकाले भोटेहरुले थप मद्दतको निमित्त नेपाली सेना आएको सम्झी युद्ध गर्न छोडेर बेपत्ता भई भागे। ज्यादै मुस्किलले भोटेको संयुक्त सेनालाई नेपालीले लखेट्यो। कुतीका आसपासमा बाँकी रहेका सबै भोटेहरुलाई नेपाली सेनाले पक्रेर कैद गर्नको साटो हत्या नै गरिदियो ......आखिर केही नलाग्दा भोटेले घुडा टेक्न करै लाग्यो। सन्धिको प्रस्ताव लिएर काठमाडौं आयो.....”

(**राणा, २०६२** यसबाट दोलखाको **‘बाह्रसय पल्टन गढी’** मा श्री ३ जङ्गबहादुर राणाको पालामा युद्ध भएको भन्ने कुरा र श्री ३ चन्द्र शमशेरको पालामा पनि नेपाल र भोट राज्यबीच पुनः युद्ध हन लागेको कुरा प्रष्ट हुन्छ। श्री ३ भीम शमशेरको पालामा नेपाल तिब्बत युद्ध टरेको इतिहास रहेको छ। ईसापूर्व ३००० वर्ष भन्दा अगाडि सिसियाको दक्षिण समुद्र तट निवासी नागवंशी व्यापारीहरु समेत दोलखा जिल्लामा आई कुतीको प्रवेश मार्ग अर्थात् द्धारको रुपमा रहेको लामाबगरको बाटो भएर चीनसम्म जाने गरेका थिए। (**सिवाकोटी, २०७० :२१**) तिब्बतसँगको सीमा क्षेत्रमा रहेको दोलखाको फलाक-लामाबगर-गेगर इलाकाबाट तिब्बतसँगको व्यापार ईशाको पहिलो शताब्दीदेखि नै सुरु भएको थियो। सातौं शताब्दीमा तिब्बतमा स्रङचङगम्पोको शक्तिशाली सरकार बनेपछि र नेपालका राजा उदयदेव तिब्बतमा शरणार्थी भएपछि नेपाल र तिब्बतबीचको सम्बन्धमा नयाँ मोड् सिर्जना हुन पुग्यो। यसपछि भारतबाट तिब्बत र चीन जाने अन्तर्राष्ट्रिय बाटो दोलखाको फलाक-लामाबगर भञ्ज्याङबाट खुल्न पुग्यो। यो बाटो तामाकोशीको किनारै किनार जलेश्वर, सिन्धुली, दोलखा हुँदै लामाबगर नाका, विगुहुँदै केरुङतर्फबाट व्यापार सुरु भएपछि दोलखा अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बन्न पुगेको थियो। (**सिवाकोटी, २०७०: ९**) जसका कारण यस व्यापारिक मार्गमा हिड्ने व्यापारी, धर्मयात्री र पदयात्री लगायतको शान्ति, सुरक्षा र सीमा क्षेत्रको रक्षाको चौकी, गुल्म र दुर्गहरु निर्माण भएका थिए। जसमध्ये एक **‘बाह्रसय पल्टन गढी’** रहेको स्थानमा अस्थायी चौकी रहेको हुनुपर्दछ। सोही चौकी रहेको स्थानमा नै नेपाल भोट युद्धताका नेपाली सेनाका राणाकालिन नेपाली सेनाका बाह्रसय पल्टन आएर पुरानो चौकीको जीर्णोद्धार गरेर प्रतिरक्षा गढी निर्माण गरेका कारण यस गढीको पुनः नाम **‘बाह्रसय पल्टन गढी’** भएको थियो भनेर भन्न सकिन्छ। यसरी देश कै गौरव, वीरता र विजयगाथासँग गाँसिएको सामरिक महत्वको ऐतिहासिक सम्पदा बाह्रसय पल्टन गढीको संरक्षण, सम्वद्धर्न र प्रवन गर्नु राज्यका साथै

दोलखाका स्थानीय सरकारहरुले पहल गर्नु पर्ने दायित्व आजको आवश्यक्ता रहेको छ भन्दा फरक नपर्ला । स्थानीयको भनाई अनुसार तत्कालीन गाउँहरु झ्याँकु, लामाबगर, ओराङ, बुलुङ, लादुकले सयौं थान घङ्गुरुको लाठी बनाएर लानुपर्ने बाध्यात्मक अवस्था थियो रे । पुरुषहरु लाठी बोकेर लानुपर्ने र महिलाहरु खाद्यन्न सामग्री बोकेर लडाई लड्न जानुपर्ने थियो । हप्तौँ दिनसम्म जङ्गलमै बस्ने र जङ्गलमै खानुपर्ने अवस्था थियो । आआफ्नो घरमा भएको भाला, खुकुरी बोकेर जानुपर्ने अवस्था थियो रे । स्थानीय लोर्के तामाङको भनाई अनुसार १२१८ शताब्दीताका नेपाली सेना र तिब्बती सेनाबीच लडाई लडेको स्थान हो । साथै यस गाउँमा रहेका अधिकांश तामाङहरु लडाई लड्न लाइन लागेर गएका थिए रे । नेपाली सेनाले तिब्बती सेनालाई तर्साउनका लागि एकै रातमा १२ सयवटा ढुङ्गाहरु ठडाएर त्यसमाथि सेनाको कपडा र ह्याट लगाई दिएर सेनाजस्तै बनाएको किंवदन्ती छ । नेपाली सेनासँग पर्याप्त मात्रमा हातहतियार नभएकै कारण विभिन्न उपायहरु अपनाएका थिए । साथै पर्याप्त मात्रमा जनशक्ति पनि थिएनन् । त्यसैले नेपाली सेनाले यस खालको जुक्ति अपनाएको थियो रे ।

**सन्दर्भ सामग्री**

प्रधान यज्ञकुमारः दोलखाको सांस्कृतिक सम्पदा
मैनाली मोहनः मुकाम रणमैदान
तामाङ रवीन्द्रः २०८१ प्रदेय स्मारिका
*लामा जीवन, २०८१ नयाँ पत्रिका : २-३*

# राष्ट्रिय कला संग्रहालयको यात्रामा सिन्धुली कलाघर

श्याम कुमार घलान

## परिचय

बागमती प्रदेशमा पर्ने १३ जिल्लाहरुमध्ये एक सिन्धुली जिल्लाको कमलामाई नगरपालिका वडा नं।३ चपौलीस्थित भञ्ज्याङ पोखरीमा सिन्धुली कलाघर रहेको छ। नेपाली मौलिक कला र संस्कृतिको संरक्षण, विकास र प्रचारप्रसार गर्ने उदेश्यले यस कलाघरका कलाकारहरु खटिरहेका छन् । जिल्ला सदरमुकामबाट लगभग २८ कि।मि। उत्तर वि।पी। राजगार्गको सो लाभञ्ज्याङबाट करिब ८ कि.मि. पश्चिममा रहेको यस स्थान महाभारत श्रृङ्खलालाई ढाडमा बोकेर हिमाल पट्टी फर्किएर बसेको छ।

वि।स। २०७३ सालदेखि नै जिल्लामा चित्र बहादुर मगर (सुमन आइडु) को नेतृत्वमा कला गतिविधिमा सक्रिय रहेको समूह पछि परिवर्तन जागरण क्लब हुँदै प्रगतिशील प्रतिभा केन्द्रको नामबाट संचालित थियो र वि.स. २०७५ को सुरुदेखि नै कलाघर निर्माण गर्ने उदेश्यमा लागि परिरहेको थियो। नेपाली मौलिक कला र सांस्कृतिलाई लिएर राष्ट्रलाई चिनाउन जिल्लाभित्र र बाहिर विभिन्न सांस्कृतिक कार्यक्रमहरुमा क्रियाशील हुँदै चित्रकला, लोपोन्मुख परम्परागत कृषि तथा घरेलु सामाग्री र औजारहरु प्रदर्शनी गर्ने कार्य गर्दै आएको थियो। वि.स.२०७६ जेठ ६ गते कमलामाई नगरपालिकामा सामाजिक संस्थाको रुपमा सिन्धुली कलाघरको नामबाट दर्ता भएको यो संस्था जिल्लामा मात्र नभएर देश विदेशमै नेपाली कला र संस्कृतिको प्रचार प्रसारमा सक्रिय हुँदै आएको छ।

सांस्कृतिक कार्यक्रमहरु सँगसगै यो संस्थाले जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी समाज रुपान्तरणमा भूमिका खेलेको छ। नेपाली मौलिक लोक बाजाहरुको सङ्कलन तथा महिला दिदीबहिनीहरुलाई प्रशिक्षण गराई नौमती बाजा बजाउने र खैजडी भजन गाउँने कार्यक्रमहरु आयोजना गर्दै आएको छ। यसैगरी स्थानीय समुदायमा रहेको रैथाने कलाहरुको खोजी गरी अनुसन्धान र प्रचारप्रसार गर्ने काम पनि गर्दै आएको छ।

नेपाल बहुभाषी, बहुजाति, बहुसांस्कृतिक पहिचान, सम्पदा संस्कार र मूल्य मान्यताले भरिपूर्ण देश हो। परापूर्वक कालदेखि मानिदै आइएका धर्म, संस्कार, पर्व, संस्कृति र परम्परा सबै राष्ट्रको नामसँग जोडिएका अमूल्य सम्पति हुन्। सामाजिकीरणसँगै अनुशासित जीवनशैली नैतिक र सभ्यताको जड रहेको संस्कृति पछिल्लो समयमा आधुनिक विकाससँगै परि

वर्तित भई लोप हुने अवस्थामा छ । सिङ्गो राष्ट्रको पहिचानसँग जोडिएका अनेकौं संस्कृतिका धरोहरहरु संरक्षणका पर्खाइमा छन् । कला र संस्कृतिले विश्वमै अग्रपङ्क्तिमा आउने हाम्रो देशको लोपोन्मुख कला र संस्कृति संरक्षण एवम् प्रवर्धन गर्नु नयाँ पुस्ताको कर्तव्य पनि हो ।

सिन्धुली कलाघरको गेटबाट प्रवेश गर्ने बित्तिकै नेपालको नक्सा आकारमा रहेको कलाघरमा विभिन्न आकृतिका कलाहरु राखिएका छन् । कुनै कलाले जिल्लाको पहिचानलाई प्रतिनिधित्व गरेको छ भने कुनैले नेपालका प्रख्यात धार्मिक तथा ऐतिहासिक ठाउँ, नेपाली मौलिक लोकबाजा र राष्ट्रिय महत्वका विषयहरु पनि प्रस्तुत गरिएको छ। जस्तै : गौतम बुद्धको जन्मस्थल लुम्बिनी, पशुपतिनाथको मन्दिर, जानकी मन्दिर, हरिहरपुर गढीको किल्ला, मलेशियाको जोडी टावर, साउदी अरेबियाको जेद्दामा रहेको मस्जिद, मकैको बोट, ढ्याङ्ग्रो, मौलिक नेपाली घर, लालिगुँरास, कमलको फूल, मादल, बौद्ध स्तुपा, आकर्षक जुनारको बोट, धरहरा, मयूर, बासुरी, नौमती, बाजा सेट, सारङ्गी, डम्फू, लगायत अन्य कलाहरु पनि राखिएको छ ।

मौलिक नेपाली समाजमा जीवन निर्वाह गर्ने क्रममा प्रयोग हुने घरेलु तथा परम्परागत सामाग्रीहरु सङ्कलन गरी रोधीघरमा राखिएको छ । जस्तै : तोरी पेल्ने कोल, माछा मार्ने खोँगा, फुर्लुङ, जाल, ढिकी, जातो, पानी घट्टा, ओख्ली, मुस्ली, धोजी, खोगी, मुखौरो, महला, हलो, जुवा, हल्लुडो, डाली, सोली, डालो, डोको, ढकनी, ठेकी, घ्याम्पा, सन्दुक, खलाती, भाटी, छत्री, घुम, भोटे ताल्चा, राडी पाखी, जन्जिर, कन्क्योउली, सुरी, छालाको थैली, तुलो, खुडा, सिङबाङ, खुर्पेटो, मइन्टोल, लाल्टिन, टुकिबत्ती, पानस, ढ्याङ्ग्रो, पुरानो लोटा, ठेकी, मदानी आदि राखिएका छन् ।

नेपालमा बसोबास गर्ने विभिन्न जातजाति, भाषाभाषी र धर्मालम्वीहरुको आआफ्नै भाषा, कला, परम्परा र सांस्कृति मूल्य र मान्यताहरु छन् । परापूर्वकालदेखि जातिय समुदायमा जन्म ब्रतबन्ध विवाह मृत्यु संस्कारहरु फरकफरक रहेको छ । कुनै समय जाति विशेष र विशेष उमेर समूहका व्यक्तिले बजाउने नौमती बाजा कलाघरका किशोरी बहिनीहरुले बजाउन थालेदेखि नेपाली कला र संस्कृतिमा परिवर्तन र प्रभाव परेको देखिन्छ । यसैगरी पहिलेपहिले भगवानका लिलाहरु समेटेर जेष्ठ नागरिकहरुले गाउने खैजडी भजन कार्यक्रम विशेष विषयवस्तुहरु समेटेर गाउन थालिएकाले नेपाली कला र संस्कृतिमा परिवर्तन आएको भन्न सकिन्छ । त्यस्तै पुराना घरहरुमा प्रयोग भएका काठले बनाइएका सामानहरुमा कलाहरु देख्न पाइन्छ । ढुङ्गा वा प्रस्तर मूर्तिहरु पाइन्छन् तर फलामका सामान प्रयोग गरेर बनाइएका कलाहरु पनि कलाघरमा प्रशस्तै देख्न सकिन्छ । यस कलाले पनि नेपाली कलामा परिवर्तन आएको महसुस गर्न सकिन्छ ।

मानिसले परम्परागत रुपमा जीवन निर्वाह गर्ने मुख्य पेसा कृषि रहेको थियो । कृषिमा प्रयोग हुने परम्परागत सामाग्रीहरु मानिसको परापूर्वको सभ्यतासँग जोडिन्छ । बजार विनिमयको चलन नहुँदा अर्मपर्म र ऐंचोपैचो गरी जीवन चलाउने समयमा प्रयोगमा रहेका सामाग्रीहरुको संरक्षणले नयाँ पुस्तालाई अध्ययनको लागि पाठशाला भएको छ । विभिन्न विद्यालय र संघ संस्थाहरुको अवलोकन अध्ययनका लागि पनि उपयुक्त ठाउँ रहेको  छ । हिजो चुलोचौका र घाँसदाउरामा समित छोरी चेलीहरु आफ्नो अधिकार मात्र हैन असल समाज निर्माण र सामाजिक रुपान्तरणमा सशक्तरुपमा अघिबढिरहनु पनि परिवर्तनको अर्को सङ्केतका रुपमा लिन सकिन्छ ।

कला र संस्कृति भनेको समाज र देशको सम्पति हो । कला र संस्कृतिले नै समाज सुन्दर बन्छ । जसरी कुनै प्राणी आफ्नो गुण र विशेषताले फरक र सुन्दर हुन्छ त्यसैगरी भाषा, कला र संस्कृतिले कुनै जाति वा समुदायले आफ्नो पहिचान पाउँछ । त्यसैले पनि यसको महत्व धेरै छ । त्यसैले पनि हाम्रा अमूल्य संस्कृतिको संरक्षण गरीनुपर्छ, तर आजकल आधुनिक नेपाली समाजले मौलिक संस्कृतिको महत्वलाई बुझ्न छोडेको छ । हरेक व्यक्ति, परिवार र समाजमा हाम्रो मौलिक कला, साहित्य, सङ्गीत, संस्कार, संस्कृति र राम्रा परम्पराहरुको महत्व बुझाउन सकिएको छैन । हाम्रो विद्यालयमा अनुशासन र संस्कारका कुराहरुलाई महत्वका साथ अध्यापन गर्नु पर्दछ र व्यावहारमा लागू गर्नुपर्दछ। नेपाली समाजमा आगन्तुक भाषा र संस्कृतिको अनुसरण गर्नु र नेपाली मौलिक कला र संस्कृतिको अपनत्व कम हुनु यो क्षेत्रको दिगो विकास हुन नसक्नुको  कारण हो । नेपाली समाजले परम्परागत रुपमा मान्दै आएका परम्पराहरु सबै नराम्रा छैनन्, कुप्रथाहरुलाई हटाउदै जानु पर्दछ तर राम्रा परम्पराहरुलाई संरक्षण गरेर लैजानुपर्दछ । त्यसैले आधुनिक जीवनशैलीलाई अपनाउदैमा आफ्नो भाषा, कला, परम्परा र संस्कृति नै बिर्सिदै जानु मुख्य सामाजिक कारण हो ।

पश्चिमेली संस्कृति हावी भइरहेको अवस्थामा नेपाली मौलिक लोक बाजा, भाका र नृत्यहरुलाई संरक्षण गर्न समग्र नेपाली संस्कृतिको संरक्षण गर्न एकीकृत रुपमै थालनी भएको पहिलो प्रयासलाई अन्य कलाकारहरुका लागि अध्ययनको विषय बन्न सक्छ । नेपाली मौलिक संस्कृतिहरु विभिन्न रोधिघर, डवली र चाडवर्वमा मात्र नाचिने वा देखाइने प्रचलनबाट अब यस्ता कलाघरहरुले जुनसुकै समय देखाउन र हेर्न सकिने हुनाले नेपाली कलाघरले नेपाली कला र संस्कृतिमा परिवर्तन ल्याएको छ ।

यो ठाउँ प्रकृतिको कलाले निकै सजिएको छ । यसैमा विभिन्न जातजाति धर्म समुदाय र संस्कृति झल्काउने कलाहरुको व्यवस्थापन एउटै छहारीमुनि निर्माण भएको छ। यस सिन्धुली कलाघर जिल्लाकै पर्यटकीय क्षेत्रको रुपमा विकसित भइरहेकाले जिल्लाको पहिचान बनाउन सफल भएको छ । यसले स्थानीय ठाउँको पनि पहिचान बढाएको छ।

**कलाघरका प्रदर्शनीहरु**

पहिलो प्रदर्शनी : सिन्धुली उद्योग बाणिज्य संघ र कमलामाई नगरपालिका सिन्धुलीको आयो जनामा २०७५ पुसमा भएको प्रदेश ३ प्रदेशस्तरीय प्रादेशिक महोत्सव २०७५ मा राखिएको कला प्रदर्शनी पहिलो रहेको थियो । उक्त प्रदर्शनीमा कलाघरको कलाहरुका साथै स्थानीय रैथाने खानाका परिकारहरु, जातिय भेषभुषा र झाँकीहरु एवम् लोपोन्मुख घरेलु सामाग्रीहरु राखिएको थियो । नौमती बाजाको प्रस्तुति पनि यस प्रदर्शनीमा पहिलो पटक राखिएको थियो ।

दोस्रो प्रदर्शनी : २८ पौष २०७५ मा भएको सिन्धुलीको फिक्कल महोत्सवमा कलाघरका कलाहरु दोस्रो पटक प्रदर्शनीमा राखीएका थिए । सिन्धुलीगढी विजय उत्सवमा नियमित जस्तै सास्कृतिक प्रस्तुतिहरु दिदै आएको कलाघरले नौमती बाजा बजाउन थालेपछि विभिन्न वैवाहिक कार्यक्रमहरुका साथै सार्वजानिक कार्यक्रमहरुमा पनि सहभागिता जनाउन थालेको छ ।

**सडक नाटकप्रदर्शनीका यात्राहरु**

सिन्धुली कलाघरले विभिन्न सामाजिक विषयवस्तुमा आधारित रहेर सडक नाटकहरु प्रस्तुत गर्दै आइरहेको १० वर्ष भइसकेको छ । बालबिवाह अन्त्यका लागि, लैङ्गिक हिंसा विरुद्धको, अपाङ्गता भएकाहरुको अधिकारको, लागुपदार्थ दुर्व्यशनी लगायत विभिन्न सामाजिक चेतना दिने नाटकहरु प्रस्तुत गर्दै आइरहेको छ ।

रङ्ग मञ्चको शैलीमा प्रदर्शन गरिएको पहिलो नाटक नि धार थियो । १६ वटा विद्धालयको सहभागितामा प्रदर्शन गरिएको यो नाटक एकै दिनमा ५ वटा शोसम्म देखाइएको थियो । सामाजिक परम्परागत सोंचमा आधारित यो नाटक ५ दिनसम्म २८ पटक प्रदर्शन गरिएको थियो । यसैक्रममा सिन्धुलीको खुल्ला मञ्चमा प्रस्तुत गरिएको महिला हिंसा विरुद्धको सडक नाटक निकै उत्कृष्ट रहेको अवलोकनकर्ताहरुको प्रतिक्रिया थियो ।

त्यसैगरी उच्चपदस्त अधिकारीहरु सहभागी रहेका कार्यक्रमहरु (जस्तैः पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी उपस्थित सिन्धुली गढीको २५०औं विजय उत्सव) मा देखाइएको पञ्चेबाजा र खैजडी भजन अत्यन्तै रुचाइएको थियो । त्यसैगरी राष्ट्रिय गौरवको आयोजना सुनकोशी

मरिण डाइभर्सन आयोजनाको उद्घाटनमा सम्माननीय प्रधानमन्त्री के।पि। शर्मा वली उपस्तथित कार्यक्रममा देखाइएको खैजडीभजन तथा नौमती बाजा पनि निकै रुचाइएको थियो र प्रधानमन्त्रीले एकलाख पचास हजार रुपैंया सहयोग स्वरुप प्रदान गर्नुभएको थियो । यसैगरी राष्ट्रिय स्वतन्त पार्टीका अध्यक्ष रवि लामिछाने उपस्थित कमलामाई पार्टी प्यालेस सिन्धुलीमा भएको कार्यक्रममा देखाइएको गीति नाटकले पनि निकै दर्शकको मन जितेको थियो ।

त्यस्तै नेकपा कम्युनिष्ट पार्टी माअवादी जिल्ला पार्टी कार्यालय उद्घाटन कार्यक्रममा पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड उपस्थित कार्यक्रममा प्रदर्शन गरिएको जनयुद्ध सम्बन्धी नाटक युटुवमा ४० लाखभन्दा बढीले हेरेका थिए । मिति २०८०/०३/१० आइतबार नेपाल रेडक्रस सिन्धुलीले बरिष्ट नेत्ररोग विशेषज्ञ तथा प्राध्यापक डा। सन्दुक रुइतज्यूको अभिनन्दन समारोहमा प्रस्तुत गरिएको नाटक निकै सन्देशमूलक रहेको र धेरै दर्शकले रुचाएका थिए ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानभित्र काठमाण्डौमा वर्तमान उपसभामुख इन्दिरा रानाको उपस्थितिमा प्रदर्शन गरिएको लैङ्गिक हिंसा विरुद्धको नाटक पनि निकै चर्चामा रहेको थियो । उक्त नाटकमा मुलुकमा धेरै जनताको त्याग र बलिदानले ल्याएको संविधान कार्यान्वयनमा भएको कमजोरी देखाइएको थियो । यसैगरी वार्षिक रुपमै विभिन्न दिवस र कार्यक्रमहरुमा सम्बन्धित नाटकहरु स्थानीय तह र संघ संस्थाका कार्यक्रमहरुमा प्रदर्शन गर्दै आइरहेको छ ।

**नौमती/पञ्चेबाजाको यात्रा**

सिन्धुली कलाघरले विभिन्न चेतनामूलक नाटक, खैजडी, भजन सगँसगै लोक मौलिक पञ्चे बाजा प्रस्तुत गर्दै आएको छ । परम्परागत शैलीभन्दा फरक तरिकाले पञ्चेबाजा बजाउने र सँगै नृत्य पनि प्रस्तुत गर्दै आएको छ । पहिलो पटक २०७५ साल पुषमा भएको प्रादेशिक महोत्सव सिन्धुलीमा किशोरी र केही पुरुष पनि मिसिएर पञ्चेबाजा प्रस्तुत गरिएको थियो । सिन्धुलीगढीमा भ्रमण वर्ष २०२० को शुभारम्भ कार्यक्रममा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आतिथ्यतामा कलाघरका किशोरीहरुले पञ्चेबाजा प्रस्तुत गरेका थिए । त्यसपछि कृष्ण कँडेलद्वारा सञ्चालित इन्द्रेणी कार्यक्रममा दोहोरीसहित पञ्चेबाजा प्रस्तुत गरिएको थियो ।

**सिन्धुली कलाघरको अन्तराष्ट्रिय यात्रा**

पूर्व गोर्खा ब्रिटिस एसोसिएसन हङकङको आयोजनामा हङकङमा मिति २०२३ October १ मा भएको कार्यक्रममा कलाघरलाइ विशेष आमन्त्रण गरी पञ्चेबाजा, खैंजडी भजन, गीतिनाटक तथा विभिन्न नृत्यहरू प्रस्तुत गरिएको थियो । नृत्यहरूमा साकेला, कौडा लगायतका नाचहरु

प्रस्तुत गरिएको थियो। त्यसैगरी पूर्वगोर्खा कल्याण समितिको आयोजनामा गोर्खा दशैंदिपावली महोत्सवको औपचारिक कार्यक्रम भारतको देहरादुनमा भएको थियो । विविध साँस्कृतिक कार्यक्रम प्रस्तुतिको साथमा पहिलो दिन सम्पन्न भएको साँस्कृतिक कार्यक्रमअन्तर्गत कलाघर बाट नौमती, पन्चेबाजा, नृत्य तथा नेपाली बाबु सुमन साँस्कृतिक झाँकी नृत्य तथा गायन प्रस्तुतिहरु रहेका थिए । राजदूत शङ्कर शर्मालगायत विशिष्ट व्यक्तिहरुको उपस्थितिमा उक्त कार्यक्रम सञ्चालन भएको थियो ।

**राष्ट्रिय कला महोत्सव**

नमूना कला संग्रहालय सिन्धुली कलाघर घुम्न जाऔँ, नेपाली मौलिक कला संस्कृतिसँग रमाऔँ भन्ने नाराका साथ मिति २०८२/१२/२८ देखि २०८२/०१/०३ गत्ते सम्म सिन्धुली कलाघरले राष्ट्रिय कला महोत्सव सञ्चलन गरेको थियो। उक्त कला महोत्सव बागमती प्रदेशका मुख्यमन्त्री श्री बहादुर सिँह तामाङ ज्यूले उदघाटन गर्नुभएको थियो भने प्रदेश सरकार, स्थानीय सरकार प्रमुखहरु तथा प्रतिनिधिहरु, संघ संस्थाका प्रतिनिधि र जिल्ला सुरक्षा निकायका प्रमुखहरुको उपस्थिति थियो। महोत्सवमा विभिन्न जाति, समुदाय र क्षेत्रका झाँकीहरु प्रस्तुत गरिएको थियो । एक सातासम्म चलेको यो महोत्सवमा रैथाने संस्कृति, खाना, रैथाने खेलका स्टल राखिएको थियो। देशका विभिन्न ठाउँबाट आएका कलाकार समूहले साँस्कृतिक प्रस्तुतिहरु राखेका थिए। महोत्सवको पहिलो दिनदेखि अन्तिम दिनसम्म राष्ट्रिय स्तरका कलाकारहरुको बाक्लै उपस्थिति थियो। महोत्सव भव्य र सभ्य रुपमा सम्पन्न भएको थियो।

**सारांश**

सिन्धुली कलाघरको नाममा सञ्चालित यो संस्था नमूना कलाघर हुँदै राष्ट्रिय कला संग्रहालयको अभियानमा लागिरहेको छ । विभिन्न देशको प्रतिनिधित्व गर्ने कलाहरुको निर्माण भएको छ भने केही कलाहरु निर्माणाधीन रहेको छ। सिन्धुली जिल्ला जुनारको राजधानी र ऐतिहासिक सिन्धुलीगढी विजय किल्लाको पहिचानले चिनिने यो जिल्ला अहिले कलाघरको जिल्ला भनेर पनि थप पहिचान बनाउन सफल भएको छ । तर राष्ट्रिय कला संग्रहालयको विकासमा सम्बन्धित सरोकारवालाहरुको ध्यान नपुगेकै कारण यो अभियान सफल हुन सकिरहेको छैन। तसर्थ यसलाई राज्यका तिनै तहको सरकार (स्थानीय सरकार, प्रदेश सरकार र संघीय सर कार) ले जिम्मा लिएर राष्ट्रिय कला संग्राहलयको रुपमा व्यवस्थापन गर्नसके यो अभियान सफल हुने देखिन्छ । कला र संस्कृतिको माध्यमबाट राष्ट्रिय स्तरमै देशको पहिचान दिने पर्यटकीय स्थलको रुपमा विकास गर्न सके पर्यटनको विकाससँगै अर्थतन्त्रमा पनि थप टेवा पुग्नसक्ने देखिन्छ ।

राष्ट्रिय कला संग्रहालयको निर्माण र दिगो व्यवस्थापन गर्न आवश्यक बजेटकै अभाव देखिन्छ । कलाघरले भौतिक संरचना निर्माणका लागि विभिन्न कार्यक्रमबाट आएको पैसा र कलाकारहरुबाटै जनश्रमदान गरी केही व्यवस्थापन गरेको देखिन्छ । केही कला निर्माण गर्न जिल्लाका केही स्थानीय तहले बजेट विनियोजन गरेको छ । कमलामाई नगरपालिकाले चालु आ।व।मा सभाहल निर्माणका लागि बजेटको व्यवस्थापन गरेको छ र ठुलो मादल आकार को सभाहल निर्माण कार्य सम्पन्न हुँदैछ । तर अध्यक्ष सुमन आइडुका अनुसार हालसम्म सम्बन्धित निकायहरुले अपनत्व लिएको छैन । कलाघरको भावी कार्यक्रमहरु, उदेश्य र लागत अनुमानको प्रस्ताव विभिन्न निकायमा पेस गरी सकिएको छ र बजेटको पर्खाइमा रहेको छ । तसर्थ कलाघरको दिगो विकासका लागि एवम् राष्ट्रिय कला संग्रहालयको रुपमा विकास गर्नका लागि आवश्यक बजेट नहुनु मुख्य समस्याका रुपमा देखिन्छ ।

# खण्ड - २

# बागमती प्रदेशरि सरकारि गेला ग्योइ कार्यान्वयनता च्यामा लातोबा गेदुगु

**डा. लोक बहादुर लोप्चन**
का.मु. गौराइ, भाषा आयोग

**१) चुबाला ताम**

सरकारसे बेनान म्हिदुगु थेन गेरि पाङबा थेन ब्रिबा ग्योइता सरकारी ग्योप बिबा मुला। सङ्युक्त राष्ट्रसङ्से लानान ग्योइकादेता थेला ग्योइ बिसि प्रयोग लासिगेन हाबा मुला। थेला सरकारि ग्योइरि अङग्रेजी, चाइनिज, जर्मनी थेन स्यान्दा ग्योइकादे मुला। याङला छिमेकि भारतरि अङग्रेजी ग्योइ थेन हिन्दि ग्योइता सरकारि ग्योइ बिसि प्रयोग लासिगेन हाबा मला। थेला ह्युलरि अङ्ग्रेजि ग्योइ ग्याम हिन्दिरि थेन हिन्दि ग्याम अङग्रेजि ग्योइरि उल्था लातोबा ठिम मुला।

सरकारि गेला ग्योइसे मान्यता याङबा ग्योइकादे सरकारि ग्योइ बिसि पाङबा मुला। चु ह्यलसारि ओन्मा ज्यार्दि ग्योइ गिक्खेन ता सरकारि ग्योइ बिसि प्रयोग लाबा मुबा। नेपालला संविधान, २०७२ हाबाहेन्दे लानान ग्याइकादेतासे सरकारि ग्योइला मान्यता याङबा मुला। बागमती प्रदेशसे प्रदेश राष्ट्र भाषा ऐन, २०८० पारित लसि तामाङ थेन बाइ ग्योइता सरकारि ग्योइ बिसि कार्यान्वयन लसिगेन बोर्बा मुला। चु गेसे ग्यार्जा सोम दिङ हेन्दे गोरगिक स्यान्दा ग्योइ कादेता सरकारि गोइ बिसि प्रयोग लाबा गेता थुम्ना लाबा मुला। बिसाम जु गेसे गोरकि दोङराप सेङ्बा मुला।

**२) नेपालरि सरकारि ग्योइ कार्यान्वयन लाबाला ताम**

चु नेपाल ह्युल्सारि आमा ग्योइता सरकारि ग्योइरि प्रयोग लाबरि लानान आधार कादे मुला। ग्रेन आधारकादे च्यामाअन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालला संविधान, कानुन, संरचना, संस्थाकादे थेन गेताङकादे याङबा मुला। दिङ २०७४ रि गोरकि आमचुनाव तसि जिन्बाहेन्दे सङ्घीय व्यवस्था कार्यान्वयन तसि दात्ते दोना च्युइ दिङ ताताम्जि। थेग्याम नोन लानान तहला सरकार सञ्चालन तासिगेन हाबा मुला। थेला उदाहरण चा सङ्घ, प्रदेश थेन स्थानीय सरकारकादे हिन्ना। संविधानरि ग्यारेन्टि लाबा ग्योइ, रिमठिम, कला ला अधिकार चा बेनानले ह्याङतोबा बिसि ब्रिबला मुला। चु गोरगिक दशकरि लानान चा भौतिक पूर्वाधारकादे स्येङबा गेताजि बिसाम आमाग्योइ रिमठिम थेन कला रि जाजाकि लगानि थेन गेताङकादे लाबा म्राङबा मुला।

### ३) ग्योइला कानुनी व्यवस्था थेन ङ्योइबाला तामकादे

नेपालला संविधानसे मोक्कोन ग्योइकादेता गिकखेन मान्बा थेन मान्यता पिन्बा मुला । संविधानला धारा ङु रि मोक्कोन ग्योइकादे नेपाल ह्युल्साला ग्योइ बिसि ब्रिबाला मुला । ओर्लसि उपधारा ङिसरि प्रदेश सरकारले थेला प्रदेश नाङगरि लानान म्हिकादेसे पाङबा ग्योइकादेमध्ये गिकजे आहिन लानान ग्योइकादेता प्रदेश सरकारला ग्योइ सोसि प्रयोग लाबारि म्याङबा व्यवस्था लाबा मुला । थेराङनोलसि उपधारा ३ रि स्यान्दो ग्योइला विषयरि भाषा आयोगसे सिफारिस लाबाअनुसार सरकारसे निर्णय लाबाराङ ताला बिसि ब्रिबाला मुला ।

ओराङनोन लसि धारा ३१ रि लोपखाङरि आमाग्योइग्याम डोबा थेन सेबा लापारि म्याङबा व्यवस्था लापिन्बा मुला । धारा ३२ रि चा समुदायथेन थेला ग्योइ, रिमठिम, कला ता सोना लाबा, छ्यार्ना लाबा थेन सिना आलाबा अधिकार पिन्बा मुला । ओराङनोन लसि धारा २८७ रि भाषा आयोगला गठनला ताम मुला बिसाम थेसे भाषाला विषयरि सरकार कादेता सिफारिस लातोबा बिसि ब्रिबाला मुला ।

तामयिक पद्धतिरि जे उच्चारण लाला थेनोन ब्रिबा मुला। उच्चारण आन्सरला ब्रिमा लोपबोन दुगुरि ब्रिबा डोबाला समास्या आताबा मुला। लोपबोन दुगुसे योनान लिपि थेन ग्योइ गो बारि खाम्बा फाइदा स्याब्बा मुला। चु पद्धति सम्बोटा लिपिरि मुबा तिलाइ वर्ण दा स्याबाला मुला। जुन वर्ण कादे तामाङला पाङबा काइरि आडिक्पा उच्चारण लाबारि आखाम्बा बिसि चु पद्धतिला लोप देव ब्रिबा ब्रिखेन कादेसे सुङसि खाबा मुला। शिक्षणला ताङरिनोन तमयिक पद्धति सजिलो ताबा ङाला अनुवब मुला। चु पद्धतिरि छ्योइला ग्योइ आरेबा थेन तामाङ ग्योइता ल्हाना प्राथमिकता पिन्बासे लामा तामाङ ताम लोप्पा डोबाला लागिरि ज्याबा म्हान्बा मुला। दत्तेला दुइरि लामा खेन्पो दुगुसे चु पद्धति ता लुलो, आपाङग, ठुटे ह्वाङबा आरोप लासिन खाबा मुला। लिपि न्होङला लापा ह्वाङबा आरोप लासि खासाइनोन तामाङ ग्योइ पाङबा थेन लिपिला ङोसेना लाखाम्बा सरल पद्धति बिसि ङाइ अनुभव लाबा मुला। सोम दिङ दोना लोपखेन दोसि गोबा तामयिक पद्धति थेन ङ्हि दिङ दोना लोपखेन दोसि लोप्पा सम्बोटा लिपिला ल्होल्हो अनुभव कादे मुला। सेमरि प्रश्ननोन मुला ह्याङसे धर्मला छ्योइ, छ्योइला ग्योइ सोना लाबारि कि ग्योइ सोना लाबारि? ग्योइ सोना लाबारि हिन्साम तामयिक पद्धति लोपखाङ कादेरि लोप्पा डोबा लातोबा म्राङबा मुला ।

# नाग्रेगागार्चे नाम्सा ग्लाखोरला तामाङग्योओरी मीनकादे

- राजीव मोक्तान तामाङ

**१) नाग्रेगागार्चे नाम्साला ङोस्येबा:**

काभ्रे युलखोरला नाग्रेगागार्चे ङाच्छाला गाविस हीन्ना। दात्तेचा चौरी देउराली नाम्सापालिकाला वडा नं-२ हीन्ना। चु ग्लाखोर दाङबोला ह्वाप, रीमठीम थेन ग्योओला थुमरी ल्हानान जेबाज्याबा तामकादेसे प्लीङबा नाम्सा हीन्ना। नाग्रेगागार्चे ओनेमा पन्चायतला दुयुङरी तामाखानी पन्चायत पाङसी ङोस्येबा मुला। चु नाम्सारी ल्हानान जातीला म्हीह्‌युल्बाका चीबा मुला। थेरी तामाङ, बाओी, ज्यार्ती खस, छेत्री, बाहुन, मगर, थेन दलितकादे मुला। ङाच्छा ग्रोङकादेनुन मुबा बीसी पाङबा मुला बीसी पाङबालाबा मुला। पालोकदी मीन चा सोम्पोन मुला। चु नाम्सारी बाओी म्हीह्‌युल्बाला खुङबा नाम्सा मुला। बाओीकादेरी ताओुथाली बाओीग्योओी पाङबा बाओी प्रधानकादे मुला। नाम्साला ङाच्छाला वडा नं। ७, ८ थेन ९ री प्रधानकादे जेन मुला स्यान्दो बाओी आरे। स्यान्दो वडारी चा बीसाम श्रेष्ठ थेन शाक्यकादे नुन दोङसी चीबा मुला। चु बाओी नाम्सारी बाओीला दि्हमे आह्वाप्बा मुला बीसाम हाकु पाटासी नुन क्वान्बा आम्राङनी। गोर गीक ल्हाथान खाँडादेबीदा डान्बा तेन्बा लामुला। नाम्सारी बाओीग्योओी नेपालभाषा बीसाम ज्याना पाङबा थेन गोबा मुला। दान्दे नुन गादे आखे प्रधानकादेसे बाओीताम जेन पाङबा ज्यार्तीताम लाआखाम्बा मुला। नाम्साला शाक्य थेन श्रेष्ठकादे छोङ लाबारी नाग्रे खाबा मुबा। दान्देला छारपोबा दुयुङदेन छ्याम ल्हानान राङबाचा स्यान्दो ग्लारी बाब्सी नीसी जीन्बा मुला। दाङबो चु नाम्सारी ग्रोङ (गुरूङ) म्ही नुन मुबा ताम दान्देदोना पालोक्दी बीबा ग्रोङ आखेला मीनसे ग्लाला मीन नुन पलोक्दी मुला। दान्दे नाम्सारी ग्रोङ म्हीचा आरे। नाम्सारी जाचा मुबा मगरकादेसेचा बीसाम ग्योओी आस्येबा मुला ।

नाग्रेगार्चे नाम्सारी म्हीडाङ ल्हाना तामाङ नुन मुला। थेसे लामा नाम्साला ग्लाखोरला मीनकादेचा बीसाम तामाङ तामरीन मुला। चु तामसे चु नाम्सारी छाङमा बीमा ङाच्छाला दाङबो म्ही तामाङ हीन्ना बीबा छोर्ङान पीन्बा मुला। नाम्साला साग्ला, नाम्सा, खोर, बुव्हारी, गाङ, ब्ले, ब्रा थेन स्योङ गान्दीकादेला मीन तामाङ ग्योओीथेन थुओीबा म्राङबा मुला। चु नाम्साला साग्लाखोरकादेला मीनरी तामाङ ह्‌युल्बाला केह्वाप, दोङह्वाप थेन फाह्वापला ताम थेन तामाङकादे चुग्लाला साम्ही हीन्ना बीबा तामदा ओन्बा मुला।

## २) तामाङग्योओीरी मुबा ग्लाला मीनला नाम्थार

नाग्रेगागार्चे नाम्साखोरला ग्लाकादेला मीनकादेला खाराङ लासी मीन ठुङजी या मीन टीजी बीबा तामाङ ग्योओीला मीचे च्यामा म्राङबा थेन नाम्सारी पाङसीखाबा नाम्थरकादे ग्याम्से खाम्दे गोनाछोर्ना लाबमुला।

(क) बोल्दोङ चेः चु ग्लाला मीन आडीक्पा, बोल्दोद राङबा मुबा युङबाला फोल्दोङ तासीचीबा चेग्ला पाङबा हीन्ना। स्यान्दोचा म्हेदा छेखान्बा बोलदोङ मीनला छेलादोङ नुन खामुला। बोल्दोङछे मुबा याङबा चेग्ला ताबासे नुन चु ग्लाला मीन बोल्दोङचे चीबा ताला बीसी पाङबा मुला।

(ख) वाङकार्चेः चु ग्लाला मीनसे दाङबो गोम्बोरी ह्युल्बादा वाङ पीन्बा ग्ला, तारतारबा मुबासे दाङबोला तामरी 'वाङकार' बीबा तारवाङ पीन्बा चे ग्ला ताबासे चु ग्लाला मीन 'वाङकार्चे' ताबा ताला बीसी पाङबा मुला। थेराङ नुन दाङबो तामरी 'वाङ' बीवा पो-गाल  थेन 'कार' बीबा तार थेन चे छीग थुओीसी वाङकार्चे ताबा बीसी नुन बीमुला।

(ग) नाग्रेगागार्चेः चु मीनछीगरी 'नाग्रे' बीबाचा नाख्ले राङबा ख्युरख्युर्बा, 'गागार्चे' बीबाचा युङबाला बो मुबा आडीक्पा गागार थेन चे बीमा प्लेतेङसा टार छीगकादे डीक्सी नाख्लेराङबा युङबाला गागार मुबा चे पाङबा हीन्ना।

(घ) कील्पुः तामाङ तामरी 'कील' से क्युओी ल्हाना मुबा थेन 'पु' या 'बु' से सुन सुबा बुव्हारी बीबा ताम छोर्ना लापीन्मुला। दाङबो ताम तामरी क्युओी छीगग्याम्से कुओी, क्यु, की थेन ओी छीग केबा मुला। न्हुपवोरला तामाङ तामरी दान्तेनुन की पाङबा क्युओी हीन्ना। थेग्याम्से 'कीलाबु' ग्याम्से 'कील्पु' ग्लाला मीन चीबा मुला।

(ङ) दुतीः चु ग्लाला मीन नुन 'दु' बीबा म्हीसीवाङ ला ताम हीन्ना, दु ताजी बीबा पेठीम मुला। दुतासी खुओीलाबा 'वाती' 'दुवाती' ग्याम्से दान्दे ग्लाला मीन नुन 'दुती' ताबा हीन्ना।

(च) पाथाक्थलीः दाङबो स्योङगान्दीला दीरी ग्रोङकादे चीबा मुबा दान्देनुनज ग्रोङ मेमेला मीन पलाक्दी बीसी नाम्सारी पाङबा लाबा मुला। चु नुन पालाक्दी ग्रोङ आखेला मीनसे दान्नते पाथाक्थली बीसी डोस्येबा मुला।

(छ) नाकन्पाः चु ग्लाला मीन तामाङ तामरी ब्राला न्हान बीबाताम 'न्हानब्रा' ग्यामसे चीबा मीन हीन्ना।

(ज) माकर्पाः चु ग्लाला मीन तामाङतामरी माकरब्रा पाङसीखाबा मुबा। दान्दे माकारब्रा ग्यामसे 'माकर्पा' पाङबा हीन्ना।

(झ) चीकनदुर्साः नाम्सालाा थोला दुर्सा ताबासे तामाङ तामरी च्युकुम दुर्सा दा दान्दे ' चीकनदुर्सा' पाङबा हीन्ना। तामाङसे च्युकुम दुर्सा या थोला दुर्सा बीबा हीन्ना।

(ञ) म्हान्दी-म्हानेः तामाङ नाम्सारी नीबा ग्याल्हामरी या नाम्सारी मानी यीगी ब्रीसी थान्बाला माने छ्योरतेनदा मान्थाङ पाङबा मुला। मान्थाङमानी ग्याम्से दात्ते 'म्हान्दी म्हाने' पाङबा हीन्ना।

(ट) गोन्दीः चु नोन गोन्पोला दीरी मुबा ग्ला ताबासे गोन्दी नाम्सा या गोन्दी पाङबा हीन्ना।

(ठ) गोन्टाः चु नुन नाम्सालाा गोन्पोला टारीन मुबा ग्ला ताबासे गोन्बोला टा ग्याम्से 'गोन्टा' मीन चीबा हीन्ना।

(ड) बाझोबुः नाम्ला बाझो तासी चीबा बु ताबासे मीन नुन बाझो बु पाङबा हीन्ना।

(१४) रजबासः चु ग्लामीन दाङबो ग्लेकासी बास चीबा बु ताबासे राजाबास ग्याम्से रजबास मीन चीबा हीन्ना।

(ढ) सम्पतीः चु ग्लाला मीन दाङबो तामाङ ग्योओरी साम्बा बीबाचा चाम हीन्ना। ती बीबा दी हीन्ना, दी बीबा चा गान्दी या स्योङ हीन्ना। थे स्योङगान्दीरी स्हेङबा चाम ताबासे 'साम्बागान्दी' ग्याम्से सम्पती ताबा हीन्ना। खालाङसेचा सोमपाथीला ब्लु नीबा बु ताबासे सम्पथी ग्याम्से सम्पती ताबा हीन्ना बीबामुला।

(ण) चलाखुः तामाङला तामरी चाला बीबासे स्योङम्योबा थेन खु बीबाचा स्योङदा पाङबा हीन्ना। याम्बुरी नुन चल्खु, बाल्खु, साँखु, लीखु पाङबा राङबान चु 'चलाखु' नोन 'चाल्खु' राङबान हीन्ना। तामाङला तामरी 'खु' छीगसे खुकु (झोल) हीन्ना, थे पाङबाचा क्युअी हीन्ना। स्योङरी क्युअी ल्हाना तामादुयुङरी चाल नीबा या ङुओकादे नीना लाबासे थे स्योङदा चाल्खु बीबा हीन्ना।

(त) ङुइबुः नाम्सारी दाङबो ङुओजे नीसी टीबा ग्लाला बु ताबासे बुला मीण नुन 'ङुओ-बु' पाङबा हीन्ना।

(थ) कुकुमसुबा गाङः तामाङ तामरी कु बीबा च्युअी गीक आछ्योबा हीन्ना। कुकुम बीबा नुन कु चाबा स्हे बीबा हीन्ना। कुछा चाबा स्हे सुबा गाङ-ग्लाला बुव्हारी ताबासे कुकुमसुबा गाङ पाङबा हीन्ना।

(द) ग्हाओयाम्राङ गाङः सुबारी क्युअी आतोबा सुन राङबा चालुदा ग्हाओया(घैया) बीबा हीन्ना। चु ग्हाओयासुन सुबा गाङला ग्लासा ताबासे थे ग्लाला मीन नुनज ग्हाओयाम्राङ गाङ बीबा हीन्ना।

(ध) कोल्ब्यातः नाम्साला कोल्ते ज्याबा ज्याना रोबा व्हारी मुबा च्यातसाग्ला ताबासे कोल्ब्यात पाङबा हीन्ना।

(न) गाङ्बुः नाम्सारी सुन सुबा बु दीममुबा ग्ला बीमा तोर गाङरी मुबासे तामाङ तामरी गाङबु पाङबा हीन्ना।

(प) बाङ्थलीः चु मीन काब्छेला बालथलीदा नुन बाङथली पाङबा लामुला। नाङबासाङग्येला छ्योओीखोररीचा वाङ बीबा डीङबाङ बीन्बा दोन्बा ताम हीन्ना।

(फ) आलोङः तामाङ तामरी नाबेरी क्वान्बा ग्येन्छ्यादा आलोङ पाङबा मुला। आलोङ राङबा क्वारक्वारपा बुव्हारीदा आलोङसा पाङबा मुला।

(ब) काफ्लेः तामाङ तामरी क्वान राबारी टुप स्हेङबारी बुव्हारेरी कापे सुबा पे मुला। ब्लेक्पा साग्लारी कापे सुबा ग्ला बुव्हारेदा तामाङ तामरी कापेसुबा ब्ले पाङबा मुला। चु नुन कापेसुबा ब्ले ग्याम्से नुन काप्ले मीन ताबा मुला।

(भ) सालाम्बुः तामाङ तामरी साला ला तेन्बा बु दा सालाम्बु पाङबा मुला। याम्बु, साओीबु, बालम्बु पाङबाराङबान तामाङ तामरी सालाम्बु बीबा म्ही ह्युल्बाला दाङबो नाम्सा ह्युलखोर मुबा ग्ला पाङबा हीन्ना ।

(म) लीसङ्कुः तामाङ ग्योओीरी रीस्याङगु गीक दाङबो नाम्सा हीन्ना। री बीबा ह्वी पाङसी नुन पाङबा मुला। ह्वीसे या रीसे गाङला थो, ह्वीसीङगु पाङसाओी दोङमुबा गाङला गु बीबा नुन ताबा। तामाङ तामरी नुन री छीग ली नुन ताबा मुला बीसी ह्विसीङगुदा लीसाङगु थेन लीसाङगु नुन पाङबा पेमुला।

(य) पोङडीः तामाङ ह्युल्बासे चुग्लाला मीन तामाङ तामरी आओीराग युबा ‘पोङ’ थेन ‘थीबा’ ग्याम्से पोङदी ताबा बीसी पाङबा मुला। खालाङ खालाङसे चा पोङथीबा ग्याम्से पोङदी ताबा पाङबा मुला।

(र) दार्गाः चु ग्लारी दान्दे नुन क्युओीला वाती मुला। ज्यार्ती तामरी वाती ङा पाङबा तामदा तामाङसे पाङबा ‘दार्ङा’ द्हारा ङा पाङबा हीन्ना, चु ग्लारी दात्ते नुन वाती ङा मुनुन मुला।

(ल) ग्हाट्टास्योङः नाम्साला केन्जोम, साङा, ग्वा ब्रासी ब्रा स्होबा ग्हाट्टाजुसी थान्बा स्योङग्लादा दान्तेनुन ग्हाट्टास्योङ पाङबा लाबा मुला।

(व) चौरी खोलाः चु स्योङगान्दीला मीन हीन्ना। तामाङ तामरी ह्या वा या स्योङदा ज्यार्तीला तामरीचा ‘चाउरी खोला’ हीन्ना। दान्ते ज्यार्ती ताम थेन तामाङ ताम दोङसी “चौरी स्योङ” पाङबा हीन्ना। तामाङनुन तामरी चा ‘ह्यास्योङ’ हीन्ना।

(स) लामाचुर्गीः दाङबो लामा च्युओीसे गी मुबा ग्ला ताबासे ग्लाला मीन नुन लामाच्युर्गी पाङबा हीन्ना बीसी पाङबा लाबा मुला।

**३) थुम्ताम:**

तामाङ तामरी मुबा ग्लाला मीनकादे काराङ लासी पोबाचीम बीबा च्यामा नाख्ले-नाङरे ताबान-नाग्रे ताजी, पालोकदी-पलाक्थली ताजी, चालखु-चलाखु ताजी, डुपोजोङ-डापजोङ-दापजोङसे दान्ते दाप्चा ताजी, तादीङबा ग्ला ग्याम्से तादी ताजी, गाङ कु पाङबा नुन ह्रीकु दान्दे री नाम्सा ताजी। थेराङ नुन "च्यानम्राङ" ग्याम्से 'च्याम्राङ', म्हेजे या म्हे ज्योओी ग्याम्से दान्ते मेच्छे ताबा मुला। रा थेन मे चे ग्याम्से 'राम्हेचे' ग्याम्से 'राम्चे' मीन ताबा मुला। दाङबो तामाङ तामरी मुबा ग्ला, खोप्रीङ-खोपाङ-खोप म्ही ह्युल्बाला म्हीडाङ ल्हेसी काप्सी नीबासे खोप्ब्रुम म्ही ब्रुमले मुबाग्ला ग्याम्से खोप्रीङ म्ही ल्हाना मुबा ग्ला ताजी। खोप्रीङग्याम्से दान्दे बाअिला तामरी खोप ताबा हीन्ना। माओीथाली ग्योओी वाङखासी भक्तपुर ताजी। दान्तेला बनेपादा बोद, बोंदी ब्होंत ब्होदन्त, ब्होटाङ ग्याम्से दान्तेचा बनेपा ताबा मुला। चुराङबान बोमजानदा भुम्जन, मोक्तानदा मुख्तान, ब्लोदा भुलोन, भ्लोन, बोलोन, ग्लानदा घलान, घ्लान स्हेङबा मुला। दारेम बागमती ग्याल्सारी ग्याल्खापरी तामाङ ग्योओीदा छोत्पा ब्रीबारी ग्योओीठीम-२०८० नुन खासी जीन्बा दुयुङरी तामाङ तामदा न्होङना लासी ब्रीसी बोर्पा ग्येकादे कासी पीन्ला बीबा चु ब्रीताम ग्याम्से सेमताम फुल्बा मुला।

# खण्ड – ३

# अधिकार - फ्रीगु भाय्

मल्ल के. सुन्दर

मनुखं भाय्या छ्यलाबुला गब्लेनिसें यायेगु सयेकल खः ? थ्व उलि अःपुक धायेमफु । गुब्ले आदिम मनूत (Primeval) थौंया प्राज्ञ मनू (Homo Spines) कथं ब्वलन उब्लेनिसें मनुखं खँग्वः छ्यलाः थःगु नुगःया भाव प्वंकेगु यात जुइ धइगु विज्ञपिनि धापू खः । तर नं थ्व वय् कःपिंसं थीथी तर्कया लिधंसाय् यानादीगु अनुमान जक खत । थुकी नं छ्थ्वलं मानव विकासया भ्वलय् बुलुहुं व निरन्तर (Theory of Continuity) या खँल्हाइपिं दुसा मेगु छ्थ्वः धाःसा (Non-Continuity) गैरनिरन्तरताया बिचाः तइपिं नं दु । छता खँ धाःसा सकल अध्ययेतापिंसं धयावयाच्वंगु खः - भाय् मानव समुदाय दुनेया मंकाः अले द्वलंद्वः दँया कुतःया लिच्वः खः । उकिं प्रत्येक भासाय् सम्बन्धित मानव समाज म्वानाच्वंगु थाय्/बाय्, लः/फय्निसें उमिगु चेतनाया नापनापं मनोविज्ञानया प्रभाव दयाच्वनी । थ्व ल्याखं भाय् प्रत्येक मानव समुदायया म्हसीका खः । थुकी उमिगु संवेदना नं उलिहे स्वानाच्वनी ।

भाय् धइगु नृविज्ञान Anthropology अध्ययनया छगू क्वातुगु लिधंसा खः । समाजशास्त्रीतय्सं भाय्यात तःजिगु अमूर्त मानवीय सम्पदा धकाः नालातःगु जुल । भाषाशास्त्रीतय्सं ला ध्वनी विज्ञान Phonoology, आकृति विज्ञान, Morphology लिपि विज्ञान अले ब्याकरणया लिधंसाय् विज्ञपिंसं भाय्यात कयाः थःथःगु कथं ब्याख्या यायेगु व थुइकेगु यानाच्वंगु दु । थःथःगु विधाया बिस्कं बिस्कं मानक व सिद्धान्त नं दुगु जुल । थौं वयाः भाय्यात खँपु Speech, कचाभाय् Dialects कथं ब्वथलेगु जक मखु सुक्ष्म भाषाशास्त्र Micro-linguistics मिखां दुवालाः मनोभाषाशास्त्र Psycholinguistics, समाजिक भाषाशास्त्र Sociolinguistics, नृविज्ञान भाषाशास्त्र Anthropological linguistics निसें गणितिय अले कम्प्युटर भाषाशास्त्रया विधा विकास जुइ धुंकल । अथेहे सस्वर ब्यक्त जुइगु भाय् गुगु संसारन्यंकं दु । मेखे सांकेतिक भाय् व ब्रेल लिपिया भाय्या ल्याखं थाय् बियातःगु खत ।

भाय् मूलतः मानवीय जीवननाप स्वानाच्वंगु पक्ष जुयाच्वंगुलि थौंया इलय् थुकियात अधिकार या मिखां नं उलि हे मू बियावयाच्वंगु जुल । छगू जक भाय् ल्हाइपिं छथाय्सं च्वनेगु मानवीय सभ्यताया इतिहासय् गुब्ले ह्यूपाः वल, गुब्लेनिसें तःता भाय् ल्हाइपिं मनूत छथाय्सं च्वनेगु जुल, उब्लेनिसें मनुखं मनूनाप स्वापू तयेगुलिइ समस्या वःगु ला खत । थ्वसिबें नं अप्वः छगू भाय् ल्हाइपिंसं मेगु भाय् ल्हाइपिंत क्वह्यंकाः ब्यवहार याइगु जक मखसें भौतिक ल्याखं हे

न्हंका व्छयेगु प्रवृत्ति नं ब्वलन । भाय्या लिधंसाय् द्वेष, हिंसा व प्रतिहिंसा तक जुइगु जुल । सामन्ती समाज लिपा उपनिवेशिक शासनया विस्तार जुया वनेवं थुकथं शासक वर्गयापिंसं थःसिबें पाःगु भाय् ल्हाइपिंत विभेद, दमन अले सामाजिक हिंसा यायेगु परम्परा तच्वल । थुकिया कारणं विश्वया आपालं भाय् न्हनावन । आः नं थ्व क्रम मद्युनि ।

विशेषतः सन् १९४५ स निक्वःगु विश्वयुद्धया अन्त्य लिपा भाषिक आधारय् विकसित राष्ट्रिय राज्यतय् स्वतन्त्रताया क्रम न्ह्यज्यात । भाषिक अधिकार व स्वतन्त्रताया न्हूगु लःफय् विश्वय् खनेदत । थ्वहे इलय् नीस्वंगु विश्व संस्था संयुक्त राष्ट्र संघपाखें दँबदँ लिपा अथे धइगु सन् १९४८ स मानवअधिकारसम्बन्धी विश्वब्यापी घोषणापत्र पितबीवं भाय्यात छगू आधारभूत मानवअधिकारकथं नालाकाल । थनं लिपा भाय् व अधिकारया खँ आधिकारिक रुपं स्थापित जुयाबिल । थुगु घोषणापत्रपाखें भाय्या लिधंसाय् भेदभाव याये मज्यूगुया नापं थःथःगु भाय्या माध्यमं अभिब्यक्त यायेगु व शिक्षा प्राप्तिया अधिकारयात सुनिश्चित यानाबिल । उकिया लिपा राष्ट्र संघया नागरिक व राजनीतिक अधिकारसम्बन्धि अन्तरराष्ट्रिय अनुबन्धपाखें भाय्या अधिकारयात कयाः अझ अप्वः ब्याख्या व ब्यवस्थित, सुनिश्चित यात । मस्तय्गु अधिकारसम्बन्धी राष्ट्र संघीय अनुबन्धपाखें थःथःगु मांभाय्या माध्यमं आखः ब्वनेगु खँयात आधारभूत अधिकार खः धकाः धयाबिल । अथेहे जातीय, धार्मिक व भाषिक अल्पसंख्यकपिनिगु अधिकारसम्बन्धी घोषणापत्रपाखें गाक्कं त्याजिक भाय्या अधिकार गथे जुइमाः, गुकथं जुइमाः धकाः अन्तरराष्ट्रिय कानूनी लिधंसा चूलाकाबिल । सन् १९९६ स स्पेनया बार्सिलोनाय् जूगु अन्तरराष्ट्रिय भाषिक अधिकारसम्बन्धी घोषणापत्र व सन् २००६ जूनं अनुमोदन जूगु आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रया घोषणपत्रया प्रावधानतपाखें भाय्या अधिकारयात कयाः दुग्यंक व त्याजिक सुनिश्चित जुयाबिल । गुकिया विश्वन्यंकं सकरात्मक लिच्वः लात ।

तःता भाय् व संस्कृति दुगु नेपालय् नं ताः ईतक सामन्ती एकात्मक शासकपिंसं गैरखस भाषाभाषीतय्त तच्वकं विभेदया ब्यवहार यानावयाच्वंगु खः । गुकिया लिच्वःकथं आपालं भाय् न्हनावन, गुलिखे न्हनावनीगु अवस्थाय् दु । थ्वहे भ्वलय् जनआन्दोलन व सशस्त्र विद्रोहपाखें नीस्वंगु संघीय लोकतान्त्रिक गणतन्त्र नेपाःया न्हूगु संविधानपाखें अन्तरराष्ट्रिय थीथी कानूनया लिधंसाय् देय् दुनेया थीथी भाय्यात संवैधानिक मान्यता बीगु न्हूगु ब्यवस्था जुल । अधिकारया मिखां भाय्यात नालेगु व इमिगु सम्मान व सम्बर्द्धन यायेगु खँय् थनंलिपा नेपाःया राज्यसत्ता छुं भचा उदार व सकरात्मक जुयाबिल ।

**भाय्या अधिकार**

भाय्या अधिकार धायेबलय् थुकिया तःगू लागात दु । अथेखःसां अधिकारया ल्याखं भाय्यात सम्मान व सम्बर्द्धन यायेत राज्यस्तरं मयासें मगाःगु मूमू ज्या थुकथं दु :

**अभिब्यक्तिया अधिकार** - छम्ह मनुखं मेम्हनाप थःगु नुगःखँ कालबिल यायेगु माध्यम भाय् खः। अथे धइगु मनूया न्हिथंया जीवननाप स्वानाच्वंगु खँ खः, थ्व ! थ्व मनूया नैसर्गिक अधिकार नं खत । थौंकन्हय्या कानूनी ब्याख्याकथं थ्व छगू आधारभूत मानवअधिकार खः । मनुखं थःपिंसं ल्हाये सःगु वा थःगु मांभासं नुगःया खँ प्वंके मंत धाःसा वयागु धायेगु वा खँ कनेगुलिइ पंगः थनाबीगु जुल । थ्व ल्याखं मानव अधिकारया हनन जूगु जुल । अन्तरराष्ट्रिय मान्यताकथं थथे जुइ मज्यू । गुम्ह मनुखं गुगु भासं थःगु खँ कालबिल याये सः वयात उगु हे भाय् छ्यले दइगु अधिकार सुनिश्चित जुइमाः । थःगु मांभाय् ल्हाये दइगु ब्यवस्था जुइमाः । गुगु नं अवस्थाय् छम्ह मनूया थःगु भाय् छ्यले दइगु वातावरणय् पंगः दये मज्यू, सुनानं गनेगु वा पनेगु नं यायेमज्यू । थुकिया निंतिं राज्यपाखें माःगु कानून दयेकेमाः । नापनापं ब्यक्तियात थःगु भासं अभिब्यक्त यायेगु अधिकार सुनिश्चित यायेगु व उकियात अःखः ज्या याइपिंत दण्ड/सजायया नं ब्यबस्था जुइमाः ।

**आखः ब्वनेगु अधिकार** - समाजशास्त्री व मनोवैज्ञानिकतय्सं तःदँ बिकाः याःगु अध्ययन व अनुसन्धानपाखें थ्व खँ पुष्टि जुइधुंकल कि नकतिनिया मस्तय्त याकनं ब्वनेगु व सयेके बीगु खःसा इमिसं थःगु छेँय् ल्हाइगु इमिगु मांभासं आखः ब्वंकेमाः । थथे मयासें बलपूर्वक मस्तय्सं मथूगु मेमेगु भासं आखः स्यनेगु जुल धाःसा छखे मस्तय्सं याउँक आखः ब्वने सयेकी मखु मेखे अज्याःगु वातावरणय् मस्तय्सं आखः सयेकेत ब्वनेकुथिइ वनेगु हे त्वःताः बी । थुकिं यानाः राज्यया शिक्षा नीति हे असफल जुयाबी । थ्व सम्बन्धय् विज्ञपिंसं याना स्वःगु ब्यवहारिक अध्ययनया लिधंसाय् युनेस्को थेंज्याःगु विश्व संस्थापाखें मांभासं आखः सयेकेगुयात मस्तय्गु मौलिक अधिकार खः धयाब्यूगु दु ।

**सूचना प्राप्तिया अधिकार** - राज्य सकल नागरिकया मंकाः खः । राज्यपाखें गुलिनं ज्या न्ह्याकी, नागरिकपिनिपाखें मुंकातःगु राजश्वयात छ्यलाः जक न्ह्याकीगु खः । उकिं राज्यं छु यात ? छाय् यात ? छुकिया निंतिं यात ? गनं गुलि दां फुकल ? आदि सकतां खँ सीकेगु व उकियात पाय्छि जू मजू धकाः लिच्वः प्वंकेगु छम्ह छम्ह नागरिकया उतिग्यंक अधिकार दु । तर थुकिया निंतिं सकतां खँ पाय्छि जुइक, इलय् सीकेगु नागरिकया हक खः । उकिं राज्यपाखें न्ह्याकेत्यंगु वा न्ह्याकाच्वंगु, क्वचाःगु न्ह्यागु नं ज्याया पूवंक सुचं कायेफइकथं नागरिकपिंसं

ध्वाथुइकेफइ कथं उमिगु हे भासं सार्वजनिक सुचं कायेगु आधारभूत नागरिक अधिकार खत। थुकी दुने राज्यया मू कानून संविधाननिसें ऐन, कानून, नीति, नियम आदि नं थःथःगु भाय्या माध्यमं सुसूचित जुइ दइगु महत्वपूर्ण अधिकार खः ।

**प्रशासनिक अधिकार-** सरकारपाखें गुलि नं ज्याखँ न्ह्याकी उकिया सेवाग्राही देय्या नागरिकपिं खत । नेपाः थेंज्याःगु तःता भाय् ल्हाइपिं सेवाग्राही दुगु देसय् छगू जक भासं सरकार वा प्रशासनिक ज्याखँ न्ह्याकेगु जुइवं थःगु भाय् त्वःताः मेगु भाय् मथूपिं वा ल्हाये, च्वये-ब्वने मसःपिंसं थःत माःगु सेवा काये खनीमखु । अथे धइगु इपिं आधारभूत नागरिक अधिकारपाखें पिने लाइगु जुल । समानताया सिद्धान्तकथं थ्व भेदभावपूर्ण ब्यवहार जुल । छम्ह नागरिकं गुगु भाय् ल्हाये सः वा थू वयात उगु हे भासं राज्यस्तरया प्रशासनिक सेवा काये खनिगु अधिकार दयेमाः । उकिं समानताया अधिकारया ल्याखं तःता भाय् दुगु देसय् प्रशासनं सेवाया माध्यमकथं तःगू भाय् नालेमाः ।

**न्यायिक अधिकार -** छगू लोकतान्त्रिक देसय् छम्ह नागरिकया निंतिं थःगु अधिकार सुनिश्चित यानाबीगु दकलय् लिपा बः कायेगु थाय् धइगु न्यायपालिका खः । अथे जूगुलिं अदालतयात न्यायया देगः धकाः धाइगु खः । थन हे छम्ह नागरिकं थःत जूगु अन्याय वा गुकथं न्यायपाखें बञ्चित जुल धइगु पीडाया खँ पाय्छि जुइक धायेमफुत धाःसा वयात जुइमाःगु धाथेंया न्याय जुइगु सम्भावना दइमखु । न्याय सम्पादन याइपिं न्यायमूर्तिपिंसं छम्ह नागरिकया फिराद पाय्छि कथं मन्यँसें गथे यानाः सही फैसला यायेफइ ? वास्तवय् अधिकारया ख्यलय् अदालत अले अन पीडित पक्षं थःगु खँ न्ह्यब्वयेबले अभिब्यक्तिया माध्यम अतिकं संवेदनशिल पक्ष खः । पीडित पक्षं मथूगु वा ल्हाये मसःगु भाय्यात छ्यलेबलय् गुगु खँ कनेत्यंगु खः उगु खँ पाय्छि जुइक धाये फइमखु । उलि जक मखु गुलिखे मामिलाय् अर्थया अनर्थ तकं जुयाबी । थुज्वःगु वकपत्रयात लिधंसा दयेकाः अदालतपाखें फैसला बीबलय् पीडितयात जुइमाःगु न्याय जुइमखु । अझ अन्याय जुयाबी । गुगु न्यायया सिद्धान्तया अःखः खत । उकिं अदालतपाखें प्रत्येक नागरिकयात पाय्छि न्याय यायेफयेमा धइकथं अदालतया दुने जाहेरवालां धाये फइगु वा कने फइगु भाय्यात छ्ययेके बीमाः । माःसा भाय् हीलिपिं द्विभाषीया ब्यवस्था नं याना बीमाः । न्यायपालिकाय् थःगु भाय् छ्यले दइगु तच्वकं महत्वपूर्ण मानवअधिकार खः ।

**प्रतिनिधित्वया अधिकार-** अधिकार प्रत्याभूति धइगु संवेदनशिलया नापनापं मनूतय् मनोविज्ञानलिसे स्वानाच्वंगु गाक्कं स्वत्तुमत्तु स्वःगु खँ खः । खतुं अधिकारया खँ कानूनपाखें सुनिश्चित यानाबीगु हे राज्यया भूमिका खः । नेपाः थेज्याःगु तःगू जाति, तःता भाषा,

संस्कृतिया मनूत दुगु देसय् धाःसा अधिकार प्रत्याभूत याइगु थासय् सुनां नेतृत्व वा प्रतिनिधित्व याइ धइगु खँय् नं उलि हे ध्यान बीमाः । अप्वः धइथें कानून ब्यवस्था छता जुयाच्वंसा उकियात छ्यलीम्ह अधिकारी पूर्वाग्रही मानसिकतायाम्ह जुइबलय् ब्यवहारय् पंगः जुयाबी । नापनापं सरोकार वाला समुदायया मनोभावयात खः कथं थुइके मफयेवं नं पायछिगु कानूनयात छ्यलीबलय् अलमल यानाबीगु प्रवृत्ति दु । विशेषतः न्यायपालिका, शिक्षालय अले स्थानीय निकाय थेंज्याःगु थासय् गुगु भाय् ल्हाइपिं मनूतय् ल्याः अप्वः खः अन उगु भाय् ल्हाइपिं मनूतय्त प्रतिनिधित्व याकेगु जुइमाः ।

थ्व सिबें नं महत्वपूर्ण खँ, देय् सकलया मंकाः खः धइगु अनुभूत याकेत राज्यया नीति निर्माण याइगु सकतां थासय् थीथी भाय् ल्हाइपिं नागरिकतय् इमिगु जनसंख्याया ल्याःकथं समानुपातिक ल्याखं प्रतिनिधित्व जुइगु हक अधिकार सुनिश्चित जुइमाः ।

**संरक्षणया अधिकार** - मनुखं ल्हाइगु भाय् हे वयागु समुदायगत म्हसीका खः । भाय् न्हनिगु धइगु समुदायया मौलिक म्हसीका न्हनावनीगु जुइ । थ्व सम्बन्धित समुदायया निंतिं जक मुक्कं मानव समुदायया निंतिं हे छगू तःजिगु अमूर्त सम्पदा न्हनिगु खत, थ्व बांलाःगु खँ मखु । इतिहास पुइकेबले गुलिखे सन्दर्भय् शासक व राज्यसत्ताया अनुदार ब्यवहारया कारणं आपाल भाय् न्हनावंगु भ्मीसं खंकेफु । छखे शासकतय् साम्प्रदायिक व कय्कुंगु मानसिकतां गैरशासक वर्गया भाय्या अस्तित्व मदयेकेत थीथी कथं दण्ड भेदया नीति नालीगु जुल । मेखे समुदायया मनूत थःपिंसं हे थःगु भाय् स्वाका तये, ल्यंका तयेत याइगु कुतःयात नं पनाबीगु जक मखु कानूनयात छ्यलाः दण्डित यायेगु शासकीय प्रवृत्त गाक्कं दु । थ्वहे खँयात वाःचायेकाः राष्ट्र संघपाखें थीथी अन्तरराष्ट्रिय कानूनी ब्यवस्थायासें प्रत्येक समुदाययात थःथःगु मांभाय् संरक्षण यायेगु बिशेष अधिकार सुनिश्चित यानातःगु दु । भाय्या संरक्षण धायेबलय् भाय्यात छ्यलाः न्ववायेगु, च्वयेगु व ब्वनेगु ला जु हे जुल । अन्तरराष्ट्रिय मान्यताकथं भासं च्वयातःगु सफू, अभिलेख, लिपि, ब्याकरण, शब्दकोष, साहित्यिक कृति पिथनेगु, सुरक्षित यायेगु खँ भाय् संरक्षणया महत्वपूर्ण पक्ष खः ।

**गैरसरकारी क्षेत्रया अधिकार** - भाय्या अधिकारया खँ ल्हायेबलय् सामान्यतया मनुखं थ्वयात राज्यसत्तानाप स्वाकाः सरकारी व औपचारिक ख्यःयात जक सरोकारया बिषय कथं थुइकीगु । मनूया जीवनय् सरकारी ख्यलय् गुलि स्वापू दयाच्वनी उलि हे गैरसरकारी ख्यलय् नं दयाच्वनी । थ्व ल्याखं सरकारी ख्यलय् छम्ह मनूयात गुगुकथं भाय् छ्यलेगु अधिकार दइ अथे हे गैरसरकारी क्षेत्रय् नं उकथं फुक्क कथंया अधिकार दयेमाः । तर थुकियात कयाः म्हो जक न्ह्यसः थनिगु जुयाच्वंगु दु ।

**भाषिक भेदभाव/भाषिक हिंसा विरुद्धया अधिकार** - भाय्या सम्बन्धय् प्रत्याभूत जुइमाःगु अधिकारया खँ ला महत्वपूर्ण खत । थ्वसिबें संवेदनशील खँ धयागु मनुखं ल्हाइगु गुगुं भाय्या लिधंसाय् छम्ह मेम्हसिनं नागःतुगः यायेगु, क्वह्यंकेगु, पनपक्ष यायेगु तकं जू । गुलिखे सन्दर्भय् छगू भाय् ल्हाइपिं मनूतय् समुदाययात मेगु भाय् ल्हाइगु समुदायया मनुखं द्वेषपूर्ण व्यवहार जक मखसें हिंसात्मक व आक्रामक व्यवहार नं याइगु प्रवृत्ति दु । थुज्वःगु परिस्थितिया कारणं छगू भाय् ल्हाइपिं समुदाय व मेगु भाय् ल्हाइपिं समुदाय दथुइ साम्प्रदायिक ल्वापु अले युद्ध तक जुयावंगु इतिहास नं दु । वास्तवय् थुकथंया व्यवहार सभ्य मानव समाजयात ल्वःगु खँ मखु । थःगु भाय् तःधं, तःजि अले मेपिंसं ल्हाइगु भाय् क्वह्यं तायेकीगु घृणाया भावनां थुकथंया परिस्थिति ब्वलनीगु खः । भाषिक साम्प्रदायिकता थौंया मानव समाजय् ल्यनाच्वनीगु धइगु छगूकथं मछालापूगु खँ खः । वास्तवय् तःम्हं ल्हाइगु भाय् जुइमा वा म्हो जक मनुखं ल्हाइगु जुइमा फुक्क भाय्या महत्व उलि हे खः, सकतां भाय् उतिग्यं । फुक्क मनूयात थःगु भाय् ल्हायेगु अधिकारया जक खँ मखु आत्मसम्मानया नं खँ खः । थौंया विश्व मान्यताकथं भाय्या लिधंसाय् सु नं मनुखं मेम्ह मनूयात नागःतुगः यायेगु, हिबाय्चबाय् यायेगु, भाय् न्ववाके मबीगु, आदि कानूनतः भाषिक हिंसा हे खः । नेपालय् आः नं थुकथंया मनोभाव व व्यवहार सामाजिक रुपय् ल्यनाच्वंगु दनि । थुकिया नं कानूनतः दण्डनीय अपराधकथं ब्याख्या जुइमाः । थथे भाषिक हिंसाय् तक्यनीपिं पीडकतय्त दण्ड सजायया तकं व्यवस्था जुइमाः ।

थकूछें, पासिक्व,

११४५ चउलागाः १४
भुइजःसि, यँ ।

# नेपालभाषा व बागमती प्रदेशय् प्रदेश सरकारया ज्याखँया भाषा ऐन २०८०

डा. पुष्पराज राजकर्णिकार

**न्ह्यखँ**

नेपाः बहुभाषिक देय् खः । सन् २०११ या तथ्यांककथं थन मांभाय्कथं ल्हाइगु भाय् १२४ गू दु । बागमती प्रदेश नं बहुभाषिक प्रदेश खः । थन ११३ गू भाय् दु । रैथाने भाय् हे तामाङ व नेपालभाषा नापं १७ गू दु । बागमती प्रदेशय् नेपाली, तामाङ व नेपालभाषा अप्वःसिया मांभाय् खः । नेपाली, तामाङ व नेपालभाषा ल्हाइपिनिगु ल्याः छसिकथं प्रदेश जनसंख्याया ६७।२३, १८।४ व १२।४४ प्रतिशत दु ।

प्रदेश सरकारपाखें थःगु प्रदेश दुने बहुसंख्यक जनतां ल्हाइगु छगू वा व स्वयां अप्वः राष्ट्रभाषायात प्रदेश कानुनकथं सरकारी ज्याखँया भाय् दयेके फइगु संविधानया व्यवस्थाकथं बागमती प्रदेश सरकारं तामाङ भाषा व नेपालभाषायात सरकारी ज्याखँया भाषा घोषणा यानाः थुकिया कार्यान्वयनया लागि 'प्रदेश सरकारी कामकाजको भाषा ऐन-२०८०' लागू याःगु दु ।

थुकिं नेपालभाषायात लाकीगु लिच्वः कुलेगु थ्व च्वसुया तातुना खः । नापं थुकिया प्रभावकारी कार्यान्वयन लागि छीमागु पलाःया बारे चर्चा यायेगु नं तातुना खः ।

**नेपालभाषाया अवस्था**

नेपालभाषा थःगु हे लिपि व साहित्य दुगु देया छगू बिकसित भाय् खः । सन् २०११ या जनगणनाकथं थ्व भाय् ल्हाइपिनिगु ल्याः ८,४६,५५७ अर्थात मुक्कं जनसंख्याया ३।२ प्रतिशत दु । थ्व भाय् ल्हाइपिं देय्न्यंक व विदेशय् नं दुसां थुकिया केन्द्र व उत्पत्ति नेपालमण्डल वा थौकन्हय्या बागमती प्रदेश खः । बागमती प्रदेशय् जक ७,२२,९४३ अर्थात मुक्कं नेवाः जनसंख्याया ८५।४ प्रतिशत दु । थ्व भाय् ल्हाइपिं नेपाः गाःया २९ गू गामय् ख्वातुगु बसोबास दुगु खनेदु । लिच्छवीकालय् अस्तित्वय् वःगु थ्व भाय् मल्लकाल लिपा खस नेपाली भाषा बाहेक देय्या मेमेगु भाय् थें तुं राज्यया विभेदया शिकार जुया उत्पीडनय् लाना वयाच्वंगु दु ।

## उत्पीडन

भाषिक उत्पीडनया बिवरण बुँदागत रुपं क्वय् न्ह्यथनागु दु ।

ने।सं ८८८ इ पृथ्वीनारायण शाहं स्वनिगः त्याकूसांनिसे खँय् भाय्यात नेपालभाषा लगायत मे मेगु जातिया भाषाय् क्वचिनेगु सुरु जुल ।

- वैदिक आर्य जाति बाहेक मेपिनिगु भाषा न्हंकेगु ज्या राणा शासनया इलय् झन तीव्र जुल । चन्द्र शम्शेरया पालय् नेपालभाषां च्वयातःगु कालबिलया झ्वँयात मान्यता मबीगु यात ।
- नेवाः भाषं आकाशवाणीं खँल्हाय् तकं मंत ।
- नेवाः भाषं साहित्य सृजना याःपिं साहित्यकारतय्त जक मखु, बौद्ध तुतः च्वःम्ह, व तुतः द्यःयात छ्वाःम्ह, ज्ञानमाला भजनया सफू पिकाःम्हेसित तकं सजाय यात ।
- ने।सं। १०७१ य् राणा शासन क्वःदसेंलि राज्यया भाषा नीति छुं भचा उदार जूगु खःसां, ने।सं। १०८१ इ जननिर्वाचित सरकारयात अपदस्थ यानाः जुजु महेन्द्रं शासनसत्ता थःगु ल्हातय् कासेंलि भाषिक विभेद व दमन झन् तच्वल ।
- महेन्द्रं बिउगु संविधानय् देय्या बहुभाषिक विशेषतायात लाकमं च्वनाः खँय्भाय् छगूयात जक नेपाली नां छुनाः राष्ट्र भाषाया दर्जा बिल ।
- थ्वहे जुजुं लागू याःगु पञ्चायती व्यवस्थां 'छगू देय् छगू भाय्'या नीति ज्वन ।
- रेडियो नेपालं प्रसारण याना वयाच्वंगु नेवाः भाय्या समाचार व जीवन दबू ज्याझ्वः दिकाबिल ।
- सरकारी संचारमाध्यमय् नेवाः भासं दां पुलाः विज्ञापन तकं याये मदइगु जुल ।
- न्हापा स्कूलय् अःपुक ब्वने दयाच्वंगु नेपालभाषायात ब्यावसायिक विषयनापं ल्वाकःबुकः यानाः

छलकपटपूर्ण पाठ्यक्रम दयेकाः नेपालभाषायात ब्वँ हे मब्वँनीगु बिषय यानाबिल ।

- मांभाषा ब्वनेगु वा मांभासं ब्वनेगु, ब्वंकेगु खँ ला छखे हे मांभासं शिक्षा बिलकि ब्वँमि मचातसें याकनं लानाकाये फइगु वा थुइका काये फइगु जुयाः मांभासं शिक्षा बीमाः धका सः तयावंम्ह नेपालभाषाया प्यंगःथांमध्ये छगःथां मास्तर जगतसुन्दर मल्लया झ्वाता तकं तयेके मबिसे अपहरण याना यंकल ।
- लोकसेवा आयोगं नेपालभाषाया डिग्रीयात ल्याः मबीगु यात ।

- पञ्चायती व्यवस्था लिपा पुनर्स्थापना जूगु बहुदलीय व्यवस्थाय् राज्यया भाषा नीति हाकनं भतिचा उदार जूसां खस नेपाली भाषायात राष्ट्रभाषा व देशय् ल्हाइगु मेमेगु मांभाय्यात राष्ट्रिय भाषा धकाः न्हूगु संविधानय् नं भेदभाव ल्यंका हे तल ।
- संविधानकथं खस नेपाली भाषा जक सरकारी ज्याखँया भाषा जुल । मेमेगु मातृभाषा स्थानीय निकायय् तकं छ्यले मदुगुया मदुगु तुं जुल ।

**भाषिक संघर्ष/आन्दोलन**

राज्यपाखें जूगु भाषिक विभेद व दमनया प्रतिरोधय् नेपालभाषा भाषी जनतां थीथीकथं निरन्तर संघर्ष याना वयाच्वंगु दु । थ्व प्रसंगय् क्वय् बियागु आन्दोलन विशेष न्ह्यथनेबहजू ।

**नेपाल संवत् १०८५ ( बि.सं. २०२२) सालया भाषिक आन्दोलन**

नेपाल संवत् १०७१ निसे रेडियो नेपालं याना वयाच्वंगु नेपालभाषाया समाचार प्रसारणयात ने. सं. १०८५ चौलागाः १२ निसे दिका बिउगुया विरोधय् साहित्य सम्मेलनया माध्यमं ब्यापक आन्दोलन जुल । सरकारी दमन व आन्दोलन कमजोर यायेगु कूटनीतिया बावजूद नं थ्व आन्दोलन शनिवाः शनिवाःपतिकं यैं, यल, ख्वप, किपू, लुभु आदि थासंथासय् साहित्य सम्मेलन झिंप्यला तक न्ह्यात ।

**नेपालभाषा संघर्ष समितिया आन्दोलन**

यैं महानगरपालिकाया वि.सं. २०५४ साउन १० गते च्वंगु बोर्डया मुँज्यां नेपालभाषायात नं महानगरपालिकाया ज्याखँय् छ्यलाबुलाया भाय्कथं मान्यता बीगु  निर्णय विरुद्ध छथ्वः साम्प्रदायिक पुचलं सर्वोच्च अदालतय् तःगु मुद्दाय् २०५४ चैत्र ६ गते छम्ह न्यायाधिशया याकः इजलासं थुगु मद्दाया अन्तिम किनारा मजूतले महानगरपालिकाय् नेपालभाषायात छ्यलेगु/छ्ययेकेगु ज्या मयायेत अन्तरिम आदेश बीवं अन्यायय् लाःपिं नेवाःतसें नेपालभाषा संघर्ष समिति नीस्वनाः संघर्षया थीथी ज्याभ्वः न्ह्याकल । तरं सर्वोच्च अदालतं नोसं। १११९ अनालागा २ (२०५६ जेष्ठ १८ गते) स्थानीय निकायय् नेपालभाषा छ्यले दइमखु धकाः उत्प्रेषणया आदेश जारी यात । अनंलि आन्दोलन झन् तच्वल । संविधानय् राष्ट्रिय भाय्या मान्यता बियातःगु भाय्यात स्थानीय निकायय् तकं छ्यले मदइगुकथं फैसला जूगु जेष्ठ १८ गतेया न्हियात ‘हाकुगु न्हि’ घोषणा यानाः संघर्ष न्ह्याः वन । सरकारी दमन वावजुद नं संघर्षया थीथी ज्याभ्वःत मदिक्क न्ह्यानाच्वंगु हे जुल । आन्दोलनया ज्याभ्वः उत्कर्षय् थ्यनाच्वंगु इलय् २०५६ भदौ ३० गते (नोसं। १११९ ञलाथ्व ५) कुन्हु स्वनिगः बन्द जुल ।

तर सरकारी ज्याखँया भाय् देवनागरी लिपिं नेपाली भाय् जुइ धका च्वयातःगु मौजुदा संविधान अन्तर्गत खय् भाय् बाहेक देय्या मेमेगु भाषाथें नेपालभाषा गनं नं सरकारी ज्याखँया भाय् जुइ मफइगु जुल ।

**नेवाः स्वायत्त राज्यया आन्दोलन**

नेवाः राज्य वैचारिक तहय् न्हापा हे खने दयेधुंकूगु खः । शिक्षा, संचार व मेमेगु ख्यलय् छ्यले मदयाः सिना वनीगु अवस्थाय् थ्यंगु नेपालभाषा मौजूदा संविधान अन्तरगत स्थानीय तहय्तकं छ्यले मदइगु जूबलय् नेवाः राज्यया आवश्यकता भन् हे महसुस जुल । नेवास्तय् राष्ट्रिय संगठन नेवाः देय् दबूया ने।सं। ११२६ तछलाथ्व ६ कुन्हु जूगु न्हापांगु नेवाः राजनैतिक सम्मेलन लिपा नेवाः राज्य प्राप्तिया आन्दोलनं मूर्तरुप कयाहल । देशय् राजनैतिक ह्यूपाः वयाः न्हूगु संविधान दयेके त्यंगु थ्व इलय् नेवाः देय् दबुलिं न्हूगु संविधानय् नेवाः स्वायत्त राज्य दुथ्याकेत पहल, पैरवी व सतक संघर्षया ज्याभ्वः नं न्ह्याकल । आन्दोलनयात धिसिलाका यंकेगु भ्वलय् ने।सं। ११२६ ञलागा १२ कुन्हु नेवाः देय् दबू हामा खलः जुया स्वशासनया लागि नेवाः गणतान्त्रिक मोर्चा नीस्वन । लिपा हाकनं ने।सं। ११२९ थिंलागा ६ कुन्हु नेवाः देय् दबूया हे पहलय् थ्वहे मोर्चाया विस्तारित व परिमार्जित रुपय् नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समिति नीस्वन । आन्दोलनयात अभ न्ह्यने यंकेगु ज्या जुल । आन्दोलनया उत्कर्षय् ने।सं। ११३० पो हेलाथ्व नवमि कुन्हु येँया दशरथ रंगशालाय् लखौं मनूत मुनाः जनस्तरं नेवाः स्वायत्त राज्य घोषणा यायेगु ज्या जुल । तर ने।सं। ११३५ य् न्हूगु संविधान जारी जूबलय् उकी नेवाः राज्य मदुगु जक मखु, राज्यया पुनःसंरचना हे जातीय क्षेत्रीय पहिचानया आधारय् मजूसे भौगोलिक प्रशासनिक आधारय् जुयावल ।

**ने.सं ११३५ सालया संविधान**

ने.सं. ११३५ य् जारी जूगु नेपाःया संविधानय् नेवाः राज्यया व्यवस्था मजूसां भाषिक सवालय् छुं छुं सकारात्मक प्रावधान धाःसा दुथ्याःगु दु । थुज्वःगु छुं प्रावधानत क्वय् संक्षिप्तं न्ह्यथनागु दु ।

- देय्या बहुभाषिक विशेषतायात स्वीकार याःगु दु । प्रस्तावनाय् हे भाषिक विभेद न्हंकेगु संकल्प दु ।
- देशय् ल्हाइगु दक्वं मांभाय्यात राष्ट्रिय भाय्या दर्जा बियातःगु दु ।
- नेपालभाषायात प्रदेशया सरकारी ज्याखँया भाय् दयेकेगु लँ चाःगु दु । प्रदेशं थःगु प्रदेश दुने बहुसंख्यक जनतां ल्हाइगु छगू वा व स्वयां अप्वः राष्ट्र भाषायात प्रदेश कानुनकथं सर कारी ज्याखँया भाय् दयेके फइगु जूगु दु । (धारा ९ या २)
- समानताया हक अन्तर्गत भाषिक विभेद मजुइगु खँ न्ह्यथनातःगु दु ।

- शिक्षाया हक अन्तर्गत मांभासं शिक्षा कायेगु व उकिया लागि ब्वनेकुथि व शैक्षिक संस्था चायेकेगु/संचालन याये फइगु व्यवस्था यानातःगु दु ।
- प्रत्येक व्यक्ति व समुदाययात थःगु भाषा छ्यलेगु व संवर्द्धननापं संरक्षण यायेगु हक बियातःगु दु ।
- राज्यया निर्देशक सिद्धान्तय् बहुभाषिक नीति नालेगु न्ह्यथनातःगु दु ।
- सरकारी ज्याखँया भाषाया सिफारिस व भाषा सम्बन्धी मेमेगु ज्या यायेत भाषा आयोगया व्यवस्था दु ।

**प्रदेश सरकारया ज्याखँया भाषाकथं नेपालभाषाया छ्यला**

संविधानया धारा ९ या २ कार्यान्वयन यायेकथं बागमती प्रदेश सरकारं भाषा आयोगया सिफारिसया लिधंसाय् सरोकारवालात नापं सहलह यानाः तामाङ भाषा व नेपालभाषायात सरकारी ज्याखँया भाषा घोषणा याःगु दु । थ्व प्रदेश सरकारया लसकुस यायेबहगु ज्या खः ।

थुकिया कार्यान्वयनया लागि 'प्रदेश सरकारी कामकाजको भाषा ऐन २०८०' लागू याःगु दु ।

थ्व ऐन २०८०।०५।२३ या प्रदेश राजपत्रय् पिदंगु दु । पिदंगु मितिं १८० दुगु न्हिनिसे लागू जूगु दु ।

**प्रदेश सरकारी कामकाजया भाषा ऐन २०८०**

बागमती प्रदेश सरकारं लागू याःगु थ्व ऐन भाषिक संरक्षण व संवर्द्धन नापं शिक्षा व सूचनाया अधिकारया मिखाकुलिं स्वयेबले नं महत्वपूर्ण खनेदु । ऐनया मूमू बुँदात थथे दु :

- बागमती प्रदेश सरकारया ज्याकुथिइ लिखित वा मौखिककथं छ्य्लीगु तामाङ भाषा व नेपालभाषा सरकारी कामकाजया भाषा जुइ । (दफा नं।२ घ)
- बागमती प्रदेश अन्तर्गतया सरकारी वा सार्वजनिक निकायत थुपिं भाषा छ्यलेगु क्षेत्र जुइ । (दफा २ङ)
- प्रदेश सरकारया नियमन क्षेत्राधिकार दुनेया सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठान लगायतय् सरकारी कामकाजया भाषा छ्यलेगु व्यवस्था याइ । (दफा ३ ख)
- सरकारी कामकाजया भाषा छ्यलेगु भ्वलय् देवनागरिया लिसे नेपालभाषाया लागि प्रयोग जुइगु लिपि (नेपाल लिपि) नापं छ्यले फइ । (दफा ३ या २)
- प्रदेश सरकारं प्रदेशसभाय् विधेयक पेश यायेबलय् सरकारी कामकाजया भाषा नं अनुवादित प्रति पेश याये फइ । (दफा ३ या ३)

- फुक्क सरकारी ज्याखँ व ज्याकुथी च्वनीगु सार्वजनिक दस्तावेजत तामाङ भाषा व नेपालभाषाय् नं दस्तावेजीकरण व अभिलेखिकरण जुइ । (दफा ४ या १)
- सेवाग्राहीं चाहना याःगु सरकारी ज्याखँया भाषाय् लिखित व मौखिक सूचना कायेगु वा बीगु याये फइ । (दफा ४ या २)
- प्रदेश दुनेया ज्याकुथिइ सेवाग्राहीतसे सरकारी ज्याखँया भाषा पेश याःगु निवेदन, दसि भ्वँ लगायत सम्बन्धित दस्तावेजत व हे भासं नं दस्तावेजीकरण व अभिलेखिकरण याइ । (दफा ४ या ३)
- प्रदेश सरकारं राजपत्र पिथनीबलय् नेपालीलिसे तामाङ भाषा व नेपालभाषां नं पिथने फइ । (दफा ५ या १)
- प्रदेश सरकार व स्थानीय तहं पत्राचार यायेबलय् व सार्वजनिक सुचं पिकायबलय् सम्बन्धित भ्वंया दकलय् च्वय् नां व मिति तामाङ भाषाया मंजुश्री संवत् व नेपाल संवत् नं च्वये फइ । (दफा ५ या २)
- सरकारी तथा सार्वजनिक निकायया कार्यक्षेत्र व संगठित संस्था समुदाय व सार्वजनिक थासय् तामाङ व नेपालभाषा छ्यलेगुलिइ निषेध याये दइ मखु । यदि निषेधयात धाःसा निषेध याःम्ह पदाधिकारीयात वा व्यक्तियात दण्ड, सजाय वा जरिवाना जुइ । (दफा ७ या १ व २)
- सरकारी ज्याखँया भाय्या छ्यला ब्यावहारिक व प्रभावकारी जुइकेत प्रदेश सरकारया निकाय, निजी संघसंस्था व कानुनी मनूतसे सरकारी ज्याखँया भाय्या संरक्षण व प्रवर्द्धनया लागि कार्यक्रम संचालन याइ । (दफा ८)
- शिक्षा, संचार, कला व साहित्य मार्फत सरकारी ज्याखँया भाषाया विकास यायेगु । विद्यावारिधि तकया अध्ययन अध्यापनया ब्यवस्था यायेगु । पाठ्यसफू व अध्ययन प्रतिवेदन अन्य राष्ट्र भाषाय् अनुवाद यायेत प्रोत्साहन बीगु तामाड व नेपालभाषाय् पिदनीगु पत्रपत्रिका व साहित्य प्रकाशनयात सुविधा, सहुलियत व अनुदान बी फइगु । (दफा ९)
- तामाङ भाषा व नेपालभाषायात सरकारी ज्याखँया भाषाय् विकास यायेत अध्ययन अनुसन्धान व मानकीकरण याये फइगु (दफा १०)
- प्रदेश सरकारया सरकारी ज्याखँया भाषा छ्यलेत माःगु कम्प्यूटर सफ्टवेयरया ब्यवस्था सम्बन्धित ज्याकुथिं यायेमाः (दफा ११)
- तामाङ भाषा व नेपालभाषा सरकारी ज्याखँया भाषाया रुपय् प्रयोग सम्बन्धय् माःगु सल्लाह, सुझाव व ग्वाहालि कायेत विज्ञ पुचः दयेके फइगु ब्यवस्था (दफा १३)
- सरकारी ज्याखँया भाय्कथं तामाङ व नेपालभाषायात छ्यलेगु ज्याय् स्थानीय तहं नं माःगु ज्या याये फइ । (दफा १४)

- राष्ट्र भाषा विकास प्रतिष्ठान गठन यायेगु (दफा १५)
- सरकारी ज्याखँया भाय् छ्यलेगु बारे जानकारी बीत सरकारी तथा सार्वजनिक निकायतसे नागरिक वडापत्र तयेमाःगु (दफा १६)
- तामाङ भाषा व नेपालभाषायात सरकारी ज्याखँया भायकथं छ्यलेगु ज्याया अध्ययन यायेत अनुगमन समिति स्वनेगु । अनुगमन समितिया प्रतिवेदनया आधारय् न्यादँय् छक्वः पुरावलोकन यायेफइ । (दफा १७)
- थ्व ऐन कार्यान्वयनया लागि आवश्यक नियमावली दयेके फइ ।

**ऐनया समीक्षा**

थ्व ऐनया चाकः ब्यापक खनेदु । थ्व ऐनं भाषा जक मखु  लिपि व  संवत्‌यात नं थिउगु दु । नेपाल संवत् व मंजुश्री सवत् छ्यले फइगु प्रावधान दु । ऐनया कार्यान्वयनय् कर्मचारीतन्त्र वा सुनानं पंगः मथनेमा धइगु मनसायं जुइमाः तामाङ वा नेपालभाषा छ्यलेगु निषेध याइम्ह पदाधिकारी वा व्यक्तियात सजायया व्यवस्था नं यानातःगु दु । प्रतिगमन वा यथास्थितिया पःखाः हाचां गायाः न्ह्याः वनेत थज्याःगु कानुनी प्रावधान बः जुइ । तर थ्व ऐन क्वथीक अध्ययन यायेबलय् थुकी अझ यक्वं भिंके मानिगु खनेदु । मयासे मगाःगु गुलिखे ज्या नं याये फइजक धयातःगु दु । थुकथं स्वयेवले थ्व ऐन अझं छ्वासुसे च्वंनी । अथे खयानं नेपालभाषायात प्रदेश सरकारया मान्यता प्राप्त जुइगु धइगु छगू तःधंगु उपलब्धि खः ।

**चुनौती**

नेपालभाषाया विकासय् थ्व ऐन छगः कोशल्वहं हे सावित जुइफु । तर थुकिया सफल कार्यान्वयनया चुनौति धाःसा दनि । ऐनया सफल कार्यान्वयनया लागि उपयुक्त नियमावली व प्रभावकारी संस्थागत संरचनाया आवश्यकता जुइ । गुकिया तयारी प्रदेश सरकारं यानाच्वंगु दु । जनचेतनाया नं उलि हे आवश्यकता दु । राज्यया विभेदं याना झन्डै न्हनावनीगु अवस्थाय् थ्यनेधुंकूगु नेपालभाषा छ्यलेत गुलिखे नेवाःतय्‌त हे अःपु मजुइफु । उकिं भाषा संरक्षण व अभ्यासयात नं नापनापं न्ह्यःने यंकेमाःगु दु । थुखेपाखे प्रदेश सरकार नापं नेपालभाषाभाषि सकलें सजग जुयाः न्ह्याःवने माःगु दु ।

**आः नेवाःतसें याये माःगु ज्या**

ऐनया प्रभावकारी कार्यान्वयनया लागि आः नेवाःतसें याये माःगु ज्या मूलतः थथे दु :-

- प्राप्त अधिकारयात संरक्षण याना तयेत सजग जुयाः च्वनेगु । छगू देय् छगू भाय्या पक्षपाती प्रतिगामित आः नं सतक व सदनय् छुं भचासां ल्यं दनि । इमिसं मौका वल धाःसा भ्कीत प्राप्त उगु अधिकार हाकनं लाका काइ । अथेहे यथास्थितिवादीतसे नं पंगः थनेफु । थुखेपाखे सजग जुयाः च्वनेमाः ।
- प्रदेशया सरकारी भाय्कथं छ्यलेगु अभ्यास यायेगु । ऐनं बिउगु अधिकारयात व्यवहारय् मछ्यल धाःसा थ्व ऐन भ्वंतय् जक प्यपुना च्वनी, सार्थक लिच्वः वइमखु ।
- नेपालभाषा सयेकेगु/स्यनेगु । आः नेवाःतय् दुने नेपालभाषा सयेकेगु, स्यनेगु ज्या ब्यापक व तीव्र रुपं जुइमाः । थुकेया निंतिं सरकारपाखें नं संरचनागत व्यवस्था जुइमाः । सरकार, खलः पुचः, नेवाः समुदाय परिचालन जुइमाः।
- छेँजः दथुइ नेवाः भाय् ल्हायेगु, थः मस्तनापं नेवाः भाय् ल्हायेगु । नेवाः भाय् ल्हात⁄ कि लिउने लाइ धइगु भ्रमयात चीकेमाः । वइगु इलय् नेवाः भाय्या ज्ञान नं लजगाःया आधार जुइ फइगु खँ नं जनसमुदाययात थुइका बीमाः ।
- ब्वनेकुथिइ नेपालभाषा ब्वने दइगु ब्यवस्थाया लागि पहल व पैरवी यायेगु
- स्थानीय निकायय् नेपालभाषा छ्यलेगु/ छ्ययेकेत पहल, पैरवी यायेगु

**निष्कर्ष**

तामाङ व नेपालभाषायात सरकारी ज्याखँया भाषा घोषणा यायेगु बागमती प्रदेश सरकार या थ्व ज्या भाषा उत्थानया जक ज्या मखु, संघीयता कार्यन्वयनया हे धिसिलाःगु पलाः खः । बागमती प्रदेशया थज्याःगु महत्वपूर्ण ज्या मेमेगु प्रदेशया लागि नं अनुकरणीय खः । तर थ्व घोषणालिसें प्रदेश सरकारी ज्याखँया भाषा ऐन २०८० अथें अःपुक वःगु धाःसा मखु । ताः ईया कठिन संघर्षया लिच्वःकथं वःगु खः । आः थ्व मौकायात सदुपयोग याये मफुत धाःसा भाषा हाकनं मृत्युया लँय् वनी । अबलय् पस्ताय् चायेगु बाहेक छुं ल्यनी मखु । उकिं प्राप्त थ्व उपलब्धिया सफल कार्यन्वयनया लागि सरकार जक मखु भ्की सकल भाषाह्त्यमि, नेवाःत सकलें जायेमाः ।

# भाषा ऐन लागू जूगुया अर्थ

**सुरेश मानन्धर**

बागमती प्रदेश सरकारं 'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' लागू याःगु दछि पूवनाः निदँय् क्यंगु दु । बागमती प्रदेश सरकारया प्रदेश राजपत्रय् थ्व ऐन २०८० कार्तिक २३ गते पिदंगु खःसा वहे ऐनया दफा १ या उपदफा (३) कथं राजपत्रय् पिदंगु १८० न्हु कुन्हुनिसें लागू जुइगु प्रावधानकथं थगुने २०८१ वैशाख २४ गतेया न्हिनिसें थ्व ऐन कार्यान्वयनय् वःगु खः । बागमती प्रदेशय् नेपाली भाषा लिपा दकलय् अप्वः वक्तां न्ववाइगु भाषात तामाङ व नेपालभाषायात सरकारी ज्याखँया भाषाया रूपय् मान्यता बीत उगु ऐन तर्जुमा याःगु खः । संविधानया धारा ७ (२) स प्रदेशय् न्ववाइगु भाषात मध्ये बहुसंख्यक जनतां न्ववाइगु छगू वा छगू स्वयां अप्वः भाषायात प्रदेशया सरकारी ज्याखँया भाषा दयेके फइ धकाः न्ह्यथनातःगु प्रावधानकथं थ्व ऐन तर्जुमा याःगु खः ।

छु प्रदेशय् छु छु भाषायात सरकारी ज्याखँया भाषाया मान्यता बीगु धइगु निर्णय धाःसा भाषा आयोगं यानातःगु सिफारिसया लिधंसाय् याःगु खः । संविधानया धारा २८२ कथं नीस्वंगु भाषा आयोगं संविधानय् हे यानातःगु व्यवस्थाकथं २०७८ भदौ २१ कुन्हु देय्या न्हय्गुलिं प्रदेशय् सरकारी ज्याखँया भाषा सम्बन्धी सिफारिस प्रधानमन्त्रीयात लःल्हाःगु खः । भाषा आयोगं लःल्हाःगु उगु सिफारिस बागमती प्रदेशया संसदतक थ्यनेत धाःसा भचा अप्वः ई माल । आयोगं सिफारिस याःगु तामाङ भाषा व नेपालभाषाया अभियन्ता नापं खलः पुचःतय्सं निरन्तर पहल यायेवं बल्ल भाषा सम्बन्धी विधेयक तयार जूगु खःसा २०८० असोज १४ कुन्हु तत्कालीन संस्कृति मन्त्री पुकार महर्जनं उगु विधेयक बागमती प्रदेशसभाया बैठकय् टेबुल यानादीगु खः । वयां लिपा विधेयकय् सहलह, संशोधन आदि थेंज्याःगु प्रक्रियात पार यासें २०८० असोज २२ गते कुन्हु बागमती प्रदेशसभां सर्वसम्मतं उगु विधेयक पारित यात । संसदं पारित याःगु विधेयक २०८० कार्तिक २३ कुन्हु प्रदेश राजपत्रय् पिदनसा थगुने वैशाख २४ निसें कार्यान्वयनय् वल । थ्व लसताय् संघीय राजधानी येँया बसन्तपुलिइ तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड मूपाहांकथं भ्कायादीगु छगू तःजिगु समारोहय् बागमती प्रदेशया भाषा ऐन जारी जूगु घोषणा जुल ।

बागमती प्रदेशय् भाषा ऐन लागू जूगु नेपाःया इतिहासय् हे छगू गौरवपूर्ण ऐतिहासिक घटना खः । १८ गू दफा दुगु उगु ऐन केवल १० पौया छगू चीधंगु सफूचा जक मखु । थ्व

नेपाःया भाषिक इतिहासय् हे लुँयागु अध्यायकथं धस्वाःगु छगू क्वातुगु कोशल्वहं नं खः । थ्व ऐनया कार्यान्वयन लिसेलिसें नेपाःया भाषा आन्दोलन, भाषिक इतिहास व समावेशी समाज निर्माणया राष्ट्रिय संकल्प नितान्त न्हूगु उचाइपाखेया दिशाय् न्ह्याःगु माने याये फइ । 'छुं नं भाषा सरकारी ज्याखँया रुपय् छ्यलाबुला जुइगु भाषा प्रयोगया दकलय् तःजिगु तह खः' (अमृत योन्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रष्ट, पृ। ९) धाइ । उकिं भाषायात प्रदान याःगु थ्व कानुनी मान्यतां समावेशी समाज निर्माणया म्हगसयात नं यथार्थया अभ्र सतिक हया बिउगु दु ।

**कार्यान्वयन थाकुनि :**

बागमती प्रदेशं सरकारी ज्याखँया भाषासम्बन्धी ऐन गुगु पारित यात, थ्व थः हे छगू ऐतिहासिक परिघटना खः । थौंतक नेपालय् भाषासम्बन्धी छुं नं कानुन दयेकूगु मदुनि । न्हूगु कानुन जूगुलिं थुकिया कार्यान्वयन थाकुइगु स्वाभाविक खः । बागमती प्रदेशसभां सरकारी ज्याखँया भाषासम्बन्धी ऐन पारित याःगु इलय् हे गुलिखे भाषाविद्‌तय्‌सं थुकिया कार्यान्वयनय् शंका प्वंकादीगु खः (प्रा।डा। दानराज रेग्मी, नागरिक न्हिपौ) । थ्व आशंका स्वाभाविक खः । नेपाःया सन्दर्भय् सरकारी ज्याखँ बहुभाषी मोडेलय् न्ह्याइगु न्हूगु अभ्यास खः । थज्याःगु अनुभव नेपालं आःतक गबलें चूलाकूगु मदुनि । उकिं कार्यान्वयन जटिल जुइगु स्वाभाविक खः । तर थ्व जटिलतायात त्वाःथलेगु दकलय् बल्लाःगु शक्ति खः- प्रतिबद्धता । यदि प्रतिबद्धता दत धाःसा कार्यान्वयन सुस्त ला जुइफु, अवरुद्ध धाःसा जुइ मखु ।

सरकारी ज्याखँया भाषासम्बन्धी कानुन कार्यान्वयनया न्हापांगु ज्याया रुपय् वंगु २०८२ वैशाख ६ गते बागमती प्रदेशसभां तामाङ भाषा व नेपालभाषाया निम्ह अनुवादक नियुक्त यायेधुंकूगु दु । राजपत्र अनंकित न्यागूगु तहय् नियुक्त याःपिं थ्व निम्ह अनुवादकतय्‌सं आः प्रदेशसभा बैठकय् माननीय सभासदतय्‌सं तामाङ वा नेपालभाषां यानादीगु सम्बोधनयात वहे इलय् नेपाली भाषां अनुवाद यानाबी । संसदं तयार याइगु वार्षिक प्रतिवेदनयात तामाङ व नेपालभाषां अनुवाद यानाबी । नापं संसदं जारी याइगु सूचना, निर्देशन आदि थेंज्याःगु खँत नं निगुलिं भासं अनुवाद यानाबी ।

थथे हे अनुवादक नियुक्त यायेगु ज्या आः मन्त्रिपरिषद् ज्याकुथिं नं याइ । मन्त्रिपरिषद् ज्याकुथिइ नियुक्त जुइपिं अनुवादकतय्‌सं मन्त्रिपरिषदं याइगु निर्णय, सूचना, निर्देशन आदि थेंज्याःगु ज्याखँ तामाङ व नेपालभाषां अनुवाद यानाः अभिलेख तयेगु याइ । आःया लागिं उमिसं मेमेगु मन्त्रालयय् जुइगु थज्याःगु ज्याखँत नं अनुवाद यानाः अभिलेख तयेगु याइ । लिपा ज्या अप्वया वनेवं अप्वः ज्या दुगु मन्त्रालयय् बिस्कं अनुवादक नियुक्त याना वनी ।

थुकथं हे प्रदेशया थीथी पालिकास्थित विद्यालयय् आवश्यकता कथं थीथी मांभासं ब्वंकेगु ज्या नं न्ह्यःने न्ह्याकी । गुलिखे पालिकाय् ला आः हे मांभासं कक्षा न्ह्याकेधुंकूगु दु । पालिकाय् दइगु न्यायिक समितिं नं सेवाग्राहीयात थःगु हे मांभासं सेवा काये फइगु वातावरण दयेकी । भाषा कानुनया कार्यान्वयन थुकथं हे न्ह्याः वनीगु खः । शुरुवात अःपुगु ज्यापाखें जुइ । लिपा जटिल ज्या नं अःपुया वनी । भाषा आयोगं नं प्रदेशय् सरकारी ज्याखँया भाषा कार्यान्वयनया लागि यायेमाःगु ज्याया सिफारिसय् 'भाषाया विकास छक्वलं मजुसे चरणवद्ध (छगूयां लिपा मेगु) प्रक्रियां न्ह्याः वनी' धकाः न्ह्यथनातःगु दु ।

**प्रदेशय् प्रभाव :**

बागमती प्रदेशय् भाषा सम्बन्धी थ्व ऐन वयेधुंकाः मेमेगु प्रदेशय् नं ऐन दयेकेत दबाव अप्वया वःगु दु । बागमती प्रदेशया भाषा ऐनं क्यना हःगु थ्व प्रत्यक्ष लिच्वः खः । बागमतीइ ऐन कार्यान्वयन जुइधुंकाः मधेस प्रदेशसभाय् नं भाषा विधेयक दर्ता जुल । मधेस प्रदेशया भाषा विधेयकय् १७ गू दफा दु । तर विवाद जुयाः विधेयक लित काल । अप्वः वक्ता दुगु भाषायात त्वःताः म्हो वक्ता दुगु भाषातय्त नं सरकारी ज्याखँया भाषाकथं सिफारिस याःगु जुयाः अन थ्व विवाद पिहां वःगु खः । विवाद वइगु सामान्य खँ खः । प्रदेशसभाय् भाषासम्बन्धी विधेयक टेबुल जुइगु तःधंगु खँ खः । विधेयकय् पिहां वःगु न्ह्यसःया निराकरण जुजुं वनेवं विधेयकं पूर्णता काइगु व कार्यान्वयनय् वनीगु विश्वास यायेफु । मधेस प्रदेशय् भाषा विधेयक आवश्यक हे मदु धाइपिं सुं व्यक्ति वा पार्टी मदु । आपत्ति विधेयकया छुं दफाय् जक खः । मधेस प्रदेशय् भाषा आयोगं नेपालीया नापं मैथिली, भोजपुरी व बज्जिका भाषायात सरकारी ज्याखँया भाषाकथं सिफारिस याःगु खः ।

मधेस लिपा गण्डकी प्रदेशय् नं भाषा विधेयक तयार यानाः संसदय् टेबुल जुइधुंकूगु दु । गण्डकी प्रदेशय् मगः र गुरुङ भाषायात सरकारी ज्याखँया भाषाया रूपय् छ्यलेकथं विधेयक तयार याःगु खः । उगु विधेयकय् नं १७ गू दफा दु । थौंकन्हय् थ्व विधेयक संसदया थीथी समितिइ छलफल जुयाच्वंगु दु ।

कोशी प्रदेशय् नं छुं ई न्ह्यः हे भाषा विधेयकया मस्यौदा तयार जुइधुंकूगु दुसा आः याकनं हे संसदय् टेबुल जुइगु अवस्थाय् थ्यनाच्वंगु दु । वंगु २०८१ माघ २४ गते कोशी प्रदेशया राजधानी विराटनगरय् प्रस्तावित भाषा विधेयकया मस्यौदायात कयाः अन्तर्क्रिया ज्याभ्वः नं जूगु खः । कोशी प्रदेशय् भाषा आयोगं मैथिली व लिम्बु भाषायात सरकारी ज्याखँया भाषाकथं सिफारिस याःगु दु ।

लुम्बिनी प्रदेशय् नं थ्वहे वंगु २०८२ वैशाख ७ गते भाषा विधेयकया मस्यौदाबारे अन्तर्क्रिया जूगु दु। लुम्बिनीइ नं याकनं हे भाषा विधेयक प्रदेश सभाय् हयेगु तयारी जुयाच्वंगु दु। भाषा आयोगं लुम्बिनीइ थारू, अवधि व भोजपुरी भाषायात सरकारी ज्याखँया भाषाकथं सिफारिस याःगु दु।

उकथं हे कर्णाली व सुदूरपश्चिम प्रदेशय् नं भाषा विधेयकबारे सहलह न्ह्यायेधुंकूगु दु। भाषा आयोगं कर्णाली प्रदेशय् खस व मगर, सुदूरपश्चिम प्रदेशय् डोट्याली व थारु भाषायात सरकारी ज्याखँया भाषाकथं सिफारिस याःगु दु।

फुक्क प्रदेशय् भाषासम्बन्धी ऐनत वयेगु शुरु जुइधुंकाः आः थुकी एकरुपता, कार्यान्वयनय् चुस्तता, प्रदेश-प्रदेश दथुया भाषिक स्वापू, पालिका-पालिका दथुइ भाषिक स्वापू आदि विषय नं स्पष्ट नीति हयेत संघीय भाषा ऐन दयेकेगु लागिं दबाव लाः वंगु दु। थौंकन्हय् भाषा आयोगं संघीय भाषा ऐनया लागि नं कुतः शुरु यायेधुंकूगु दु। थुकथं बागमती प्रदेशं भाषा ऐन कार्यान्वयनय् हयेधुंकाः उकिया प्रभाव थीथी प्रदेश जुयाः आः संघीयस्तरय् हे महसुस जुइधुंकूगु अवस्था दु।

**संविधानया मर्म अनुभूति :**

बागमती प्रदेशय् भाषा ऐन कार्यान्वयन जुइगुया अर्थ केवल छगू ऐन कार्यान्वयन जुल धइगु जक मखु। थ्व ऐन कार्यान्वयन जुइगुया अर्थ नेपाःया न्हूगु संविधानयात आखःग्वः जक मखु थुकिया अभ्यन्तर हे पिलुइकथं कार्यान्वयन यानाया छगू सकारात्मक संकेत नं खः। २०७२ या संविधानय् न्ह्यथनातःगु दकलय् मूलभूत तत्वतमध्ये प्रदेशय् नेपालीया अतिरिक्त मेमेगु राष्ट्र भाषातय्त नं सरकारी ज्याखँया भाषाकथं छ्यले दइगु अधिकार (धारा ७, उपधारा २) प्रमुख खः। संविधानया थ्व धारा कार्यान्वयन जुइगुया अर्थ न्हूगु संविधानया मूल मर्म कार्यान्वयन जुइगु खः। उकिं संविधानया थ्व धारा अन्तर्गत तर्जुमा जूगु ऐन जारी जूगु न्हियात बागमती प्रदेशं संविधान जारी जूगु न्हि थें हे सम्मान याःगु दु।

संविधान जारी जूगु छगू दशक दयेधुकाः नं थुकिया मर्मकथं बहुलताय् आधारित कानुनत कार्यान्वयनय् मवःगुलिं निराश जुयाच्वंपिं जनतां 'संघीयतां छु बिल ?' धकाः न्ह्यसः तयेगु याना हयेधुंकूगु खः। थज्याःगु अवस्थाय् नेपाली बाहेक मेमेगु राष्ट्र भाषातय्त नं सरकारी ज्याखँया भाषाया रुपय् छ्यले दइगु थ्व ऐन कार्यान्वयनय् वःगुलिं 'संघीयतां छुं मबिउ' धयाच्वंपिंत लिसः बीगु छगू आधार दयेका बिउगु दु। थुकिं संविधानयात अझ हे क्वातुक्क तुतिं बँय् चुइत बः बिउगु दु। संविधानय् वयाच्वंगु हाथ्यातय्त थुकिं मत्थर याइ धकाः आशा यायेफु।

**विविधताय् एकता :**

नेपाः छगू भाषिक, सांस्कृतिक, धार्मिक, जातीय विविधतां जाःगु लाय्लामा विशेषतायुक्त मुलुक खः । थज्याःगु विविधतापूर्ण मुलुकया राष्ट्रियता व एकताया आधार धइगु हे थन विद्यमान सम्पूर्ण जाति, भाषा, धर्म, लिङ्गप्रति राज्यं याइगु समान व्यवहार व उच्च सम्मान खः । थ्व फुक्क विविधतातय्त राज्यया सम्पूर्ण अंगय् समावेश यायेगु हे विविधताय् एकता कायम यायेगु मूलमन्त्र खः । बागमती प्रदेशं कार्यान्वयनय् हःगु भाषासम्बन्धी थ्व ऐनं थुगु दिशाय् छपलाः महत्वपूर्ण पलाः छिउगु दु । थ्व तामाङ व नेपालभाषा निगू भाय्यात सरकारी ज्याखँया भाषा दयेकेत हःगु ऐन खःसां थुकिं मेमेगु भाषातय्त नं सरकारी ज्याखँया भाषाया दर्जा बिबिउँ वनेगु आरम्भया लुखा चायेका बिउगु दु । अतः थुकिं देय्या सम्पूर्ण उत्पीडित भाषाभाषीतय्त समानताया महसुस याके बिउगु दु ।

बागमती प्रदेशं कार्यान्वयनय् हःगु भाषासम्बन्धी थ्व ऐनया पक्षय् भाषा आन्दोलनया न्ह्यलुवा मल्ल के। सुन्दरं च्वयादीगु दु :

*थ्व कुतः गुगुं अमुक भाषाया छ्यलालिसे जक सम्बन्धित मखु । थ्व ला छगू अर्थय् बहुलता व विविधतायुक्त नेपाः थेंज्याःगु देय्या फुक्क समुदाय व वर्गया नागरिकया अस्तित्व व पहिचानप्रति याःगु सम्मान खः । उमित राष्ट्रिय मूलप्रवाहय् समाहित यायेगु राज्यया आधारभूत दायित्वया निर्वाह खः । सीमान्तकृत व बहिष्करणया अवस्थां अधिकारसम्पन्न दयेकेगु महत्वपूर्ण अभियान खः । सार रूपय् देय् सकस्यां मंकाः खः, राज्यं सकस्यां मंकाः भावनायात प्रतिविम्बित याइ धइगु यथार्थया अभिव्यक्ति खः ।*

*(कान्तिपुर, २०८१ वैशाख २५ । सामान्य अनुवाद च्वमि ।)*

राज्यं फुक्क भाषातय्त थुकथं राजकीय मान्यता बीधुंकल कि उगु भाषा न्ववाइगु समुदाययाके नं राज्यप्रति अपनत्वया भाव ब्वलना वइ व थ्व देय् जिगु नं खः धइगु संकल्पं नुगलय् थाय् काः वनी । भावनात्मक पक्ष अतिकं संवेदनशील जुइ । थुकिया सही ढंगं सम्बोधन व व्यवस्थापन जुइ मफुत धाःसा देय् तःधंगु दुर्घटनाया शिकार जुइफु धइगु दसु भ्मीसं आपालं देय्तय्सं भोगे याःगु युद्धया इतिहासपाखें नं बोध यायेफु । बागमती प्रदेशं हःगु भाषासम्बन्धी ऐन मुलुकयात भविष्यय् जुइ फइगु थज्याःगु दुर्घटनाय् लाः वने न्ह्यः हे बचे याइगु छगू संवैधानिक पलाः नं खः ।

**बाधक मखु मानक :**

बागमती प्रदेशं तामाङ व नेपालभाषायात सरकारी ज्याखँया भाषा दयेकीगु ऐन कार्यान्वयनय् हयेवं आपालं भाषाविज्ञतय्सं ऐनया समर्थन यासें थ्व ऐन लागू यायेत थ्व भाषातय्गु मानक व्यवस्थापन बाधकया रूपय् न्ह्यःने वयेफु धइगु सम्भावना नं न्ह्यथंगु दु । तामाङ भाषा व

नेपालभाषा निगुलिंया आपालं भाषिक भेदत दुगु जुयाः गुगु भेदयात आधिकारिक माने यायेगु धइगु मानकसम्बन्धी समस्या वयेफु धइगु चिन्ता वय्कःपिंसं न्ह्यथनादीगु खः । थ्व चिन्ता स्वाभाविक खः । तर थ्व भाषासम्बन्धी कानुन हे लागू याये मफइकथं उत्पन्न जुइगु समस्या धाःसा मखु । छाय्धाःसां मानक छुं निकायं घोषणा यायेवं प्रयोग जुइगु व घोषणा मयाःसा छ्यले हे मफइगु विषय मखु । भाषाया निरन्तर प्रयोगं मानक नं निर्धारण यायां यंकीगु खः । दसुया लागिं नेपालभाषाय् थौंकन्हय् येँय् न्ववाइगु नेवाः भाय्यात मानक माने यायेगु सामान्य सहमति दु । तर कालान्तरतकं थ्वहे भाषिकां मूल मानकया थाय् कयाच्वनी धाये फइ मखु । वरिष्ठ भाषाविद् प्रा।डा। योगेन्द्र यादवं छुं नं भाषाया प्रयोगय् मानकयात पंगःकथं न्ह्यःने हये मजिउगु खँ धयादीगु दु । मानकं भाषाया विकासयात अवरुद्ध याना बी धइगु वय्कःया दावी दु (२०८१ कार्तिक ४ गते राससपाखें नेपालभाषा व मैथिली भाषां समाचार बुलेटिन पिथनेगु शुरु याःगु लसताय् जूगु ज्याभ्वलय् यानादीगु सम्बोधन) । नेपाली भाषाय् नं थौंकन्हय् गुगु मानक छ्यला वयाच्वंगु खः, व छुं निकायं घोषणा याःगु मानक मखु । कालान्तरया छ्यलाबुलां हे थ्व मानक निर्धारण याःगु खः । इलय् ब्यलय् उकी संशोधन व परिमार्जन जुजुं वयाच्वंगु दु । गबलें गबलें उकी विवाद नं जुइगु याः । नेपाली भाषाय् थें मेमेगु भाषाय् नं थुकथं हे मानक बने जुजुं वनीगु खः । मेमेगु भाषात सरकारी ज्याखँय् छ्यलेगु चलन हे नकतिनि शुरु जुइत्यन । थ्वयात मानकया विवादय् तक्यंका तयेगु उचित मखु । मानक छसिकथं दयेकु दयेकुं वनी । बरु आःयात स्थानीय तहय् गन छु भाषिका प्रयोग जुयाच्वंगु खः अन वहे भाषिकायात मानक तायेकाः ज्याखँय् छ्यला यंकेगु पाय्छि जुइ ।

**फुक्कं भाषा सरकारी ज्याखँया भाषा :**

बागमती प्रदेशं तामाङ व नेपालभाषायात सरकारी ज्याखँया भाषा दयेकूसां बागमती प्रदेशन्यंकं थ्वहे निगू भाषा जक सरकारी ज्याखँया भाषा जुइ, मेमेगु भाषात छ्यले दइ मखु धइगु मखु । थःथःगु लागाय् थःथःगु हे कथं फुक्कं भाषात सरकारी ज्याखँया भाषाकथं छ्यले दइ । संघीय सरकारं नेपाली (खस) छगू भाषा जक सरकारी ज्याखँया भाषाकथं छ्यली धइगु खँ संविधानय् हे न्ह्यथनाताःगु दु । बागमती प्रदेशय् वःबलय् नेपाली (खस) बाहेक मेगु निगू भाषात तामाङ व नेपालभाषायात नं थप सरकारी ज्याखँया भाषाया मान्यता बिल । अनं नं क्वय् पालिकास्तरय् वल कि नेपाली (खस), तामाङ व नेपालभाषा बाहेक मेगु छुं भाषा ल्हाइपिनि ल्याः यक्व दुसा अन व छगू (वा व स्वयां अप्वः) भाषायात नं सरकारी ज्याखँया भाषाकथं मान्यता बी फइ । गथे कि लुम्बिनी प्रदेशया बुटवल उपमहानगरपालिकां नेपाली (खस) बाहेक थारू, मगर व नेपालभाषायात नं सरकारी ज्याखँया भाषाया मान्यता बिउगु दु ।

लुम्बिनी प्रदेशय् थारू, अवधि व भोजपुरी भाषायात सरकारी ज्याखँया भाषा दयेकेगु धकाः भाषा आयोगं सिफारिस यानातःगु दुसां उगु प्रदेशया बुटवल उपमहानगरपालिकां थःगु पालिकाया जनसंख्याया लिधंसाय् मगर व नेपालभाषायात नं मान्यता बिल । वंगु २०८१ वैशाख १० गते उगु उपमहानगरपालिकाय् थ्व प्यंगू भासं च्वयातःगु बडापत्र तयेगु ज्या जूगु खः ।

उकथं हे पालिका तह स्वयां क्वय् वडा तहय् वल कि अन नं वहे थासय् बाहुल्यता दुगु भाषायात सरकारी ज्याखँया भाषाकथं छ्यले फइ । गथे कि इलामया माङसेबुङ गाउँपालिका वडा नं. ५ य् वंगु २०७५ कार्तिक १५ गते किरात लिम्बु भाषायात जातीय बाहुल्यताया लिधंसाय् सरकारी ज्याखँया भाषाया मान्यता बीगु धकाः निर्णय जुल । वकुन्हु स्थानीय जनताया सहभागिताय् अनया गाउँपालिका तथा गाउँसभां थ्व सम्बन्धी प्रस्ताव पारित याःगु खः । वयां लिपा २०७५ मंसिर १३ गते सरकारी ज्याखँया भाषाकथं औपचारिक कार्यक्रमसहित घोषणा यानाः कार्यान्वयनय् हःगु खः । थज्याःगु हे अभ्यास मेमेगु पालिकाया वडाय् नं याये फइ ।

पालिका तह व थ्व सिबें क्वय्या तहय् सरकारी ज्याखँया भाषासम्बन्धी ऐन हयेबलय् वहे प्रदेशया रैथाने भाषातय्त प्राथमिकता बीमाः । गथे कि बागमती प्रदेशय् तामाङ व नेपालभाषाया अतिरिक्त कागते भाषा, घले भाषा, चेपाङ भाषा, जिरेल भाषा, डोने भाषा, थामी भाषा, थारु भाषा, दनुवार भाषा, दराई भाषा, पहरी भाषा, बनकरीया भाषा, माझी भाषा, शेर्पा भाषा, सुनुवार भाषा, सुरेल भाषा, हायु भाषा व ह्योल्मो भाषा (अमृत योन्जन, नेपालका सरकारी कामकाजको भाषा, २०८१, म्हेन्दो ट्रष्ट, पृ। ११८-१३७) यानाः मुक्कं १९ गू भाषायात प्रशासन, शिक्षा आदि छु अवस्थाय् छ्यलेछिं वहे हैसियतया ज्याखँय् छ्यलेगु कथं मान्यता बीगु व लिपा उकिया विकास यायां यंकेगु कार्यक्रम दयेकेमाः । थुकिं यानाः प्रदेश दुनेया फुक्कं भाषातय्त सरकारी ज्याखँया भाषाकथं मान्यता बिया वनेत तिबः दइ ।

**गणतन्त्रया उपहार :**

२०४७ साल न्ह्यःया पञ्चायती शासनकालय् नेपाःया भाषा नीति 'एक देश एक भाषा' सिद्धान्तय् आधारित खः । अन खस नेपाली बाहेक नेपालय् न्ववाइगु मेमेगु नेपाली भाषातय्त छुं हे थाय् बियातःगु मदु । भाषिक अधिकारप्रति पञ्चायती शासन व्यवस्था गुलितक कठोर धायेबलय् २००७ सालय् प्रजातन्त्र वयेधुंकाः बियातःगु छुं सीमित भाषिक अधिकारत नं लिपा थ्व व्यवस्थां खारेज यायां यंकल । गथे कि रेडियो नेपालय् थीथी भाषां प्रशारण जुइगु समाचार व साहित्यिक-सांस्कृतिक ज्याभ्वः, विद्यालय शिक्षाय् व्यवस्था यानातःगु मातृभाषाया अध्ययन आदि बन्द याना बिल ।

२०४७ सालय् प्रजातन्त्र पुनर्स्थापना लिपा पित बिउगु न्हूगु संविधानं भाषा सम्बन्धी हक बिउसां सरकारी ज्याखँय् छ्यलेगुली धाःसा बन्देज हे याना बिउगु खः । २०५६ सालय् यँ महानगरपालिकाय् नेपालभाषा व धनुषा जिविस लिसें राजविराज नगरपालिकाय् मैथिली भाषायात नं कामकाजी ज्याखँया भाषाया मान्यता बीगु धकाः तत् तत् स्थानीय निकायं याःगु निर्णययात सर्वोच्च अदालतं खारेज याना बिउगु खः । उकिं विश्वया हे उत्कृष्ट धयातःगु २०४७ सालया संविधानयात नं भाषिक अधिकारया दृष्टिकोणं निकम्मा हे धायेमाः । २०६२/६३ सालय् जूगु जनयुद्ध व जनआन्दोलनया लिच्वःकथं २०७२ सालय् संघीय लोकतान्त्रिक गणतन्त्रया व्यवस्था सहित गुगु न्हूगु संविधान जारी जुल, वयां लिपा जक नेपालय् न्ववाइगु मेमेगु मातृभाषातय्त नं सरकारी ज्याखँया भाषा दयेके फइगु समावेशी अधिकार प्राप्त जुल । उकिया न्हापांगु अभ्यास थ्वहे ऐन खत ।

उकिं बागमती प्रदेशं तामाङ व नेपालभाषायात प्रदेशय् सरकारी ज्याखँया भाषाकथं गुगु मान्यता बिल, थ्व गणतान्त्रिक व्यवस्थाय् जक सम्भव जुइगु विषय खः । थ्वयात गणतन्त्रं बिउगु छगू अनुपम उपहारकथं काये फइ । यदि देशय् गणतन्त्र कमजोर जुल धाःसा जनतां प्राप्त याःगु थ्व भाषिक अधिकार नं कमजोर जुइफु । थुकी सकस्यां ध्यान वनेमाः ।

**आः समुदायया दायित्व :**

संविधानय् व्यवस्था यानातःकथं बागमती प्रदेश सरकारं तामाङ व नेपालभाषायात सरकारी ज्याखँया भाषा दयेकेगु ऐन जारी यायेधुंकूगु दु । थुकिया लागिं बागमती प्रदेशसभा, सभाया सकलें सभासद्, बागमती प्रदेश सरकार, सरकार प्रमुख, मन्त्रीपिं, सचिव नापं सकलें कर्मचारी वर्गयात दुनुगलंनिसें सुभाय् देछायेमाः । ऐन जारी यानाः सरकारं थःगु बचं पूवंके धुंकूगु दु । आः थुकियात कार्यान्वयन यायेत बजेट विनियोजन हे यानाः थीथी ज्याभ्वःत नं न्ह्यःने यंकाच्वंगु दु । तर भाषासम्बन्धी ज्या केवल सरकारं जक यानां मगाः । छाय्धाःसां भाषाया संरक्षण एवं उन्नयन सम्बन्धित भाषाभाषीं न्हियान्हिथं छ्यलाबुलाय् हःसा जक सम्भव जुइगु खँ खः । उकिं सरकारं ऐन पारित यायेधुंकाः आः थुकियात कार्यान्वयन यायेत व सफल यायेत समुदायया अहम् भूमिका दइ । यदि समुदाय निष्क्रिय जुल धाःसा थ्व ऐनया छुं हे प्रयोजन दइ मखु । सम्बन्धित भाषाभाषीया समुदायं ताःहाकःगु संघर्ष यानाः चूलाकूगु थ्व ऐनयात सार्थक यायेत आः सम्बन्धित समुदायं विद्यालय तहनिसें उच्च तहतक थःथःगु मांभासं ब्वंकेगु, सरकारी ज्याकुथिइ निवेदन, उजुरी दर्ता थेंज्याःगु ज्या थःगु हे माभासं याना यंकेगु व दकलय् महत्वपूर्ण खँ थः मस्तलिसे थःगु छेँय् थःगु हे मांभासं खँल्हाबल्हा यायेगु अतिकं आवश्यक दु ।

# बागमती प्रदेशय् नेवाः सांस्कृतिक नीति

**डा. राजनलाल जोशी**

नेपाः गालं नेपाः देय्या सभ्यताया विकास जूगु खः । नेवाःतय्गु इतिहास नेपाःया सभ्यता गुलि पुलां खः, उलि हे पुलां । नेपाःया उत्तरय् चीनिया सभ्यता व दक्षिणय् भारतय् सिन्धुघाटी सभ्यतायात विश्वया प्राचीन सभ्यताय् दुथ्कातःगु दु । थ्व निगू सभ्यताया दथुइ नेपाःया सभ्यता नं उलि हे पुलां धकाः दावी यायेछिं । धार्मिक बाखंयात बः कायेगु खःसा द्वलंद्वः दँ न्ह्यः पुखूया रुपय् दुगु नेपाः गालं लः पित छ्वयेगु भूमिका मञ्जुश्री व श्रीकृष्णं म्हितूगु खनेदु । मञ्जुश्री वा श्रीकृष्णं नेपाः गालं लः पित छ्वयेधुंकाः थन औपचारिक रुपं वस्तीया विकास जुल । अबलय्निसें हे नेवाःत नं थन च्वनेगु शुरु जूगु धइगु दु । थुकथं वस्ती विकास याःपिं नेवाःतय् पुचलय् लिपांगु इलय् उत्तर व दक्षिणं वःपिं मनूत दुथ्यायेवं थुकिया चाकः तःधन । अर्थात, नेवाःतय् दथुइ थीथी नश्लयापिं दुथ्यात । पुरातात्विक प्रमाणयात बः कायेबलय् नं नेपाः गालय् पाषाणकालनिसें हे थन वस्ती विकास जुइधुंकूगु खनेदु । जनकलाल शर्मा (२००१) या हाम्रो समाज एक अध्ययन य् न्ह्यथनातःकथं नेपाः गालय् ईशापूर्व ३० द्वः दँ न्ह्यःया ल्वहंया ल्वाभः लूगु खः । नेपाः व रसिया सरकार जानाः याःगु मंकाः पुरातात्विक अध्ययनय् भुइजःसि व हिजाखुसि सिथय् उकथंया ल्वाभः लूगु खः (शर्मा, सन् २००१, पृ। ३१७-३१९) । अथे हे लुभुया गोदागु खुसि (गोदावरी) सिथय् नं उकथंया हे ल्वहंया ल्वाभः लूगु खः (शर्मा, सन् १९८३, पृ।२१) । थ्व ल्याखं नं नेपालय् सभ्यताया विकास हे मजूनिबलेनिसें नेवाःत नेपाः गालय् च्वना वयाच्वंगु दावी यायेछिं । पुरातात्विक प्रमाणया लिधंसाय् द्वलंद्वः दँ न्ह्यः हे नेपाः गालय् वस्ती विकास जूगु धइगु संकेत याःगु दु । नेपाःया दकलय् पुलांगु गोपालराज वंशावलीइ नं द्वलंद्वः दँ न्ह्यःनिसें नेपाः गालय् नेवाःत च्वना वयाच्वंगु संकेत याःगु दु । गोपालराज वंशावलीकथं नेपाः गालय् च्वंम्ह छम्ह सापूया बुहुन्नी नांयाम्ह सां न्हिथं छगू ह्वतय् वनाः दुरु ब्यू वनीगु । थथे न्हिथं दुरु ब्यू वनीगु उगु थासय् म्हुयाः स्वःगु इलय् पशुपति महाद्यः लुयावःगु व महाद्यःया तेजं सापू भस्म जुल । थथे पशुपतिया उत्खनन् यानाः लुइ धुंकाः नेपाः गालय् भूमि गुप्तयात जुजु दयेकल (वज्राचार्य र मल्ल, सन् १९८५, पृ।७३) । थुकथं जुजु दयेकूम्ह भूमि गुप्त नेपाः गाःया न्हापांम्ह गोपाली जुजु जुल धइगु दु । गोपालराज वंशावलीइ नेपाः गालय् ८ म्ह गोपालीं ५०५ दँ शासन याःगु, व धुंकाः स्वम्ह म्येय्पू (महिषपालं) १६१ दँ शासन याःगु व महिषपाल धुंकाः १९६३ दँतक किरातीतय्सं शासन याःगु न्ह्यथनातःगु दु (वज्राचार्य व मल्ल, सन् १९८५, पृ।७३-७४) । थ्व ल्याखं नं नेपाः गाःया सभ्यता उत्तरया चीन

व दक्षिणया भारतया सभ्यतालिसें हे विकास जूगु खनेदु धकाः धायेछिं। चीन व भारतय् खुसि सिथय् सभ्यता विकास जूगु खनेदुसा नेपाः गालय् निगू खुसिया दथुइ नेपाःया नेवाः सभ्यता विकास जूगु खनेदु ।

नेवाःलिसे स्वापू दुगु नेपाःया स्वापूयात धार्मिक व मेमेगु लिखतं नं ब्वयेगु कुतः याःगु दु । चाःचाःहिलाः शिकार यानाः जीविका हनीपिं नेवाः लिपा सापू, म्येय्पू व किरातीत नेवाः जुइधुंकाः लिच्छवि, वर्मा, कोलीय, वृज्जि, शाक्य, गुप्त व मल्लत नेपाः गालय् वःलिसें इपिं नं नेवाः जुजुं वंगु खनेदु । सभ्यताया मिखां स्वयेबलय् नेपाः गाः लःलिसे स्वापू दुगु खनेदु । नीप अर्थात लःलिसे स्वापू दुगु भूमि नेपाःया सभ्यतायात कयाः ईपू १५-१६ शताव्दी निसें हे न्ह्यथनातःगु लूगु दु । ईपू १५-१६ शताव्दीपाखेया सुश्रुत ग्रन्थय् नौदेयमप्रचं मरिचञ्च शुक्लं नेपालजाता च समप्रमाणा ॥ (डल्हणाचार्य, सन् १९१५, पृ। ५१२) धकाः न्ह्यथनातःगु दु । अर्थ व परिशिष्ट (ई।पू। ८००-६००) य् नेपालं कामरूपं च च्वयातःगु दु । भरतमुनिया ई.पू. ५/६ शताब्दीको नाट्यशास्त्रय् पौण्ड्रनैपालिकाश्चैव धकाः न्ह्यथनातःगु दु । देवी भागवतय् गुह्यकाल्या महास्थानं नेपाले यत्प्रतिष्ठितम् धकाः न्ह्यथनातःगु दुसा स्कन्दपुराणय् नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदम् धकाः च्वयातःगु दु (शर्मा, विसं।२०५४, पृ।१०) । ईपू ३०० न्ह्यःया 'कौटिल्यको अर्थशास्त्र' सफुती अष्टप्लोति सङ्घात्यकृष्णा भिङ्गिसी वर्षवारणम् अपसारक इति नैपालम् धकाः च्वयातःगु दु (श्रेष्ठ, विसं २०६६, पृ।८) । नेपालय् धाःसा नेपाःया नां न्ह्यथनाः दकलय् न्हापां लिच्छवि जुजु वसन्तदेवया संवत ४३४ (सन् ५१२) या टिष्टुङया अभिलेखय् न्ह्यथनातःगु खनेदुगु खः । उगु अभिलेखय् स्वस्ति नैपालभ्यः धकाः नेपालय् च्वनाच्वंपिंत स्वस्ति यानातःगु दु । थ्व धुंकाः नेपाः गाः दुने व पिने आपालं नेपाः धकाः च्वयातःगु अभिलेखत लुयावःगु दु (वज्राचार्य, विसं २०३०, पृ।३१०) । कौटिल्यया अर्थशास्त्रय् नेपालय् दयेकीगु धकाः न्ह्यथनातःगु च्याकू ह्वनातःगु हाकुगु रंगया भिङ्गिसी वर्षा प्रतिरोधी नं खः । थुगु भ्वःयात विचाः यायेबलय् नेपाः गालय् प्रचलित तँय्गायात हे भिङ्गिसी धाःगु खनेदु । नेपाः गाः फैचात लहीगु थाय्कथं नांजाः । नेपाः गालय् च्वनीपिंसं न्ह्यागु नं तःधंगु पूजाय् नेपाः फैचा हे स्यायेमाःगु परम्परा दुसा नेपाः फैचाया उत्पादन म्हो जुइके मबीत समुदायपतिकं फैचा गुथियात तकं व्यवस्था यानातःगु दु । थ्व ल्याखं नं नेवाःतय्गु सभ्यता प्राचीनतम मध्ये खः धायेगु आधार दु ।

**नेवाःतय् वितरण व भाषा**

नेपाःया राष्ट्रिय जनगणना-२०२१ या प्रतिवेदनं जनसंख्याया ल्याखं नेवाःत खुगूगु भ्वलय् लाः । नेपालय् नेवाःतय् ल्याः १३४१३६३ म्ह अर्थात् ४।६१% दु (ल्वइ, सन् २०२३) । नेपाः गाःयात

थःगु कूलभूमिकथं कयाच्वंपिं नेवाःत देय्न्यकं न्यनाच्वंगु दु । देशं पिने भारतया सिक्किम, दार्जिलिङ, आसाम, मिजोरमय् नं अप्वः ल्याखय् नेवाःत च्वनाच्वंगु दु । एशिया, यूरोप, अमेरिका लगायतया महादेशय् नं न्ह्यथनेबह जुइक नेवाःत च्वनाच्वंगु दु । बागमती प्रदेशय् नेवाःतय् ल्याः थुकथं दु -

| | |
|---|---|
| तामाङ | १२१६५१७ |
| पहाडीया ब्राह्मण | १०९१४८० |
| क्षत्री | १०६४७५६ |
| नेवाः | ९५२४६० |
| मगः | ३१२४०९ (NSO, सन् २०२३, पृ.१) । |

बागमती प्रदेशय् नेवाःत १५।५७ प्रतिशत दु । नेपाः गालय् कूल ७०८२५९ नेवाःत दु । थ्व ल्याः २३।४१ प्रतिशत खः (ल्क्इ, सन्२०२३, पृ।१०३-१०९) । नेपाः गाः बाहेक काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर, रामेछाप, नुवाकोट, धादिङ, दोलखा, सिन्धुली, रसुवाय् नं नेवाःत दु । थुकथं विश्वया थीथी लागाय् न्यनाच्वंपिं नेवाःतय्सं मांभाय् नेपालभाषा छ्यला वयाच्वंगु दु । नेपालभाषायात नेवाः भाय् नं धायेगु याः । नेवाःतय्सं नेपालभाषा गबलेंनिसें छ्यलाबुलाय् हल धकाः धायेफूगु अवस्था धाःसा मदु । अथेखःसां किरातकालसिबें न्ह्यः हे नेवाःतय्सं थःगु बिस्कं भाय् छ्यलाबुलाय् हःगु अनुमान यायेफु । लिच्छविकालय् नेपाःया दक्षिणं दुहां वःपिंसं नेपाःया राजकीय भाषाकथं संस्कृतं सूचं कालबिल याःगु खनेदु । लिच्छवि शासनंनिसें संस्कृतं थाय् काःसां व सिबें न्ह्यः हे गैरसंस्कृत भाय् छ्यलाबुलाय् दुगु आधारय् नं नेपाः गालय् च्वंपिंसं गैरसंस्कृत अर्थात नेवाः भाय् छ्यलाः वयाच्वंगु धाय्छिं । थ्व ल्याखं नं नेवाःतय्सं म्होतिं नं १५०० दँ न्ह्यःनिसें नेपालभाषा ल्हानाः वयाच्वंगु दु । ताः ईनिसें छ्यलाबुलाय् वयाच्वंगु नेपालभाषा ईया ह्यूपाःलिसें ह्यूपाः वयाः थीथी स्वरुपय् व थीथी भाषा भेद खनेदु । थ्व हे भ्वलय् बागमती प्रदेशया हे दोलखा, लिस्ति, दुति, तौथलीया नेपालभाषा नेपाः गाःया भाषा सिबें पाःगु खनेदु । नेपाः गाः दुने नं यलया संगु (प्यांगां)या भाय् नेपाः गाःया नेपालभाषा सिबें पाः । मकवानपुर चिलं व टिष्टुङया गोपाली, गमाल व बलामी भाय् नं नेपाः गालय् छ्यलाबुलाय् वयाच्वंगु भाय्सिबें पाःगु खनेदु । भाषिक रुपं विविधतां जाःपिं नेवाःतय्सं थःगु अभिव्यक्ति कला ब्वयेगु निंतिं रञ्जना, प्रचलित व भुजिंम्वः लिपि लगायतया लिपिया विकास यानातःगु दु । लेखन संस्कृतिया निंतिं विकास यानातःगु लिपियात नं थुकिया महत्वकथं छ्यलाच्वंगु दु । धार्मिक लेखनया निंतिं रञ्जना लिपि, साहित्य, वाङ्मय लेखनया निंतिं नेपाल लिपि व ताडपत्र व तमसुक च्वयेत भुजिंम्वःलिपि छ्यला वयाच्वंगु दु । थीथीकथंया लेखनया

निंतिं नेवाःतय्सं म्होतिं नं ११०० दँ न्ह्यःनिसें लेखन यायेत थुगु लिपिया विकास याःगु खनेदु। स्वंगूकथंया लिपिया विकाससिबें न्ह्यः नेवाःतय्सं पूर्वलिच्छवि लिपि व उत्तरलिच्छवि लिपि नं छ्यलाः वयाच्वंगु खनेदु ।

**नेवाः व संस्कृति**

भाषिक, साहित्यिक, सामाजिक व सांस्कृतिक रुपं विविधतां जाःपिं नेवाःतमध्ये बहुसंख्यकं बुँज्यायात लजगाः दयेकाच्वंगु दु । बहुसंख्यक नेवाःतय्सं बुँज्यायात लजगाःकथं नालाच्वंसां ल्यं दुगु ईयात संस्कृति च्वन्ह्याकेगु ज्याय् थःत पानाः वयाच्वंगु दु । नेपाः गाःया सभ्यता हे थःगु म्हसीकाकथं कया वयाच्वंपिं श्रमजीवी बुँज्यामितय्गु प्रत्यक्ष सहभागितां नेपाःया मौलिक सभ्यता थौंतक ल्यनाच्वंगु दु । बुँज्या मयाइपिं नेवाःतय्सं नं थःके दुगु शीप, प्रविधि व ज्ञान छ्यलाः नेपाः गाःयात सम्पदाय् च्वन्ह्याकेगु ज्या यानाच्वंगु दु । ल्हातय् शीप, प्रविधि व ज्ञान दुपिं नेवाःतय्सं द्वलंद्वः देगः, चैत्य, द्यः, ल्वहंहिति, सतः, पुखू थें जाःगु मूर्त सम्पदा दयेकूगु दु । थुजाःगु सम्पदां छखे नेपाःया नेवाः सभ्यता विश्वया मेमेगु सभ्यतासिबें गाक्कं पाःगुकथं न्ह्यब्वःगु दु । मेखे, नेवाःतय्सं सभ्यताया प्रारम्भनिसें थःके दुगु ज्ञान छ्यलाः न्ह्याकूगु सम्पदां थः व थःगु जःखःयात वैज्ञानिक व धार्मिक व दार्शनिक लागाया रुपय् विकास याःगु दु । मूर्त सम्पदा बाहेक अमूर्त सम्पदाया विकासय् नं थःत पानाच्वंपिं नेवाःतय्सं सभ्यता व नेपाःया प्रतिष्ठा थकायेगु भूमिका म्हितूगु दु । अमूर्त सम्पदाय् जीवन खंकूपिं नेवाःतय्सं थम्हं हना वयाच्वंगु संस्कार व पर्व थःगु लसता व दुःखय् भावना ब्वयेत छ्यःगु संगीत, नाट्य, नृत्य लगायत प्रदर्शनकारी कला छ्यःगु दु । नेवाःतय्सं भाय्, लिपि, स्थानीय दर्शन व विश्वास प्रणालीया माध्यमं संस्कृतिया सृजना व संरक्षण यानाच्वंगु दु । नेवाःतय्सं हनाच्वंगु संस्कृति व संस्कार मात्र विधिइ जक सीमित मजूसे व जीवन दर्शन नं खः, गुकी जीवनया प्रत्येक पक्षयात आध्यात्मिक व सामाजिक दृष्टिं अर्थ बियाच्वंगु दु ।

**जीवन, दर्शन व पुस्तान्तरणया संस्कृति**

नेवाःतय् संस्कृति जीवन व जगतलिसे स्वापू दुगु संस्कारत गथेकि – मचाबू, मचाजंक्व, कँय् तापूजा, इहि, बाह्राः, इहिपा, ज्याःजंक्व व सी संस्कारय् याइगु ज्याया अर्थ तसकं व्यापक खनेदु । उज्वःगु संस्कारत दर्शन व मंकाः अभ्यासलिसे स्वानाच्वंगु दु । थ्व धयागु समुदायं थःके दुगु ज्ञान व शीपयात थःके जक ल्यंकेगु कुतः मयासे कन्हय्या पुस्तायात लःल्हायेगु कुतःया छगू अभ्यास नं खः ।

थीथी दर्शनयात सम्मान तयाः हरेक नखःचखःयात धार्मिक जक मखु सामाजिक एकता, ज्ञान लःल्हायेगु व उत्सवया रुपय् हनाच्वंगु दु । थुकिं मुक्कं समाजय् सहिष्णुता, थवंथवय् ग्वहालि व मंकाः उत्तर दायित्वया भावना विकास यानाच्वंगु लुइकेफु । थ्व हे कारणं नेपाःयात विश्वं स्वइगु दृष्टि हे पाःगु दु । विश्व जगतं नेपाःया मूर्त जक मखु नेवाःतय्गु भावना, सोच दर्शन व मूल्य मान्यतालिसे स्वापू दुगु संस्कृतिया अध्ययन यायेत लालयित जू । नेपाः वइपिं पर्यटकत नेवाःतय्गु ज्ञान, शीप, क्षमता व जीवन दर्शनयात स्वइगु दृष्टिकोणया तप्यंक अनूभुत यायेत वयाच्वंगु खंकेफु ।

**संस्कृति सम्पदा ल्यंकेगु निंतिं विश्वया अभ्यास**

मानव सभ्यताया उपज संस्कृतिप्रति विश्व तसकं संवेदनशील । संस्कृति व सभ्यताया रक्षाया निंतिं हरेक मुलुकं शताव्दी न्ह्यवनिसें थःथःगु हे कथंया नीति दयेकाः वयाच्वंगु दु । संस्कृति नीति छगू व्यवस्थित योजना खः । थुकिया माध्यमं सरकार व संस्थातय्सं सांस्कृतिक सम्पदाया संरक्षणया भूमिका म्हिती । थ्व अन्तर्गत प्राचीन सम्पदा, ग्रन्थ, थीथीकथंया कला व परम्परा दुथ्याः । अथे हे सांस्कृतिक नीतिं थीथी समुदायया भाषा, प्रचलन, कलायात थकायेगु भूमिका म्हिती । थुकथं महत्वं जाःगु सांस्कृतिक नीतिं कला, प्याखं, संगीत व साहित्यया थीथी माध्यमं रोजगार सृजना यायेगु भूमिका म्हिती । थुकिं प्रत्यक्ष अप्रत्यक्ष रुपं राष्ट्रिय एकता व पहिचानयात बल्लाकी । सांस्कृतिक मूल्यया माध्यमं देय्या अखण्डता बल्लाइ । देय्यात हे बल्लाकीगु छगू आधार जूगुलिं विश्व संगठन यूनेस्कों (ग्ल्भ्क्क्ऋइ) नं संस्कृतिया रक्षाया निंतिं विशेष ध्यान बिया वयाच्वंगु दु । युनेस्कों सांस्कृतिक अभिव्यक्ति, रचनात्मकता व सामाजिक समावेशीतायात अप्वयेकेगु निंतिं नं संस्कृति नीति माः धकाः घोषणा हे याःगु दु । नेपाःया सन्दर्भय् जनस्तरं हे स्वस्फूर्त ढंगं मूर्त व अमूर्त सांस्कृतिक संरक्षण याना वयाच्वंगुली राज्यं थुकिया महत्व थुइकाः संरक्षणया निंतिं पलाः च्वयेकेगु ज्या याःगु दसूत आपालं दु । नेपाःया इतिहासय् अंशुवर्मा नेपाः गाःया भौतिक, बौद्धिक सम्पदा व संस्कृतिया रक्षाया निंतिं औपचारिक रुपं बजेटया हे व्यवस्था यानाब्यूगु खनेदु । यैंया नरः (हाडीगां)या संवत् ३२ या अभिलेखय् पशुपतियात ६ पुराण २ पण, दोलाशिखरस्वामी (चाँगुनारायण)यात ६ पुराण २ पण, गुँ विहारयात ६ पुराण २ पण, श्रीमान विहारयात ६ पुराण २ पण, श्रीराज विहारयात ६ पुराण २ पण, खर्जूरिका विहारयात ६ पुराण २ पण (वज्राचार्य, विसं २०३०, पृ।३२०) व्यवस्था याःगु आदि थुकिया दसु खः । लिच्छिविकालनिसें हे मूर्त व अमूर्त सम्पदा संचालन, रक्षण व थुकी थःगु ई फ्याना च्वंपिंत बजेटया व्यवस्थां नं सीदु कि सम्पदा संस्कृतिया महत्व गुलि दु धकाः ! लिच्छविकालय् हे सम्पदा संस्कृतिया रक्षाया निंतिं प्रारम्भ जूगु चिन्तन मल्लकालय् नं निरन्तर

ता ब्यूगु खनेदु । संस्कृति सम्पदाय् विचलन मवयेमा व थुगु ख्यलय् थःत फ्याना वयाच्वंपिंत छुं कथं समस्या मवयेमा धकाः दीर्घकालीन सोचया विकासं हे नेवाः समाजय् गुथिया व्यवस्था यानातःगु खः धायेछिं । थ्व नेपाःया प्राचीन संस्कृति नीतिया ज्वःमदुगु दसु खः धायेछिं । थुकिया निरन्तरता हे शाहकालय् जुजु पृथ्वीनारायण शाहं सुखसयल यायेमाःसा नेपाः गाःया नेवाःतय्गु प्याखं स्व, थुमित ब्यूगु ध्यबा नं देशय् हे च्वनी, देय् नं बल्लाइ (आचार्य, विसं २०७०, पृ।६१) धकाः च्वयातःगु ल्याखं नं देय् बल्लाकेगु निंतिं संस्कृति सम्पदाया गुलि आवश्यकता दु धकाः क्यं ।

**थौंया अवस्था व चुनौती**

नेवाः समुदाय थेंजाःगु समर्पित सांस्कृतिक समुदायत थौं शहरीकरण, अप्वयाच्वंगु आर्थिक संकट व राज्यया उपेक्षां यानाः संस्कार संस्कृतियात भ्यातुगु कुकथं कयाच्वंगु दु । अप्वयाच्वंगु बजाः भाः व जीवनशैलीइ वःगु ह्यूपालं यानाः परम्परागत संस्कृतिया निरन्तरताय् संकट खने दयावयाच्वंगु दु ।

सम्पदा संरक्षणय् तन, मन, धन बिया वयाच्वंपिं नेवाःतय्गु योगदानयात राज्यं सुभाय् देछायेत तकं इच्छुक मजुइवं थ्व समुदाय न्हिथं संस्कृति संरक्षणया ज्याय् लिचिलेमाःगु अवस्था ब्वलंगु दु । इतिहासया गुगुं खण्डय् छुं विशेष कारण वा दर्शनं प्रभावित जुयाः जात्रा, पर्व वा संस्कार-संस्कृति हनाः वयाच्वंगुली आः वयाः बोझकथं कायेगु याना हयाच्वंगु दु । जात्रा, पर्व, उत्सव वा संस्कार संस्कृतिं आर्थिक उपार्जन सिबें नं खर्चया क्रम अप्वयेवं वा ऋण क्यनेवं उत्सव वा उज्वःगु ज्या हे दिकेगु भ्वलय् तक थ्यनाच्वंगु दु । गुलिं थःगु थाय्बाय् तकं हिलाः गुमनामया जीवन हनाच्वंगु दु । थ्व धइगु नेपाःया धरोहर वा म्हसीका संस्कृति न्ह्याका च्वंपिंत राज्य गुगुं कथंया औपचारिक म्हसीका व सुविधा मब्यूगुलिं हे खः । मेखे राज्य देय्या म्हसीकालिसे स्वापू दुगु संस्कृतियात म्वाका तयेमाः धकाः गुगुकथंया योजना सहितया ज्याभ्वः हयेत ताःलाःगु मदु । न त संस्कार संस्कृतिया उपादेयता कनेगु निंतिं हे छुं कथंया संयन्त्रया हे विकास याःगु दु ।

**प्रदेश सरकारं ल्ह्वने माःगु पलाः**

**संस्कृति शिक्षा व दस्तावेजीकरण :**

सांस्कृतिक मूल्य व ज्ञानया हस्तान्तरणया निंतिं ब्वनेकुथिनिसें विश्वविद्यालयतक संस्कृति शिक्षायात अनिवार्य यायेमाः । थुकी नेपाःया सभ्यता लिधनाच्वंगु दु । स्थानीय भाषां हे मौलिक संस्कृति व परम्पराया अभिलेख तयेकथं दस्तावेजीकरण कार्यक्रम न्ह्याकेमाः ।

**संस्कृति संरक्षणय् समर्पिततय् सम्मान :**

संस्कृति व सम्पदा रक्षाया निंतिं थःत पानाः वयाच्वंपिंत 'संस्कृति सेवक'या मान्यता बियाः नागरिक सम्मान, सम्मानपत्र वा आर्थिक ग्वहालि यायेगु व्यवस्था जुइमाः ।

**ज्ञान पुस्तान्तरणया संस्थागत विकास :**

प्राचीन ज्ञान व शिल्पय् जाःपिं ज्याथःपिं अभियन्तातय् ज्ञान ल्याय्म्ह पुस्ताय् लःल्हायेत संस्कृति 'गुरुकुल' वा 'शिल्प परम्परा ब्वनेकुथि' नीस्वनेगु निंतिं भूमिका म्हितेमाः । थुकिया निंतिं ज्याथःपिं अभियन्तायात हे गुरुया रुपय् व्यवस्था यायेमाः ।

**दीर्घकालीन बजेट**

प्रदेश सरकारं थःगु वार्षिक बजेटय् निश्चित ध्यबा संस्कृति संरक्षणया निंतिं फ्यायेगु नीति दयेकेमाः । सम्पदा स्यंल्ह्वं यायेत, संस्कारजन्य उत्सवय् ग्वहालि यायेत व अनुदानं संस्कृति संरक्षण यायेगु निकाय दयेकेत उगु बजेट छ्यलेमाः ।

**लजगाः व पेन्सनया व्यवस्था**

संस्कृति व सम्पदाया निंतिं थःगु जीवन पाःपिं सम्बन्धित ज्याथःपिंत पेन्सनया व्यवस्था यायेमाः । थथे यायेफत धाःसा पुलांगु पुस्ता न्हू पुस्तायात ज्ञान लःल्हायेत तयार जुइ । अथे हे धर्म संस्कृति परम्पराय् लिकुनाच्वंगु दर्शन आदि प्रसार यायेगु ज्याय् नुगः क्वसाइ । जात्रापर्व उत्सवय् नं ब्वति काइ । न्हू पुस्तायात जात्रापर्व उत्सवय् नुगः क्वसायेकेत सांस्कृतिक गाइड, हस्त कलाकार, शिल्प प्रशिक्षकया ल्याखं लजगाः बिल धाःसा संस्कृति हनेगु बोझ सिबें लसताकथं काइ ।

**संस्थागत संरक्षण व कानुनी आधार**

मौलिक सांस्कृतिक अभ्यासया अवमूल्यन जुइके मबीत विशेष संस्कृति संरक्षण ऐन व सम्पदागत क्षेत्रया सीमांकन व कानुनी संरक्षण प्रणाली विकास यायेमाः ।

**लिधंसा**

- डल्हणाचार्य (सन् १९१५)। सुश्रुतसंहिता. तुकराम जावजी.
- वज्राचार्य, धनवज्र व मल्ल, कमल पी।(सन् १९८५)। The Gopalarajavamsavali. Nepal Research Center.
- वज्राचार्य, धनवज्र। (विसं २०३०)। लिच्छविकालका अभिलेख। नेपाल र एशियाली अनुसन्धान केन्द्र
- शर्मा, जनकलाल (२००१)। हाम्रो समाज एक अध्ययन। साझा प्रकाशन ।
- शर्मा, शिवराज।(विसं।२०५४)। नेपाल र नेवाल मूलत ऋग्वैदिक शव्द। गोर्खा पुस्तक सदन
- श्रेष्ठ, तुलसी नारायण। (विसं २०६६).नेपालका नेवारहरू - पहिचान र पृष्ठभूमि. अनुसन्धान तथा विकास संस्था
- आचार्य, बाबुराम।(विसं २०७०). बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहको दिव्य-उपदेश। श्रीकृष्ण आचार्य.
- NSO.(२०२३) ।National Population and housing census 2078 National Report on Caste/ Ethinicity, Language & Religion .National Statistics Office.
- Sharma, Janaklal.(A.D.१९८३)। Neolithic Tools from Nepal, Ancient Nepal ७५।पृ। १-१२ ।

# नेपालभाषा म्हिगः व थौं

प्रा.डा. ओमकारेश्वर श्रेष्ठ

**मूति**

नेपालभाषा नेवाःजातिया मातृभाषा खः । थ्व चीन - सँय् भाय् खलःया सँय् - बर्मा कचाखलःदुने या हिमाली कवःया दथुकचाया भाय् खः । वागमती प्रदेशं नेपालभाषायात सरकारी ज्याखँया भाय् क्वःछिउगु दु । वागमती प्रदेशया १३ गू जिल्लाया स्वंगू महानगर, छगू उपमहानगर, व ७१ गाउँपालिका यानाः ११५ पालिकाय् नेवाःत खनेदु । नेपालभाषा ल्हाइपिं नेपाःगाःया ४२ गू वस्ती ख्वातुक्क च्वनाच्वंगु खनेदु । मुक्कं नेपालभाषाया २८ थी कचा, लिकचा खने दत । नेपालभाषां सफू पिदंगु ११०० दँस्वया उप्वः जुइधुंकल । वि.सं. २०११ निसे विद्यालय, वि.सं. २०१६ निसे त्रिभुवन विश्वविद्यालयय् नेपालभाषाया अध्यापन शुरु जुल । थौंतक २६ गू खँग्वःधुकू पिदनेधुंकूगु दु । सरकारी भ्वँतय् आःयात यँ-यलय् ल्हाइगु  नेपालभासं च्वयाः नेपालभाषा केन्द्रीय विभागं अनुमोदन याःकथं अभिलेख तय्माः ॥

**मूखँग्वः** नेपालभाषा, मानकीकरण, ल्हानाभाय्, च्वयाभाय्, अभिलेख ।

## १.१ न्हेखँ

नेपालयात नेपाःया संविधान (२०७२) कथं नेपाःयात संघीय राज्य घोषणा याःगु दु । नेपालय् न्हय्गू प्रदेश दु । बागमती प्रदेश उकी छगू खः । नेपालभाषायात बागमती प्रदेशं सरकारी ज्याखँया भाय् क्वःछिउगु दु । नेपालभाषा नेवाःजातिया मातृभाषा खः । नेपालय् सन् २०२१ या जनगणनाकथं १३,४१,३६३ म्ह नेवाः दु, उकी वक्ता ८,६३,३८० म्ह दु (CBS, २०२१) । नेपाःया मुक्क जनसंख्यामध्ये ४।६ प्रतिशत नेवाः दु, उकी मुक्क जनसंख्याया २।९६ प्रतिशत नेवाःतसे नेपालभाषा मांभाय्कथं नुवाइ । वक्ताया ल्याखं नेपालभाषा देशया च्यागूगु तःधंगु भाय् खः । नेवाःतसें नुवाइगु भाय्यात अनेवाःतसें नेवारी धाइ । थ्व खँग्वः नेवाः अभियन्तातय्त मयः । जाति व भाय्यात नेवाः हे धाइ (Shakya D. R., १९९७) । आधिकारिककथं थुकियात नेपालभाषा धाइ । तत्कालीन श्री ५ को सरकार मन्त्रिपरिषद सचिवालयया पौल्याः ३५६।०५२ कथं प्रधानमन्त्री मनमोहन अधिकारीया अध्यक्षताय् च्वंगु बैठकं थ्व भाय्यात नेपालभाषा धाय्गु धकाः क्वःछिउगु खः । व खवर २०५२।०५।२३ यात गोरखापत्र न्हिपती पिदन, तर  राजपत्रय् पिमदन । उकिं थन सरकारीस्तर मधासे औपचारिक जक धाय्फत । राष्ट्रिय जनगणना २०२१या धलखय् नेपालभाषा (नेवारी) धकाः प्रतिवेदन पिकाःगु दु (NPHC-

२०२१, २०२१ब) । वागमती प्रदेशया मन्त्रिपरिषदं २०८०।५।२३ गते सरकारी ज्याखँया भाय् नेपालभाषा धकाः क्वःछिउगु दु । थ्व खँ उखुन्हु हे पिदंगु वागमती प्रदेश सरकारया प्रदेश राजपत्रय् पिदंगु दु (वागमती प्रदेश, २०८०, अतिरिक्ताङ्क १३) ।

### १.२ भाषा परिवार

नेपालभाषा चीन - सँय् भाय् खलःया सँय् - बर्मा कचाखलःदुनेया हिमाली कवःया दथुकचाय् लाःगु भाय् खः (नूनम, २००३, पौ।२३) । थुकिया कचामचायात थुकथं ब्वय्छिं-



स्रोतः (नुनम, २००३, २३)

### १.३ समाजभाषिक जानकारी

नेवाः जाति मूलतः नेपाःगाःया मूलवासी खः । नेपाःया संविधान (२०७२) घोषणा लिपा संघीय गणनाकथं नेवाः जाति नेपाःया न्हय्गू प्रदेश, ७२ जिल्लाया ४५४ पालिकाय् नेनाच्वंगु खनेदु (CBS, २०२१) । कोशी प्रदेशया १४ गू जिल्लाया निगू उपमहानगर, ३९ गू नगर, व ८१ गू गाउँपालिका यानाः १२२ पालिकाय् नेवाः जातिया बसोबास खनेदु । मधेश प्रदेशया च्यागू जिल्लाय् छगू महानगर, स्वंगू उपमहानगर, ३७ नगर, व च्यागू गाउँपालिका यानाः ४९ पालिकाय् नेवाः जाति च्वनाच्वंगु खनेदु । वागमती प्रदेशया १३ गू जिल्लाया स्वंगू महानगर, छगू उपमहानगर, व ७१ गाउँपालिका यानाः ११५ पालिकाय् नेवाःत खनेदु । गण्डकी प्रदेशया ११ जिल्लाया छगू महानगर, २४ गू नगर, व ३२ गाउँपालिका यानाः ५७ पालिकाय् नेवाः जाति च्वनाच्वंगु खनेदु । लुम्बिनी प्रदेशया ११ गू जिल्लाया न्यागू उपमहानगर, ३१ नगर, व ४२ गाउँपालिका यानाः ७८ पालिकाय् नेवाःत च्वनी । कर्णाली प्रदेशया न्हय्गू जिल्लाया न्हय्गू नगर व न्यागू गाउँपालिका यानाः ७८ पालिकाय् नेवाःत खनेदु । सुदुरपश्चिम प्रदेशया च्यागू जिल्लाया छगू उपमहानगर, व न्हय्गू गाउँपालिका यानाः १२ पालिकाय् नेवाःत दु ।

तालिका नं १; पालिकाकथं नेवाः जातिया वितरण

| प्रदेश | जिल्ला | मनपा | उनपा | नपा | गापा | मुक्क |
|---|---|---|---|---|---|---|
| कोशी | १४ | - | २ | ३९ | ८१ | १२२ |
| मधेश | ०८ | १ | ३ | ३७ | ०८ | ०४९ |
| वागमती | १३ | ३ | १ | ४० | ७१ | ११५ |
| गण्डकी | ११ | १ | - | २४ | ३२ | ०५७ |
| लुम्विनी | ११ | - | ५ | ३१ | ४२ | ०७८ |
| कर्णाली | ०७ | - | - | ०७ | ०५ | ०१२ |
| सुदूरपश्चिम | ०८ | - | १ | १३ | ०७ | ०२१ |
| मुक्क | ७२ | ०५ | १२ | १९१ | २४६ | ४५४ |

स्रोतः (CBS, २०२१) कथं ओमकारेश्वर श्रेष्ठं दयूकूगु तालिका ।

कोशी प्रदेशय् ३।७८ प्रतिशत, मधेसय् ०।७५ प्रतिशत, वागमती १२।३३ प्रतिशत, गण्डकी १।५८ प्रतिशत, लुम्विनी ०।६१ प्रतिशत, कर्णाली ०।०६ प्रतिशत, व सुदुरपश्चिममा ०।०६ प्रतिशत नेवाः भाय् ल्हाइपिं वक्ता दु । प्रदेशय् दूगु मुक्क नेवाः जनसंख्यामध्ये कोशी प्रदेशया ३५।१७%, मधेसया ३४।३४%, वागमतीया ७५।९०%, गण्डकीया ३७।२६%, लुम्विनीया ३९।२३%, कर्णालीया १३।८४%, सुदरपश्चिमया ४२।१२%, मनुखं नेपालभाषा माभाय्कथं नुवाइ । मेकथं धाय्गु खःसा ६४।३७% नेवाःतसें नेपालभाषा ल्हाइ (CBS, २०२१) ।

तालिका नं २; प्रदेशकथं नेवाः जाति, व वक्ता

| प्रदेश | मुक्कं जनसंख्या | प्रतिशत | नेवाःजाति | प्रतिशत | वक्ता | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कोशी | ४,९६१,४१२ | १७।०१ | १७८,४०५ | ०।६१ | ०६२,७४१ | ३५।१७ |
| मधेश | ६,११४,६०० | २०।९७ | ०३७,३५६ | ०।१३ | ०१२,७९० | ३४।२४ |
| वागमती | ६,११६,८६६ | २०।९७ | ९५२,४६० | ३।२७ | ७२२,९४३ | ७५।९० |
| गण्डकी | २,४६६,४२७ | ०८।४६ | १०१,४५० | ०।३४ | ०३७,८०१ | ३७।२६ |
| लुम्बिनी | ५,१२२,०७८ | २७।९४ | ०६२,५९९ | ०।२१ | ०२४,५६० | ३९।२३ |
| कर्णाली | १६,८८,४१२ | ०५।७९ | ००४,५४४ | ०।०२ | ०००,६२९ | १३।८४ |
| सुदुरपश्चिम | २६,९४,७८३ | ०९।२४ | ००४,५४९ | ०।०२ | ००१,९१६ | ४२।१२ |
| जम्मा | २९,१६४,५७८ | १०० | १,३४१,३६३ | ४।६० | ८६३,३८० | ६४।३७ |

स्रोतः (CBS, २०२१) कथं ओमकारेश्वर श्रेष्ठं दयूकूगु तालिका ।

### १.३ भाषिका भेद

नेपालभाषा चीनिया - सँय् भाय्खलःया सँय्-बर्मी कचाखलःया हिमाली ल्यूकचाया दथुकचाःया भारतस्वःगु (Indospheric) भाय् खः । नेपालभाषाया भाषिक वंशावली (चित्र ल्याः १) थुकथं ब्वय्छिं ।

नेपालभाषा ल्हाइपिं उप्वयावंलिसे थुकिया भौगोलिक व सामाजिक भेद खनेदत । यँ - यल (काठमाडौ -पाटन), ख्वप (भक्तपुर), दोलखा (दोलखाए), पही (पहरी) व चिलं (चित्लाङ) यानाः न्याकचा दु (शाक्य, १९९२) (जोशी, २०६०, पौ। क-ज) । यँ - यल, ख्वप, दोलखाए, व चिलं भौगोलिक भेद खःसा पही सामाजिक भेद खः । नेपालभाषाया वक्ता स्वनिगः (यँ, यल, ख्वप) व नेपाःगाःया ३९ गू गामय् ख्वातुक्क च्वनाच्वंगु खनेदु ।

ओमकारेश्वर श्रेष्ठं सन् २००५ निसें २०१७ तक समाज भाषावैज्ञानिक सर्भेक्षणया भ्वलय् क्षेत्रकार्य याःबले लूगु भेद दुथ्याकाःथुकथं न्हेब्वयादीगु दु । च्वय् वंगु न्याकचायात मूलतः यँ - यल, ख्वप, दोलखा व पही यानाः पेब्व थलादीगु दु । यँ - यल कचां नेपाःगाःया यँ व यल देसं पूर्व, दक्षिण व पश्चिमपाखेया लागा (थौंया ११गू नगरपालिका) यात कःघाःगु दु । लिसें तराइया थीथी जिल्लाय् नं थुकिया किचः बांलाक लाःगु खनेदु । ख्वप लागाय् दकले उप्वः लिकचा खनेदत । ख्वप, थिमि - बोडे - नकदेश, नाला - साङ्गा - भ्वँत, धौख्यः - खम्पु - चौकोट, पन्ति - खोपासी यानाः न्याथी दु । पही दुने गमाल, पही, गोपाली व बलामि पेथी दत (श्रेष्ठ ओ। , २०१०, पौ। १) । दोलखाय् द्वालखाए, तौथली, दुति व लिस्तीया नं तौखेल, शिखरपा, बोसन, खोपासी, व थोकरपा खनेदत । चित्लाङया लिकचा बलामि, गमाल, व गोपाली यानाः स्वथी सामाजिक भेद खनेदु । बलामिया चित्लाङ लिसें टेकानपुर (थक्वाः), सितापाइला, रानीवन (बालाजु), कागतीगाउँ (ओखरपौवा) लिकचा नं दत । गमालया चिलं व प्याङ निथी जुल । गोपालीया तिष्टुङ, चित्लाङ व थानकोट स्वथी जुल । मुक्कं नेपालभाषाया २८ थी कचा, लिकचा खनेदत । पहीया कचामचा यक्व खनेदत । थुकियात (चित्र २) दुने थुकथं ब्वयागु दु ।

चित्र २; नेपालभाषाया ताजी




(स्रोत- क्षेत्रकार्य२००५-२०१७)

चिलंगाःया गमाल, बलामि व पोडेया क्वातुक हा कयाच्वंगु खनेदु (जोशी स. क., २०१२, पौ. ११७)। चिलंगाः व मेथाय् बलामिया स्थानीय कचमचा खनेदत । चिलं र कागतेगांया वर्णव्यवस्था नं पाःगु खनेदत (गौतम, २०११) (श्रेष्ठ, ने. सं. ११३७) । बलामिं नं विस्कं बां लुइत स्वःगु खनेदत । पहीया भेद खँग्वःया तगिमय् खनेदत । पहीया अभियन्तातसें नेपालभाषाया हागलं फायाः जनजातिया भाय् व जातिया धलखय् विस्कं दुतिन । नेपालभाषाया भेद क्वःछीत वृहत्तर अध्ययन न्ह्याकेमाःगु खनेदत ।

पाल्पाया सदरमुकाम तानसेनय् नेपाःगाःया स्वनिगः यैं, यल, व ख्वपया मनूत ल्वाकबुकः जुया च्वनाच्वंगु खनेदु । थन स्वगुलिं शहरया मनूत थःथःगु भासं नुगःखँ ब्याकी । छम्हसिनं धाःगु मेम्हसिनं बांलाक खँ थुइकाः ज्याखँ यानाच्वंगु खनेदु । भाषा संरक्षणया थ्व बांलाःगु दसु खनेदु, मेपिसं नं नालेमाःगु खनेदु ।

सामान्य ल्याखं नेपाःगाःया उत्तरपूर्वी लागाय् ख्वप व मेथाय् यल नेपालभाषाया बांलाःगु किचः लाःगु खनेदु । अथे हे तत्कालीन सगरमाथा अञ्चलया पश्चिमया दक्व थासय् ख्वपया नेवाःभाय्या किचः लाःगु खनेदुसा मेथाय् यलया नेपालभाषाया किचःलाःगु यच्चुक खनेदु ।

### १.४ मानकीकरण

भाषाया मानकीकरण छन्हु वा छक्वलं जुइगु मखु । थ्व नित्य निरन्तर जुयावं च्वनीगु प्रक्रिया खः । थुकी (क) लेखनप्रणाली, (ख) भाषा-साहित्य, (ग) भाषाया अध्ययन, (घ) सफू पिथना, (ङ) शिक्षाय् प्रयोग, (च) कोशज्याना दुथ्याइ । थुकिया छताछता यानाः थन खँल्हाय् ।

### १.४.१ लेखनप्रणाली

नेपालभाषाया न्हियान्हिथंया ज्याखँ न्ह्याकेत देवनागरी लिपि छेलाबुला जुयाच्वंगु दु । थुकिया श्रेयः नेपालभाषा साहित्यया पुनःजागरणकालया पेंगःथांया छगः थां गद्यगुरू निष्ठानन्द बज्राचार्ययात वनी । अष्टसहस्रिका प्रज्ञापारमिताया २१ पु श्लोकया भाय्‌हिलाः प्रज्ञापारमिता देवीया एकविंशति श्लोकया भाषासहीत देवनागरी लिपिं ने.सं. १०२९ (ई.सं.१९०९) प्रेसं पिदन। प्रेसं पिदंगु न्हापांगु नेपालभाषाया सफू थ्व हे खः । थननिसें देवनागरी लिपिया नेपालभाषाया च्वज्याय् विधिवत प्रारम्भ जुल (मल्लः ने.सं. १०९९, १) ।

थन दूगु थ्यंमथ्यं ९० ब्व अभिलेख प्रचलित नेपाललिपि छेलाः नेपालभाषां च्वयातःगु खनेदु । गुलिंगुलिं भुजिंमोल व रञ्जनालिपिं नं च्वयातःगु दु । विक्रमया १२ गू शदी (ने.सं. २२०) रञ्जनालिपि छेलाः उष्णीषविजय धारिणी च्वयातःगु खनेदु (राजवंशी; २०५९, २८) । थ्व अभिलेख राष्ट्रिय अभिलेखालयया १६६ल्याखय् मुनातःगु दु । रञ्जनाया पुर्वरूप सिद्धमलिपिं ई.सं. ३०८ (वि.सं. ३६५) स चीनय् ललितविस्तर (भगवान बुध्दया जीवनी) या भाय् हिलेधुंकूगु खनेदु (राजवंशी, २०५९, १), (Chaudhary, १९८६, १३) । व अनुवादय् सिद्धमलिपिया नां स्पष्ट खनेमदुसां ६४ ताजि लिपिया धलः बियातःगु दु  । न्यागूगु शदीया न्हापांगु स्वगूगु दसकय् सिद्धमलिपिया छगू अध्याय दुथ्याकाः सफू पिदन । महापरिनिर्वाण सुत्रया अनुवादय् ४२ ताजि लिपि दुथ्याच्वंगु दु । अनन्त चौधरीं ब्राह्मी लिपिया आनुवंशिकता थुकथं बियातःगु दु - ब्राह्मी श्र उत्तरीशैली श्र गुप्तलिपि श्र कुटिललिपि श्र नागरी श्र बांगला श्र नेवाः (चौधरी, सन् १९७३, ५) । कलिन मसिकां थुकथं बियातःगु दु - ब्राह्मी (खुगूगु शदी) श्र उत्तरीगुप्ता (४ - ५ शदी) श्र कुटिला/सिध्दमात्रिका (८ - १०गू शदी श्र उत्तरकुटिला/पूर्वबंगाली (४ - ५ गू शदी) श्र नेवाः (:बकष्अब १९९१, १३३-१५३) । काशीनाथ तमोटं थुकिया नेपाली संस्करण थुकथ बियादीगु दु - ब्राह्मी श्र पुर्व लिच्छवी श्र उत्तर लिच्छवी श्र नेपाललिपि । थनलि नेपाललिपिया स्वथी आखः (फोन्ट) (क) प्रचलित, (ख) रञ्जना, व (ग) भुजिंमोलया नां छुनादिल (तमोट, २०४८, ५ - १२) । वि.सं. २०१७ सालय् नेपाल सरकार, पुरातत्व विभागं गुप्तालिपियात पुर्वलिच्छवि व कुटिला लिपियात उत्तरलिच्छवि नां छुनाः नेपालीकरण यात (राजवंशी, २०५९, ३) ।

भाषा मूलतः नुवानाः (ल्हानाः), अलेतिनि च्वयाः छेली । भाषा सामान्यतः च्वय्‌गु व ल्हाय्‌गु (नुवाय्‌गु) जुइ । ल्हाय्‌गु भाय् जूसा जीवीत व च्वय्‌गु जक जूसा मृतभाषा जुइ । च्वय्‌गु भाय्‌यात पाण्डित्य वा शास्त्रीयभाषा नं धाइ, दसुकथं संस्कृत भाय्‌यात काय्‌फु । संस्कारं जाःगु भाय् जूगुलिं संस्कृत धाल । नेवाःतसें ल्हाइगु भाय्‌यात नेपालभाषा धाइ । नेपालभाषां च्वःगु ११०० दँ स्वयाः उप्व जुइधुंकल । राष्ट्रिय अभिलेखालयय् मुंकातःगु ने.सं. २८ को लंकावतार नेपाललिपिं च्वयातःगु न्हापांगु सफू खः (Malla, १९८२, २८) । अननिसें बुलुहुं साहित्य व साहित्येत्तर विधा च्वन्त्याना वन ।

## १.४.२ भाषा-साहित्य

नेपालभाषाया व्याकरण पिदंगु थुकथं खनेदु - शुक्रराज शास्त्रीया नेपालभाषा व्याकरण (ने. सं. १०४८), चित्तधर 'हृदय'या नेपालभाषा गय् च्वय्‌गु (ने.सं. १०७२), पुष्परत्न सागरया सुबोध नेपालभाषा व्याकरण (ने.सं. १०७२), लोकमानसिंया नेपालभाषा व्याकरण (ने.सं. १०७५), सूर्यबहादुर 'पिवाः' या नेपालभाषा खःकथं च्वय्‌गु लँपु (ने.सं. १०७५), ह्रस्वदीर्घया मे (ने.सं. १०७९), आदिबज्र बज्राचार्यया शब्द रचना अलंकार (ने.सं. १०७८), नेपालभाषाया लँपु (ने.सं. १०७८), सत्यमोहन जोशीया शुध्दं च्वेगु सुत्र (ने.सं. १०७८), हितकरवीरसिंह कंसाकारको पौभाः (ने.सं. १०७८), इश्वरानन्द श्रेष्ठाचार्यको चलंचा (ने.सं. १०८६), मूलुखा (ने.सं. १०९२), तुयुबहादुर महर्जनया भ्रीगु व्याकरण (ने.सं. ११११०), नेपालभाषा व्याकरण (ने.सं. १११८), सुन्दरकृष्ण जोशीया नेपालभाषाया भाषावैज्ञानिक व्याकरण (ने.सं. १११२), नेपालभाषा व्याकरण (ने.सं. ११२३), वैद्य पन्नाप्रसाद जोशीया नेपालभाषा शब्द रूपावली (ने.सं. १०७९), ज्यानबहादुर नेवाःया संक्षिप्त नेपालभाषा व्याकरण (ने.सं. १०८१), काशीनाथ तमोटया स्तरीय नेपालभाषा नियमावली (ने.सं. ११००), तेजरत्न कंसाकारया नेपालभाषा व भाषाविज्ञान (ने.सं. ११०२), राजा शाक्यया सहलहया सुलचं (ने.सं. १११०) ।

नेपालभाषाया साहित्ययात (क) वाङ्मय काल (ने.सं. १५९-६३८⁄ विसं१०९५-१५७४), (ख) प्राचीन काल (ने.सं. ६३८-९६६ ⁄ विसं १५७४-१९०२), (ग) माध्यमिक काल (ने.सं. ९३७-१०६१ ⁄ विसं १९०३- १९९७), (घ) आधुनिक काल (ने.सं. १०६१ ⁄ विसं १९९७ - थौतक) यानाः पेंगुकालय् ब्वथलातःगु दु । (तमोट, ने.सं. १११८) ।

वाङमयकालय् साहित्य खनेमदु । थुकियात पत्रवाङमय व ग्रन्थवाङमय यानाः निब्व थलेछिं । थ्व इलय् चिकित्सा, न्याय, शब्दकोश, इतिहास, ज्योतिष व कर्मकाण्ड च्वन्त्यागु खनेदु । प्राचीनकालय् दले उप्वः साहित्य श्रृजना जूगु खनेदु । थुकियात पूर्वप्राचिन (मल्लकाल) व

उत्तरप्राचिन (शाहकाल) याना ब्वथलेछिं । थ्व इलय् बाखं, पद्य व नाटक साहित्य च्वन्ह्याग‍ु खनेद‍ु । माध्यमिककाल राणाकालया न्हेच्वयात नालात:ग‍ु द‍ु । थ्व ईयात पूर्वमाध्यमिक व उत्तरमाध्यमिक याना: निब्व थलात:ग‍ु द‍ु । थ्व इलय् नेपालभाषाको पुन:जागरणकाल नं ला: । पुन:जागरणकालया लिपांग‍ु इलय् रोमानिवादी पद्यया पुसा पित । थुलिंचा (वि.सं. २०१०) संग्रह लिपा नेपालीविहार (वि.सं.१९९५) कवितामुना फत्तेबहादुर सिंहया सम्पादनय् पिदन । थुकी सिद्धिचरण श्रेष्ठया 'वर्षा' कविता नं ला:गुलिं फत्तेबहादुर सिंहयात सर्वस्वहरण सहित जेल सजायँ जुल । थ्व विसम ई १९९१ साल पर्व जुल, थुकिं नेपालभाषा साहित्य विकासय् तसकं बांमला:ग‍ु लिच्व लात ।

थनंनिसे नेपालभाषाया आधुनिककाल शुरू जूग‍ु भा:पी । थुकियात बन्धन निर्वासनकालया साहित्य व प्रजातन्त्रोत्तर साहित्य याना: नोब्व थलात:ग‍ु द‍ु । १९९७ साल मूलत: राजनैतिक पर्व ख:, थुकी नेपालभाषाया च्वमिपि व गुलिंगुलिं ल्याय्म्हत नं लात । शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा, व गंगालाल श्रेष्ठ लिसें ३२ म्ह ल्याय्म्हतय्त भद्रगोल जेलय् कुन । थन उक्व हे साहित्य सृजना जुल । चित्तधरया सुगतसौरभ महाकाव्य, हृदयकथा, अन्तर्ध्वनि (कवितामुना), गौतमबुद्ध (खण्डकाव्य), फत्तेबहादुरया वनवासया छगू खँ (खण्डकाव्य), सिद्धिचरण श्रेष्ठया सीस्वां (कवितामुना), उत्तराविलाप, केदारमान 'व्यथित'या ख्वविंप्या:ग‍ु मे, प्रतीक्षा, दिवसचित्र, संगम, रामायण, अभिसारिणी, धर्मरत्न 'यमि'को अर्हतनन्द (महाकाव्य), विश्वन्तर या मचात दान (खण्डकाव्य), हरिकृष्ण श्रेष्ठको ख्वबि (कवितामुना), सुब्बा पूर्णनारायणया सत्यनारायण व्रतकथा, भर्तृहरि शतक, हितोपदेशया छुं, गणेशमानसिंहया शब्दकोष (जेलय् तंग‍ु) श्रृजना जुल । उकिं थ्व थाय्यात साधनागार नं धाइ ।

वि.सं. २००१साल साउन १५गते वर्षावासय् च्वनाच्वंपिं च्याम्ह भिक्षुपिन्त जुद्ध समशेरं देशं पितिना: भारतया सारनाथय् छ्वल । ने.सं. १०६५ स अन हे धर्मोदय सभा स्थापना जुल । अनं पिदनीग‍ु धर्मदूत पत्रिकाय् छपौ दुथ्याकल । लिपा नेपालभाषां बिस्कं पत्रिका पिदन (ने.सं. १०६७ - १०८०)।

देशं पिने साहित्य विस्तार जुयावंलिसे यलया छपुच: ल्याय्म्हतसे रत्नध्वज जोशीया नेतृत्वय् नेपाल ल्हातं च्वया पौ वि.सं. २०१० सालज्व:छि वर्षभरि पिदन । थुकिं खास याना: भैरवगोपाल वैद्य (ने.सं. १०४३-६८) व सत्यमोहन जोशीया च्वसा ज्वय्केत गुहालि जुल । जेलदुने वि.सं. २००७ न्हेव व लिपा नं राजनैतिक चेतं जा:पिं साहित्यकार धर्मरत्न 'यमि', केदारमान 'व्यथित' पिसं साहित्य सेवा याना हे च्वन । वि.सं. २००३ सालय् नेपाली

भाषा प्रकाशिनी समिति चाल। उकी नेपालभाषाया विस्कं प्रशाखा चाल। वि.सं. २००७ साल थ्यंबले व समितिं १०० स्वयाः उप्वःसफू पास यात।

प्रजातन्त्रलिपा (ने.सं. १०७१-थौंतक) साहित्यया बाखं, काव्य, नाटकलिसे उपन्यास, च्वखँ व समालोचना विधा खनेदत। च्वसापासा (ने.सं.१०७०) थुज्वःगु च्वमि समाज पलिष्ठा जुयाः नेपालभाषाया लेखनय् न्हूगु उत्साह खनेदत। नेपालभाषा परिषद (ने.सं. १०७१) स्वनाः थौ कन्हे, पासा बाछिपौ पिदन। श्रेष्ठ सिरपाः (ने.सं. १०७३) देसय् हे न्हापांखुसी (स्वसः दां व छतला लुँ) सिरपाः स्वन। थुकिं यानाः काव्य, बाखं, नाटक, च्वखँ, उपन्यास, समालोचना खुगुलिं विधाया च्वज्या न्ह्यात।

भाषाया न्हापागु त्वाथः खँल्हाबल्हा धाइ। थनलि च्वज्या न्ह्याइ। थुकथं सामान्यतः भाषाया ल्हाना व च्वया अवस्था दइ। ल्हानाभाय् च्वयाभाय् जुइफु। च्वयाजक तःगु भाषाय् ल्हानाभय् दइ हे धैगु मरु। मेकथं धायगु खःसा ल्हानाभाय्यात जीवीत भाषा धाइ। च्वयाभाय्यात पाण्डीत्यभाषा वा मृतभाषा धाइ। मृतभाषा धैगु खँग्व भच्चा नुगलय् थीगु व यइपु मजू। नेवाःतसें ल्हाइगु भाषायात भाषालाई नेपालभाषा धाइ। थुकियात सेंकाः नेवारी, अझ हिस्यानाः न्यारी धाइपिं नं दु। थुकिं नेवाःतय्गु नुगः स्याकूगु दु। सरकारं नेपालभाषा धकाः घोषणा यानाः नं हानं मेकथं संबोधन याय्गु नेवाःप्रति वैर भाव तःगु यचुक खनेदु। थ्व ज्या सरकारी वा मेपिसं यानाच्वंगु हे दु। थुकी सम्बन्धित अधिकारवाला सचेत जुइमाःगु खनेदु।

**१.४.३ सफू पिथना**

नेपालभाषाया न्हित्थया ज्याखँ न्ह्याकेत देवनागरी लिपि छेलाच्वंगु दु। थ्व चलन नेपालभाषाय गद्यगुरू पं. निष्ठानन्द बज्राचार्यं न्ह्याकूगु खः। अष्टसहस्रिका प्रज्ञापारमिताया भाय् हिलाः प्रज्ञापारमिता देवीया एकविंशति श्लोकया भाषासहीत देवनागरी लिपिं ने.सं.१०२९ (सन् १९०९) स प्रेसं पिथनादिल। थनंनिसे देवनागरी लिपि नेपालभाषाया औपचारिक लेखनय् वःगु धाय्मा (मल्ल, १०९९, १)।

खँल्हाबल्हा जुइगु नेपालभाषा च्वय्गु ज्या जूगु नं ११०० दँस्वयाः उप्वः जुइधुंकल। राष्ट्रिय अभिलेखालयय् दूगु ने.सं. २८ (सन् ९०८) या लंकावतार नेपाललिपिं च्वयातःगु न्हापांगु सफू (ःर्बाबि १९८२, २८)। थननिसे बुलुहुँ साहित्य व साहित्येत्तर विधाया विकास जुयावन। नेपालभाषाया साहित्यया (क) बाङ्मय काल (ने.सं. १५९-६३८/वि.सं १०९५-१५७४), (ख) प्राचीन काल (ने.सं. ६३८-९६६ / विसं १५७४-१९०२), (ग) माध्यमिक काल (ने.सं. ९३७ -१०६१ / विसं १९०३- १९९७), (घ) आधुनिक काल (ने.सं. १०६१ / विसं १९९७ - थौतक) याना पेंगू काल क्वःछ्यूगु दु (तमोट, ने।सं। १११८) ।

नेपालभाषाया सफू देवनागरी लिपिं छापय् जुयाः प्रेसं पिदंगु ने.सं. १०२१ स अष्टसहस्रिका प्रज्ञापारमिताको २१ पु श्लोकया भाय्‌हिलाः प्रज्ञापारमितादेवीया एकविंशति श्लोकया भाषासहित न्हापांखुसी पिदन (मल्ल, ने.सं. १०९९, १) । थौंतक पिदँगु सफूया धलः खुफि सफू पिदने धुंकल । कमलप्रकाश मल्लया नेपालभाषा ध्वानासफूया धलः भाग १ (ने.सं. १०२० - १०९७), नेपालभाषा ध्वानासफूया धलः भाग २ (ने.सं. १०९८ - ११०४), पूर्णप्रसाद अमात्यया नेपालभाषा वाङमय सूची (ने.सं. १११८), विमल ताम्रकारया नेपालभाषा ध्वानासफूया धलः भाग ५ (ने.सं. ११२१-११३०), नेपालभाषा ध्वानासफूया धलः(ने.सं. ११३२), व कुतः पिकाकया पिथना धलः (ने.सं. ११२१-११३१) पिदंगु दु ।

नेपालभाषाया इतिहासय् सिर्जनात्मक साहित्य शुरू जुइन्हेवया ग्रन्थवाङमय विषयया ल्याखं चिकित्साशास्त्र (ने.सं. ४९४), न्यायशास्त्र (ने।सं। ५००), शब्दकोश (ने.सं. ५०१), इतिहास (ने.सं. ५०९ पाखे), ज्योतिष (ने।सं। ५१९), व कर्मकाण्ड (ने।सं। ६१८), निसे विकास जूगु खनेदु ।

आमसञ्चारया दक्व माध्यम टेलीभिजन, रेडियो, पत्रपत्रिका, अनलाइनय् नेपालभाषा छेलाबुला जुयाच्वंगु दु । रेडियोनेपाल, इमेज एफएम, सगरमाथा एफएम, कान्तिपुर, हिटस एफएम, उपत्यका एफएम, उज्यालो एफएम, व मेगु यानाः १५३ घण्टा हप्तापतिकं रेडियोय् प्रसारण जुयाच्वंगु दु । नेपालभाषा प्रसारण जुइगु टेलीभिजन इमेज च्यानल, नेपाल टेलिभिजन, नेपालमण्डल, नेवाः टेलिभिजन, इण्डिजिनस, काष्ठमण्डप, बोधि खः । टेलिभिजनय् १८२ घण्टा हप्तापतिकं प्रसारण जुयाच्वंगु दु (ओ। श्रेष्ठ ने.सं. ११३०, ५३)। पत्रपत्रिकाय् गोरखापत्रया नयाँनेपालय् बाःछिपतिकं पिदनाच्वंगु दु । न्हिपौ नेपालभाषा टाइम्स, झीगु स्वनिगः, साप्ताहिकय् देशय्‌मरू भ्याः, तिकिभ्याः, सम्यक, नेवाः राज्य, लहना, पेजथ्री, लाय्‌कू, नःलि, थौंकन्हे, न्यू प्रेष्टीज नेपाः, समसामयिकय् धिमय् पौ, लिपिं पिदनीगु रञ्जनालिपिया लुँआखः, प्रचलितया लिपिपौ खः । अनलाइनया नेपालभाषा टाइम्स व नेवाः अनलाइन न्यूज, झीगु डट कम खः ।

विदेशय् च्वंपि नेवाःतसे थःथःगु संगठन चाय्‌कूगु दु । उमिसं नेपालभाषां स्मारिका, दँपौ न पिथंगु दु । संयूक्त राज्य अमेरिकाया शिकागोय् 'अमेरिकन नेवाः दबू' गठन जूगु दु । थ्व संगठनं शिकागो नेवाः पिथनी । वाशिङटन डीसीया वर्ल्ड  नेवाः अर्गनाइजेशन (ध्ल्इ), नेवाः अर्गनाइजेशन अव अमेरिका (ल्इब), संगठन दु । वर्ल्ड नेवाः अर्गनाइजेशनयात 'हलिं नेवाः गुथि' नं धाइ । नेवाः विश्वव्यापी संगठनकथं स्थापित जूगु दु । थुमि १८ गू देशय् कचामचा दु । अथे हे नेवाः अर्गनाइजेशन अफ अमेरिकाया क्यालिफोर्निया साउथ, क्यालिफोर्निया नर्थ, बोस्टन, फ्लोरिडा व स्याटल यानाः न्यागू च्याप्टर दु । थ्व पुचलं प्रकाशन लसकुस पिथनाच्वंगु दु ।

बोस्टनया नेपाः पासा पुचः अमेरिकाय् (ल्एएब) दु । वर्ल्ड नेवाः अर्गनाइजेशनं दँय्‌दस मार्च ३०-३१ स हलिं नेवाः दिवस न्याय्‌की । उबले हलिंनेवाः ख्वाःपौ पिथनी । टेकसासया यूनाइटेड नेवाः यू। एस। ए। टेक्सास खलः दु । थुकिं सुभेनियर नामं स्मारिका पिथनी । संयुक्त अधिराज्य, बेलायतया पासा पुचः गुथि, यू।के।या पलिष्ठा जूगु दु । थ्व पुचलं गुथि नामं दँपौ पिथनी । बेलायतं पेलाया छ्कः मतिना पिदनी ।

**१.४.४ कोश ज्याना**

भाषाया ज्ञान मुनेत, च्वन्त्याकेत खँग्वःधुकूया तःधंगु भुमिका दइ । नेपालभाषाय् खँग्वः मुना व खँग्वःधुकू निगुलिं दु । नेपालभाषां पिदंगु दक्वथें सफू खँग्वःमुना जक खः । छुंछुं जक खँग्वःधुकू दु । भाय् सेनेगु ज्वलं नं थुकी हे लाइ ।

